पी

~~२९५.५~~
~~S19A~~

294.4
सा९३वी

B. धर्म
K. जैन धर्म

आचार्य श्री सन्तकबीरको

बीजक

सन्त श्री आज्ञा साहेब

द्वारा

यथार्थ भाव दर्शाए अनुसार

झ्याउरे चुडका श्लोकादि-छन्दमा

अनुवादक—

नेत्रबहार थापा

@	अनुवादकमा
प्रकाशक—	सत्संग आश्रम—बानेश्वर
प्रथम संस्करण—	२०३२—१९७६ शिवरात्री
मूल्य—	पन्ध्र रुपैया
प्राप्तिस्थान—	रत्न पुस्तक भंडार-भोटाहिटी, काठमाडौं
मुद्रक—	शिवशंकर प्रसाद दीपक प्रेस, एस० १७।२७२ नदेसर, वाराणसी कैन्ट।

समर्पण :—

जसले नेत्रमा भित्री-नेत्र दिव्य उघार्दिए ।
सत्य आलोकमा शान्त-हुन बुद्धि सुधार्दिए ।।
संसार का नग्न दृश्य, शश श्रृंग सरी नभै ।
भग्नांश रूपमा देखन-थाल्नु उन्कै कृपा सबै ।।
द्रष्टा तत्व हृदिस्थीत, अहं शून्य हुँदा पनि -
लोप विना सदा सत्य-स्थिति संझें अटल् भनी ।।
उनै विशाल-पादाब्ज – हृदय यो समर्पण ।
विवेकी नर-नारी यण–प्रति पुस्तक अर्पण ।।

———

294.4
SAH



सत्यमा श्राप लाग्दैन, छुँदैन कालले रती ।
जो साँचै साँच चल्ने छन्, केहुन्छ तिनको खती ।।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका आ. सदस्य प्रसिद्ध कविवर
पं० श्री माधव प्रसाद घिमिरेज्यू ले दिनु भएको :—

परिचय

ल्हासा मार्फतु लंकै मारौं रे ।
कबीर, भस्मै पारौं रे ।।

मेरो जन्मस्थल लमजुङ्मा बालुन (रांमकथाको गीत नाटक) खेल्दा कबीर-को यो चुड्का अझै पनि गाइन्छ । यही एक चुड्कामा पनि कबीरको आत्मा बोलेको छ । विषयको बाटो हिंडेर विषय विजयगर्न सकिन्न । संसारलाई जित्न संसारको विपरीत हिंड्न पर्छ । प्रवृत्ति मार्ग निम्नगामी छ–यतावाट हिंड्दा हामी विषय वैचित्र्यको लंकामा पुग्छौं र त्यसैको मरीचिकामा भौंतारिन्छौं । निवृत्तिमार्ग ऊर्ध्वगामी छ—यताबाट हिंड्दा हामी ल्हासामा—कैलाशको उच्चाइमा पुग्छौं, जो साधनाको तुरीयातीत अवस्था हो, अध्यात्मको उच्च भूमि हो । त्यहाँ हिम कमलको सहश्रदल खिल्छ, त्यही शूली उपर प्रियको शय्या हो, त्यहाँ किरणका झन्कारको पारमा अनाहतको शेष संगीत सुनिन्छ, त्यहाँ ज्योति फाटेर शेष ज्योतिमा हामी आफैंले आफैंलाइ देख्छौं; त्यहाँ अमृतको असीम सरोवरमा डुबेर हामी तृप्ति मात्र शेष रहन्छौं । यसरी जब हामी आफैं लय बन्छौ अनि कोलाहलले बिम्झाउन सक्तैन, जब स्वयं दीप्ति बन्छौं, अनि रङ्गरूपको वैचित्र्य व्यर्थ लाग्छ, जब स्वतः तृप्ति बन्छौं अनि संसारमा रुचि रहन्न । अनि विषय माथि पूर्ण विजय हुन्छ ।

कबीर रहस्यवादी सन्तहुन् । उनको रहस्यवाद अनुभूतिमा अमृत छ । उनि 'ज्योति'मा आँखा खोल्छन् र 'अनाहत नाद' मा बोल्छन्—उनकापदहरू समाधि-बाट विंझेर ऋषिले उच्चारित गरेका ऋचा जस्तै छन् । उनी यही व्यवहारको भारमा पनि रहस्यलाई देख्ने क्रान्तदर्शी हुन् । उनको तुलना 'अस्व वामीय'

सूक्तका ऋषि दीर्घतमा सँग गर्न सकिन्छ । भक्तिवादी सन्तहरू जस्तै उनी विशुद्ध साहित्यिक छैनन् । उनका वाणीमा साहित्य, दर्शन र स्वानुभूति बराबर मात्रामा छन् । उनका उक्तिहरू सुन्दैमा रहस्यमय लाग्छन्, कूट कविताले जस्तै ती उक्तिले हामीलाई धकाउँदैनन्, बरु विरोधाभासले गर्दा रमाइला लाग्छन् । अनि हामी वाच्यार्थको मारमा व्यङ्ग्यार्थ खोज्न थाल्छौं । अथवा यसो भनूँ, व्यवहारार्थ निरर्थक लागेपछि रहस्यार्थ पत्तालाउन प्रवृत्त हुन्छौं । कबीरको 'रहस्य' निर्गुण हो । त्यो 'निर्गुण' को अनुभूतिको उल्लासमा उनी अरु संपूर्ण ज्ञानको खिल्ली उडाउँछन् । उनी निर्भीक छन्, उनी आफ्नो अपूर्व प्राप्तिमा आफैं आश्वस्त छन् । कबीरले आफ्नो युगका तुच्छताको अवहेलना मात्र गरेनन्, आफ्ना युगका उच्च विचारको समन्वय मात्र पनि गरेनन्, यसभन्दा पर उनले शाश्वत सत्यको दर्शन गरे । उनी जाति र संप्रदाय भन्दा माथि उठे, उनलाई त्यहाँबाट तल खसाल्न सकिंदैन, उनको रहस्यानुभूतिलाई कुनै दर्शनमा बाँध्न सकिंदैन । मानव प्राणीले वाणीबाटै वाणीलाई नाँप्नसक्छ, आफ्ना अनुभूतिबाटै अनुभूतिलाई नाँघ्न सक्छ— यसको निम्ति कबीर आफैं अद्वितीय उधाहरण हुन् ।

कबीरको रहस्यानुभूतिले दर्शन, साहित्य, अन्तः साधना र समाज सुधारका क्षेत्रमा प्रशस्त प्रभाव पारे । काशीका यी निर्भीक सन्तको वाणी समस्त भारत वर्षलाई नाघेर शेष विश्वमा पनि फैलियो । विश्व कवि रवीन्द्रले कबीरका केही पदावलीको अंग्रेजी अनुवाद गरेर पश्चिमलाई उनको परिचय दिए । नेपालमा कबीरका भजनहरू गुरु गोरखनाथका भजनजतिनै प्रिय छन् । कबीरका निर्गुन भजन एकतारेको झन्कारमा मिसिएर मनको तारमा बज्न पुग्छन् । यति हुँदै पनि नेपालीभाषामा कबीरका पदावलीको अनुवाद आजसंम हुनसकेको थिएन । यो श्रेयस्कर काम सर्वप्रथम माष्टर नेत्रबहादुर थापाजीले गर्नुभयो । यस कामको निम्ति उहाँ उपयुक्त अधिकारी पनि हुनु हुन्छ । किनभने, उहाँको घराना अध्यात्मको अनुरागी छ । उहाँका दुई भाइ त अध्यात्मकै निम्ति समर्पित हुनु हुन्छ । दर्शन, साहित्य, धर्मशास्त्र र व्याकरणका प्रकाण्ड पण्डित एक भाई संन्यासी हुनु हुन्छ । अर्काभाई कबीर पन्थका 'सन्त' हुनु हुन्छ । उहाँको अन्तः साधना र शास्त्र ज्ञान कति छ भन्ने कुराको एक झलक यही 'बीजक' (कबीरका पदावली-

को मूल संग्रह) को भाष्यबाट र साथै समावेस भएका सन्दर्भको सन्धि, प्रतीकात्मक अर्थ र शब्दार्थ समेतबाट थाहा पाउन सकिन्छ । कबीरलाई संशोधक दृष्टि र तुलनाबाट जान्न चाहनेहरूको निम्ति वहाँले लेख्नु भएको भाष्य दर्पण जस्तो छ । विद्वान् लेखक श्री नेत्रबहादुर थापाजीको यस अनुवादमा मैले तीन विशेषता पाएँ । एक, मूलको रहस्यमयशैली अनुवादमा पनि उत्रिएको छ, कुनै रचनाको भाषान्तरमा अनुवाद गर्दा यो प्रथम र कठिन शर्त हो । दुई, मूल रचनाको अभिप्राय अनुवादमा अविकलरूपले अवतरित भएको छ, अनुवादकको ईमान्दारी मूल लेखकको छायामा आफू विलाउनुनै रहन्छ । तेस्रो, कबीरका पदावलीलाई नेपाली लोकलय, भजन चुड्का र श्लोकमा उतारेर उहाँले सर्वसुलभ वनाउनु भएको छ । रचना पढ्दै जाँदा लय आफैं बन्दैआउँछ । मलाई विश्वास छ— नेपालीमा रूपान्तरित कबीरका रचनाको प्रशस्त स्वागत हुनेछ ।

२९ मार्ग २०३२ [माधव प्रसाद घिमिरे]

अभिप्राय—

करीब छः शय वर्ष पहिले सद्गुरु कबीर साहेबको जन्म भारतवर्षको काशी नगरमा भएको थियो । वहाँ एक अपूर्व प्रतिभा सम्पन्न व्यक्ति हुनु हुन्थ्यो। वहाँको प्रभाव—समाज, धर्म सुधार, एकताभावना आदि सबै तरफ परेको थियो। विद्वानहरूले वहाँको जन्म सन् १३९९ र मृत्यु १४९५ भन्ने अनुमान गरेका छन् ।

प्राय प्रत्येक धर्मावलम्बीहरूले आ-आफ्ना आचार्य या धर्म–प्रवर्तकलाई अलौकिक र चमत्कारी बनाउने प्रयास गर्दछन् । त्यस्तै सन्तकबीरका अनुयायीहरूले पनि कल्पित चमत्कारले सिंगार्न कसर राखेका छैनन् । जे होस, वहाँको जन्म एक विधवा ब्राह्मणी बाट भएको र समाजको अपवादका डरले लहर तलाउको तटमा फाली दिएको रहेछ । त्यो नवजात बालकलाई निरु र निमा नाम गरेका अपुता मुसलमानजुलाहले भेट्टाई पालन पोषण गरेकाले मुसलमानी वातावरणमा हुर्केका हुन् भन्दछन् । जेहोस, जाति पाति त केवल कल्पित हो । श्रेष्ठताको लागि उत्तम कर्म नै मान्नु पर्छ । जस्ले यथाविहित धर्माचरणको अनुभूति गरेको छ त्यो म्लेच्छनै भएपनि ऋषि महर्षि हुन सक्ने रहेछ । यसैले प्राचीनकालमा वेश्यापुत्र वशिष्ट, मल्लाहकन्याबाट व्यास, दासीपुत्र नारद; स्वपचकन्याबाट परासर, आदिको जन्म भएता पनि दिव्यज्ञान शुद्ध आचरणको प्रभावले पूज्य ब्राह्मण तथा महर्षि मानिए—मानिन्छन् पनि ।

जो मिथ्या जातपातको पक्ष देखि सर्वथा रहित थिए, यस्ता स्वतन्त्र चेता महा मानव संत कबीरलाई कुनै जाति या वर्ग विशेष संग सम्बद्ध गर्नु के आवश्य-

—Character is the only patent of nobility. It does not matter who your parents are or what your race is". Our quality lies in our knowledge and deeds and not in our colour, faith, race or descent.

—*Dr. S. Radha Krishnan*

कता ! चाहे जुन देश या जाति वर्णमा जन्मेका भएपनि दिव्य ज्ञान एवं दिव्य आचरण भएका महात्मा पूज्य र आदरणीय हुन्छन् ।

गुरुकबीर मानवादका सर्वप्रथम प्रमुख दिव्य पुरुष हुनुहुन्थ्यो । क्रान्ति -शान्ति दुवै पक्ष-वाङ्गमयका क्रान्तिकारी, व्यक्ति-व्यक्तिमामेल प्रेमपूर्वक मनोमयका शान्तिसिर्जक, आसुरी आचरण सम्पन्नका समता वादी होइनन्—दैवी सम्पत्ति सम्पन्नका पुरुष हुनुन्थ्यो । यसैले वहाँका शिक्षा-ले सबैलाई माथि उठाउँछ, तल खसाली एकै खाडलमा खाँददैन । वहाँको व्यक्तित्व केवल एक सिद्धान्तको अन्धलीक पिट्ने खालको छैन । विश्व वन्धुत्वको प्रतिक छ । यसैले उहाँका दृष्टि अवगतमा आएका ब्राह्मण-पण्डित काजी मौलवी सबैका शिरको भ्रांति भूत भगाई सातो बोलाउन उहाँ निर्भय अग्रसर हुनुहुन्छ । उहाँलाई नवेद शास्त्रको ममता, नकुरान वाइवलको पक्ष ! एकमात्र सत्यको कट्टर अनुयायी हुनुहुन्छ । अत उहाँका शब्दमा सबै माथि निर्भयतापूर्वक प्रहार गरेको पाउँछौं । उहाँ सत्यमा उभिएर ब्राह्मण पण्डित काजी मौलवीको आदर अनादर दुवै गर्नुहुन्छ, त्यस्तै ब्रह्म ईश्वर अल्ला खुदाको पनि । अर्थात् वहाँले सबैलाई समेटेर हृदयमै स्थापना गर्नुभएको थियो यसैले बाहिर ईश्वर खोज्ने हरूलाई उहाँ फटकारनु हुन्छ । वेद-पुराण बाइबल कुरानका सार, सत्याचरण-को शयनागारमा स्थित हुनु भएको ले असारलाई पन्छाउन वहाँ भ्रमरो हुनु हुन्छ ।

सन्त श्री कबीर भारतका विभिन्न स्थानमा र विदेशमा समेत भ्रमण गर्नु-भई सत्यज्ञान प्रचार गर्दै हिड्नुभएको कुरा पनि बीजक बाटै थाहा हुन्छ तापनि वहाँको मुख्य केन्द्रस्थान भने काशीनै थियो । उहाँले त्यस बखत कैयौं विद्वानहरू संग-शास्त्रार्थ गरी सबैलाई नतमस्तक गराउनु भएको रहेछ ।

वेद कुरानादि ग्रन्थमा उहाँले भ्रममात्र देख्नु भयो । हिन्द्-मुसलमानी दुवै मतमा जड़ चेतनको शुद्ध विचार छोडेर चराचर व्यापक आत्मा ब्रह्म ईश्वर खुदा मानिन्छ र आखिर उत्कर्षमा जड़ चेतन एकै भनी अद्वैत निरूपण गरेको छ, जो सर्वथा भ्रममात्र हो । उहाँले अनेक मत मतान्तर हेरी बुझी मनन गरी सबै देखि

"God is the breath of all breath".

उपराम हुनु भई स्वयं सत्यको शोधन गर्नु भयो। सत्य विचार दया शील सन्तोषादि शुभाचरण कल्याणका साधन मानेर धारण गर्नु भयो, स्वतः चेतन स्वरूपको दिव्यदृष्टि खुली स्वरूपकै शान्ति वातावरणमा स्थित हुनुभयो। यसप्रकार सन्त कबीर पारखसिद्धान्तका स्वतः संशोधक र प्रकाशक हुनु हुन्थ्यो।

उहाँको मुख्य ग्रंथ यही बीजक हो। यो सत्य चेतन प्रतिपादक यथार्थ निर्णयकारक सत्य शब्द टक्सार हो। यस ग्रंथको नाम बीजक भन्नाको तात्पर्य के भने—प्राचीन समयमा मानिसहरूले आफ्नू सम्पत्ति गुप्तरूपले पृथ्वीमा गाडी राख्त थे। यसको संकेत कुनै शिला या तामापत्र अथवा कुनै पुस्तकादिमा लेखी राख्त थे। त्यसैलाई बीजक भनिन्थ्यो। त्यो बीजकको संकेत बुझनेले उक्त गड्डुवा धनको लाभ प्राप्त गर्दथ्यो।

पारमार्थिक दृष्टिबाट आफ्नूधन जीव चेतन नै हो, अर्थात् स्वयं पारख स्वरूप हो। यो पंच विषयको पुरानो वासित अध्यासमा र मन माया नाना देव देवी भूत प्रेतको कल्पनामा पीर ढाकिएको छ। यी सारा आवरणलाई पंछाएर चेतनधन देखाउने सार निर्णय शब्द सत्य तथ्यले भरिएको यो बीजक सद्ग्रंथ खास सद्गुरुका वाक्य हुन्—यो कुरा निर्विरोध सबैले अंगीकार गरेका छन्।

"सत्य शब्द टक्सार कहावै, बीजक जीवन पद परखावै।"

सन्त कबीर स्वयं भन्नु हुन्छ—आफ्नू मुख्य धन जीव चेतन स्वरूप नै हो—

बीजक वित्त बतावे, जोवित गुप्ता होय।
ऐसे शब्द बतावे जीवको, बूझै बिरला कोय॥ बी. रमै. ३७.

यो बीजकलाई कसैले उपासना परक र कसै कसैले अद्वैत परकमा ढाली अर्थ गरेका छन्। यसले कबीर साहेबको वास्तव मन्तव्य के रहेछ भन्ने मानिसहरूको मनमा कुतकुती लाग्नु स्वाभाविक कुरा हो। यसैले अब हामी यस दिशा तरफ फर्कौं। सर्वप्रथम वहाँको सिद्धान्त बुझ्न उहाँकै हृदयबाट प्रस्फुटित वचनहरू केलाउनु पर्दछ। पूर्वापरका वाणीको समन्वय गरी निष्कर्ष निकाल्नु पर्छ। बीजक अन्तरगत् कहीं कहीं उपासना र अद्वैत परक वचन पाइन्छन् तापनि पूर्व

Marx denied God because he belived in the potential divinity of man.

पक्षका सिद्धान्त हरूको मन्तव्य वताई त्यसको निराकरण गर्न निमित्त उल्लेख गरिएका हुन् । यसैले प्रायः यस्ता वचनहरूका साथै' कहें कबीर, कबीरा, कवीरन भन्ने शब्द प्रयोग भएका छन् । जहाँ—'कहहिं कबीर' भन्ने वहाँका वचनमा पाठ छ, तिनै वचन खास गरी आफ्नू निर्णय वताउनु भएको रहेछ । यसको संकेत वहाँ स्वयं भन्नु हुन्छ–

"पारखो से संग करु, गुरुमुख शब्द विचार ॥"

यसबाट ध्वनित हुन्छ—वहाँ बाटै बीजकका वचन चारमुखमा विभाजन गरी पूर्व पक्षलाई क्रमशः—जीवमुख, मायामुख ब्रह्ममुख र उत्तरपक्षका वचन समूह मात्र गुरुमुखका खास ग्राह्य वचन रहेछन् भन्ने ज्ञात हुन्छ ।

सोही अनुसार श्रीपूरण साहेब, श्रीरामरहस्य साहेववाट आज भन्दा झन्डै १५० डेडशय वर्ष अगावै रचना गर्नु भएका ग्रंथमा उक्त चारमुखको उल्लेख भएको रहेछ । पूर्व देखिनै सोही अनुसार सन्त समाजमा सन्था लिई पठन-पाठन चल्दै आएको रहेछ । यहाँ पाठक वृन्दको सुविधा र रुचि अनुसार सो सवै नियम अनुवाद ग्रन्थान्तर न राखी उक्त तीन प्रकार वचनलाई पूर्व पक्षमा र गुरुमुख वचनलाई उत्तर पक्षको संकेत दीई टिप्पणी दिने प्रयास गरेको छ ।

सन्त कवीरको मन्तव्य खास पारखनै रहेछ भन्ने निम्न प्रमाणवाट निष्कर्ष निकल्ने हुँदा यसको टिप्पणी पारख परककै आधार वाट दिईएको छ—

(१) बीजक मूल वचन कै—रमैनी ८, १०, ११, १६, १८, २२, २५, ३०, ३३, ३४, ३५, ३६, ४१, ४६, ५२–५५, ५७, ६१, ६८. शब्द—५, १०, १२, १४, १८, २२, २८, ३०, ३२, ४०, ४२, ४५, ४७, ५२, ६७, ७४, ७८, ८१, ८३, ८६, ९०, ९१, ९२, ९४, ९७, १०९, ११२, ११३, ११४, ११५ कहरा—३, वसंत ८, १०, ११, चाचर १ वेलि २—हिंडोला १ साखी ४५, १४९, २३६, २५८, -२६७, ३४० इत्यादि स्थलमा कहीं स्पष्ट रूपबाट कहीं व्यंगता पूर्ण कर्तावाद आदि प्रति र यी सिद्धान्तका निरूपक पोषक ग्रन्थ प्रति आलोचना गर्नु भएको छ । यिनै सिद्धान्तारूढ वरिष्ठ पुरुष हरूलाई

God is nearer than our artery in the neck—Quran

पनि तिनको नाम उल्लेख गर्दै—"यिनी भूले जानेनन्, भ्रममा परे, संशयग्रस्त रहे, मायाकै वशमा परे···।"शब्द प्रयोग गर्नु भएको छ। वहाँको मन्तव्य यस भित्र भए आफ्नै पदमा आफैं कुठाराघात गर्नु हुने थिएन।

त्यसो भए सबैको धज्जी उडाउने कबीरसाहेब के नास्तिक हैनन् त? होईन—वहाँ परम आस्तिक हुनु हुन्छ। वहाँ ब्रह्म ईश्वरादिको पनि कल्पना कर्ता-स्रष्टा, अविनाशी, शाश्वत, सब सिद्धान्तको मूल, परमतत्व ज्ञानगुण सम्पन्न चेतन्देव हृदयस्थ पुराण पुरुषलाई अंगीकार गर्नु हुन्छ। आवागमन, कर्मफल-भोग, पुनर्जन्म, सबै वहाँलाई स्वीकार छ। दैवी सम्पत्ति एकरस पालनमा कट्टर हुनु हुन्छ भने वहाँ के गरी नास्तिक ठहरिनु हुन्छ? "अस्ति परलोक इत्येवम-तिर्यस्य स आस्तिक:" भनी पाणिनी सूत्रले नैं पनि भन्दछ। "यन्मनसा नमनुते ये नाहुर्मनोमतं, तदेव ब्रह्म त्वं विद्धिनेदं यदिद उपासते···। कठोपनिषद्गत् चार पाँच मंत्र सबै वहाँमा पूर्ण ग्रहण छ: गम्भीरताबाट हेर्ने हो भने यो आक्षेप वाह्य आस्तिकतावादी बनी कन पनि हिंसा अभक्ष्यसेवी तथा शून्य र कल्पना-को सिद्धान्त अँगाल्ने प्रत्यक्ष कारण कार्य जगतलाई पनि छुँदै छैन भएकै हैन भंने हरूकै माथि पर्नजाला कि?

(२) सन्त कवीर पश्चात आज सम्म वीजकको पारखोक्त टीका ज्ञात भएका मात्र—बीजक कै अर्थ भावको श्री रामरहस्य साहेव कृत पंचग्रंथी, श्रीपूरण साहेब व्याख्या त्रिजा, श्रीप्रयाग साहेव टीका, श्री मेहीसाहेब टीका, श्री पं० महाराज राघव साहेब टीका, श्री अभिलाष साहेब टीका, श्री हरीसाहेब कृत टीका, पूज्य श्रीरामस्वरूप साहेव कृत वृहद व्याख्या, भाष्य सहित बीजक. को हिंदीमा टीका भाष्य–इत्यादि भईसकेका छन्। सबै बाट स्व-स्व मति अनुसार विभिन्न युक्ति प्रयुक्ति प्रयोग पूर्वक व्याख्या भएको छ। यसको कुनै-कुनै विद्वज्जन हरूले ब्रह्म परक-ईश्वर परक अर्थ गरेका छन् तापनि उपर्युक्त प्रकार वहाँ कै मूल वचनबाट निषेध भएका कुरा विधि गर्न र विधि भएका कुरालाई निषेध गर्न अर्थ-लाई तर्काई थिच्नु, तान्तुन गरी आफ्नू इच्छानुकूल अर्थ गर्नु—यो टीकाकारको ईमान्दारी कसरी भन्ने? यिनका टीकामा पूर्वापर विरोध पनि कैयन स्थलमा

Greater is he that is in you than he that is in the world—
John IV.

पर्न आएको छ । सन्तकबीरकै परम्पराका अनुयायी हरूले वहाँका वचनको रहस्य नजानी विद्वानै भए पनि बीचका व्यक्तिले के जानुन ? दहाँ हरूले परिश्रम त गर्नु भयो, परन्तु गुरु कबीरकै वचन—"पैठी बात विवाकी पेटा, वाहुक भर्म भया संकेता ।" अनुसार गुरुकबीरको रहस्यपूर्ण वाङ्मयलाई आफ्नै मानंदिको डोराले मस्काई खुर्मुच्याई खाँदेको स्पष्ट देखिन्छ ।

(३) श्रीपूरणसाहेबबाट बीजक व्याख्या गर्नु हुँदा ग्रन्थको मुख्य मुख्य प्रकरण रमैनी शब्द र साखीको आरम्भ-आरम्भ मानै प्रथमअनुसार भंने शिर्षक दिनु भएको रहेछ । यो भनेको—पूर्व देखिनै चलिआए अनुसार पाठ्य क्रम र अर्थ-भाव लेखेको छु भन्नु भएको संकेत हो । सर्वस्व परित्याग गरी कल्याणमा आत्म समर्पण गरेका सत्योपदेष्टा विरक्त संतले मृषावाणी लेखी परम्परा सम्म समस्त जन समाजमा भ्रांति फैलाई दिनु पर्ने प्रयोजन न हुनाले र यो प्रथमानुसार भनेको व्याख्या पारखोक्त हो ।

(४) गुरु कबीरको सिद्धान्त यदि संसारमा परम्परा प्रचलित कर्तावाद, व्यापक-वाद भित्रकै भए मूल बीजकमै स्पष्ट शब्दबाट भाव व्यक्त गरी लेखि दिनु हुनेथियो होला । वहाँलाई जनसमाजले विभिन्न दृष्टिकोणबाट देख्ने पनि थिएनन् । सन्त सूरदास गोस्वामी तुलसीदासजीलाई जस्तै एकै लक्ष्यले औंल्याउने थिए । वहाँका वचनलाई कसैले खींचा तानी गर्ने अवसर पनि आउने थिएन । आफ्नू मौलिकी विचारधारा प्रष्ट न बताउनाको कारण, जन समाजमा समाजको मन्तव्य विरूद्ध व्यक्त गर्न परेकोले नै वहाँलाई रहस्यमय शब्दमा वाणी रचना गर्न परेको रहेछ भंने वहाँकै वचनबाट ध्वनित हुन्छ—

"साँच कहौं तो मारन धावै झूठ कहा नहिं जाई ।"
"एक कहौं तो नहीं, दोय कहौं तो गारि"
"सहना छिपा पयाल तर कोकहि वैरी होय" इत्यादि--

जीव चेतन नै सत्य हो भंने विधियुक्त रमैनी—१, १०, २४, २५, २६, ३७, ४१, ६३, ८३ शब्द १०, १८, २२, ३५, ४०, ७८, ७६, ८६, ६७, १०६, ११२, ज्ञानचौंतीसा—६, ७ कहरा–३ साखी—२४, २५, १८३, २२०, २६७, २८२, २६७, ३४५.

यो वीजक ग्रन्थ गुरुमुख द्वारा एक पल्ट आदद्योपान्त श्रवण मनन गरेमा समस्त मतमतान्तरको मन्तव्य यथार्थ थाहा हुन्छ, जहाँ-जहाँ जुन-जुन फन्दामा जीव अड्केका छन् त्यो सबै ज्ञात हुन्छ। शुभाचार सम्पन्न पारख स्वरूपको स्थिति बनाई सर्वोत्कृष्ट मुक्तिपद प्राप्त गर्ने छ। आत्मपुराणले पनि भन्द छ—

अ संशय वतां मुक्ति : संशयाविष्ट चेतसाम्।
न मुक्तिर्जन्म जन्मान्ते तस्माद्विश्वासमाप्नुयात्॥

संशय रहित व्यक्तिलाई मुक्ति हुन्छ, संशययुक्त मानव अनेकौं जन्मको अन्त्यमा पनि मुक्त हुन सक्तैन। यसकारण युक्तिपूर्वक निश्चित् सद्गुरुको शिक्षा धारण गर्नु पर्छ।

यस बीजकमा त्यागी गृहस्थी, चार वर्ण, चार आश्रम, षट दर्शनको गुप्त प्रगट सम्पूर्ण रहस्यलाई सत्य निर्णयको तराजुमा तौलेको छ। परम्परा अन्ध विश्वास कर्म तथा अग्राह्य कर्मको लक्षण इत्यादि केलाई सत्यज्ञान-शुभाचरणको प्रतिपादन गरेको छ।

सन्त कबीरको यो वीजक वाणी कस्तो छ? ऐनैऐनाको स्नानागार समान, जहाँ हामी हाम्रो सदेह नाङ्गो अनुहार छर्लङ्ग देख्न सक्तछौ।

६०० छःशय वर्ष पूर्व लेखिएका कबीरका साखी शब्दहरू आज पनि हरेक मतमतान्तरका मानिसहरू धितमानेर चाख लिई कंठ गर्छन, गाउँछन्। विद्यालय, रेडियो रेकार्ड आदिमा पनि व्यापक रूपवाट प्रचलित छ। यति सायद अन्य सन्तहरूको कमै होलान्। किन भने—वहाँका पद्यमा घोचाई र आनन्दको सामान पूर्णरूपवाट समावेश भएको हुन्छ। यस्तो मिठास पाइन्छ—हरेकको मनमा चोट पनि लाग्दछ—कुत्कुति पनि। गुरु कबीर हामीलाई आफूले आफैंलाई हँसाउन सिकाउनु हुन्छ, हामीलाई स्वयं आफ्नू धज्जी उडाउन सिकाउनु हुन्छ। वहाँ हुनु हुन्छ—भारतका सब भन्दा ठूला स आचार रहस्य वादी लेखक। वहाँले जाँति-पाँति, ठूलो-सानो, ब्राह्मण-शूद्र, धनी-गरीव, मुल्ला पण्डित आदिको भेद भावमा

"There is nothing higher than man on earth"—
Mahabharat.

निर्भय भई सबै माथि प्रहार गर्नु भएकोले स्वयं अनेक कष्टको सामना गर्न पर्‍यो, तैपनि वहाँको संघर्ष जारीनै रह्यो ।

वहाँको विचार निष्कर्षमा—कावा मस्जिद मन्दिरमा कहीं ईश्वर वाह्य छैनन् । वहाँ भन्नु हुन्थ्यो—सत्य नभएको हृदय छ भने त्यसको निमित्त ईश्वरको केही उपयोग छैन । साँच्चिको पवित्रता न मस्जिदमा छ न मन्दिरमा, न वेद न कुरानमा । त्यो मानव हृदयमा व्याप्त छ । उसको पार्थिव जीवनकै स्वार्थ हिनता दयालुता ईमान्दारी र सच्चाईमा । यसकारण सामूहिक प्रार्थना; तीर्थयात्रा, देव-पूजामा विज्ञजनले समय बरवाद गर्नु व्यर्थ हो भन्दछन् । प्राणी तरफ आफ्नू दृष्टि घुमाऊ, सत्यको खोजमा उनीहरूलाई सहायता गर । सच्चा सौन्दर्य—सच्चाआनन्द कहाँछ उविनेर लेऊ भन्नु हुन्थ्यो । ईश्वर छदै छैन भन्ने वहाँको सिद्धान्त होइन । ईश्वर छ, तर त्यो जहाँ छ तही खोज, आफ्नै हृदयमा ईश्वर देख्ने कुरामा तल्लिन रहनु । बाहिरबाट तिमीलाई सच्चा भगवान प्राप्त हुन सक्तैन भन्ने वहाँको भनाई हो । "दिलमा खोजि दिलहिमा खोजो, इहै करीमा रामा ।"

गुरु कबीरले शास्त्र पुराण कुरान, बुढ़ी-रुढी प्रथा, सबै एकएक परीक्षा गरी पारख कसीमा लाउँदा सत्य ठहरेका कुरालाई मात्र मान्यता दिनु भएकोले यस-लाई पारख सिद्धान्त भन्दछन् । यसमा अनुभवगम्य जड़ चेतन दुई पदार्थ अनादि मानिएको छ । जड़तत्व भन्नाले पृथ्वी, जल, अग्नि वायु यो चार तत्व । जड़बाट न चेतन को उत्पत्ति भएको हो, न चेतनबाट जड़, यी दुवै आ-आफना स्वरूपबाट अनादि र अनन्त छन् । एवं सर्वथा अलग-अलग छन् । वास्तवमा हृदयस्थ चेतन अनादि नित्य अखण्ड ज्ञान वर्ण, सबैको परीक्षागर्ने सत्य वस्तु हो । यो, जड़ देखि सर्वथा भिन्न सत्य स्वरूप छ । यो कुरा सयुक्ति बाट विस्तार पूर्वक गुरु श्री विशालदेवबाट भवयान ग्रन्थको जड़ चेतन निर्णायमा १२-१६ तक पाँच पद बाट विस्तार निर्णय गर्नु भएको छ । तर्क प्रमाणको आवश्यक संझे तहाँ हेर्नु समाधान हुन्छ ।

"The Kingdom of God is wi'hin you"—Jesus.

यो चेतनको वासनावश आवागमन पुनर्जन्म कर्मफल भोग हुन्छ भन्नेकुरा कबीरपंथले मान्दछ। मनको जति भ्रान्तिपूर्ण अवलम्ब छ, सो सबै फाल्दछ र प्रत्यक्ष तथा प्रत्यक्षका आधारको भर पर्दो युक्ति तथ्यहरू मात्र मान्द छ। अर्थात् सिद्धान्तगत कोरा कल्पनाका कुराहरू र निर्लिप्तवाद अन्धविश्वासलाई पारख सिद्धान्तले स्थान दिंदैन।

प्रत्यक्ष पृथ्वी आदि जड़ चार तत्व कारणका गुण धर्म क्रियादि छः छः भेद बाट यावत जड़ कार्य पदार्थहरू बन्दछन्, फेरी बिग्रेर कारण मै लय हुन्छन्। यो बन्ने बिग्रने प्रवाह धारा अनादि छ। भाव यो हो—तत्वहरू कुनै कहिल्यै कसैले कुनै उपादान बाट वनाएको अनुसंधान बाट न ठहरेको ले ती अनादि भई हाले। जहाँ वस्तु छ उस्को साथ उस्का गुण धर्म शक्ति क्रिया परस्परको मेल, परस्परको विरोधता बाट बिछोड र आकार यी छः छः धर्म छँदै छन्। इनबाट विश्वमा कार्य पदार्थ वन्न विग्रन कहिलै बन्द भएको छैन, न रोकिएको छ। अनि, जगत आरम्भवाद लाई किन अँगाल्नु ? यसैले यो संपूर्ण ब्रह्माण्ड न कहिल्यै एक साथ बनेको हो, न सबै एक साथ नष्ट भई प्रलय नै हुन सक्त छ। यस कारण अजातवाद पनि कवीर साहेबको सिद्धान्त होइन।

चेतन जीवघट प्रति छुट्टा छुट्टै अगणित र अविनाशी छन्। ती स्वरूपबाट शान्त अक्रिय छन्। तैपनि अग्नि सम्बन्धले शीतल जल तातो भए झैं भूल वासना वश जन्म-मरणादि वन्धनमा परी सक्रिय भई रहेछन्। विवेकी सन्तको सत्संग र सद्ग्रन्थको मनन बाट सम्यक् बोध उपलब्धि हुन्छ। यसबाट अज्ञानको सबै गाँठो खुल्छ र म शुद्ध, नित्य, सत्य, चेतन रहेछु; कारण कार्य देखि सर्वथा भिन्न, अगाध अनमिल दुख सुख रहित एकरस सदा स्थिर शान्त स्वरूप रहेछु'' भन्ने द्रष्टा ज्ञान स्वरूपबाट आफ्नू बोध हुन्छ। यसैलाई पारख बोध, परमतत्व प्राप्ति' मनिन्छ। ईश्वर प्राप्ति ब्रह्म प्राप्ति परम धाम गोलोक स्थिति भनेको सबै यही हो।

यस्ता बोध वैराग्य सम्यक् गुरु भक्ति सम्पन्न पुरुष साधन अभ्यास द्वारा बन्धनकारी वासना आसक्ति वेगलाई प्रारब्धान्तक हटाउदै रही वासनाको

बल निर्मूंल भई खिच्न असमर्थ भए पछि ऊ स्वयं ज्ञानमात्र स्वरूपमा स्थित रहन्छ। देह रहेसम्म द्रष्टा भई रहन्छ, दृश्यका साथ बग्दैन "पाख ऊपर थिर ह्वै रहना, सकल परखना ना कछु गहना," को स्थितिमा पुग्दछ। यसलाई जीवन-मुक्ति स्थिति भन्दछन्। यस्तै पुरुषको प्रारब्ध-बोक्रो शरीर शान्त भए पछि देह-रहित विदेह मुक्ति स्थितिमा सदा को लागि शान्त हुन्छ। मुक्तिमा पनि स्वरूप त जस्तो ऐले छ उस्तै रहन्छ शुद्ध, स्वरूपबाट बदलिई कहीं गई कसैमा मिल्ने विलय हुने होइन। सत्य जीव कहीं गई बस्छ, कसैमा विलय हुन्छ भन्ने कुरा विवेकबाट सत्य उत्रँदैन। केवल प्रथम भ्रमभूल कल्पना वासना समूहले आवद्ध थियो, सो सबै शमन भयो, जीव स्वयं-स्वयंमा शान्त भयो। मुक्तिको निमित्त वाह्य जड़ जगतको विलय हुनु पर्दैन—इत्यादि वहाँको शोध-बोध निर्णय हो।

सत्संग र ग्रंथ मननबाट पूर्ण बोध हुन्छ। तैपनि प्रारब्ध अवशेष रहे सम्म देह कै प्रारब्ध निर्वाह मात्रमा पनि बाहिर सुख वृत्ति जानु स्वाभाविक कुरा हो। यदि विवेकी सन्त महात्माको समय-समय सत्संग र ग्रंथमननको आधार तथा द्रष्टा स्थितिको अवलम्ब न राखे भित्र हृदयगत वासना ग्रन्थि खुली पुनः प्रपंचमा अहं ममत्व गहराईं प्रवृत्ति मा धकेल्ने सम्भव हुन्छ। यसकारण समय-समय, उक्त सबै पारमार्थिक उत्तम मध्यम अवलम्बको आधार राख्नु कर्तव्य हो। जसबाट सबैको परीक्षा हुन्छ त्यो भूमिकानै पारख हो, यही आफ्नू स्वरूप पनि। पारख विना यथार्थ ज्ञान हुँदैन, पारखै द्वारा सारा सन्देह मेटाएर जो निर्भय पद स्थित हुन्छ उही सच्चा ज्ञानी सन्त हो। श्री पूरणसाहेब भन्नु हुन्छ—"सदा विचार करहु मोरे भाई। ज्यों-लों देह बिखरि नहिं जाई"—[निर्णयसार] श्री विशालगुरु पनि भवयान मा भन्नु हुन्छ—

"अन्तर वाह्य एकान्त, स्वरूप स्थिति अभ्यास दृढ़।
स्वयं परीक्षक शान्त, सद्ग्रन्थन पठनहिं करै॥

यो पुस्तक पढदा बार-बार खानि वाणी, भ्रामक, ललना, ब्रह्म, ईश्वरादि शब्दहरू पुनरुक्ति भएको जस्तो देखिन्छ, तर गम्भीर विचार गरेमा-संसारमा परा-

पूर्व देखि अनन्त व्यक्तिको विविध पुस्तकहरूमा अनेक प्रकारबाट भ्रम कल्पना व्यापकरूप बाट प्रचार भई रहेछ। गुरु कबीरले यो देख्नु भई एकै पुस्तकबाट विविध अकाट्य प्रमाण हरूद्वारा ती सबैको निराकरण गर्दा उक्त नाम बारबार उल्लेख भएका हुन्, युक्ति छुट्टा छुट्टै नै छन्। अतः यो पुस्तक विवेक मतिले गढेर अध्ययन गर्नु, यस्मा वेग्लै मिठास आउँछ। यो मिठास को स्वाद स्वयं पाठकले अनुभव गर्ने छन्। केवल आवश्यक छ —किन कसरी ? भन्ने वैज्ञानिक बुद्धि लिई भौतिकताबाट आध्यात्मिक तरफ, आसुरी आचरणबाट दैवी आचरण तरफ फर्कन को।

यस पुस्तकको मनन गर्दा न बुझिने रहस्यपूर्ण स्थल र आवश्यकतानुसार ल्याउन परेका क्लिष्ट शब्दहरू सम्झनका निमित्त सामान्य भावबाट टिप्पणीमा शब्दार्थ, सन्दर्भार्थ र प्रतीकात्मक अर्थ दिईएको छ। अरू गहिराई बाट यसको बृहद् व्याख्या हेर्ने उत्सुकता हुने सज्जनले श्री पूरणसाहिब, श्री अभिलाष साहेबकृत टीका र पूज्य श्री रामस्वरूपसाहेब प्रणीत बृहद् भाष्यको अध्ययन गर्ने कष्ट गर्नु हुनेछ।

यो बीजक मूल प्राचीनको, छायावादी आलोचनात्मक आध्यात्मिक र विशेष गूढ़ भएकोले जटिल लेख हुँदा सर्व साधारणले बुझ्न गाह्रो छ। यसै ले यसको गुरुमुखबाट पाठ लिई पढ़ने प्रथा सन्त भक्तहरूमा छँदै छ। नेपालमा श्री ३ जुद्धशम्सेर ज० व० राणाबाट १९९४-९५ साल तिर गुरु खडानन्दज्यू र सम्पादक प्रेमराज पौडेलज्यू लाई "कबीरका बीजक वाक्य अति उत्तम रहेछन् यसलाई नेपाली भाषामा बनाउनु" भन्ने भए छ। वहाँ हरूले यो बीजकका एकाध शब्दहरू उल्था पनि गर्नु भयो। त्यस वखत श्री प्रेमराज ज्यू ले मलाई "बीजक त तपाईले उल्था गर्नोस, यो कार्य ठीक-ठीक यहाँ बाटै पार लाग्न सक्तछ मलाई विशेष फुर्सद पनि छैन" भन्नु भएको थियो। त्यो कुरा मनसा गढ़ी रहेकै थियो। आज भन्दा तीन वर्ष पूर्व राजकीय प्रज्ञाप्रतिष्ठान बाट संत कबीर को संक्षिप्त जीवनी म बाट लेखाईएकोले—मैले यथा मति लेखेर बुझाए पछि उक्त कार्यमा सन्त श्री आज्ञासाहेब ले मलाई बारम्बार "बीजक को अर्थ लेख्नोस, परमार्थ प्रवृत्तिले आफ्नू अन्तःकरण शुद्ध रहन्छ, अरूले यसबाट चाहे लाभ लिउन चाहे

न लिउन आफूलाई मननको लाभ त अव्यर्थ छँदैछ'' इत्यादि आज्ञाभई घचघचाई रहनु हुन्थ्यो ।

अर्थ लेख्ता धेरै समय लाग्ने र पुस्तक पनि निकै ठूलो हुने सम्झी कनी कुथी नेपाली भाषाको श्लोक गीत झ्याउरे, चुड्का र श्लोक आदिमा ढाली पूरा बीजक उल्था लगभग ७५ दिनमा भयो ता पनि यसको संशोधनमा अधिक समय लगाई झण्डै दुई वर्ष पछि पाठक वर्गको सामु राखेको छु । यो कसरी बन्यो ? केवल गुरु विशालदेवको अक्षुण्य आधार, दिव्य चक्षुको आलोक दृष्टिप्रदान र सन्त कृपाले मात्र हुन सके को हो । यो जुन दिन पूर्ण भयो त्यसदिन ''हैन, यो मैले लेखेको हो र'' जस्तो लाग्यो । वहाँहरू-खास गरी श्री आज्ञासाहेबको अनुकम्पा र आशिर्वाद न भएको भए यो कदापि बन्न सक्ने थिएन भंने मलाई पूर्ण विश्वास छ । भावार्थमा उल्था भए पछि सन्त आज्ञासाहेबबाट मूल वचनकै अनुरूपल्याई गुरुकबीरको भाव सुरक्षित बचाई जस्ताको तस्तो ल्याउने तर्फ विशेष लक्ष्य दिई संशोधन गरी दिने कष्ट गर्नु भएको छ । यसको नेपाली भाषामा वहाँ बाट विस्तृत टीका पनि गरी सक्नु भएको छ, समयानुसार त्योपनि पाठकवर्गको समक्ष प्रस्तुत हुने छ ।

हिन्दी मूलगत मुख्य अभिप्राय झल्कन नसकेका अनुवादगत् कठिन स्थलको अर्थ र सन्दर्भको सन्धि सहित प्रतीकात्मक अर्थहरू वहाँ बाटै स्वयं लेखी दिई यसमा समावेश गरी दिनु भएकोले अनुवादले सुनमाथि सुगन्ध हुन पायो ।

आफू कवि नहुँदै पनि कवितामा यसलाई ढाल्न खोजेको ले यसमा धेरै त्रुटि अवश्य होलान, शास्त्रीय ढंग पुरा न उत्रे पनि लय मात्र मिलाउन खोजेको भन्नु पर्छ । पाठकहरूलाई गाउन सजिलोहोस भन्ने विचार बाट ''तातं ततमिति ब्रूयाद् दूतिं दूतिमिती रयेत् । अपि माषंमषं कुर्याच्छन्दोभङ्गं त्यजेन्दिराम्'' उक्ति अँगाली विशेष हल गर्न नपर्ने वाक्यहरू पनि छन्दको लयमा ढाल्न निमित्त हल् गरिएको छ, साथै ह्रस्व दीर्घमा पनि कहीं-कहीं परिवर्तन गरिएको छ । अतः गुणग्राही सज्जनले वाह्य बोक्रारूप भाषा-त्रुटिलाई ध्यान न दिई ग्रन्थको मर्म भेद, ज्ञानको गम्भीर विषय, सत्यासत्य निर्णय गरी सार ग्रहण गर्न अनुरोध गर्छु—यसैबाट मैले यो गरेको प्रयास-परिश्रम सफल सम्झने छु ।

दोष छोडी लिई श्रद्धा, जस्ले यो सब सुन्द छ ।
पुण्यगति सदा शान्त, मुक्त भै तुष्ट बन्द छ ॥
"मक्षिका पातको न्याय, छोडेर भ्रमरोपम--।
संझेको छु गुणैतर्फ-भुल्छ सज्जन लोचन ॥"

नेपाली भाषाको चोखोरूप प्रयोग गरी युंगान युग देखि चलिआएका छन्द रूढीनै अँगालोमारी कविता लेखने प्रसिद्ध कविवर श्री पं० माधव प्रसाद धिमिरेज्यूलाई यो पुस्तकको हस्तलिखित रूप छँदै देखाउँदा "सन्त कवीरको विचारधारा रहस्यमय भएकोले अर्थ्याउने भन्दा सोही अनुरूप भए झन राम्रो हुन्थ्यो" भंने सुविचारपूर्ण सर सल्लाह र राम्रा झर्रा नेपाली शब्द हरू प्रयोग बानगी समेत देखाई दिनुभयो । सोही अनुसार सकभर परिमार्जित पारी फेरी दोहराई वहाँका सामु देखाउँदा ग्रन्थको परिचय समेत लेखी दिनु भएकोमा म वहाँ प्रति ज्यादै आभारी छु ।

आखिर संशोधनकार्यमा पं० नारायण प्रसाद रिमाल साहित्याचार्यले र प्रेसकपी सार्नमा भक्त कोमलनाथजीले सहयोग गर्नु भएकोले वहाँहरूमा पनि कृतज्ञता ज्ञापन गर्दछु ।

कसैको प्रेरणा नभई यो बीजक छपाउन आग्रह गरी चाहिने आर्थिक व्ययमा आधासेवा अर्पणगर्न उत्सुक उदार हृदयी भक्त तीर्थराजकुमारी राणा, पुण्यकर्ममा सदा अग्रगामी भक्त पुण्यवती कार्की, भक्त जगतकुमारी, भक्त कृष्णकुमारीराणा, भक्तपूर्ण राज्यलक्ष्मीशाह, भक्त अचलराज्यलक्ष्मीशाह, भक्तसेवादास रत्नवाई, उदय बहादुरथापा, हर्षदास अमात्य, वखतमानसिह बस्नेत, भक्तश्रद्धा, रामजङ्गथापा, बिजुलीप्रसाद श्रेष्ठ, बलरामप्रसाद वर्मा हरू सबै धन्यवादका पात्र हुनु हुन्छ । वहाँहरूको अन्तः करण निष्कामता सम्पन्नभई कल्याण स्व स्थिति सम्पन्न बनोस भन्ने इष्टदेवमा हार्दिक भावना व्यक्त गर्दछु ।

अनुवादक—

सूची—

	संख्या	पृष्ठदेखि पृष्ठ तक
रमैनी	८४	१—७९
शब्द	११५	८०—२१५
ज्ञान चौतीसा	३४	२१६—२२६
विप्रमतीसी	१	२२७—२६१
कहरा	१२	२६२—२४५
वसन्त	१२	२४६—२५९
चाचर	२	२६०—२६५
बेलि	२	२६६—२६९
बिरहुली	१	२७०—२७२
हिंडोला	३	२७३—२७६
साखी	३५३	२७७——

६१९ कुलसंख्या

प्रार्थना

एकान्तबासी एकवृत्तिधारी एक शुद्ध हे गुरू ।
झिमलो पन्छाइ आफैं झैं मलाइ बनाउ सद्गुरू ।।
एकलासे बाटो एकान्त निर्जन अकेलै मरोज्छु ।
एकान्त थलमा एकचित्त गरी एकत्ब मरोज्छु ।।
के खोज्नु प्राणी-चीजको वैरो म एक्लै मग्न छू ।
मनको लड्डू वासना बाढी भो एक्लै दङ्ग छू ।।
आएथें एक्लै जानुछ एक्लै भोग्नुछ स्वकर्म ।
अल्झने किन अन्यत्र अब पाल्दछु स्वधर्म ।।
स्व कनै सन्तत सेवन गरौं 'त्यो' लाइ पच्छाई ।
'त्यो' बाट हटी स्व मात्र रहूँ यै देउ मलाई ।।

●●

बीजक

प्रथम प्रकरण–रमैनी

रमैनी-अनुवाद

(भ्याउरेलयमा)

१

संकेत :—

ग्रन्थ भरको सार बताई अनादि प्रवाह जगतमा कल्पना वाणी, जातपात मानन्दी कुन प्रकार फैलिंदै आएको हो–इत्यादि सूत्र रूपमा—

अंतसमा ज्योति झल्क्यो, शब्द सुन्यो जिव्ले ।
कल्पना भो खोज्न थाले, हरि ब्रह्मा शिवले ॥
ती तीन र नर नारी, खोज्ने भए लाखौं ।
रत्ति भर क्यै जानेनन, आदि अन्तः काँ काँ ॥

ब्रह्माजीले भकारी एक, रची तयार गरे ।
चौध ठाउँ अधार पिर्का, पृथक पृथक गरे ॥
हरि हर ब्रह्मा भए, महन्तको नाऊँ ।
तिन्ले फेरी बसालेका, नूतन तीन गाऊँ ॥

ब्रह्माण्ड र खण्डहरू, रचे यिन्ले फेरी ।
छः दर्शन छयान्नब्बे, पाखण्डले घेरी ॥

गर्भ भित्रै कसैलाई, वेद पढाएनन् ।
गर्भैबाट सुन्नत भई, तुरुक आएनन् ।।

नारी विषे चित्त दिंदा, गर्भ - जाल परे ।
अनेक वेष अनेक कर्म, मानवले गरे ।।
त्यस बखत हामी तिमी, एकै समान् थियौं ।
उस्तै रगत् प्राण मोह, तिम्ले हाम्ले लियौं ।।

बाबु आमा बाटै सबै, जाय जन्म भयौं ।
कुन ज्ञानको बखेडाले, पृथक् पृथक् भयौं ।।
बालक भई योनि द्वारा, यहाँ हामी आयौं ।
त्यस्तै द्वार लट्टु भई, पुरुष कहलायौं ।।

यो मनको गति कत्ति, जानेनन् ती क्कैले ।
एक जीव साँचो कति, भनूँ विस्तार् मैले ।।
मुख जिभ्रो भए देखि, यदि दश लाख ।
तब तिनै ठूला आई, भन्नन् लिई चाख ।।

श्लोक—प्रष्टताले कबीर भन्दछन्, यस्ले त्यो व्यवहार गऱ्यो ।
रामनाम नजानेरै, डुबी भव जगतै मऱ्यो ।।

[शब्दार्थ, प्रतीकात्मक अर्थ, सन्दर्भार्थ :—]

अन्तसमा = हृदयभित्र । ज्योति = उज्यालो, प्रकाश । शब्द = अनहद नाद सुन्यो । अनादि सन्सार हुनाले प्रथम कुनै समय एक जीवले

ध्यान गर्दा। भकारी=कोश रूप वेद। चौध=चौध विद्या। पिर्का= जीवलाई बस्न (अवलम्ब) निमित्त। महन्त=सबैका अगुवा। तीन= कर्म, उपासना, योग। ब्रह्माण्ड=संसार। खण्डहरू=वेदको चार खण्ड गरे। छःदर्शन=अरू ऋषि कृत छः शास्त्र--मीमांस, न्याय, वैशेषिक, सांख्य, योग, वेदान्त अथवा योगी जंगम सेवडा सन्यासी दरवेश र ब्राह्मण। छयान्नब्वे="दश संन्यासी बाह्र योगी चौदह शेष बखान, ब्राह्मण अठारह अठारह जंगम, चौबिस सेवडा परमान।" [पं. ग्रं.] सुन्नत=खतना (शिस्नेद्रीको छालाकटाउने कर्म) तुर्क=मुसलमान, पृथक=जाति वर्ण बिभेद। यसले=जीवले। व्यवहार=अनेक लोक प्राप्तिको। रामनाम= सच्चा हृदयस्थ राम। डूबी=संसार गहिराई मैं। भव=जन्म। मर्‍यो= मरण चक्रमा अल्झियो।

२

यै देह भित्र अजिव एक, चेतन्को निवास।
त्यै चेतन्बाट यै अन्तस् बिच, ज्योतिभो प्रकाश॥
अन्तस बाटै वासना बनी, बाहिर देखियो।
वासना भन्ने नारीको नाऊँ, गायत्री राखियो॥

तीनौटा छोरा प्रगट भए, कोख त्यै एउटा।
ब्रह्मा र विष्णु महेश्वर भन्ने, तीनौटा देउता॥
ब्रह्माले सोधे हे महतारी! रहस्य भन यो।
कसकी तिमी नारी हौ, तिम्रो पुरुष कुन हो॥

रहस्य सुन तिमीनै पोई, म तिम्री हूँ जोई।
तिमी र हामी हामी र तिमी, न अर्का छन् कोई॥

श्लोक—पिता पुत्र कि त्यै जोई, एकै आमा बियाउने ।
यस्ता सपूत देखिन्नन्, जो पिता चिन्न धाउने ।।

छोरा=उपासक, छोरा ।रहस्य सुन=चैतन्यपुरुष जड प्रकृति । पुरुष जातिमात्र सब एक समान, स्त्रीमात्र सब समान । जोई=नारी जाति संगै रति क्रीडारत हुन्छन् । आमा=नारी जाति बाटै सबै पैदा हुन्छन् । पिता=परमतत्व (चेतन) का खोजी ।

३

संकेत :—आरंभवाद, कर्तावाद प्रति आलोचना—

पैलै सृष्टि के को भयो, भनी दिनु पऱ्यो ।
दोश्रो प्रकट गर्ने को हो, कहाँ बसी गऱ्यो ।।
प्रकट भए ब्रह्मा विष्णु, महादेव शक्ति ।
प्रथम खुब भक्ति गरे, लगाइ जीव युक्ति ।।

प्रकट् गरे थरी थरी, पवन् पानी छाया ।
यसै गरी विस्तार पूर्वक, प्रकट् गरे माया ।।
अण्ड पिण्ड ब्रह्माण्ड सब्, प्रकट भए धेर ।
नवैखण्ड पृथ्वी पनि, प्रकट भए हेर ।।

सिद्ध साधक् सन्यासी सब्, प्रकट् भए अनि ।
तिनी सबै लागी परे, अविनाशी भनी ।।
जति यहाँ प्रकट् भए, सुर नर मुनि ।
उस्कै खोजी गरी गरी, थाके तिनी पनि ।।

श्लोक—प्रगटे जीव शम्भू सब्, बने ती सर्व स्वामि दास् ।
कबीरा अरु जान्दैनन्, रामै नाम छ एक आश् ।।

थरी थरी=सिद्धान्त । पवन…=योग, भक्ति, कर्म आदि । माया=वाणी, खानि । अण्ड=अण्डज । पिंड=पिंडज । ब्रह्माण्ड=संसार । नवै खण्ड=नौखण्ड (इन्द्रखण्ड, नाग,वरुण, गभिस्तादि) । उसकै=जगतकर्ता । जीव=जीवबाटै । सर्वस्वामी=कल्पनाका देवादि मालिक बनी रहेछन् । दास=जीव दास बनी रहेछ । कबीरा=जीवहरू ।

४

पैलो पद गुरुजीले, विचार गर्न लागे ।
सृष्टिकर्ता भनी गायन् , गर्न उनी लागे ।।
कर्मैं गरी गरी सबै , जगत् पागल् भए ।
शक्तिवान भक्ति गरी, मायासक्त भए ।।

आश्चर्यको रूप जाति, भन्ने वाणी सुनी ।
जाग्यो प्रेम भक्ति गान, गर्न थाले उनी ।।
गुणीलाई निर्गुणीको, आएन काम् रत्ति ।
धेरै ज्ञसा जन्ले चिन्न, सकेनन् यो कत्ति ।।

जस्ले चिन्ह्यो उस्को अति, निर्मल भयो अंग ।
न चिन्ने यी मानव् जति, बने ती पतङ्ग ।।

श्लोक—के चिने भन्दछौ बौला, चिन्नै वाणी अशक्तछौ ।
आदि अन्त र उत्पत्ति, प्रलय खुद भन्दछौ ।।

पैलोपद=वेदारम्भ पूर्व । गुरुजी=ब्रह्माजी । सृष्टिकर्ता=अन्य ईश्वर होलान् । जाति=सिद्धांत । गुणी=जीव । निर्गुणी=ब्रह्म । यो=कल्पना । पतङ्ग=बत्तीका पुतली समान ।

५

संकेत :--कल्पनाको प्रगति विस्तार--

कहाँ तक् भनौ पुरानो कुरा, अनन्त दिनको ।
भूले ती ब्रह्म नचिनी बाटो, त्रुटि भो यिनको ।।
ब्रह्मा र विष्णुमहेश्वरजी ले, अति मन् पराई ।
दुइ दुई अक्षर छानेर लिए, युक्ति खुब् लगाई ।।

ती दुई अक्षर जप् गर्न थाले, स्वासमा घेरेर ।
अनहद् सुनी मगन परे, ज्योतिलाइ हेरेर ।।
अक्षर पढी मनमा गुनी, मारग चलाए ।
सनन्दन-सनक् हरूको पनि, मनले रुचाए ।।

वेदको विस्तार अर्काले किताब, गरे खुब् प्रचार ।
फिंजियो अति मनको जाल, अगम अपार ।।
चौयुगी सबै उपासक् जन्ले, बाटो त्यो बाँधेको ।
समझ्मा यिन्को आएन पोको, सर्वथा फाटेको ।।

भयभित भई बिचरा तिनी, दश्दिशा भट्के है ।
भएन स्थिर औषधि कुनै, नपाई अट्के गै ।।

चित्तलाइ चंचल् नगरी बसे, बिहिस्त पाउला ।
खसम छाडी अन्यत्र भट्के, दोजख जाउला ॥

पूरब दिशा हंसको गति, अवश्य हुनेछ ।
बास छ उस्को नजिकै सन्धि, जो जस्ले गुने छ ॥
लालचवश भक्तिको शृंगार, भक्तले गरेर ।
सब् डुबी गए मुल्का कै वेग, बीचैमा परेर ॥

श्लोक—द्वन्द भो गुरुज्ञान् बेगर, खसम् एक्स्वर भन्दछन् ।
भन्दै आए युगौं देखि, न कुरा कोहि मान्दछन् ॥

ती=जीवले म ब्रह्म हूँ भन्दै । दुई-दुई=राम, सोहं इत्यादि । अनहद=ध्यानावस्थामा मित्रै बाजाहरूको शब्द सुनिनु । किताव=वेद समान मुसलमानहरूको मुख्य ग्रन्थ : बाटो=भक्तिको पन्थ । पोको=कल्पनाको थुप्रोमा मुछिएको । दशदिशा=तीर्थ भ्रमण या चार वेद छः शास्त्रादिमा । बिहिस्त=स्वर्ग, वैकुण्ठ, मोक्ष । खसम=स्व चेतन्न । दोजख=नरक(चौराशी) । पूरब…=प्रथमको मुख्य हंस रहनि सम्पन्न मुक्ति । नजिकै=हृदय । मुल्काको=आवागमनको प्रवल धारा । द्वन्द=विभिन्न मतको लठारो । खसम=अन्य मालिक-ईश्वरादि ।

God is more inward than my innermost being.
—St. Augustine.

The human spirit is the temple of the Divine spirit.
—St. Paul.

६

संकेतः—स्व सत्यचैतन्य भिन्न कल्पना फैलिएको प्रकार—

वर्णन गर रूप छ कस्तो, लक्षण कस्तो छ ?
क्वै छन् कि दोस्रा देखन साछी, छ भने कस्तो त ?
त्यो ओम आदि वेदले पनि, जानेन यै भनी ।
कुन् रितबाट भन्दछौ उस्को, कुल् भेद यो भनी ॥

चन्द्रमा सूर्य सहश्रतारा, थिएन प्रचार ।
थिएन भने पिताको वीर्य, गरन विचार ॥
न जल थियो न थल थियो, न थियो पवन ।
को कस्ले नामकरण गऱ्यो, को दिने वचन ? ॥

दिन र रात स्वजन भन्ने, थिएन भने क्यै ।
भनन उस्को कुन् कुल जाति, भन्दछौ तिमी यै ॥

श्लोक—सहज् शून्य मनन् गर्दा, एक ज्योति भयो प्रकट् ।
धन्य छ ती पुरुष्लाई, निरालम्ब छ जो फगत् ॥

रूप=ब्रह्मा या ईश्वरको । सहज=स्वाभाविक (बिना विचार) । निरालम्ब=निराधार पद प्राप्त गर्ने जो विवेकी छन् ।

७

जल वायु तब थिएन सृष्टि, केले भो भनेको ।
कोपिला फूल गर्भ र शक्ति, क्यै थेन बनेको ॥

न विद्या वेद शब्द र स्वाद, पिण्ड औ निवास ।
न थिए पृथ्वी उस बखत केहि, पवन अकाश ।।

थिएनन् अघि गुरू र चेला, गम र अगम् क्यै ।
तेस्बेला थेन मारग दुवै, अगम सुगम् नै ।।

श्लोक—बेगति–गति के भन्छौ, स्थान ग्रामादिले विन ।
विना गुण देख्नु कुन् रित्ले, के भनी लिउँ नाम् तिन ।।

तब=सृष्टि हुनु भन्दा प्रथम काल । गम=सजिलो र असजिलो । वेगति=अज्ञानको । गति=हाल ।

८

संकेत—'तत्वमसि' महावाक्य ब्रह्मोपदेश यिनीहरूको हो (मेरो होइन) भनी त्यस कल्पना वेष्टित सबैको नाम बताई अन्त साखीबाट आफ्नू विचार व्यक्त भएको छ—

'त्यो तिमीनै हौ' यो उपदेश, यी सबै गर्दछन् ।
यै उपनिषद्द सन्देश भन्छन्, ठिक् जानी पक्रन्छन् ।।
निश्चय यही इन्लाई ठूलो, पक्का छ भन्दछन् ।
यसैको वर्णन मुमुक्षुलाई, गरेर सुनाउँछन् ।।

परमतत्त्व यही हो स्वयं, प्रमाणित गर्दछन् ।
नारद शुक सनकहरू, यै कुरो मान्दछन् ।।
छलफल गरे जनक याज्ञ, यही ज्ञान सबैमा ।
यै रस मग्न दत्तजी भए, स्वाद् पाए यसैमा ।।

वशिष्टजी ले श्रीरामलाई, यै कुरा बुझाए ।
उद्धवजीलाई कृष्णले पनि, यै तत्व सम्झाए ।।

जनकजीलाई सम्झाए खुब, यै तत्व ज्ञानले ।
सदेह उनी प्रख्यात भए, विदेही नामले ।।

श्लोक—मर्यादा कुल छाड्दैमा, जिम्दै मुर्दा बनिन्न है ।
देख्ता देख्तै अदेख् भन्ने, अन्धो व्यक्ति भनिन्छ त्यै ।।

तत् त्वम् असि=त्यो तिमीनै हौ । मर्यादा=कुलको आचरणादि । मुर्दा=देह रहित । देख्ता देख्तै…=अवस्तुनै सत्य भन्ने भर परी प्रत्यक्ष जगत कार्य पदार्थरूपलाई हुँदै नभएको भंने ।

६

संकेत :—वाणी कल्पनामा कसरी जीवहरू बाँधिएका छन्, अब विभिन्न प्रकार बाट यही विशेष वर्णन हुन्छ—

बाँधिए अष्ट कष्ट नौ बीच, ती सूत भनेका ।
यमले बाँधे अंजनी पुत्र, भक्त दास बनेका ।।
यमका वाहन नारीले बाँधे, सम्पूर्ण सृष्टि नै ।
तेत्तीस कोटी देवता मस्के, तीनैका दृष्टि मै ।।

काटिन्छ बन्धन् फलामे सिक्री, सावधान जीव सब ।
उत्रन्छन् राजा तुरिया चढी, नामले पंथी जब ।।
सम्पत्ति त्यागी नारिजन् भन्छन्, उत्रन्छौं हामी त ।
धर्तीका यावत् प्रजाजन पनि, सम्हल्छन् यिनी त ।।

श्लोक—बन्दनाले मनाए फल् , पाऊँछ बन्ध दिन्छ त्यो ।
भन्छन् शिक्षक त्यै बाँच्छ, अर्हनिश् नाम लिन्छ जो ॥

अष्ट कष्ट=अष्टयोग र अष्ट सिद्धि निमित्त अनेक कष्टमा पर्नु । नौ=नवधा भक्ति । सूत=जीव । यम=मन, खानि वाणीमा बाँधी दिने नर नारी । अंजनी पुत्र=हनुमान या दास । वाहन=उक्त यमको फन्दा । तिनैका=मन-यमको । राजा=ज्ञानी । तुरिया=ज्ञान अवस्था । पंथी=योगी, अजपाजप । नारीजन=भक्त । वन्दनाले=प्रार्थना गरी । फल=अर्थ धर्म काम मोक्ष—चार फल । बन्ध=उनले बाँधे बाधिन्छ । शिक्षक=पूर्व पक्षीहरू । नाम=परमात्माको नाम (यो श्लोकमा पूर्वपक्षीको मन्तव्य बताउनु भएको हो ।)

१०

पान्थले लिई अबोध पंथी, बाढीमा ती बग्छन् ।
हातकै कृति बन्धन खास, के बुझ्न ती सक्छन् ॥
आयो त्योकृति जीवका निकट, आश्चर्य भरियो ।
अनन्त जन्म यमको फन्दा, शरीर धरियो ॥

शरीर लियो यमले पारे, आफनै समान ।
तीनैलोक विषे भ्रमण गर्छन, रहन्छ के मान ॥
हरि हर ब्रह्मा गणेश मुनि, देव नर बाँधिए ।
पवन पावक् पानी र सूर्य, चन्द्र वीर बाँधिए ॥

सत्य जो मन्त्र बाधिए सबै, मसक्क मस्किए ।
अमृत वस्तु न जानी नारी, लै लैमा घस्किए ॥

श्लोक—अमृत वस्तु चिन्दैनन्, उसै संसार यी मगन् ।
भन्छन् कबीर काम् छैन, जीवको हुन्नहै मरन् ।।

पान्थ=कर्मयोगी, मन । पंथी=साधक, विषयपथ गामी । बाढी=खानि, वाणी । हातकै कृति=लेख वचन या आफ्नै हातले वरण गरेकी भार्या । यम=भ्रामक-मन । तीनै लोक=सत रज तम । पवन=मुसलमान फकीर (वायुका उपासक) । पावक=अग्निहोत्री । पानी=तीर्थ स्नानकर्ता कर्मी । सूर्य=कर्मयोगी । चन्द्र=कर्म सन्यासी । सत्य=जीव सम्पूर्ण । अमृत=सत्य चैतन्य । नारी=उपासक । अमृत=अविनाशी पारख स्वरूप ! उसैमा=कल्पना मै । काम्=उक्त पारख स्वरूप कामना रहित छ ।

११

अन्धाको गोष्ठी संसारै पागल, भएका हेरन ।
तीनैलोक विषे ठगौरी लागी, विचार गरन ।।
ब्रह्मा र नाग देवता सहित, शिवजी ठगिए ।
राज्य मै अड्की भुवन चौधका, ती विष्णु ठगिए ।।

ब्रह्माले जानेनन् आदि र अंत, जस्को त कण भर ।
त्यस्ताको भय के मान्छौ तिमी, हौ सचेत सत्वर ।।
प्रज्वल राँको-पुतली सरी, बन्दछौ धेरै नै ।
जीवले संग गर्दछ नित्य, यमको घरै गै ।।

नीमका किरा नीमनै प्रिय, अत्यन्त मान्दछन् ।
अज्ञानी जीव प्रत्यक्ष विष, अमृत ठान्दछन् ।।

विषको साथ के भलो हुन्थ्यो, विचार गर्नु छ ।
लाभ छ अल्प समूल नष्ट, आखिर गर्नु छ ॥

विष र अमृत संसारमा हेर, एकैमा मिसाए ।
पारखी जनले जानेर चट्ट, विषझैं बिसाए ॥
के भयो मानव पवित्र चोला, पाएर अशुद्ध ।
पारख विना चतुरा पनि, डुबे जग् अबुद्ध ॥

बुद्धिका हीन गुणको वर्णन, के गर्न सक्तछन् ।
लालचयुक्त आशाकै वश, परेर रत्त भन्न् ॥

श्लोक—मरेका छन् मरी जाउला, मुर्दाकै ढोल बज्दछ ।
भए जग स्वप्नका प्रेमी, चिन्हल् वचन बच्दछ ॥

अन्धा=विवेक रित्ता । गोष्ठी=संगत । तीनैलोक=त्रिगुणी जीव । ठगौरी =ठगी विद्या, वाणी खानिजाल । नाग=शेषनाग । जस्को=भ्रमको । यम= बन्धनदायक—मन, नारी, भ्रामक । विष=विषय । समूल=अमोल जीवन । अमृत=अमर चेतन । अबुद्ध=अज्ञजन वत् । गुणको=शुद्ध गुण, पारख स्वरूप । मुर्दा ¨ =मृतक जन्तुको छालाले मादल बनी बजे झैं मृतक व्यक्ति कै गुणगान । स्वप्न का=अवस्तु कल्पना र कार्य पदार्थको स्नेह । चिह्नल= केही समय सम्म स्तुति-निन्दा ।

१२

माटाको महल् बनाई बन्द, पत्थरको ताच्चाले ।
त्यसैको जंगल हेर्नको निम्ती, उहीभो बन् पाले ॥

त्यो वन देख्ता डराए जीव, थर थरी काम्दछन् ।
ब्राह्मण वैष्णव एकनास भए, सब त्यै छाम्दछन् ।।

किसान्ले जस्तो गरेको खेती, खुब सप्री भुस्सिए ।
छाडी द्यौ झेल गुरू र चेला, यी दुवै मोस्सिए ।।
तेस्रा ती डूबे शिकारी भाई, जीवका घातकी ।
जस्ले त यो वन डँडेलो लगाइ, भए ती पातकी ।।

हा ! भुक्ता भुक्तै मरी गो कुकुर, क्यै काम टरेन ।
एक् कार्य पनि श्रृगाल बाट, रत्ति भर सरेन ।।

श्लोक—मूषक् मार्जार एकै साथ्, कसरी भन ? बन्छ यो ।
हेर सन्त अचम्भ एक्, हात्तीले सिंह खाएको ।।

माटा=जडतत्व । महल=शरीर । पत्थर=जडबुद्धि । त्यसैको=मन कल्पनाको । जंगल=वाणीजाल । खुब'''=ज्ञान रहित भए । झेल=वाणीको बन्धन । शिकारी=भ्रामकजन । वन=मानव समूह । डँडेलो=भ्रमको आगो । कुकुर=भ्रम कल्पनाका कथक्कड् । श्रृगाल=भयभीत, आचरण हीन । मूषक=जीव मार्जार=माया । हात्ती=मन, वाणीजाल, कामिनी । सिंह=जीव ।

१३

रत्तिभर विस्वास गर्दैन हेर, अबुझ संसार ।
द्रव्यको चोटले पारेर घायल, मार्दछ झन्सार ।।
ती सब अशेष लुप्त भै जान्छन्, पत्याउने कोइ छैन ।
हिंडे सब् मूल गुमाइ यमको, बार काट्ने ह्याउ छैन ।।

स्वकाम आजै बन्दछ भोली, हुनेछ अकाज ।
बोकेर हिंडे दिगपति सम्राट, छाडेर स्वराज ॥
सित्तैंमा कठै अबुझ बनी, गुमाए मूल धन ।
लाभको सट्टा हानि पो भयो, हे भाई सम्झन ॥

कनिष्ठबुद्धि मनको वेग, भो अस्त यै बेला ।
त्रिकुटी दोभान विचमा स्वामी, निवास त्यै बेला ॥
तत्क्षण विष्णु सम्झाई भन्छन्, मैथुन जीत आठ् ।
सनकआदि तत्वको विचार, गर्दछन् खुसी साथ् ॥

रोकियो वृत्ति आनन्दित भए, जसरी भिखारी ।
अचानक धन पाएर हुन्छन्, दङ्दास ती भारी ॥
प्रतिष्ठा बढ्यो संसार भरी, गद्‌ गद भए ती ।
यसरी सबै सन्देह भाग्यो, निर्धक्क परे नी ॥

उत्पत्ति हुन हेरन तहाँ, लाग्दैन रत्ति बेर ।
मर्दछ एक एकले विचार, गर्दछ यो अन्धेर ॥
मरेर जानेका कसैले खबर, भन्दैनन् कस्तोछ ।
व्यर्थ को आशा लिएर जगत, अत्यन्त व्यस्तछ ॥

श्लोक—जल्दै आयी बचेका छौ, छैनन् कुनै पुकार्नेजन् ।
विषैको विष खाँदै छौ, रात दिन् मिलि सर्वजन् ॥

रत्तिभर=विवेकयुक्त वचन । द्रव्यको चोटले=धन सम्पत्तिको चाहना । घायल=व्यथित । अशेष=अन्तमा । मूल=विवेक-शुभ गुण । यम=मन,

माया । वार=बन्धन, झपेटा । आजै=मनुष्य जीवन । भोली=अन्य चार खानि । बोकेर—वासनाको पोको । सम्राट=जीव बादशाह । मूलधन=मानवता । कनिष्ट···=अज्ञ मति-मानवको मन विषयमा लवलीन हुन गयो, योगी त्रिकुटी बीच परमात्माको निवास संझी ध्यान गर्न थाले (यो वचन पूर्व पक्षको हो) उत्पत्ति=विवेकबाट हेर्दा यस्ताको जन्म हुन । मर्दछ=मर्छ या अज्ञानमा डुब्छ । विचार=कल्पनानै सत्य मानी मनन गर्दछ या विषयको इच्छा गर्दछ । बचेका छौ=बच्ने चोलामा आएका छौ ।

१४

अत्यन्त पापी ती अभिमानी, देखौवा वेष ली ।
सिधा र साधा मानवलाई, सताए धेर छली ।।
वामन रूप हरिले बनाइ, बालिलाइ छकाए ।
छली र कप्टी बाहुन्ले हेर, कस्को काम बनाए ।।

अधिकार सबको खोसेर लिने, ब्राह्मण भनाई ।
इनैको थाप्लो लाग्न गो दोष, खोटा चाल सिकाई ।।
पुराण वेद ब्राह्मणले रचे, अनेक प्रकार ।
जसरी हुन्छ आफैंलाइ उत्तम, भनाउन तयार ।।

यौटाले चलायो ब्रह्माको पन्थ, हंसमत एकले ।
एकले गोपाल शिवको पन्थ, भूत प्रेत एकले ।।
तीर्थङ्कर जैनी आचार्य मानी, पूजाध्यानगर्दछन् ।
मुसल्मान् नित पाँचवार झुकी, निमाज पढ्दछन् ।।

कसैले भनेको विवेक वचन, अबोधी मान्दैनन् ।
झुट्टा हो खसम भनेको कुरा, अज्ञजन जान्दैनन् ।।

तन मन भजी हे मेरा भक्त, संलग्न रहनू ।
सत्य हुन् कबीर सत वाक्य वक्ता, सत्यमै थिरहुनू ।।

आफैं हो देव आफैं हो पत्र, कुल जाति आफु खास ।
सर्वभूत संसार निवासी आफू, खसम सुख वास ।!
यो कुरा मैले कथन गर्दा, चार युग विति गो ।
कस्का पो सामु पुकारी भनूँ, चुप लाग्छु गुनी यो ।।
श्लोक—मान्दैनन् सत्य कोहीले, झुट्टैको संग लाग्दछन् ।
झुट्टै झुट्टा मिलेका छन्, खरानी अन्न फाँक्दछन् ।।

हंस=ब्रह्म । गोपाल=कृष्णोपासना । निमाज=प्रार्थना, पठन । कसैले=पारखी हितैषी । खसम=कर्ता भुक्ति-मुक्तिदाता । तन-मन…= दुःस्वभाव छाडेर । कबीर=जीव चेतन । देव=चेतन । पत्र=स्वरूप चिंतन-रूप फूल । आफू=चैतन्य मात्र, यथा—"अन्य भेद होवै नहीं, जानहिजान रहोत।" (गुरु विशाल) । सर्व भूत=जंगम प्राणीका हृदयस्थ । खसम= सर्वोपर स्वयं स्वरूप । सुखवास=शांतिको सागर । चार-चार पन (वाल, तरुण, प्रौढ़, वृद्ध) ।

१५

घनघोर बादल मडारीं उठ्यो, झमक्क साँझ पर्‍यो ।
अगुवा भूले जंगल घोर, अन्योल माझ पर्‍यो ।।
प्रितम अन्तै धन छ अन्तै, के गर्नें अब लौ ।
चौकी र काम्लो थाप्लोमा बोक्छन्, छुट्नलाई पर्‍यो धौ ।।

श्लोक—सकेन थाम्न भारकोमल्, रुँदै भन्छन् सखी कन ।
जती जती भिज्यो कम्बल्, उती हुन्छ गह्रौं पन ॥

घनघोर=भ्रम कल्पना । सांझ···=अज्ञानले ढाक्यो । अगुवा=ब्रह्मादि । जंगल=वाणीको वन । प्रितम=कर्ता अन्तैमान्न थाले । धन=मूल पूजी (जीव) पृथक छदै । चौकी=चारवेदको कर्मादि भार, शरीरको बाल्यादि चार अवस्था । काम्लो=व्यवहार बोझ । कोमल=जीव । भिज्यो=साधन भजनमा घुस्यो । गह्रौं=बुद्धि ढुंगा झैं वजनदार जड़ हुँदै जान्छ ।

१६

निरन्तर हिंड्दा बहुतै गोडा, थाकेर दुख पाए ।
बुद्धिमान् महूँ भन्नेले पनि, अतिनै हार खाए ॥
गन्धर्वगण मुनिले पनि, क्यै अन्त पाएनन् ।
गुप्तछन हरि भनेर प्राप्ति-धन्दामा लागे जन् ॥

कठिन बन्धन वाण त्यो जीवले, क्यै पनि देखेन ।
थाकेर पर्‍यो त्यै जाल बीच, रत्तिभर सुझेन ॥
भूलमा पर्‍यो अन्तसै तब, अत्यंत डरायो ।
अँधेरी रात्री गम्भीर कुवाँ, समान भै आयो ॥

माया र मोह भरीभो वहाँ, साधना छाडी फेर ।
मंडुक ध्वनी बिजुली चम्क्यो, बतास चल्यो धेर ॥
अखंडधारा मोहको वर्षा, संताप अपार ।
भयंकर रात्रि निस्पट्ट ढाक्यो, क्यै छैन अधार ॥

श्लोक—संसारै पूर्ण पागल् र, अन्धा भै भूलमा परे।
भनेको कोहि मान्दैनन्, सब् एकै बीचमा गिरे ।।

निरन्तर=हमेशा परमात्माको खोजीमा। गोडा=मनरूपी पाउ। क्यैअन्त=कल्पनाको क्यै भेद। वाण=वाणी। थाकेर=हार मानेर भूलमा=भूलवश लालचमा परे। अँधेरी=कल्पित वाणीको अन्धकार। कुवाँ=कल्पना जाल। मंडुक=काम-क्रोधादि। विजुली चम्क्यो=पुराना अध्यास जागे। बतास=विषय वासना। रात्रि=अज्ञान। पागल=विग्रे। अन्धा=विवेक हीन। एकै=अद्वैत।

१७

जस्तो यो जीव ऊ सरी व्यक्ति, अरू कोइ मिलेमा।
अत्यन्त धर्म फैलिन्थ्यो फेरी, सुख हुन्थ्यो दिलैमा ।।
जो संग मैले रामको कुरा, वयान गरेंथे।
पालेनन् प्रेम कसैले पनि, गोतामा परेथे ।।

एक सम भाव जगतजन, देख्तछु भन्दछन्।
विवेक गरी अलग हुने, बाहिर उम्कन्छन् ।।
विषय मोह छोडेर फन्दा, मुमुक्षु धाऊँछन्।
पुग्दछन् जहाँ कसाई तहाँ, तत्काल काट्दछन् ।।

कसाई हुन् ती छुराली हात, तत्पर छन् थिर।
भन्दछन् कस्तै आउन्न व्यक्ति, काट्तछौं लौ शिर ।।
मानव रूप धारण गरी, ठूल् ठूला धेर आए।
एकै हुन् सबै भन्ने यो पाठ, पण्डितले पढ़ाए ।।

खुब् पढ तिमी सम्पूर्ण विद्या, नराख कसर ।
नत्र त हेर जानेछौ खेर, निश्चय यो गर ।।

श्लोक—रामको सुमिरन् गर्नु, छाड़नु दुख आश् पनि ।
तल माथि अचेतेर, पेल्नन् कोल् कोटिमा अनि ।।

योजीव=शुद्ध चेतन सिद्धान्त बुझ्ने। राम=हृदयस्थ चेतन। समभाव=अद्वैत। कसाई=विवेकका घातकी जन। छुरा=अविवेक रूप। व्यक्ति=मुमुक्षु। शिर=बुद्धिरूप मस्तक। एकै हुन्=ब्रह्मअद्वैत। पण्डित= सर्व शिक्षक। खुब्पढ़=पूर्व पक्षीजन भन्दछन्—वेदान्त अति मनन्गर। राम=हृदयस्थ राम।

१८

आश्चर्ययुक्त पन्थ यो बुझ, वर्णन वाह्यै छ ।
यै कुरामा नै श्रीराम भूले, दुनियाँ भुल्मैछ ।।
चेत्ने हो भने हे भाई तिमी, चाँडै नै चेतन ।
अन्यथा जीव घिच्याई लालान्, यमले हेरन ।।

निर्णय शब्द यी मान्ने हैनन्, कथ्तछन् धेर ज्ञान ।
यस्कारण यम आफ्नै निकट, दिनेछन् कुथान ।।
संशय पशु शरीरको बीच, बसेर अटल् भै ।
खुलुक्क निल्यो अवेद्य हीरा, बन्दछ पटल् नै ।।

श्लोक—संशय जन्तु यो तन्मा, जुवा खेल्साथ खेल्दछ ।
कठै घायल थ्यो यस्तै, पूर्णरूप्जीव मार्दछ ।।

पन्थ=जड चेतन एउटै हो भन्ने मत। यम=वासना, भ्रामक। यम=

कष्टदाई भ्रम वासना। स्थान=हृदय घर। संशय=संदेह, अज्ञान। निल्यो=भ्रमायो। अवेध्य हीरा=अछेद्य जीव। जुवाखेल=दाउपेंच। घायल=प्रथम विषयबाट कष्ट पाएको थियो। जीव मार्दछ=भ्रामक द्वारा झन पूर्णरूप बाट मारियो।

१९

बेहद भन्छन्-अनुभव गर्ने, मानव आश् गर्छन्।
यो उल्टो खेल हेर लौ तिमी, सुन्दैमा छक् पर्छन्॥
तमाशा हेर हे भाई जहाँ, फगतै शून्य छ।
विचार रत्ति गर्दैनन् उतै, वैरन्छन् सत्य छ॥

आराधन् गर्छ शून्यको जो जन्, शून्यैमा जानेछ।
स्ववश छोडी विवश हुन्छ, धोखानै खाने छ॥
संशय जन्तुले संसारै खाई, बेमाख बनायो।
शिकारी काल्ले रात् दिन उस्लाइ, बेसरी सतायो॥

श्लोक—सुमिरण् गर रामैको, पक्र्यो है कालले टुपी।
मार्ने हो कुन् घडी यस्ले, घर के परदेश् कुटी॥

बेहद=हद रहित ब्रह्मको गम लिन खोज्ने। शून्य=निराकार। शून्यैमा=निरर्थक। स्ववश=पारख स्थिति। विवश=कल्पनामा। काल=मन, नारी, भ्रामक। रामको=हृदयस्थ राम। काल=मृत्यु।

२०

अनाशी रामको नाम लिनु अब, नभर्मी अन्यत्र।
हरिलाइ छाडी नजाऊ कतै, बिग्रौला है नत्र॥

जहाँ जाउ तिमी क्रिराझैं बनी, अग्निको रंगमा ।
न जल चेत यसैले अब, विषको संगमा ।।

रामको नाम लवलिन् हुन्छन्, कीट र भृंगवत् ।
संझेर मन लगाई तर्न, उपासक बुझी सत् ।।
यत्तिको गह्रौं भव यो भारी, असह्य दुःखको ।
हृदय सम्यक विचार गर, उपाय सुखको ।।

मनको कुरा तरंग सबै, विकार मात्र हो ।
पारावार यस्को देखिन्न कतै, हैरानी पात्र भो ।।

श्लोक—इच्छा गरेर भवसिन्धु, जस्मा वेडा अधार राम् ।
भन्छन् कबीर हरि शर्ण, पक्ष गोवत्स खुर समान् ।।

अनाशिराम=चेतन । नाम लेऊ=मनन विचार गर । हरि=भ्रम हारक गुरू या चेतन नै यहाँ हरि हुन्; वाह्य हरिको रमैनी ६५मा निषेध भए कै छ । रामको···=पूर्वपक्षीहरू रामनाममा लवलीन हुन्छन् । भव=संसार भ्रम कल्पना । मन=कल्पना । इच्छा=शुद्ध ब्रह्मले 'एकोहं बहुस्याम' बाट जगत रच्यो । कबीर=उपासक ।

२१

अत्यन्त दुख दुखै दुख् खानि, त्रिताप गुनेर ।
त्यसबाट तबै बचौला जब, रामलाइ जानेर ।।
जोराम चिन्नी सयुक्तिबाट, चल्दछ पन्थैमा ।
लगाई युक्ति उद्योग गर्नें, पर्दैन फन्दैमा ।।

आ-आफ्नै उक्ति अनुसार सबै, संसार चल्दछ ।
त्रिवेक पूर्वक भनेको वचन्, कस्ले पो पाल्दछ ॥
सुमुखी सून घोडा र रेशम, कपडा सम्पत्ति ।
विपुल हवस क्षणिक स्थायी, विनाशी विपत्ति ॥

सम्पत्ति किंचित पाएर कोही, मात्तिई हिंड्दछन् ।
यमको मार बिर्सेर यिनी, मन्मानी चल्दछन् ॥
देखतै डरले खङ्ग्रङ्ग मुख, सुक्त छ अति भाइ ।
अमृत सम्झी विषको लड्डू, रुच्तछ यिनीलाइ ॥

श्लोक—सृजना गर्छु मै मार्छु, मै जलाउँछु खान्छु मैं ।
भू जल् सर्व रमेको छु, मेरो नाम निरंजनै ॥

त्यसबाट=जन्म मरणको चक्रबाट । रामलाई=रामको स्वरूप सम्यक प्रकार । उक्ति=परम्परा वाणी । यम=अचानक व्याधि मृत्युको कष्ट । अमृत=सुख शान्ति । विषको लड्डू=हैरानी, कष्ट, मिथ्या कल्पना । सृजना (यो श्लोकबाट पूर्व पक्षीको मन्तव्य बताएको)='एकोहं बहुस्याम प्रजायेय' । मै जलाउँछु=प्रलय गरेर । खान्छु=आफैंमा साम गर्छु । निरंजनै=जुन पदार्थ दृष्टि बाह्य अवस्तु हो ।

२२

निरंजन् अलख् वाक्यलाइ, कौले कसीमा कसेनन् ।
जो मस्के-मस्के जगतै फेरी, मस्किए बचेनन् ॥
जुन झुट्टो प्रति अज्ञानी मस्के, विचार नगर्दा ।
सर्वथा मिथ्या वाणीलाइ साँचो, मानेर भुल पर्दा ॥

दासत्व धन्धा अनुष्ठान पूर्वक, व्यवहार गर्दछन् ।
कर्मले रहित बस्तछन् कोही, अक्रिय पर्दछन् ॥
आश्रम दर्शन षट-षट प्रकार, बनाए यतीले ।
षटरस वास छ वस्तु भन्छन्, आफ-आफ्ना मतीले ॥

चार वृक्ष हाँगा छ भन्छन् विद्या, बेगिन्ति बार-बार ।
आगम अनेक विचार्छन् तिनी, देख्तैनन् वार पार ॥
तीर्थ व्रत जप अनेक पूजा, गर्दछन् निरन्तर ।
दान पुण्य धेरै प्रकार गर्छन्, संसार चिरन्तर ॥

श्लोक—स्नेहको घरका बीच, गई कोहि न पस्नु है ।
सहर्ष जो कुनै घुस्छ, मफ्तमा शिर कट्छ नै ॥

अलख=ब्रह्मको मानन्दि । दासत्व=उपासना । धन्धा=कर्म प्रपंच । अक्रिय=ब्रह्म । आश्रम=छः आश्रम—ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, संन्यास र हंस, परमहंस, या मुसलमानको सुनी-सिया । दर्शन छः=रमैनी=१ को टिप्पणी द्रष्टव्य । षटरस=योगी जंगम आदिको जप क्रमशः सोहं, निरंजन, तत्वनाम, सोहंब्रह्म, हूअल्लाहू, ॐकार । छः वस्तु=तिनीहरूको क्रमशः छः सिद्धांत स्थिति-योगीको पृथ्वीमा पृथ्वी अर्थात् पिंडको वायु ब्रह्मांडमा पुऱ्याई निर्वि-कल्प भई बस्नु, जंगमको महदाकाश समान शिव स्वरूप, जैनीको अमीरस, सन्यासीको अहं ब्रह्मास्मि, दर्वेश फकिरको वायुमा वायु मिल्नु, ब्राह्मणको प्रणव-ब्रह्म (पं० मानुष विचार) चार वृक्ष=वेद । हाँगा=शास्त्र या वेदाङ्ग--शिक्षा, कल्प, व्याकरण, निरुक्त छन्द र ज्योतिष । विध्या=कैयौं विद्या । आगम=स्तकहरू या भविष्य ज्ञान । स्नेहरूप=खानि वाणी जालको प्रेमरूप शिर=विवेकरूपी मस्तक ।

२३

थोरै छ सुख आद्यन्त दु:ख, संसारमा अनन्त ।
जंगली हात्ती झैं मैमत्त भई, नहोऊ उन्मत्त ।।
सुखलाइ बिर्सी कुन् तरिकाले, मुक्ति के पाउँछन् ।
स्वयंको भूल सत्यलाइ छोडी, झुट्टैमा धाउँछन् ।।

अग्निको ज्योति पर्नाका साथै, पुतली डड्दछन् ।
आँखाको प्रेम जलाउँछ उस्तै, मानव व्यस्त छन् ।।
विचार गर दु:ख सब छुट्ला, साथ छाड असत्को ।
लालचमा जीवन गैसक्यो वृद्ध-मरण निकट् भो* ।।

श्लोक—बाँधिएको जगत् भ्रम्मा, यही रित् जान्छ आउँछ ।
नर-देह छँदै प्राप्त, व्यक्ति किन विक्षिप्त छ ।।

सुख=स्वरूप शान्ति । सत्य=ज्ञाता चेतन । झुट्टैमा=कल्पनामा । जान्छ आउँछ=जन्म-मरण । विक्षिप्त=आसक्त भै अल्झन्छ ।

२४

च्याखुरो चन्द्र समान ध्यान, इत्यादि बताई ।
मानवी बुद्धि विल्कुल उल्टाइ, दिए नी भुलाई ।।
अवस्था चार स्वप्नवत सबै, हो भनी बताउँछन् ।
विवेक विना झुट्टानै साँचो, सम्झेर रहन्छन् ।।

---

* टिप्पणी--फर्कि क्वै पनि आउँदैन र सधै पर्खन्न कोही पनि ।
कालो आदि र अन्त खालि बिचमा झिल्का लिने जीवनी ।।(पं० माधव)

यी सबै कुरा मिथ्या हुन भनी, जानेनन् कसैले ।
यसप्रकार सबै मनको वश् भै, बिग्रिए यसैले ।।
प्राचीन प्रमाण दि दिई कनै, सबैले भुलाए ।
मानवी बुद्धि स्वप्नामा पनि, पाएनन् गुमाए ।।

चौतीस अक्षर देखि जो निक्ल्यो, त्यै हुन्छ जनैया ।
पाप र पुण्य निर्णय गर्ने, त्यै हुन्छ छनैया ।।

श्लोक—उही बोल्छौ उही हुन्छौ, निक्ली आउन बाहिरै।
भन्छु सर्कार छँदै आफैं, जन्म फाल्छौ अकारणै ।।

मानवी बुद्धि=स्वतंत्र विवेक । अवस्थाचार=जाग्रत, स्वप्न सुषुप्ति, तुरीया या बालक कुमार युवा वृद्ध । झुट्टा=अपदार्थ शून्यनै परमतत्व । प्राचीन=ग्रन्थ, महापुरुषको । चौतीस=वाणीजाल । निक्ल्यो= हटने । निर्णाय=सम्यक प्रकार । उही=जस्तो कल्पना वाणी । उही हुन्छौ=उस्तै संस्कार टिकी भ्रम ग्रस्त हुन्छौ । बाहिरै=पारख भूमिमा । सर्कार=स्वयं स्वतन्त्र मालिक ।

२५

यी बाह्रखरी चौंतीस वर्ण, विशेषता यति छ ।
सहश्र नाम रूप गुण बखान, यैबाट देखिन्छ ।।
भूल वश भर्मी चौरासी घुम्दै, मानवमा आउँछन् ।
अज्ञानी बनी सम्पूर्ण व्यक्ति, उसलाइ गुमाउँछन् ।।

खोज्दछन् ब्रह्मा विष्णु र शिव, शक्तिले खोज गरे ।
अनन्तलोक खोज्दछन् धेरै, भक्तिमा रोज परे ।।

गन्धर्वगण ऋषि र मुनि, देवता खोज्दछन् ।
अनन्तलोक तलास गर्छन्, अनेक रोज्दछन् ।।

श्लोक—योगी सती सबै खोज्छन्, न हारी रत्ति हिम्मत ।
बचेनन् ठूल् ठूला व्यक्ति, भन्छन् कबीर सम्मत ।।

चौतीसवर्ण=वाणीजाल । भूलवश=वाणी-खानिमै भूलनाले । उसलाई=सत्य चेतनको विवेक । खोज्दछन् =अन्यकर्ता लाई । गन्धर्व=नाचगान गर्ने । देवता=सतोगुणी । अनेक=विभिन्न इष्ट । सती=सत्यवादी । वचेनन्=यो कल्पना बाट ।

२६

स्वयं थ्यो कर्ता भएर कुम्हाल, भाँडा धेर बनाउँछ ।
विधिले सबै एकत्र गरी, सयत्न रचाउँछ ।।
प्रज्वल जठर अग्निका बीच, पोल्दछ बेसरी ।
तहाँ ती स्वयं भएर रक्षक, बस्तछन् यसरी ।।

कष्ट खुब सही सयत्नबाट, बाहिर ऊ आयो ।
पश्चात नाम शिव या शक्ति, उसले कमायो ।।
कदाचित घरका छोरानै भए, पट्मूर्ख अज्ञानी।
संगमा त्यसका न लाग तिमी, सज्जन सुज्ञानी ।।

यो साँचो कुरा म भन्छु आफ्नू , सुधार जीवन ।
अरूको कुरा सुनेर कठै, बौलाए यी पुनः ।।
गुप्त र प्रकट विचारी हेर, दूध हो एकसरी ।
ब्राह्मण शुद्र साँच्चिका कस्लाइ, भन्दछौ के गरी ।।

झुट्टाको हंकार कसैले पनि, नगर्नु न भुल्नु ।
हिन्दु वा मुस्लिम यी दुवै मान्य, झुट्टै हुन् न फुल्नु ।।

श्लोक— जस्ले यस्तो रच्यो चित्र, सत्य त्यो सूत्र धारि हो ।
कबीर भन्छन् उही श्रेष्ठ-हो चिन्छ चित्रकारि जो ।।

भाँडा=शरीर । विधिले=कर्म, प्रारब्धले । एकत्र=सम्पूर्ण सामग्री । स्वयं=स्वकर्म द्वारा । सही=माता, धाई, डाकरादिको युक्तिद्वारा । शिव या शक्ति=छोरा या छोरी भन्ने । घरका=शरीरको । छोरा=मन । पुनः=फेरि पनि । गुप्त =जस्तो कलचौंडा मित्रको र । प्रगट=दुही भाँडो-मा राखेको दूध समान हो, यस्तै रज वीर्यको देह र चेतन सबैको एकनास हुनाले । जस्ले=जीवले । चित्र=शरीर । सूत्रधारी=डोरी समाती भित्रबाट कठपुतली नचाउने जस्तै जड शरीरको संचालक चेतनजीव । चित्रकारी=पारख चेतन ।

Man is Subject, not object–Pascal.

२७

ब्रह्मालाइ दिइन ब्रह्माण्ड राज्य, सातद्वीप नौ खण्ड ।
सत्बोल्नु भनी विष्णुलाइ दिइन, तेस्रोलोक अखण्ड ।।
लिङ्गरूप गरी शिवजीलाई, भूखण्ड छेडेर ।
अष्टंगी मायाले पुऱ्याइन पताल, विचार गरेर ।।

तिनैले पछि तयार गरिन, कुमारी बनाई ।
तिनैलोक पूर्ण मोहवश भए, खुब् मस्त गराई ।।
एकै हुन पुरुष समान नारी, आसक्त भएर ।
यी बाटै बने चौ-खानि सबै, कर्मवश गएर ।।

शर्मा र वर्मा देव औ दास, विभाजन भएछन् ।
सत्व रज तम त्रिगुण नभ, अवनि विषे जन् ।।

श्लोक—ओंकार अण्ड एक्बाट, संसार सम्पूर्ण फैलिए ।
कबीर भन्छन् सबै नारी, अचल् राम पती भए ।।

ब्रह्मालाई=रमैनी (१) अनुसार मायाले । सात द्वीप=जम्बु, शंख, कुश, श्वेत, पुष्कर, शाल्मली, कौंच । खण्ड=ब्रह्म खण्ड, नाग, भरत, शौम्य, कसेरू, वरूण, गभिस्त, इन्द्र, ताम्र--यो नौखण्ड । लोक=स्वर्ग । पताल=पृथ्वीको तल्लो भाग । कुमारी=तीनोटी लडकी । तिनैलोक=त्रिदेव या त्रिगुणी जीवहरू । चौ-खानि=मनुष्य पिण्डज, अंडज, उष्मज । शर्मा=ब्राह्मण क्षत्री, वैश्य, शुद्रादि । ॐकार=पूर्वपक्षीको मन्तव्य बताई कबीर भन्नु हुन्छ । नारी=आफू नारी बनी रहेछन् । रामपति=कर्ता मानी रहेछन् ।

२८

जुलाहा यस्ता कसैले मर्म, पाउन सकेनन् ।
जस्ले त ल्याई पसारे तान, विचारै गरेनन् ।।
पृथ्वी र अकाश दुई तर्फ यिन्ले, खाड़ल खनाए ।
चन्द्र र सूर्य थी दुवैलाई, सत्तल बनाए ।।
सहस्रों तारले थान पूरा यिनी, बेसरी कसेर ।
बुन्दछन् अझै टाढा छ अति, कठोर भनेर ।
कबीर भन्दछन् कर्ममा यिनले, अत्यन्त जोर दिए ।
सूतलाइ कुसूत कसेर अति, कोरीले बुन् दिए ।।

जुलाहा=कल्पित वाणीरूप लुगा बुन्ने भ्रामक गुरू, मन । पृथ्वी=

पिण्ड, नाभी। आकाश=ब्रह्मांड। खाडल=कपडा बुन्ने जनले बस्ने खाडल। चन्द्र=इंडा, वायाँ। सूर्य=पिंगला, दाहिनी नाडी। सत्तल=जस्म धागो बेरेर दायाँ-वायाँ चलाउँदै कपडा बुन्दछन्। सहस्रों=ओंकारको हजारौं जप। पूरा=कुम्भक। अभै=आज सम्म पनि यस्ता कल्पनामा पर्दैछन्। टाढा छ=भगवान अति माथि छ। कठोर=यिनको कल्पना छुट्न वडो कठिन छ। यिनले=योगी र उपासक हरूले। जोर दिए= ध्यानद्वारा परमात्मामा जोड्न खुब कोशिश गर भन्छन्। सूत=जीव। कुसुत=कल्पना वाणी। कोरीले=पूर्वपक्ष का गुरुजन हरूले। बुन दिए=खुब कसेर मस्काई दिए।

२९

वज्रलाइ क्षणमा तृणसम गर्ने, वज्र त्यो तृणलाइ।
जलकण सरी चंचल जगत, त्यागेर सबलाइ॥
जेलियो कर्म स्वर्गादि प्राप्ति, लालच पर्दछ।
कर्म र धर्म जालमा मती, सद्बुद्धि हर्दछ॥

झूटो नाम सत्य ठानेर भजन-भक्तिमा पर्दछ।
रज्जु झैं तीन प्रकार सत्य, प्रकाश गर्दछ॥
कर्म र धर्म बुद्धिको विनाश, गराई दिने जन्।
झुल्कँदै सूर्य तारा लोप हुन्छन्, चराचर विषे छन्॥

पेटभरी विष खाएर विष, जाँदैन कहिल्यै।
गारुडी त्यै हो बचायो जस्ले, मृत्युको पहिल्यै॥

श्लोक—अलख त्यो पलक् लाग्दै, पलैमा डसि हाल्दछ ।
न माने विषहर मंत्र, के काम् गारुड लाग्दछ ॥

वज्र=[ईश्वरको शक्ति यस्तो छ भनी पूर्वपक्षी भन्दछन्]। जलकण=जीव पनि त्यो सुनेर पानीको छहरा समान । मति=भविष्यको लागी निर्णय गर्न सक्ने मनको शक्ति । झुटो नाम=कल्पित इष्ट या नाममात्रको ब्रह्म । रज्जुझैं=डोरिमा सर्प समान जगत भ्रम मात्र हो । तीन प्रकार=अस्ति, भाति, प्रिय । झुल्कँदै सूर्य=पूर्वपक्षीको भनाई ब्रह्मज्ञान । तारालोप=जगत भ्रांति । चराचर=चेतन जड़ । पेटभरी=त्यस्तै विष समान कल्पना भ्रममा पर्नाले । विष=भ्रांति वासना-जहर । गारुडी=विष झार्ने, पारखी । अलख=ब्रह्म । पलक=ध्यान । विषहर=पाखण्ड उपदेश । गारुड=विवेकी गुरु ।

३०

भूलैमा परे छः दर्शन सबै, जंगम शेषादि ।
देखौवा वेष बनाउँछन तिन्ले, रङ्गाई वस्त्रादि ॥
जीवको कल्याण हर्ने हुन यिनी, चारवेद तेस्तै छन् ।
चार गुण कथ्छन् मौन छ भन्छन्, निर्णय सुछने झन् ॥

धर्मको मर्म नजानी जैनी, फुलपाती टिप्दछन् ।
मन्दिर लगी ती सब फूल, समर्पण गर्दछन् ॥
बाबरी चुवा गोदौरी फूल च्यातेर छर्दछन् ।
जीव हुन सबै भन्दछन् आफैं, कोटीघात गर्दछन् ॥

फेर अवनो का सम्पूर्ण रोम, उखेल्छन तिनले ।
छर्लङ्ग देख्तै आफनु जन्म गुमाउँछन् यिनले ॥

वीर्यलाइ पुष्ट गराउँछु भनी, वज्रौली गर्दछन् ।
कल्पना गर्छन विर्यलाइ रोक्ने, पतन्मा पर्दछन् ।।

दिदैनन् गिर्न द्वारमा रेत, उधेक घिन्लाग्दो ।
जैनीको हाल छ दर्शन भरमा, पाखण्डि डरलाग्दो ।।

श्लोक—अमरपद् ज्ञान यो भिन्न, नजिक्को दूर पर्दछ ।
जान्नेको नित्य पासैछ, अन्यथा सर्व पूर्णछ ।।

शेषादि=प्रथम रमैनी द्रष्टव्य । त्यस्तै=वाह्याचारै मात्र - "त्रैगुण्यो विषया वेद..." । चार गुण=कर्म उपासना योग, ब्रह्मज्ञान । मौन=नेति-नेति भन्छन् । अवनी=शरीर । वज्रौली=वीर्य स्तम्भन क्रिया । रोक्ने= परीक्षा निमित्त विषय भोगमा पर्नु । पाखण्डि=देखाउ मात्र । अमर= अखण्ड चेतन जीव । ज्ञान=जड़ र कल्पना देखि पृथक । नजिक=निकटै स्वयं थियो । दूर=अज्ञानले गर्दा टाढा । सर्वपूर्ण=कल्पना, कामनाले हृदय टमाटम भई रहेछ ।

३१

संकेत--वेद शास्त्रादि पढेर पनि आसक्त व्यक्तिका आँखा खुलेनन् —

स्मृति आदि धेरै छन ग्रन्थ, गुणलाइ जनाउने ।
पाप र पुण्य मारग सबै, खोलेर बताउने ।।
स्मृति वेद पढदछन् नर, निन्दित काम गर्छन ।
देखाउ वेष बनाइ हिंडी, हंकार धेर भर्छन् ।।

अध्ययन वेद गरेर फूली, फिर्दछन् मैं भनी ।
परन्तु भित्री संशय गाँठो, खुलेन क्यै पनि ।।

पढदछन शास्त्र ज्ञानी हूँ भन्छन्, जीव बध गर्दछन् ।
गर्दन रेटी देवको सामु, टाउको पार्दछन् ।।

श्लोक— भन्छन् कबीर यो दम्भ, धेरै जीव सताउँछन् ।
विचारी काम गर्दैनन्, न त जीवन् सुधार्दछन् ।।

३२

अन्धालाइ ऐना समान वेद, भए ती पुरान ।
डाडुले भनोस व्यंञ्जन स्वाद, मिठास सुज्ञान ।।
जसरी चन्दन बोक्त छन भारी, पीठमा गधाले ।
श्रीखण्ड सुवास पाउन्न थाहा, असभ्य अंधाले ।।

भन्दछन कबीर आकाश खोज्छन्, विवेक भएन ।
मिलेन त्योता बगे ती उतै, अभिमान गएन ।।

अन्धालाई=अविवेकीको निमित्त । आकाश=शून्य निराकार ब्रह्म । त्योता=विवेक दृष्टिदाता । उतै=कल्पना मै । अभिमान=अहं ब्रह्मास्मि ।

३३

वेद की छोरी स्मृतिहरू, वेदैले बनेका ।
हा तमा डोरी लिएर तिन्ले, संसारमा पसेका ।।
आफैले डोरी बाटेर आफ्नू , घाँटीमा मस्काए ।
झुट्टैको मोह कालको फन्दा, परे ती स्वाद पाए ।।

बाँध्न त बाँधे आफ्नै घाँटी, छुटाउन जानेनन् ।
विषय अँठ्याइ स्वरूप भूले, बन्धन ठानेनन् ।।
मैलेता देख्ता संसारी बिग्रे, लूटिए बेसरी ।
दास ती कबीर चाहन्छन् छुट्न, राम जपी यसरी ।।

श्लोक—रामै राम रटन् गर्दा, ठेला जीभ विषे पऱ्यो ।
प्राप्त थ्यो न पिई पानी, पोखरी खन्न मै मऱ्यो ।।

डोरी=सकाम कर्म, हिंसायुक्त यज्ञादि । झुट्टैको मोह=वाणीको पक्ष । काल=कल्पना मन । विषय=अज्ञजन हरू । कबीर=उपासक जीव । यसरी=उपासक प्रति कबीरको वक्रोक्ति । प्राप्त त्यो=हृदयस्थ चेतन ग्रहण नगरी । पोखरी खन्न=कल्पनाजन्य परोक्षकर्ता, ब्रह्म आदि प्राप्त गर्ने प्रयासमा परे ।

३४

हे पंडित तिमी चतुऱ्याँइ गर्छौं, विद्या खुब पढेर ।
मुक्तिको रूप मलाई भन, कस्तो छ गढेर ।।
त्यो पुरुष कहाँ कसरी बस्छ, कुन लोक कुन ठाम ।
पण्डित मलाइ खुलस्त भन, थलाको के नाम ।।

चार वेद राम्रो प्रचार गर्ने, ब्रह्माजी स्वयं हुन ।
परन्तु उन्ले मुक्तिको भेद, जानेनन् त्यो के-कुन ।।
दान पुण्य गर्ने उनीले गरे, विशेष बक्तव्य ।
परन्तु आफ्नू मरण हाल, बुझेनन् गन्तव्य ।।

अत्यन्त गहन अथाह एक, नाम छ श्रेष्ठ यो।
यसैमा स्थित संसारका दास, कबीर व्यस्त भो ॥

श्लोक—कमिलो चढ्न सक्तैन, रायो रोकिन्न एक तहीं।
आवागमन् जहाँ हुन्न, जान चाहन्छ जग उहीं ॥

त्यो पुरुष=परमतत्व परमात्मा। मरण=मृत्यु, अज्ञान भूल। एक-नाम=ॐ। दास कबीर=उपासकहरू। कमिलो=वाणी, मन। रायो=बुद्धि। एक='अवाङ् मनस गोचर', वत्। उहीं=कल्पित ब्रह्ममा।

३५

विद्वान भूले पढि वेद् गुनी, आफ्नू भेद जानेनन्।
सन्ध्या र तर्पण षट कर्म धर्म, विविध ठाने झन् ॥
चारयुग वित्यो गायत्री प्रथा, जप गरे अध्ययन्।
जापक सँग सोध पुछ गर, को मुक्त भएछन्? ॥

अरूलाइ छुँदा हाल्दछौ छिटो, अछूत भनेर।
लौ भन! तिमी-भन्दाको सानु, मानव चिनेर? ॥
के गुमान गर्छौ विजाती गुणको, नगर शेखी धेर।
हुँदैन भलो पोखिन्छ आखिर, लाग्दैन कत्ति बेर ॥

जस्को छ नाम हंकार मर्दन्, प्रख्यात यसरी।
सहन सक्लान कसरी हंकार, यो गुन बेसरी ॥

श्लोक—मर्यादा कुल नाघेर, निर्वाणी पद खोज्दछन् ।
बीऊ दुख विनाश् गर्दै, विदेही स्थान रोज्दछन् ।।

भूले=भ्रन अल्भे । आफ्नू भेद=स्वस्वरूप पारख । षट कर्म=यजन-याजन, अध्ययन-अध्यापन, दान-प्रतिग्रह—यी नैमित्य-कर्म र स्नान, सन्ध्या, पूजा, तर्पण, जप होम—यी नित्य षट्कर्म हुन् । छिटो=पानी छर्कनु । विजाति=विद्यादि । मर्दन=स्वयं भन्दछौ-भगवान मदमर्दनकारी छन् । यो गुन=विचार गर । नाघेर=लागेर । निर्वाणी=बाना ताना रहित शून्य ब्राह्मी स्थिति । बीज=द्वैत भाव । अंकुर=जगत । विदेही=ब्रह्मपद ।

३६

चतुर ज्ञानी विचक्षण बुद्धि, सम्पन्न हे जन !
चनाखो एक श्रेष्ठ हो भन्छौ, असत बुझन ।।
जानेनौ दोस्रो चनाखो भेद, नगर गुमान ।
जन्मन्छन् मर्छन् रात दिन् सन्ध्या-प्रभात समान ।।

व्यापार एक ती सब मिली, प्रारम्भ गरेर ।
नियम धर्म संयम गर्छन्, भगवान भनेर ।।
यस्ता ती हरि ख्यामित त्याग्न, को शक्ति पाऊँछन् ?
बालक समान दुलाहा यिनी, विहिस्त गाऊँछन् ।।

श्लोक—कहाँ गए तिनै मानव, दिए थे गुरु घोटि जो ।
राम नाम स्वयं कै हो, जानी छाडन खोटि जो ।।

चतुर=बुद्धिमान । विचक्षण=सूक्ष्मदर्शी । चनाखो=श्रेष्ठ, सत्य । एक=अद्वैत ब्रह्म । दोस्रो=ईश्वर । शक्ति पाउँछन्=त्याग्न सक्तैनन् ।

बालक=केटा केटी समान अबोधी। यिनी=ईश्वर प्राप्ति निमित्त गीत गाउँछन्, प्रार्थनादि गर्छन्। विहिस्त=स्वर्ग। तिनै=शिक्षक। गुरुघोटि=जड चेतन एकमा मिलाएर। खोटी जो=कल्पना, वासना।

३७

प्रथम चतुरो चतुर ह्वैन, द्वितीय चतुरो।
कसैले जान्न नसक्ने तिन्लाइ, मायाजाल अधुरो॥
तृतीय चतुर चतुरै खाए, चौथो त्यैं पुऱ्याउँछ।
पाँचवाँ चतुर जान्ने छन् कोही, छैटौंमा गिराउँछ॥

सातवाँ चतुर जुन भाइ जान्नन्, विवेक दृष्टिले।
लोक र वेदमा देखाइ दिउँला, हेरन दृष्टिले॥

श्लोक— धन बताउँछ बीजकले, जो द्रव्य अति गुप्त छ।
भन्दछ शब्द जीवैलाइ, विरलै बुझ्न सक्तछ॥

प्रथम चतुरो=अद्वैत ब्रह्म। चतुरो=सत्य, श्रेष्ठ। द्वितीय=माया, मायाविशिष्ठ ईश्वर। माया=कल्पना मात्र। तृतीय=त्रिदेव या कर्म, उपासना, योग। चतुरै खाए=श्रेष्ठता गुमाए। चौथो=चारवेद। त्यै=सकामकर्म, कल्पना जालमै। पाँचवाँ=पंच विषयासक्त भौतिकवादी। छैटौं=मन। सातवाँ=जानमात्र जीव। गुप्त द्रव्य=परम चेतन जीव। शब्द=निर्णय पारख वचनले भन्द छ।

३८

यसप्रकार भन्छु लिदैनन् कत्ति, बाटैमा तान् तान्ने।
दिन रात धागो जोर्दछन् कात्छन्, भरम न भाग्ने॥

संसार भरमा भ्रमना जाल, भरपुर टम्म छन् ।
त्यो भ्रम छाडी जादैन कतै, जीव छन् गम्म झन् ।।

हुँदैन पूर्ण कहिल्यै उस्को, प्रतिदिन घट्त छ ।
धाऊँछ तहाँ जुन तरफ वस्तु, अवयव रहित छ ।।
जुन मत आदि अन्त तक चल्दै, आएको संसारमा ।
त्यो मत उन्ले सबैलाइ सुनाइ, रहेका विस्तारमा ।।

श्लोक —संभी यै सत्यसं देश, लिई गर्छन् शिरोपर ।
सन्त ! सन्तोषमा सुख्छ, शान्त मै दिल होस्तर ।।

यसप्रकार=उपर्युक्त रमैनी अनुसार । बाटैमा=कल्याणमार्ग मै । तान्=खानि - वाणी जालको । धागो=वाणी प्रमाण खोज्दै मिलान गर्दछन । कात्छन्=अघी बढ्दछन् । हुँदैपूर्ण=लक्ष्य प्राप्ति हुँदैन । घट्तछ=उल्टो विवेकदृष्टि क्षीण हुँदै जान्छ । तहाँ=निराकार ब्रह्म । अवयव=अंग-प्रत्यंग । विस्तारमा=अभ्र बताउँदै आई रहेछन् ।

३९

संकेत—मुसलमानी मानन्दीको दिग्दर्शन—

कलीमा कल्मा पढाए जस्ले, खुदाई शक्तिलाइ ।
चिरकाल अथक खोजेथे किन्तु, पाएनन उनलाइ ।।
कर्मको मतले कथित भनी, गर्दछन् कर्तव्य ।
वेद र किताप् यी दुवै भए, रहित मन्तव्य ।।

कर्मैले हुन्छ जगत जन्म, कर्मैले मुसल्मान ।
पाँचवार निमाज दिनमा पढछन्, यसैमा उन्को शान् ।।

कर्मकै मतले खतना गर्छन्, जनै ती लाऊँ छन् ।
मुसल्मान् हिन्दू नपाई भेउ, भूलैमा धाऊँछन् ॥

श्लोक—पानी पवन मिश्रणले, यो उत्पात बहाल भो ।
शून्यमा लक्ष्य अल्झाए, भनौं को संग हाल यो ॥

कल्मा=मुसलमानी मंत्र । जस्ले=हजरत मुहम्मदले । मन्तव्य=सत्य-निर्णयबाट । निमाज=खुदाको स्मरण मंत्र पाठ । शान्=गर्व । खतना=सुन्नत । ती=ब्राह्मण । पानी=रज-वीर्य । पवन=प्राणवायु । उत्पात=झंझटको घर शरीर । बहाल=तैयार । शून्यमा=कल्पित विषय-सुख या अवकाश रूप ब्रह्म ।

४०

आदम्ले पनि त्यो आदि कालको, क्यै पत्तो पाएनन् ।
ती मामाहव्वा काँ बाट आइन्, विवेकमा ल्याएनन् ॥
भन्दछन् तब थिएनन् हिन्दू, तुरुक जगतमा ।
माताको रज न पिता वीज, थियो त्यै बखतमा ॥

थिएनन् गाई उस्बेला कसाइ, मुस्लिम मत लिने ।
बिस्मिल्ला भनी कुर्बानी गर्न, आज्ञा फेर को दिने ? ॥
थिएन कुल उस बखत जाति, कर्मको गमन ।
नरक स्वर्ग बिहिस्त दोजख, कल्पनेको भन ? ॥

मनको गति सम्झी यिनी, कल्पना ओढ्दछन् ।
बुद्धि भ्रम भई यी दुवैथरी, बयान जोड्दछन् ॥

श्लोक—योगले गुण् प्रकट् हुन्छ, वियोग-गुण टर्दछ ।
जिभ्राको स्वादले व्यक्ति, नाना तर्कीब गर्दछ ॥

आदम=ब्रह्मा समान ईसाई र मुसलमानका आदि सृष्टिका प्रथम मानव । आदिकाल=सृष्टि आरम्भ । मामाहव्वा=जगत-जननी या आदम-की पत्नी । बिसमिल्ला=खुदाको एक नाम । योगले=ब्रह्मको संकल्प, संयोग या प्रकृतिको संयोगबाट । गुण=जगतको या विज्ञानको । वियोगले=वियोगरूप विकल्प या प्रकृति अलग-अलग भए पछि । टर्दछ=जगत् या विज्ञानको नाश हुन्छ । (जीव चेतन कै अस्तित्व छैन भने पापके लाग्ने ?)

४१

संकेत—विशेष काम वासनाको प्रबलता—

समुद्री खाडल पानीको पौल, एकट्ठा भएकै ।
तेतीस कोटी चन्द्र र सूर्य, आसक्त अतिनै ॥
भूमरी जालमा आसन सबले, जमाए सुथिर ।
चाहन्छन् सुख साथैमा दुःख, छुटेन यो पीर ॥

दुखको मर्म न बुझ्ने कोई, अत्यन्त गहन झन् ।
अनेक प्रकार जगतैलाई, भ्रमाई रहन्छन् ॥
मानव स्वयं पागल बने, स्वयं ती चतुरा ।
हृदयबासी रामलाइ कत्ति, न जान्ने फतुरा ॥

श्लोक—तिनै हरि तिनै ठाकुर, हुन् तिनै हरिदास नै ।
भए यम न यामीनी, भामिनी गै निराश भै ॥

समुद्री=भामिनी-देह । खाडल=मायाभय मोह । पानी=कामासक्ति, वासना । भूमरी=कामजाल, मोहजाल । दुखको मर्म=विषयासक्ति र वाणी

भ्रमजाल । पागल=विषयासक्तिले बहुलाए । चतुरा=वाणीको चक्करमा परी होशियार बन्दछन् । हृदयबासी=स्वयं चेतन राम । तिनै हरि=स्वतंत्र विवेक शक्ति हारक वाणी कल्पना नै मालिक बनी रहेकी छ । हरिदास= सबजीव उसैका दास बने । यमै=अंतमा कल्पनाका स्वामी माया - साथ भएनन् । न यामीनी=नत साक्षी भएका भ्रामक गुरुजनै साथ भए । भामिनी=भावुक जीव । गै=पुनः गर्भबासमा गयो ।

४२

संकेत— जगतसृष्टि विषय निर्णय—

जब म थिएँ थिएनन् कोही, मैमा थे सम्पूर्ण ।
भन राम ! तिम्रो को सेवा गर्थे ? खुलस्त वर्णन ।।
यथार्थ सत्य बोलौं त भने, रिसाई उठ्त छन् ।
झुट्टाका साथ संगत गर्न, झुट्टै ती जुट्त छन् ।।

अन्धाले भन्छ जगत देख्छु, देख्तछु ती सबै ।
निकटै बसी सम्पन्न दृष्टि, मुख हेर्छन् उसकै ।।
यसप्रकार मैले निर्णय भने, मान्दछ जसले ।
जस्तो छ मुख हृदय उस्तै, होला जो उसले ।।

कबीर भन्छन् विवेकी हंस, जालमा मस्किन्छन् ।
जाल् छाड भन्छु दुष्टजन अति, उतर्सी तम्सिन्छन् ।।

जब=पूर्व पक्षको भनाई—सृष्टि पूर्व । म=ब्रह्म । कोही=जगत । भन= भने भन ! हे ब्रह्म उस बखत । सेवा=के कारण बाट जगत बन्न गए छ ? अन्धाले=सृष्टि विषयक, पुस्तक लेखहरू—विवेक हीन । सम्पन्न=मानव- जीव । मुख=मैले भनेका निर्णय वचन । हृदय=भित्र धारण गर्ने । विवेकी=मानवजीव । जालमा=अनेक मतको कल्पनामा ।

डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

373

४३

संकेत--जड़वादी र मन्मुखीहरूको दुर्दशा--

जो जीव स्वयं देहै हूँ भनी, विश्वास ल्याऊँछ ।
नरक गए नरकै बास, त्यो व्यक्ति पाऊँछ ।।
आऊँन जान जगत-तिन्लाई, लाग्दैन कत्ति बेर ।
शिकारी काल-दिनरात अति, लखेट्छ बेर बेर ।।

चतुर्दश विद्या अध्ययन गरी, अरूलाइ सम्झाउने ।
स्वयंको भने मरण निकट, पत्तोनै नपाउने ।।
किंचित ज्ञाता जीवको मन, सन्देह यो पऱ्यो ।
भ्रमिक झुट्टा आएर झुट्टै, उपदेश यो गऱ्यो ।।

विवेकीजन्को सुसंग छोडी, मन्परी जो गर्छन् ।
आसक्ति पूर्ण नरक्को थैलो, देहभार ती भर्छन् ।।

श्लोक—मन्मुखी र गुरु द्रोही, नर नारी जहाँ तक ।
चौराशी ती भ्रमण् गर्छन्, चन्द्र सूर्य छँदा तक ।।

विश्वास ल्याउँछ=निश्चय गर्छ । नरक=नीच योनी । आउन जान=जन्म मरण । काल=मृत्यु या मन कल्पना । मरण=मृत्यु, पतन । चन्द्र-सूर्य…=सदा काल, गुरूज्ञान बोधभाव ग्रहण नगरेसम्म ।

४४

संकेत--संसार प्राणी-पदार्थ कसैको साथ दिने होइनन्, कुसंगको फल--

न गऱ्यौ साथ तिमीले कबै, न बस्यौ सुसङ्मा ।
हा ! यसै उत्तम जीवन आफ्नु, गुमायौं कुसङ्मा ।।

बार-बार फेरी यो उत्तम भूमी, दुर्लभ छ मिल्नलाई ।
विवेकी संत-सत्संग प्रताप, गाह्रो भो चिन्नलाई ।।
अवश्य तिम्रो नरक निवास, हुनेछ अन्तमा ।
रातदिन तिम्ले बितायौ नाहक, छलीको संगमा ।।

श्लोक—बगेका देखि सब्लाई, कबीर स्पष्ट भन्दछन् ।
चेत्ने भए चेत चाँडै, नत्र दिन् डाँकु लुट्तछन् ।।

नगऱ्यौसाथ=संसार प्राणी पदार्थ कहिल्यै साथ भएनन्, तिमीले संतको साथ सत्संग गरेनौ । छली=कुमनुष्य, विषय, मन । दिन=दिउँसै काम क्रोधादि डाकुले ।

४५

संकेत- काल कल्पनामा सब नष्ट भए—

हिरण्य कश्यपु रावण कंश, गए सब छाडेर ।
श्री कृष्ण गए देव नर मुनि, कुल रित्तो पारेर ।।
ब्रह्माजी गए यथार्थ भेद, नजानी ती पनि ।
ठूल्ठूला सबै होशियार गए, रहेनन थीर बनी ।।
रामको भेद सकेनन् जान्न, निखरा दूध पानी ।
शेष रह्यो बाटो थाक्न गो प्राण, कहाँ गो त्यो पानी ।।
दश दिशा सबै सुनसान पारी, निस्किगो चेतन सार ।
मत्स्यजाल संसार फलामे डुङ्गा, भरी छ ढुङ्गा भार ।।
खेवैया सबै अत्यन्त मर्मी, स्वयंलाइ ठान्दछन् ।
तैपनि भन्छन् उत्रने केवल, आफैंलाई जान्दछन् ।।

श्लोक—गड्यौंला मत्स्यका मुख्मा, मुसो गिर्दान पर्नगो ।
सर्प गहेजुवा बीच, यस्तै गो ज्यान सर्वको ॥

भेद=रहस्य । निखरा=सर्वथा सत्य हुन् या वाणी कल्पना मात्र । षे रह्यो=उनीहरूले चलाएका पन्थमात्र । पानी=चहलपहल । दश-दिशा=दशइन्द्रिय । मत्स्य=जीवरूपमाछो मार्ने फसाउने यही संसार जाल भयो । फलामे=भ्रान्तिको फलामे डुङ्गा । ढुंगा=मानन्दिको बोझ भरेर । अत्यन्त=हाम्रै सिद्धान्त सत्य र हामीनै संधी जान्न कुशल छौं भन्छन् । गिर्दान=खोर या रातो फलजस्तो छेपारे । गहेजुवा=छुचुन्द्रो जस्तो काँडा-वालजन्तु । यो श्लोकको तात्पर्य [विषयासक्ति भोग, कामना, कल्पना वाणीजाल भ्रामकहरूको फन्दामा पर्नाले जीवको यस्तै दुर्दशा भई रहेछ]

४६

शेषको शरीर विनष्ट भयो, गरुडको गल्यो तन् ।
विनाश भए कपटी अरू, शयभाई गर्वी जन् ॥
पाप पुण्य गर्ने जे जति भए, मरेरै ती गए ।
सगुण निर्गुण चिनेथे जस्ले, विनाश भै गए ॥
अग्नि र वायु जल सबै विनाश, भए के भनौंनी ।
विनष्ट भए सृष्टिका वस्तु, कहाँ तक गनौंनी ॥
विष्णुलोक पनि क्षणैमा नाश, भएरै जाने हो ।
अहम देखें प्रलय छाया, नाशवान ठानेको ॥

श्लोक—मत्स्यरूप भई माया, बलैले खेल्दछे शिकार ।
बचेनन् हरि हर ब्रह्मा, देव नर मुनि कुन् प्रकार ॥

कपटी=छलीकृष्ण । शयभाई=दुर्योधनका भाईहरू । सगुण=वाह्य

कल्पनामा पर्नें । अग्नि=अग्नि होत्री । वायु=प्राण साधक योगी । जल= कर्मीजन । सृष्टिका वस्तु=प्राणी पदार्थ विनश्वर, प्राणीहरू कल्पनामा परे । अहम्=जीव अविनाशीको समक्ष सम्पूर्ण प्राणी-पदार्थ परिवर्तन भएको जीवले देखे कै छन् । मत्स्य…=खानि वाणी माया भोग पक्रन उक्त बोटेहरू तम्सिन्छन्, उल्टो मायारूप माछोले नै सबैलाई नष्ट पार्‍यो ।

४७

घमण्डी बली थे जरासिन्धु, शिशुपाल मारिए ।
छलैको कारण सहश्राजुर्न, मृत्युघाट तारिए ॥
छलीमा पूर्ण रावण थियो, लंकाको शहरमा ।
किल्लाथ्यो भन्छन् स्वर्णको गयो, मृत्युको कुहरमा ॥

दुर्योधन गयो यदुकुल सहित, हंकार वशैले ।
पाण्डव गए कसरी कहाँ, जानेनन कसैले ॥
माया कै हंकार नाशिए राजा, सबै मद भरेथे ।
उत्तम मध्यम बजे सब बाजा, जे जस्तो गरेथे ॥

छः चक्रवर्ति राजा सब बिते, मिले ती माटैमा ।
तै पनि पत्यार गर्दैनन कोही, अज्ञान साथैमा ॥
कहाँ तक भनौं नचेती त्यसै, संसारै गए सब् ।
चेतन जड़ लठारो यौटा, झगडा पर्‍यो जब् ॥

श्लोक—यो माया हो जगत् मोहक्, लठ्याई सर्वजग बरै ।
सत्य हेतु हरिश्चन्द्र, बिके ती शोक घर घरै ॥

कुहर=ओडार, पेट । मायाकै हंकार=मायाका दास बनी अहंकार

गर्दछौ, कसैको पनि माया साथ गईन। बाजा=केवल यश अपवशनै गाई रहेछन्। छ चक्रवर्ती सहोत्र, नहुष, मरूत, मान्धाता, शिवी र पृथु। अचेतन=जडासक्ति, जडाध्यासमा मरुकेर। माया=खानि-वाणी आसक्ति। हरिश्चन्द्र बिके=वाणीको कल्पना जालमा परी सत्यको रक्षा गर्छु भन्दा हरिश्चन्द्र बिके।

४८

संकेत—मुसलमानी मत को पुनः निर्णय—

मानिकपुर बसी कबीरले सुने, शेखतकी महिमा।
जवन्पुर उनको अस्थान सुने, पीरनाम झूसीमा॥
एकाइस पीर उस्ठाउँ लेख, देखेर मनले।
पैगम्बरहरूको प्रार्थना गर्थे, पढ्दथे जनले॥
योकुरा सुनी सकीन रोक्न, भने यो खराखर।
पत्थर कबर जडमा भुल्यौ, बुझ्यो सरासर॥
हबी र नबी को फुर्मान काम, विबेक योग्य छन्।
जेजती अम्मल संसारप्रख्यात्, खराब त्याज्य छन्॥

श्लोक—अकर्दी र सकर्दी शेष्, मेरो वचन मान यो।
आदि अन्त र कैयौं युग, फिंजाई दृष्टिजानत्यो॥

मानिकपुर=एक शहर, मानन्दीको समूह। कबीर=जीव, कबीर। शेखतकी=सिकन्दर का गुरु सुफीसन्त, भ्रामक गुरुजन। सुने=जौनपुरमा उनको स्थान छ र झुसीमा उनका पीर-पैगम्बरहरूको नाम लेखेको छ भन्ने सुनें। अथवा माथि स्वर्गमा स्थापना माने। झुट्टै झुट्टा कुरा सुनी पीर-हरूको नाम लिन थाले। उसठाऊँ=उनको स्थानमा। हबी=खुदाको मित्र

मानेका मुहम्मद । नबी=खुदाको दूतरूप बनी तिनैले इस्लाम धर्म कायम गरे । फुर्मान=हुकुम । जे जती⋯=खानि वाणीको व्यवहार । अकर्दी-सकर्दी=हिन्दू मुसलमान या दुवै सुफी सन्त । जान⋯=एक चेतन नै सत्यसा हो ।

४६

दर्वारको कुरा फकिरज्यू भन्नोस्, कुन्वेष नरेश छन् ?
कहाँ ती जान्छन् कहाँ छ बास ? म सोध्छु मुस्लिमजन् ।
पहेंला राता कि बहुरूपी, कुन्वेष बस्ताछन् ?
कुन रूपलाई सलाम गर्छौं, भनन कस्ताछन् ?

ए काजी ! तिमी कस्तो काम ? राँगा, घर घर कटाउँछौ ।
बोका र भाले हुकुम कस्को ? छुरीले रेटाउँ छौ ॥
पराई पीर जानेनौ कत्ति, पीरनाम भनाई ।
प्रार्थना शब्द पढेर हिंडछौ, जगतै भ्रमाई ॥

भन्दछन् कबीर ती सैय्यद जाती, पुकारी पुकारी ।
सबैलाइ आफैं समान गर्नें, प्रयत्न छ भारी ॥

श्लोक—दिनमा बस्तछन् रोजा, रातै गौघात बेसरी ।
बन्दगी साथको हत्या, खुदा खुस् हुन्छ के गरी ?॥

दर्वार=बिहिस्त (खुदाका घरको) । नरेश=खुदा भन कस्ता छन्=खुदालाई बेचून, बेनमून, लामुकाम गोयमगो भन्ने हुनाले यिनलाई प्राप्त कसरी गर्ने, इनलाई खुसी पार्न सजीव प्राणी बध गर्नु कस्तो विवेक ? भनी यसैको आलोचना गर्नुहुन्छ । एकाजी=न्यायक भएर पनि । पराई-

पीर=अर्कालाई पनि कष्ट हुन्छ भन्ने । पीर=गुरु । सैय्यद=मुसलमान जाती । रोजा=व्रत ।

५०

संकेत--सहचर भेदी द्वारानै विशेष सवै फन्दामा परीरहेछन् । यसैले सतत सावधानी रहन सचेतता गराउनु हुन्छ—

भन्दैमा बित्यो चार युग मेरो, होश छैन तैं पनि ।
छोरा र पत्नी सम्झने हैनन्, मेरा यी क्वै पनि ॥
बाँस्बाट अग्नि निस्केर सब, बाँसधारी बल्दछन् ।
भ्रमले भूली मानव पनि, धन्धामा जल्दछन् ॥

हात्तीलाइ बाध्ने ढोइनै हुन्छे, मृगीले मृगलाई ।
फलामले फलाम काटे झैं गरी, नारीले नारीलाइ ॥

श्लोक—छन् नारी रत्त मर्दैमा, नारी रत्त पुरुषमा ।
पुरुष् पुरुषमा रत्त, ब्रिरलै जन विश्वमा ॥

चार युग=चार पन । मेरो=खानि वाणीग्रस्त जगत जीवको । छोरा र पत्नी=अज्ञानी भक्त । पुरुष पुरुषमा रत्त=चेतन पारख स्वरूपमा प्रेम गर्ने नै मुक्तिका पात्र हुन् । बल्दछन=त्यस्तै परंपरा देखी ।

५१

संकेत—मन वाणी देखि परका इष्टको भजन कसो गरी बन्छ भन्ने तर्क का साथै उनको मन्तव्य बताई विवेक सम्पन्न रहन, स्थिति बताउने संकेत—

जस्को त नामै अकथ छ भने, के कथन गर्ने हो ।
के कथा भन्ने प्रार्थना पनि, कसरी गर्ने को ॥

भन्दछन् एक तात्पर्य यस्तो, कुरा यो मुख्य सार ।
लाग्दछन् जुन प्रकार पथिक, जहाज चढी पार ॥

यस्मा छ केही रहन गहन - को कुरा गहनु ।
बस्ता र उठ्ता आऊँदा जाँदा, लक्ष्य मै रहनु ॥
देखौवा वेष पाखण्डि चाल, तनमा न लिनु ।
शान्त मन राख्नु मौनी भै बस्नु, अन्त मन नदिनु ॥

श्लोक—देह रम्छ तहीं मन् यो, जान्छ मन् रम्छ त्यैं शरीर ।
देह मन एक भै वस्नु, भनिन्छन् हंस ती कबीर ॥

जस्को=ब्रह्म, ईश्वरको । लक्ष्य=ॐ, राम मैं । देहको आचरण, मनको विवेक । भन्छन=पूर्व पक्षीको भनाई । हंस ती=जीवन्मुक्त पुरुष ।

५२

जस्को त लागी शिवजी पनि, आजतक विरक्त ।
खरानी घसी तन भर योगी, भए ती फिरन्त ॥
हजार मुख्ले शेषले कथे, सकेनन् पार पाउन ।
त्यै पति भनी ठीक रितबाट, बल् गर्छन संझाउन ॥

यस्प्रकार जस्ले मलाई भज्छ, वेदको रीतिले ।
छैटौं यो मन्मा दर्शन पाउँछ, चल्छ जो नीतिले ॥
जसरी हुन्छ तिमीलाइ अब, दर्शन दिनेछु ।
म गुप्त रूपले साथैमा हुन्छु, स्वभाव लिनेछु ॥

श्लोक—भन्छन् कबीर स्पष्ट, सब्को विचार एकसरी।
मेरो वचन मान्दैनन्, भर्म छुट्दछ के गरी ॥

जस्को=कल्पित ब्रह्मप्राप्तिको। (पूर्वपक्षिको भनाई छ मलाई=ब्रह्मलाई। छैटौं=पाँच इन्द्रिय माथिको छैटौं। स्वभाव=सर्वज्ञान गरी रहेछु। भन्छन कबीर=(उत्तर पक्ष) एक सरी=कल्पना मै परेका छन्। वचन = निर्णय पारखको वचन।

५३

स्वयं ती शम्भू मुनिले पनि, क्यै अन्त पाएनन्।
पार्वती सहित गुमाए जीवन, निरन्तर धाय भन् ॥
पछुवा उन्कै साधक सिद्ध, त्यै बाटो लागेर।
निश्चय भन कुनरित मन - स्थिर होला जागेर ॥

जहाँतक ज्यूमा बास छ उस्को, हेर्दैनन् चेती क्वै।
चेत्ने छन् तबै अन्तिम बेला, सोचेरै अज्ञ रोइ ॥
इत्यादि सुन्दै नजिक आई, मृत्युले घेर्दछ।
छुट्तैन मन - विकार कत्ति, प्रथम को टेर्दछ ?

श्लोक—बर्बराई मरे तीन्लोक्, नछुटी आश सर्वको।
एकै अन्ध जगत् खायो, सवैको अंत नाश भो ॥

क्यै=मन कल्पनाको। जागेर=सत्य स्वरूपबोध स्थिति कसो गरी होला ? उस्को=चेतन जीव। बर्बराई=कल्पना वाणीकै कथन गानमा परी। तीनलोक=सत रज तम--त्रिगुणी जीव। एकै अन्ध=अविवेकी शिक्षक, ब्रह्म।

५४

संकेत—सवैको मृत्युभयो, मन-कल्पनावश विवेकबाट पनि हतन् भए अतः सर्वजन समाजलाई सचेत गर्न हुन्छ—

ब्रह्माजी मरे काशीका शिव, जो भन्थे अनाशी ।
मथुरा गोप कृष्ण दशऔतार, गए सब विनाशी ॥
मरेरै गए भक्तिका पथिक, ती बाँकी भएनन् ।
सगुणमा निर्गुण कायम गर्ने, ती पनि रहेनन् ॥

श्लोक—मत्सेन्द्र नाथ बाँचेनन् , दत्त गोरख व्यास् मरे ।
भन्छन् कबीर स्पष्ट, यी सबै काल फाँस् परे ॥

मरे=काल-कल्पनाको मुखमा परे । अनाशी=विष्णु । काल फाँस परे=देवता अविनाशी भनेका पनि शरीरबाट र विवेकबाट समेत मरे, अतः विवेक सम्पन्न बन्नु भन्ने आशय हो ।

५५

श्री राम गए लछुमन गए, सीता साथ भईनन् ।
लागेन बेर कौरव जान, ती पनि रहेनन् ॥
भोजजी गए जस्ले खुब सजे - थे धारा नगरी ।
नरेश पांडु र कुन्ती रानी, यी गये हा ! मरी ॥

बुद्धि र गुणका अगाध भन्डार, सहदेव रहेनन् ।
सूवर्ण पूर्ण लंकागढ रचे, साथ क्यै लगेनन् ॥
जस्को थ्यो महल गगनचुम्बी, भूतल अपार ।
ती हरिश्चन्द्र नरेश आज, देखिन्नन् संसार ॥

लठ्ठक मानव विभिन्न चीज, संग्रह गर्दछ ।
मर्नुछ स्वयं कुटुम्बी निम्ती, विलापी मर्दछ ।।
जान्दैन यस्ले म पनि मर्छु, भन्दछ गरौंला ।
भएको धन्मा दशौंदी बढे, दुवै हात सोरौंला ।।

श्लोक—मेरो मेरो गए भन्दै, कोहिको जान्न साथ त्यो ।
मेरो भन्दै गयो रावण, मेरो दशरथ नाथ जो ।।

बढे=तृष्णाको वृद्धि हुनु । मेरो मेरो=अहंता ममता गर्दै । त्यो=प्राणी पदार्थरूप माया । गयो रावण=राज्यको अहं ममतामा । दशरथ=पुत्रशोक वश । नाथ=राजा ।

५६

संकेत—कामासक्ति र विवेक-आचरण बिना सबै बन्धन कष्ट दायक छ—

दिन दिनै जल्छ जलाउने पद, उम्कन्न गड्दछ ।
अंकमाल ठट्ठा काम यै तिन्को, कुन प्रकार छुट्दछ ।।
अकर्म गर्छन कर्मको भने, ठूलो फल धाऊँछन् ।
वेदको पठन मनन गरी, जगतलाई सम्झाउँछन् ।।

पर्दछन् रित्तै केहि सार छैन, जीवन गै सक्यो ।
भन्दछन् कबीर चित्त दी चेत, विलम्ब भै सक्यो ।।

जल्छ=जीव जल्दछ । ...पद=कल्पना र ललनाको तापले । अकर्म=आफू भने हिंसादि । ठूलोफल=सुख, मुक्ति । वेद=अरूलाई भने वेदको शिक्षा दिन्छन् । पर्दछन...=विवेक-सदाचार विना फल केही पाउँदैनन् ।

५७

क्रृत्रिम सूत्र एकलोक माथि, विचित्र ठान्दछन् ।
लाख् पचास आयु तहाँ गै बस्ता, बाँचिन्छ भन्दछन् ।।
त्यै कल्पित विद्या फढ्दछन् वेद, देखे झैं आँखैले ।
गर्दछन् वर्णन तहाँको अति, कल्पेर आफैंले ।।

अनुमित विद्या वचन घुस्यो - अन्तस येसरी ।
यै संकेत सुनी श्रोता ज्ञन भ्रान्ति, ती मस्के बेसरी ।।

श्लोक—खग खोज्न तिमी तम्स्यौ, पछि लाग्छौ अपार अगम् ।
के चिन्छौ न भई ज्ञान, मिथ्या कबीर हो अहम् ।।

कृत्रिम=कल्पित, बनावटी । सूत्र=वाणी, मंत्र । एकलोक=साकेत लोक, परमधाम । अनुमित=काल्पनिक । खग=आकाश वत स्वर्गादि लोक, ब्रह्म । अपार=पार र गम रहितको भनी सबै भन्दै पनि छन्, पायौं पाइन्छ पनि भन्छन् । नभई ज्ञान=सत्य मिथ्याको परीक्षा पारख ज्ञान । अहम=पायौं-पाइन्छ भन्ने अभिमान ।

५८

संकेत—जिज्ञासुलाई विवेक साधनमा प्रवृत्त गराउन शिक्षा--

हे बाबू ! मेरो वचन सेवा, गरे है स्वीकार ।
दिनेछु तिम्लाई सबैका उपर, साम्राज्य अपार ।।
अदेख-देख दुवैको गढ, छुटाई म दिन्छु ।
अन्य धेर युक्ति संगत आई, सुन यो म भन्छु ।।

उत्पत्ति लय रहस्य सबै, दिऊँला देखाई ।
भोगेर राज्य विलास सुख, डुब गै हे भाई ।।
रौं एक टेढो हुंदैन तिम्रो, बसे यो युक्तिमा ।
फैर जन्म नभै ती भाग्यशाली, पुग्नेछन् मुक्तिमा ।।

पातक नाशी अनन्त सुख, हुनेछ जानेमा ।
कबीरको वचन् निश्चय गरी, श्रद्धाले मानेमा ।।
श्लोक—साधु सन्त तिनै व्यक्ति, जो मेरो वाक्य टेर्दछ ।
आदि अन्त लयोत्पत्ति, उघारी दृष्टि हेर्दछ ।।

बाबू=शिष्य । वचन सेवा=जनतालाई शिक्षा उपदेश । साम्राज्य=पारख स्थिति । अदेख···=निर्गुण र सगुणको भ्रान्ति-किल्ला । उत्पत्ति-प्रलय=जन्म-मरण । रहस्य···=खानिवाणी आसक्ति बाटै आवागमन हुने हो भन्ने सन्धि । राज्यविलास=स्वरूपस्थिति जीवन मुक्ति सुखमा । रौंटेढो=कुनै प्राणी पदार्थादिले केही दुःखबन्धन गर्न सक्ने छैनन् । अनन्त सुख···=सदा स्थिति विदेह मुक्ति । मेरो वाक्य···=गुरुको सद्उपदेश मान्दछ । आदि अंत लय=उसैले जगत-ब्रह्म, जन्म-मरणको भेद देख्न-संझन सक्नेछ ।

५६

संकेत—योग-कुम्भकको कल्पना निरर्थक-कष्ट मात्र हो--

चढाउँदै चढ्दै जानेछ आखिर, भँडारै फुटेर ।
मन हो चोर जान्दैन कस्ले-धन् चोरी लुटेर ? ।।
एउटा चोर संसार सबै, चोरदै त्यो बढ्यो ।
विरलै होलान् यो कुरा बुझ्ने, विवेकमा जो अड्यो ।।

स्वर्ग र पताल धरातल सम्म, बगैंचा सर्वत्र ।
एउटै राम सबैका रक्षक, यो बुझ परत्र ॥

श्लोक—ढुङ्गो भै भै गए सर्व, भित्तो रहित तस्विर ।
लायौ मितेरि जो साथ, त्यो धन हित् हुन्न आखिर ॥

चढाउँदै चढ्दै=ब्रह्माण्डमा स्वास चढाउनु, अरूलाई चढाउन लगाउनु। भँडारै...=शरीर विनाश। एउटा=मन कल्पना। स्वर्ग...=[पूर्वपक्षी] जन्मन्छन्। ढुङ्गो=पत्थर समान जड़ बुद्धि बनाउँदै। भित्ता रहित=विना भित्तो आधारकै तस्वीर खोज्दा खोज्दै। जो साथ...=वाह्य सम्पत्ति प्राणी र कल्पनाका इष्ट--लोक लोकादि।

६०

संकेत—सूक्ष्म बन्धन-परीक्षाको प्रेरणा--

छाडती पति छाडीदयौ चाँडै, लबर-चट्टुलाइ ।
मनको अहं अनि पो बल्ल, भाग्नेछ छट्टु भाइ ॥
जो जस्ले चोरी भिक्षा ली खाए, उत्साह प्रतिदिन ।
हुर्कंदै त्यो बोट पालुवा हाल्दै, बढ्दो छ छिन छिन ॥

फेर द्रव्य इच्छा स्वामीको दर्शन, फल टिप्न धाऊँछ ।
त्यै बोट्को फल जन्म र मृत्यु, संसार आऊँछ ॥
श्लोक—झुट्टा झुट्टै बुझी फाल, मिथ्या हो जगतै सब ।
यसैले भन्छु हे भाई, जे ले हुन्छ उधार अब ॥

पति=कल्पनाको मालिक। लवरचट्टु=फकाउरी वाणी। अहं=मानन्दिको फोश्रो अहंकार। छट्टुभाइ=जीवलाई जिपट्याउने मिथ्या

अभिमान। जस्ले चोरी=तिम्रै ज्ञान-धनको चोरी पनि गर्छन, तिमीबाटै भिक्षा ली निर्वाह पनि गर्छन्। वोट=कल्पना जाल, जन्म मरण रूप वृक्ष। द्रव्य=धनादि खानि जाल र कल्पनाका पति। बोटको फल=ती दुवै संस्कार फल भोग्न। झुट्टा···=झुट्टा खानि वाणि मानन्दिलाई। जेले···= तिम्रै कल्याण निमित्त यो उपदेश गरेको छु।

६१

संकेत—वाणी जालको अधिक अभ्यासको फल--

धर्मको कथा ठाउँ ठाउँ सबै, भन्दैती रहन्छन्।
लबरी वाणी सबेरै उठी, मुखले कहन्छन्॥
सबेर साँझ लबरी वाणी, अभ्यास गर्दछन्।
लाबरी एक हृदयबीच, लुकाई धर्दछन्॥

रामको भेद जानेनन् तिन्ले, न गर्दा विवेक।
निश्चय गरी बुद्धिले लिए, वेद पुराण अनेक॥
उत्तम कर्म वेदका शिक्षा, ती पनि लिंदैनन्।
रहन्छन् जली निरन्तर कठै, शान्त ती हुँदैनन्॥

श्लोक—गान गर्दा गुणातीत, स्वयं नै गुमी हाल्दछ।
मट्टीतन् मिल्छ मट्टीमा, वायुमा वायु मिल्दछ॥

धर्मको कथा=धर्मको नाम बाट कल्पित कथन। लवणी बाणी= बनौटे। लावरीएक=कल्पना भ्रांतिको संस्कार। राम=हृदयवासी राम। पुराण अनेक:=वेद-पुराण व्याख्यामा अनेक कल्पना जोड्न थाले। जली= कल्पना र राग द्वेषमा। गान=ब्रह्मचिन्तन। गुमी हाल्दछ=आफ्नै जन्म गुमाए, गमना गमनमा परे।

६२

संकेत—जाति वर्ण को निर्णय—

जो तिमी वर्ण विचार गरी, हूँ भन्छौ बाहुन।
त्रिदण्ड सहित जन्मन्थ्यौ किन - जानेनौ आऊँन ?
जन्मदा शूद्र मर्दामा शूद्र, नीतिले बताउँछ।
बनौटे चिन्ह लगाइ धन्धा-भवको बढाउँछ ॥

ब्राह्मणीबाट जन्मेका हामी, ब्राह्मण भन्दछौ।
अकैँ द्वार बाट आएनौ किन, जन्मजात् मान्दछौ ॥
साच्चिकै मुस्लिम तुर्कनीबाटै, थियौ त आएका।
अम्माकै गर्भ खतना कर्म, किन हो न भाका ॥

काली र कैली दुहेर गाई, दूध एक मिसाऊ।
ती दुबै दूध पृथक गरी, लौ तिमी बताऊ ॥
छाडी दयौ कपट् हे नर जीव, चलाकी न गर।
कबीर भन्छन् सारंगपानी-भज भर न पर ॥

त्रिदण्ड=व्रतवन्धको समयमा लिइने लठ्ठी। धन्धा=अनेक क्रियाको मानन्दिमा परी अभिमान गर्छन्। अकैँद्वार='ब्राह्मणोमु खमासिद'—वत अब मुखबाट न जन्मी किन अधोद्वारबाट जन्मेका ?। खतना=सुन्नत। लौ तिमी बताऊ=यस्तै हिन्दू मुसलमान दुवै मानव-संभ्म, सदाचार दुवैले पालनगर, ढोंग पाखण्डमा नपर। सारंगपानी=ज्ञानधनु हृदय-हातमा लिएका संत-गुरूको भजन गर। वाह्य दोस्रो हरिको मानन्दिलाई भजाउ।

६३

विभिन्न थरी रूप र वर्ण, बनाए एकै ले ।
चार वर्ण सबै कृतिम भन्ने, चिनेनन् कसैले ।।
विनष्ट भई न चिनी कर्ता, गए भ्रम लिएर ।
विनष्ट भई गए ती मन, अर्कैमा दिएर ।।

विनाश भए पढेर वेद, व्याख्यान गरेरै ।
पढन ता पढे वेदको भेद, जानेनन् भुलेरै ।।
विचक्षण दृष्टि गर्दछन् गर्व, आँखैले देखेनन् ।
सरासर अज्ञ ती भए सम्म, क्यै मन लेखेनन् ।।

श्लोक—नाना नृत्य नचाएरै, नाच्तछन् नट वेष् लिई ।
अविनाशी घटै घट्छ, शेखतकी सुन ध्यान् दिई ।।

विभिन्न थरी=अनेक जात । वर्ण=ब्राह्मण क्षत्री वैश्य सूद्र-जाति । एकै=एक जीवले । कर्ता=मनुष्य जीव नै । अर्कैमा=कल्पनाको कर्तामा । व्याख्यान=व्याख्या, भाष्य गर्दा यज्ञ हिंसा जाति पक्ष, अनेक कल्पना भरि दिनाले । वेद=ज्ञान, सत्यासत्यको परिक्षादृष्टि पाउन सकेनन् । आँखैले=विवेक दृष्टिले । भए सम्म=यसैले अज्ञवत् बन्न गए । नृत्य=विविध मत सिद्धान्तमा । नचाएरै=अरूलाई नचाउछन् नटवेषलिई=स्वयं नटको वेष लिई नाच्दछन् । अविनाशी=जीव या नूर । शेखतकी=सूफीसन्तलाई सम्बोधन गर्नु भएको ।

६४

संकेत—योग मार्गको विवेचन र योगी भक्तहरूको लालच भय-युक्त उपदेश को झलक·—

कञ्चन काया गराउन भनी, धर गरे यतन ।
अनेक युक्ति पल्टाई मन, गराए पतन ।।
सयौं वार सम्म सम्झाई भन्दा, नबुझ्ने तैपनि ।
धारण गरी राख्तछन भ्रम, अटेरी भै यिनी ।।

गुरुको शिक्षा जोजन लिई, विश्वास राख्तछन् ।
नौ वटा निधि आठोटै सिद्धि, तिनैले चाख्तछन् ।।
सतत धर्म जस्को दिल्बस्छ, एकरस टिकाउँछ ।
साधन्को विघ्न रामको कसी, संझेर हटाउँछ ।।

जो अन्तजान्छ विश्वास खोल्छ, गुरुलाइ छाडेर ।
त्यो अज्ञमती सास्तिमा पर्छ, पागल भएर ।।

श्लोक—यसैले कालको फाँसी, पर्‍यो लौ आफ्नु सोच् गर ।
सन्त जान्छन् निकट् संन्त, धूर्तै धूर्त मिलान् तर ।।

पल्टाई=विवेक दृष्टि हटाई । गुरूको शिक्षा=पूर्व पक्षीको भनाई विस्वास विवेक रहित प्रतीत गर्नु । नौवटा नीधि=पद्म, महापद्म, शंख, मकर, कच्छम, मुकुन्द, कुन्द, नील, खर्व । अष्टसिद्धि=अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व । यसैले=उक्तसकाम कल्पना मा पर्नाले । काल=भ्रामक, मन, मृत्यु ।

६५

संकेत—वाणी खानि आसक्तिको फल—

प्रत्यक्ष आफ्नु गुणलाइ पनि, औगुण भन्दछौ ।
दुर्भाग्य यही गर्दैनौ विचार, अबुझ बन्दछौ ।।
हे बाबू ! तिम्ले अत्यन्त दुख, भोगेछौ भटकँदै ।
रहित पानी माछोलाइ संचो, के मिल्थ्यो फट्कँदै ।।

चातक निकट अथाह जल, चौ तरफ वार पार ।
नखरा गरी संसार सागर, आश् गर्छ बारबार ।।
चातक निकट खोला र नाला, जलाम्य बुड्दछ ।
स्वातीमा मेघ वर्षेन भने, उदास उड्दछ ।।

रामको नामै दासको लागि, एक हो स्व सार ।
अरु यो विश्व प्रपञ्च सबै, झुट्टो र असार ।।
हरि हुन प्रज्वल अग्निको ज्योति, किरा झैं पतित भै ।
यमको घर जीवको साथ, मिल्दछौ सतत गै ।।

क्षणिक सुख स्वप्नाको बिच, धन खानि भेट्टाई ।
हृदय हर्ष उम्लिन्छ कता - राखौं यो लुकाई ।।
अन्तस त्यो ता अटाउने हैन, त्याग्न झन् सक्तैन ।
झुट्टै हो लोभ यो दिशा कत्ति, विचारै पुग्दैन ।।

स्मृति रची रहनी लेखे, आफैंले मानेनन् ।
ठूलाका सेप्ले धुलामा मिले, यो हाल जानेनन् ।।

कुमती कारण संसारी जीव, भर्मन्छन् संसार ।
खोज्दछन् सार कल्पना गर्छन्, देख्दैनन् वार पार ।।

श्लोक—अन्धा भै सब भर्मन्छन्, विचार गर्दैन क्वै पनि ।
मेरो वचन मान्दैनन्, भ्रमजाल् छुट्छ के भनी ।।

गुण=ज्ञान गुण, शुभाचरण । औगुण=निराकार निर्गुणको छाया, अंश । पानी=ज्ञान विवेक । माछो=जीव । चातक=मुमुक्षु जीवको अन्तः करणमै । अथाहजल=विवेकादि सदगुण रूप जल भरी भराउछ । नखरा=सत्संग गरी सार ग्रहण नगरेर अनेक बताई । संसार=भोग वासना, लोक वासना, ब्रह्म प्राप्तिको । मेघ=गुरु-पारखीको विवेकजल रूप स्वाती बृष्टि न पाउनाले । उदास=अन्तमा निराश भई गर्भवास पुग्नेछ । हरि=कल्पना-माया । यम=वासना, कल्पना भ्रामक भामिनी । क्षणिक=यो संसारको अल्प धन कुटुम्बादि पनि । ठूलाको=ब्रह्मवृक्षको मुनि । उसैको छाया=आधारमा पर्दा । कुमती=विषय वासना र कल्पना वश । सार=स्थिति । अन्धाभै=बिवेक दृष्टि विना । भर्मन्छन्=खानि वाणीचक्रमै । विचार=जड़ चेतन निर्णय । मेरो=पारखी गुरुको ।

६६

तिनै हुन मित्र हितैषी वान्धव, मलाई प्यारा छन् ।
कुबाटो लाग्दा सुबाटो जस्ले, बताई लगाउँ छन् ।।
तेही हो चतुर कल्याण को बाटो, एकरस पक्रने ।
गर्दछ खोज कहिल्यै पनि, नभूली सप्रने ।।

झुट्टो हो सोही छोरालाइ छोडी, अन्यत्र भट्कन्छ ।
गुरूको दया पालन गरी, राम देखि सट्कन्छ ।।
क्षण भरको झिल्को झुलुक्क देखि, मिथ्यामा भूलेका ।
छोरा र दौलत देखतै उस्कै, गर्वले फूलेका ।।

श्लोक—नदिए नत खुद् खाए, रित्तै गेह गरी गए ।
मर्ने जति गए मर्दै, बाच्ने ती बाँचने भए ।।

छोरा=सुपुत्ररूपी ज्ञान । राम देखी=कल्पना रामबाट हटेर हृदयस्थ राममा लाग्ने । झिल्को=विषय सुख, कल्पनाका इष्ट । मर्ने जति=कल्पना, वासनामा परेका जति । बाच्ने=पारख बोध प्राप्ति गर्ने ।

६७

शरीर हल्लाइ कर्काई मर्काइ, यो भक्ति हुन्न है ।
नखरो वेष अनेक गरी, हिड्दछन मानवै ।।
ढोंगी को ढोंग सम्यक भक्ति, ठीक यो मान्दैनन् ।
जो कोई मलाइ हृदय वासी, जान्दछन् भुल्दैनन् ।।

मुखले एउटा मनमा अर्कै, जो गर्छ कपट ।
स्वप्नामा पनि सक्तैन गर्न, सत्यको प्रकट ।।
त्यस्ताले धेरै भवमा दुख, पाएर रुनेछ ।
सावधान भई सम्हाल गरे, उद्धार हुनेछ ।।

जो गर्छ किंचित् गुरुको निन्दा, अज्ञान भर्दछ ।
सुंगुर कुकुर भएर जन्मी, दुःखले मर्दछ ।।

श्लोक—चौराशी लक्ष जन्तूमा, दुखी भै र्भमि फिर्दछ ।
भन्छन् कबीर राम् जान्ने, मलाई मन पर्दछ ॥

शरीर=नाचगान गरेर मात्र। नखरो=बनावटी। मलाई=शुद्ध ज्ञान स्वरूप चेतन। एउटा=निर्णय बोल्दछ। अर्कै=कल्पना भरी भराउछ। सत्य=साँचो स्थिति। गुरु=पारख बोधक गुरु। राम=हृदयस्थ शुद्ध चेतन।

६८

विछोड़मा उन्को अनाथ बनी, लागेछौ कुपथ ।
परेर विश्व-अरण्य बीच, पाएनौ सुपथ ॥
वेदको नकल छानेर जस्ले, नकलै जान्दछ ।
सम्झन्छ उस्ले मान्दैन भलो, कुभलो ठान्दछ ॥

नटवत् विद्या खेल्नलाइ जस्ले, राम्ररी जान्दछ ।
त्यै गुणलाई स्वामीजी भनी, उत्तम ठान्दछ ॥
उही एक खेल्छ घटघट बीच, संसार प्राणी भर ।
दोस्रोको रत्ति गम् छैन कत्ति, उनै एक विश्वम्भर ॥

कुभलो भलो औसर जस्तो, परोस्त उनीलाइ ।
जसरी हुन्छ पूरण रमोस्, सर्व लाभ् तिनीलाइ ॥
श्लोक—लाग्दछ वाण जस्को ठिक्, उसैले कष्ट जान्दछ ।
लागे पछि नभागे सुख् - सिन्धु कबीर छान्दछ ॥

उन्को=उपर्युक्त रमैयाराम चेतन। कुपथ=खानि वाणी मार्ग। विश्व=वाणी वन। सुपथ=विवेक पारख। वेदको=पूर्व पक्षका विधि

वाक्य । नटवत=[पू. प.] नट समान ब्रह्मबाट जगत खेल देखाई पुनः समेटने विद्या । एक=ब्रह्म । उनी=ज्ञानी । जसरी हुन्छ=सब छाडेर । वाण= ब्रह्म लक्ष्य । कष्ट=अनुभव । लागे पछि···=एकरस निमग्न रहोस नछाडोस । कबीर···=जीव आनन्दमा पुग्नेछ ।

६९

संकेत--विरक्तको राग युक्त कर्तव्य प्रति आलोचना--

यस्तो योग मैले हे भाई सुन, देखिन के भनूँ ।
भूलमा परी भटकी फिर्छन्, रल्ले नी के गरूँ ॥
श्री महादेवको मारग यिनी, प्रचार गर्दछन् ।
महन्त ठूला मण्डलेश्वर, नाम ती धर्दछन् ॥

मेला र बजार शहर बीच, समाधि लगाउँछन् ।
कृत्रिम सिद्ध मायाका प्रेमी, पट्टल जमाउँछन् ॥
दत्तजी कैले कहाँ गै कस्को, किल्ला घर फोरेथे ?
शुकदेव कैले तोप चालक भई, जोरीलाइ मारेथे ॥

नारदले हाने बन्दूक कैले, व्यास बम् फुके थे ?
लडाईं गर्छन् बुद्धिका हीनी, त्यागी कि ठोक्रे के ?
विरक्त भई मायाका लोभी, द्रव्यनै रुचाउने ।
सूवर्ण भूषण उत्तम पोशाक, साधुवेष लजाउँने ॥

हात्ती र घोडा गाइ भैंसी गोरू, जम्मा धेर गरेका ।
पाएर गाऊँ करोडपति, ठाटले फिरेका ॥

श्लोक—अशोभित सुन्दरी हुन्छे, सनकादि विरक्त साथ् ।
कुनै दिन् दाग लाग्ने छ, कालो हाँडी छ जस्को हाथ ।।

दत्तजी=दत्तात्रय । बम=लड़ाईको बाजा । ठोक्रे=वाण हाल्ने ठोक्रो-भिरने । सुन्दरी=सुमुखी, सम्पत्ति, विजातिघट ।

७०

संकेत—बोल-चालको तरीका—

हे भाई ! को संग के कुरा झिकी, बोलेमा वेश् हुन्छ ।
किंचित मात्र बोल्दैमा पनि, सब सत्व नाश् हुन्छ ।।
विशेष बोल्दा विकारै बढ्छ, अयोग्य मिसिन्छ ।
उत्तिनै बोल्नु जो विचारबाट, उचित जचिन्छ ।।

भेटेमा सन्त जिज्ञासुजन, दुइ कुरा गर्नु ।
दुष्टजन भेटे चुप्चाप साधी, शान्त भै रहनु ।।
पण्डित जन भेट भो भने, हितैषी बोलनु ।
मूर्खलाइ भेटे खामोस खाई, मौनता पालनु ।।

कबीर भन्छन् अपूरो गाग्रो, छ-छल्की पोखिन्छ ।
पूर्ण छ संझ गम्भीर बनी, विचारी बोलिन्छ ।।

किंचित मात्र=अयोग्य कुरा झिक्दैमा । सत्व=मौनता, सत्य विचार । दुईकुरा=जड़ चेतन निर्णय, सदाचारका वाक्य । पण्डित जन=नम्र विद्वान्-विवेकी । अपुरो गाग्रो=अधकल्चा व्यक्ति वक वक गरीहन्छन् ।

७१

संकेत—नाथ पन्थान्तरगत पाखण्डको समालोचना—

हर्ष शोक जस्ले समान मान्छन्, चंचले बन्दैनन् ।
उनको हाल इन्द्रले पनि, क्यै जान्न सक्तैनन् ॥
कटाई जटा पैराइ सेली, चेला धेर बनाउँछन् ।
योगको युक्ति जान्दछु भनी, घमण्ड कमाउँछन् ॥

आसन उडाइ सिद्ध हूँ भन्नु, के ठूलो कुरो हो ।
मडार्री कौवा चिलादि उड्छन्, के बढी कुरो भो ॥
जस्तो हो भित्तो त्यस्तै हुन् नारी, राजपाट उजार वन् ।
श्रीखण्ड नरक समान भन्छन्, ज्ञानी र पागल जन् ॥

मिठाई ल्वाँग एकै हो भनी, समान गर्दछन् ।
गुलियो चीनी छोडेर धुलो, ती फाँको मार्दछन् ॥

श्लोक—यस्तै विचार गर्दैमा, गए बल् बुद्धि चेत् सब ।
दुवै मिली भए एकै, गरौं को संग प्रेम अब ॥

हर्षशोक=वाह्य देखाउ मात्र । उनको=नाथ पन्थीहरूको । हाल=रहस्यजाल । कटाई=वैष्णवादि अन्यमतका सन्तको । सेली=माला । भित्तो=भित्तो छुनु र नारी स्पर्श । राजपाठ=राजसिंहासन । श्रीखण्ड=दालभात आदि उत्तम चीज । नरक=अभक्ष मांसादि, गन्दगी । जन=एक सम्झन्छन् । ल्वांग=पिरो । भए एकै=जड चेतन एक गरी केवल ब्रह्म बनी रहेछन् ।

७२

संकेत— खानि वाणी जालको सृजना र उस्को शक्ति—

एउटी नारी संसार बीच, यो रीत आएकी।
माताले जन्म दिएको हैन, पिताले पाएकी॥
पयर शिर प्राणको अधार, छईनन् क्यै पनि।
जगतै भुमरीं भयले यस्मा, बेहाल त्यैं बनी॥

सातै दिन् व्यस्त उसैको निम्ति, सबै छन् के भन्नु।
अबुझ सरी बुधजन हैरान्, उधेक के गन्नु॥
तिनैको वन्दन दर्शन गर्छन्, सबै क्वै संसारमा।
विज्ञ र अज्ञ आश्चर्य ठूलो, अल्भेका अंसारमा॥

श्लोक—मुसो मार्जार एक साथ, भन के गरी मिल्दछ?
आश्चर्य हेर यो संत, हात्तीले सिंह निल्दछ॥

एउटी नारी=काम-वासना, कल्पित वाणी। पिताले…=जीवैको भूल, कल्पनाबाट उत्पन्न। पएर…=अवयव रहित। त्यै=खानि वाणी जालमै। सातै दिन=निरन्तर। तिनैको=कल्पित वाणी र उसबाट सिद्ध गरेका कर्त्तादिको। मुसो=जीव। मार्जार=बिरालो, माया वाणी। हात्ती=मन-माया। सिंह = जीवलाई खाई रहेछ।

७३

हिंडेकी एक देखिइन् नारी, हेर ती कस्ती छन्।
घडा छ तल पँधेर्नी भने, मास्तिर नारी झन्॥

बाटैबाट जान्छिन सुतुवा माथी, परे छः खाट पनि ।
जाडैले मऱ्यो सुकिलो सिरक, खसमै न चिनी ॥

घरिणी बौलाइ साँझ र सवेर, दियो ली बाल्दछे ।
खसम छाडी बाहिरी पति, हरदम पाल्दछे ॥
उसैका रस रात दिन बस्छे, आसक्त छ पूरा ।
प्रीतम साथ कहिल्यै मुख, बोल्दीन सत् कुरा ॥

सुतेका आफ्ना प्रितम छाडी, हिंडी फेर अन्यत्र ।
यो दुख अब कोसित पोखोस्, परी त्यो अलपत्र ॥

श्लोक—आफ्नै जाँघ उघारेर, सकिन्न भन्न वाणिले ।
कि स्वयं चित्तमा था छ, कि भन्नन् निज प्राणिले ॥

नारी=पत्नीभाव धारक भक्त । घड़ा=शरीर । मास्तीर=सुरति लक्ष्य भाथि लोकादिमा या ब्रह्मांडमा । बाटैबाट=एक सिद्धान्तबाट अन्यमा । सुतुवा=जीव । छःखाट=छःदर्शन, काम क्रोधादि छ बैरी । सिरक=जीव । खसम=वास्तव सबैको मालिक चैतन्य स्वरूप धरिणी=भक्तजन । दियो ली=आरती पूजा । खसम=स्व पारख स्वरूप । बाहिरी पति= कल्पनाको पुरुष । पाल्दछे=हृदयमा निश्चय राख्नु । प्रितम=सत्य चेतन । मुख बोल्दिन=सत्य निर्णय गर्दैन । सुतेका=अज्ञानावस्थामै । हिंडी फेर=चौरासीमा गयो । आफ्नु जाँघ=आफ्नु कसर आफ्नै गल्तीले वासना कल्पनामा पर्दा उपस्थित हुन आएको दुख । निज प्राणीले=आफ्नै समान भुक्तकाहरूले ।

७४

संकेत—जगत उत्पत्ति विषयमा पूर्व पक्षको मन्तव्य र त्यस्को निराकरण—

थिएन तब सूक्ष्म र स्थूल, यसप्रकार तन् हरू ।
न उस्को साथ शोकनै थियो, माया थी क्यै बरू ॥
कमलपात पानीको छाल, एक साथ रहन्छ ।
रहेता पनि भिज्दैन कबै, ओभानै बहन्छ ॥
वासना वीज अण्डमा थियो, समान ओसले ।
अनन्त अण्ड त्यैबाट बन्यो, यो भनोस कसले ॥
निराधार अधार संझन थाले, उपासक भवले ।
रामनाम वाणी उच्चार गरी, भज्दछन् सबले ॥
भन्दछ धर्म शास्त्रले सबै, पानीनै पानी थ्यो ।
अन्य सब जाती मनले भन्छन्, पानीनै पानी थ्यो ॥
पशु र कृमि ग्राहादि सड्छन्, पानीमै मिल्दछन् ।
त्यै पानीलिई संम्पूर्ण संसार, बर्तन्छन् निल्दछन् ॥
छुटाई फन्दा बाहिर हुन्छन्, विवेक गतीले ।
त्यो फेरि कल्पित हेर्दैन पन्थ, लालच मतीले ॥
श्लोक—जगत् यो भ्रम मस्केका, विचार गर्दैन क्वै जब ।
हरि भक्ति नजानी एक्, सबै डूबी मरे भव ॥

तब=पूर्व पक्षीहरूको भनाई छ—सृष्टिको पहिले । उसको=ब्रह्मको । क्यै वरू=गोरो शरीरमा कालो कोठी समान । ओभानै=यस्तै ब्रह्म पनि अलिप्त छ । अंडमा=नारायणको वीर्यबाट निर्मित अण्डा [मनु० ४।१०] ।

अनन्त अण्ड=जगत । भनोस=वर्णन वाह्य छ । निराधार=[उ० प०] आधार रहित, विवेक शून्य वाणीको कल्पना गरे, एकको आधार दोस्राले लिंदै गए । अन्य सबजाति=अरू सिद्धान्तवादी हरू । पनि=भोगासक्तजन । पशु=सकामी कर्मी र विधि निषेध रहित अलिप्तजन । कृमी=किरा पुतला समान उपासक । ग्राहादि=प्राण रोधक योगी । पानीमै=वाणी कल्पना । त्यै पानी=उक्त वाणी कल्पनाको पाशो । हरिभक्त=सच्चा हरि हुन्–भ्रम बन्धन हारक सद्गुरु । सबै=संसारका जीव । मरेभव=मन कल्पना, जन्म मरण ।

७५

संकेत—सर्वथा दुखहारी कल्याणकारी विवेकी सन्त गुरुहुन् या अवतारादि ? उनको कर्तव्यबाट विवेक गर—

तिनै सत इष्ट चिनेर तिमी, साथ गर शरण ।
दुवै दुख पूर्ण निमू ल पारी, कृतार्थ गरन ।।
दशरथ कुल आएर तिन्ले, औतार लिएनन् ।
लंकाका राजा रावणलाई, केही दुख दिएनन् ।।

न आए कृष्ण जगत बीच, देवकी कोखमा ।
न उन्लाइ माता यशोदाजीले, खेलाइन् काखमा ।।
न पृथ्वी घुमी दिग्जयी बने, न लडे कहिले ।
न पताल् पसी उनीले छले, बलिलाइ पहिले ।।

न बाली राजा लडाईं लडाइ, मृत्युबाट तारे थे ।
हिरराय कस्यप उनीले न त, पछारी मारे थे ।।

बराह बनी न उन्ले कबै, उचाले अवनी ।
क्षत्री सब् मारी निक्षत्री पनि, गरेनन् धरनी ।।

गोवर्धन् पर्वत हातमा उन्ले, न गरे धारण ।
न हिंडे वन् वन् ग्वालिनी संग, क्रिडाको कारण ।।
सालिग्राम् न त गण्डकी तीरको, पत्थर भए ती ।
न मत्स्य कच्छ भएर पानी, पौडन गए ती ।।

उनले कबै द्वारिका पुरी, शरीर छाडेनन् ।
यो स्थूल पिण्ड जगन्नाथ पुरी, लगेर गाडेनन् ।।

श्लोक—भन्छन् कबीर साफ्साफ, त्यो पंथ न भुले कबै ।
जो थाप्यौ अनुमान्बाट, त्यो हैन सूक्ष्म स्थूल सबै ।।

सतइष्ट=विवेकी विरक्त गुरु। दुवै=खानि वाणी, जन्म मरण। तिनले=दयालु विरक्त उपास्यदेव। पंथ=भ्रान्तिको सिद्धान्त। जो थाप्यौ=भुक्ति मुक्तिदाता सर्वेसर्वा भनी। सूक्ष्म स्थूल=त्यो त स्थूल सूक्ष्म आकार रहित मनको कल्पना मात्र हो।

७६

संकेत—वाणी-खानि मायाको चरित्र—

मायाको मोह सम्पूर्ण संसार, चुर्लुम्म पर्दछन् ।
यै विचार गर्छन् यसबाट बच्ने, न विचार गर्दछन् ।।
त्यो माया मोह बलियो पासो, काटने के गरी ?
गर्दछन् विवेक तिनै जन झन् झन्, मस्कन्छन् बेसरी ।।

राम नाम रूपी जहाज बनाइ, बाढीमा चलाउँछ ।
झन् त्यस्ले हेर लगेर भव, मुल्को मैं डुबाउँछ ॥

श्लोक—दुर्लभ्य राम नाम् सारै, काम् छैन अन्य को जग ।
आदि अन्त र युग् यूग, म लड्छु रामजी सँग ॥

माया=कल्पना वासना रूप माया । यै विचार=यसैमा झन्झन् डुब्ने विचार गर्छन् । गर्दछन् विवेक=गुरु पारख रहितबाट विवेक गर्छन् । रामनाम=हृदयवासी चेतन रामको धारणा बिना सगुण निर्गुणको जहाज गरी । बाढीमा=वाणीखानिको भेलमा । दुर्लभ्य=रामको नाम अत्यन्त दुर्लभ छ भन्छन् । [पू. प.] म लड्छु=राम नामकै रगडामा पर्दछु ।

७७

संकेत—कल्पनाको ब्रह्म मानन्दिमा जगत जीव नैष्टिक छन्—

एउटै काल सम्पूर्ण विश्व, व्याप्त भै रहेछ ।
एउटै नाम जगत भरी, प्यारो भै रहेछ ॥
नर या नारी भनेर उस्लाइ, छुट्याउन कठिन्छ ।
सर्वरूप बाट जगत भरी, भरपुर भनिन्छ ॥

रूपवान हो कि न रूप रहित, यो भन्न सकिन्न ।
न त्यो छ हल्का न छ त्यो गह्रौं, तौलन सकिन्न ॥
न उस्लाई भोक न त छ प्यास, न घाम न छाया ।
दुख र सुख रहित उस्मा, न हर्ष न माया ॥

श्लोक—अपर-पर रूप पथ रंगौं, अन्य छैन अरुप् रुपै ।
खोजियो ध्यानले धेरै, हुन्न यस्को इती कुनै ॥

काल=कल्पना, ब्रह्मा । एउटै नाम ब्रह्मको नाम । नर या नारी=[पू. प.] त्यो ब्रह्म न पुरुष हो न स्त्री । अपर=अपार । पर=श्रेष्ठ । पथ रंगौं=यही मार्गमा खुब रंगीनु । ती कुनै=यो ब्रह्मको यस बाहेक अरू कुनै रूप लक्षण छैन ।

७८

संकेत— मनुष्य शरीरको दशा र जीवलाई सचेती—

मानव जन्म चुक्यौ हे पापी, विचार गर्दैनौं ।
हास्रो यो तन्को हिस्सेदार धेरै, छन् रास्रो हेर्दैनौ ॥
आमा र बाबु तिमीलाई पुत्र, भनी प्यार भर्दछन् ।
स्व स्वार्थ सिद्धि निमित्तपालन, प्रेमले गर्दछन् ॥

भोगेच्छु प्यारी 'प्राणप्रिय' तिम्लाई, भनेर छोप्तछे ।
नपुग्दा मन्को सिंहिनी बनी, झम्टेर टोक्दछे ॥
छोरा र नारी सम्बन्धि धन्माल, लिनलाई तम्सन्छन् ।
हमेशा यिनी यमकै सरी, मुख पाइ झम्टन्छन् ॥

काग गिद्ध कैले यो मर्ला भनी, विचार गर्दछन् ।
स्याल कुकुर पनि खाऊँला भनी, बाटो खुब हेर्दछन् ॥
आगोले भन्छ यो शरीरलाई, शीघ्र म जलाउँला ।
पानीले भन्छ म जलनदिन्न, निभाइ बगाउँला ॥

धरणी भन्छिन् म शिघ्र यस्लाइ, आफैंमा मिलाउँला ।
वायुले भन्छ धूलो त हवस, तत्कालै उडाउँला ।।
निर्धिनी यस्तो घरलाइ मेरै, घर अज्ञ मान्दछौ ।
शत्रु भै गला घ्याँकेको यस्ले, के तिमी जान्दछौ ।।

यस्तो यो शरीर सबैको साझा, 'म' भन्छौ नजानी ।
विषय विष्मा स्वरूप स्वयम्, भुल्दछौ अज्ञानी ।।

श्लोक—येत्तिका साझिछन् ज्यूका, आजीवन् दुख पाउँछन् ।
चेत्तैनन् मोहले पागल्, मेरो मेरो 'म' गाउँछन् ।।

भोगेन्छु=रखौटी स्त्री । आगोले भन्छ=आगोमा परे जलाउँछ, यस्तै सबै तत्वहरू हुन । गला=गल पासो बनी लागेको--

७९

संकेत—वासना र कल्पनाको कर्तुत—

बढाए विशेष वृद्धि भै जान्छन्, घटाए छोटिन्छन् ।
पर्खंदा सत्य समान लाग्ने, पर्खाउँदा झुट्टा झन् ।।
यी सबै कुरा म कति भनौं, कहाँ तक बताऊँ ।
सत्य र प्रिय ठान्दछौ भने, क्यै अरू चेताऊँ ।।

कष्ठित देख्ता न भनी कन, चुप्लाग्न सकिन ।
विरही लीली कुकुरले खायो, गरयो यकिन ।।

श्लोक—खाँदा खाँदा वित्यो कल्प, आऊ चेत अझै पनि ।
भन्छन् कबीर स्पष्ट, गयो जीवन् अचेत् बनी ॥

बढाए…=विषय वासना, कल्पना र कल्पनावाणी । पर्खंदा…=आफ्नु बुद्धिले झलक्क हेर्दा । पर्खाउँदा=विवेकीले पर्खाउदा । कष्टित=संसारीजीव सबै दुखी । विरही=ईश्वर प्रेमी, राम वियोगी । कुकुर=वंचकहरूले भ्रममा पारे । खाँदा…=ठगिंदा, विषय भोग भोग्दा भोग्दा । अचेत=आफ्नु तर्फ होशै नगरी ।

८०

साहस अति जीवले आफ्नु, प्रयत्न गऱ्यो लौ ।
ती साहेब संग स्वप्नामा पनि, भेटनै पऱ्यो धौ ॥
साँचो र झुट्टो राम्ररी जस्ले, पर्खाई हेरेनन् ।
चाहने लाभ मूल नै तिन्ले, गुमाए चिनेनन् ॥

सकेनन् चिन्न झिनी र मोटी, मायालाइ कसैले ।
अज्ञान पोको अन्तमा सबै, बेकम्मा यसैले ॥
कबीर भन्छन् अन्तमा तिमी, कस्लाई दोष दिन्छौ ।
निराश पूर्वक दुइ आश छोडी, परत्र जब हिन्छौ ॥

ती साहेब=कल्पनाका मालिक । परखाई=पारखी गुरुद्वारा जड चेतन, सत्य असत्य बताई । लाभ=सुख । मूलनै=स्वरूप विचार मानवता । झिनी=वाणीजाल ब्रह्म कल्पना, गृहजंजाल काम क्रोधादि । अज्ञान=मायाजाल आसक्ति । बेकम्मा=दुख दायक हुन गयो । दुई=वाणी खानिको ।

८१

संकेत—आफ्नु सुधार निमित्त सचेती, कुसंगको त्याग, दोस्राकै भरमा जीवन न सुम्पनु—

हे भाई सुन ! दर्यौताको आचार, पुराणले भने कै ।
ब्रह्माले आफ्नी पुत्रीलाई देखी, भ्रष्ट भै गए है ।।
भन्दछु तारा ती मन्दोदरी, आसक्त नित देवर ।
इन्द्रले छले अहल्यालाई, गुरूमा सुधाकर ।।
कबीर भन्छन् हरिको गुण, गाउँछन् संसार ।
कर्णलाइ कुन्ती कुमारी छँदै, पाएकी झन्सार ।।

मन्दोदरी=पंचकन्या मध्यकी । गुरूमा=गुरुआमा चन्द्रमाले । हरिको=विष्णुले वृन्दाको पतिव्रता धर्म नष्ट गरीदिए थे ।

८२

संकेत—विषयानन्द ब्रह्मानन्दको परिणाम—

सुखको बोट जगत- एक, प्रकट गरायो ।
जीवले कत्ति बुझेन माया, विषय भर पायो ।।
छः चक्रवर्ती पत्रका धारी, कल्पदै युग चार ।
पाप र पुण्य दुइ फल्का पात्र, बने भै लाचार ।।
स्वाद छ मिठो भन्दछन् अति, बयान रहितको ।
आचरण गर्ने मानव पनि, उसैमा गलित भो ।।
नट् स्वांग गरी जस्ले त साज, सम्पूर्ण सज्दछ ।
खेलाडी जनले साधनमा दाऊ, लगाएँ भन्दछ ।।

मायाका वशीश जनले कठै, उस्को दाउ बुझेनन् ।
शिव र शक्ति ब्रह्माजी भूले, क्यै चाल पाएनन् ।।

श्लोक—पर्दै पर्दा छ आएको, बुझ्न सक्तछ वाणि को ?
जस्ले जान्छद त्यो बाँच्छ, सबैको नत्र हानि भो ।।

सुखको ग्रोट = विषय कल्पना, ब्रह्म । माया = मन इन्द्रिय गोचर सबै माया हो भन्नेनन् बुझ्नसके । भर = मात्र । पत्रकारी = वेदाध्ययी ब्राह्मण । युगचार=सदाकाल । दुई=विषयानन्द, ब्रह्मानन्द । सम्पूर्ण= हठयोग, वज्रोली नेती, धोती र ब्रह्मानन्द विषयानन्दको साज साधना गर्दछन् । पर्दै पर्दा…=भ्रान्ति निश्चयको पर्दा भित्र भित्रै विषयानन्द ब्रह्मानन्दको जाल फिजीन्दै आएको । जान्दछ=पारखद्वारा उक्त भेद जान्दछ ।

८३

संकेतत—क्षत्रीय धर्मको निर्णय—

क्षत्रीले गर्छ क्षत्रीको धर्म, कर्तव्य भनेर ।
सवाई बढी उन्लाई कर्म, मिल्दछ बनेर ।।
के गरुन् बरा जे जस्तो ज्ञान, बडाले बताए ।
तिनको मन्मा त्यै छाप पर्‍यो, स्वै गर्न रमाए ।।

क्षत्री हो उही कुटुम्बी संग, जो व्यक्ति लड्दछ ।
मिटाई पाँच एक नै सार, बुझेर बढ्द छ ।।
मारेर जीव जीवलाइ पोस्ने, निर्दयी मानव ।
प्रत्यक्ष देख्तै जीवन आफ्नु, फाल्ने ती दानव ।।

शीघ्रातिशीघ्र ताकेर हान्छन्, घायल पार्दछन् ।
मन्मती राजा क्षत्री हूँ भन्छन्, सुर्रीदै मार्दछन् ।।

श्लोक—न मर्छ बाँच्छ मानन्दि, मर्दैन जीव नित्यछ ।
विना राम् शून्यका प्रेमी, छाडी स्व सत्व हिंड्दछ ।।

क्षत्रीको धर्म=लड़ाई । कर्म मिल्दछ=स्वर्ग या मोक्ष फल प्राप्त हुन्छ भन्दछन् । बडा=यिनक. गुरुले । क्षत्रीं हो उही=परन्तु काम क्रोधादि कुटुम्बी संग लड़ने नै सच्चा क्षत्री हो । पाँच=पंचेन्द्रिय को पंच विषय भोग वृत्तिबाट रोकने । एकनै=जीव । शीघ्र=निर्दा जीवलाई या लड़ाईंमा । मन्मती=उन्मादी । मानन्दी=मनको कल्पना हुनाले । राम=हृदय वासी, रामको बोध विना अस्तित्वशून्य—विषयासक्ति, कल्पना वाणीका प्रेमी । स्व सत्व=स्व स्वरूप बोध, मानवता रहित भै गर्भबास ।

८४

संकेत—स्वार्थजाल कल्पना कालबाट बच्न सचेती—

हे बाबू तिमी दुखबाट बच्न, आफैं आफ सुधार ।
जुन दुख त्रिताप भरपुर संसार, व्यस्त छन् अपार ।।
सबै जन माया मोहमा मस्के, लालचले घुमायो ।
रत्तिभर लाभ लोभमा फ्री, मूलधन गुमायो ।।

मेरो र तेरो भनेर जगत, बिग्रन्छन् जुट्तछन् ।
माताको घृणित गर्भमा गई, बारम्बार सुत्तछन् ।।
विविध खोलमा विपुल रूप, खेल ती गर्दछन् ।
बहुतै ;जन भुमरा सरी, बनेर मर्दछन् ।।

जन्मन्छन् मर्छन् पश्चात जीव, योनिमै कोक्रिन्छन् ।
लवलेश् सुख स्वप्नमा पनि, नपाई बोक्रिन्छन् ।।
देहको दुख मानसिक ताप, कष्ट धेर पाउँछ ।
त्यो प्राप्त हुन्न जस्बाट ताप, निभी सुख आउँछ ।।

मेरो र तेरो भन्दैमा संसार, सम्पूर्ण जलेका ।
धिक्कार स्वार्थ असत्य चीज्को, अहंमा बलेका ।
व्यर्थैको आश संसार सब्लाई, लागेर व्यस्त छन् ।
यस्बाट भाग्छन् फेर दोस्रो अग्नि, बिचमा फँस्तछन् ।।

जस्को त लागी राखेका सबले, आधार मानेर ।
ती होशियार बचेका छैनन्, कोइ पनि जानेर ।।

श्लोक—स्वयं ती चेत्न सक्तैनन्, भन्दछु क्रोधमा परे ।
कबीर त्यो खुद् न जागोस, झुट्टो सत् हुन्न क्यै गरे ।।

मूलधन = स्वरूप बोध–शुभाचरण । विविध खेल=विषयासक्ति अनेक मत । विपुलरूप=चित्र-विचित्रको वेष बनाई । त्यो=पारखको स्थिति । यसबाट=विषयबाट । दोस्रोअग्नि=कल्पना वाणी जालको ताप । जस्को = मुक्ति सुख । आधार = ईश्वर ब्रह्मादि कल्पना गरी राखेका थिए । स्वयंती = खानि वाणीका अध्यासीजीव । नजागोस = उस्ले मानेको कल्पित असत्य ।

द्वितीय प्रकरण-शब्द

शब्दको अनुवाद

(चुडका-लयमा)

१

संकेत--संसारमा वाणीजाल मानन्दि कसरी प्रसार भयो ?

सद्‌गुरुले संत-भक्ति, त्याए बुझ पंडित शक्ति-
एक्‌ले दुई पुरुष जन्माइन् ।।टेक।।

गंगा एक पहाड़ फोरी, निस्की चारै दिशा भरी,
छताछुल्ल पानी हुन गो ।
त्यही पानी बीच दुई–पहाड़ डूबे पूर्ण भई,
लहरी मै नदी लीन भो ।।

पोथी झिंगा उड़ी रूख–लाग्न गयो प्राणी मुख-
बोल्दा भए एकै वाणी त्यो ।
त्यो झिंगाको भाले चाहीं, छंदै छैन जग काहीं,
गर्भ रह्यो विना पानीको ।।

एकै नारी जग भरी, सबै पुरुष भोजन गरी,
अतः बस्तु सतत अकेलै ।

गुरु कबीर भन्नु हुन्छ, यस्पालीको जस्ले बुझ्छ,
त्यो गुरु म चेला बनें है ।।

[शब्दार्थ, प्रतीकात्मक अर्थ र सन्दर्भार्थ :—]

सद्गुरु=ब्रह्माजी । संत=हे सन्त । भक्ति=काल्पनिक उपासना । शक्ति=कल्पनावाणी, नारी । दुई=अल्ला, ईश्वर । गंगा=प्रेम । पहाड़=मन । चारै दिशा=जतातत्तै, चार वेद । पानी=वाणी । पहाड=हिन्दू मुसलमान । लहरी=कल्पना वाणी । नदी=जीव । पोथीझिंगा=वाणी । रूख=मानवतन । एकै=अद्वैत ब्रह्म । भाले=ब्रह्म, ईश्वर । गर्भ=अहंकार, अनुमान । पानी=वीर्य, विचार । नारी=वाणी, विषयासक्ति । सबै पुरुष=सब जीव । अकेलै=स्व स्थितिमा । यस पालीको=यो मानवतनमा, भ्रम अज्ञानलाई । बुझ्छ=ठिक-ठिक जानेर छाड्छ । म=मायाका अहंकारी ।

२

संत जागा रूप छँदै, नित उमी मस्त हुँदै,
निस्फिक्री भै सुत्न हुँदैन ।
कालले खाने हैन, कल्पनाले व्याप्ने छैन,
देही जर्जर नाश हुँदैन ।।
गंगा फर्की समुद्र नै, शोषी पार्‍यो सुखा साफै,
चन्द्र सूर्य दुवै ग्रास भो ।
नवैग्रह मारी निज, रोगी बस्यो पानी बीच,
भव्यरूप बिम्ब भास भो ।।
विना चरण दशै दिशा, दगुर्दछ अहर्निशा,
नेत्र विना जगत सुझ्दछ ।

संशय फर्की अघिसऱ्यो, सिंहलाई ग्रास गऱ्यो,
यो आश्चर्य कस्ले बुझ्दछ ।।

उल्टो गाग्रो कसै गरी, डुब्ने हैन पानी भरी,
सुल्टो भए मात्र भरिन्छ ।
मानवले जेको लागि, अलग अलग गर्छ मागी,
त्योता गुरु कृपा तरिन्छ ।।

गुफा भित्र बसी गुन्छन् . सारा जगत देखें भन्छन्,
बाहिरको न क्यै सुझ्ने झन् ।
वाण फर्की व्याधैलाई, लागी विकल भयो हाई,
सुरा भए यो सब बुझ्ने छन् ।।
गाउनेलाइ कैले पनि, भन्छन गाउँदैनन् यिनी,
न बोल्नेकै नित्य गाउँ छन् ।
नट वत बाजा सुन्छन्, अनेक्थरी दृश्य देख्छन्,
अनहद प्रेम बढाउँ छन् ।।
सबै कथन् वाणी जेहो, विचार गर स्वयंकै हो,
सबै यी हुन् अकथ कहानी ।
भूमि उल्टी छेडी अकाश-माथि पुग्न गर्छन प्रयास,
मानवैका सबै यी बानी ।।

विना प्याला अमृत चाख्छन्, आनंदित अति हुन्छन्,
नदी भरी पानी राख्त छन् ।

गुरुकबीर भन्नु हुन्छ, उही युग युग बाँच्छ,
राम सुधारस चाख्त छन् ।।

जागा=सावधान । मस्त=अज्ञानमा पर्नु हुँदैन । देही=चेतन स्वरूप । गंगा=कल्पना । समुद्र=जीव । शोषी=शोषण गर्छ । चन्द्र=योगी । सूर्य=ब्रह्मज्ञानी । नवैग्रह=शरीरको नौद्वार=या पाँच विषय चार चतुष्ठय । रोगी=अज्ञान ग्रस्त योगी, ज्ञानी । पानी=वीर्य स्वरूप शरीर या वाणी । विम्ब=ज्योति या ब्रह्म । विना चरण=वाणी, मन । नेत्र=चेतनरूप आँखा । संशय=मन, वाणी । सिंह=जीव । उल्टोगाग्रो=ब्रह्म । डुब्ने हैन=कुनै कल्पना या विचार गर्न सक्तैन । सुल्टो=ज्ञान स्वरूप जीव नै समर्थ छ । जेको लागि=कल्याण निमित्त । अलग=देव, ईश्वरादिको उपासना गरी विविध याचना गर्छ । वाण=अद्वैत कल्पना । व्याधै=ज्ञान योगी । सुरा=वाणी ज्ञानका पारखी, गलत जती छाड्ने हिम्मत भएका । गाउने=चेतन जीव । नबोल्ने=ब्रह्म,ईश्वरादि । गाउँछन्=चिन्तन, प्रार्थना । बाजा=नाद । दृश्य=ज्योति, कल्पनाको छाया । अनहद=वेहदको ब्रह्म । भूमि=पृथ्वीका जीव । आकाश=शून्य ब्रह्मांड । प्याला=विवेकरूप । अमृत=काल्पनिक मुक्ति । नदी भरी=सत्यस्वरूप, विवेकरूप जल विद्यमान छँदै । सुधारस=स्वरूप स्थिति ।

३

संकेत – इन्द्रिय मन वासनाहरू शमन गर्ने प्रेरणा––

घरै बीच अति दङ्गा, मच्चिदो छ नाना रंगा,
हेर कस्तो भारी छोटोपन् ।
रात दिन मिली सबै, चम्की उठी लड्छन् तबै,
एक नारी पाँच ठिटा झन् ।।

भिन्न भिन्न भोजन खोज्ने, सुख शैल मात्र रोज्ने,
पाँचै अन्न अति स्वादिला।
रोक्छन् नगर बाबै भनी, टेर्नें हैन कोही पनि,
इच्छापूर्ति निम्ति हठिला॥
कुबुद्धिनीलाई खार, दोलो पार शेखी झार,
देउ चड्कन् ठीटाहरू लाइ।
भन्नुहुन्छ गुरुकबीर, उही मेरो प्रिय सुधिर,
जस्ले मेट्छ गृही दंगालाइ॥

घरै=शरीर। नारी=वासना। पाँच=ज्ञानेन्द्रिहरू। चड़कन=साधन-संयम द्वारा।

४

संकेत—हिंसा वलि, ढोंग पाखण्ड प्रति विवेक—
सन्त कठै देख्ता देख्तै, बौलाएका जगत सबै,
साँचो बोलौं मार्न बन्ने काल्।
झुट्टाको नै प्रतीत गर्नें, देखें नेमी धर्मी भन्ने,
स्नान गर्छन् नित्य प्रातःकाल॥
आत्मघात गरी पत्थर-पूजा गर्छन् यिन्मा तिल्भर-
देखिएन ज्ञान हेर भाइ।
औलिया पीर देखें धेरै, किताब् कुरान् सब पढ्दै-
साधन् बताउँछन् मुरिद्लाइ॥

उही ज्ञान उन्मा पनि, आसन बाँधि दम्भी बनी,
घमण्डी भै सब बस्तछन् ।
ढुंगा पित्तल् पूजा गर्छन्, तीर्थ धाम भ्रमी हिंड्छन्,
अहं पूर्वक भूली बस्तछन् ॥

मुकुट अरु माला भिर्छन्, छाप तिलक श्रृंगारिन्छन्,
अड्कलैमा परे हेरेनन् ।
साखी शब्द श्लोक गाई, सारै भूल परेका यी-
आत्मा खबर रत्ति पाएनन् ॥

हिन्दू भन्छन् हामीलाई, रामजीनै प्यारा भाई,
मुसल्मान रहिम् भन्दछन् ।
आपसमा दुवैथरी, मर्छन् अज्ञ लडीलडी,
कसैले के मर्म जान्द छन् ? ॥

प्रति घर मंत्र दिंदै, घूमी फिर्छन् यिनी सँधै,
महिमा कै गर्भ धापमा ।
गुरु सहित शिष्य सबै, डूबी सके कल्पना मै,
अन्त पर्छन् पश्चातापमा ॥

भन्नु हुन्छ गुरु कबीर, सुन भाई सन्त प्रवीर,
भूल भ्रम बीचै सब छन् ।

कति भनौं भनेको क्वै, मान्ने ह्वैनन् गरौं के ख्वै,
सहजै गै सहज मिल्दछन् ॥

साँचो=जड चेतन निर्णय विवेकको कुरा । झुट्टैको=कल्पना विषयासक्तिको । औलिया=तपस्वी । पीर=गुरु । किताब-कुरान= मुसलमानका धर्म ग्रंथहरू । मुरीद=शिष्य । उहिज्ञान=त्यै हिंसायुक्त ज्ञान दिन्छन् । ढुंगा=जडमूर्ति । अड्कल=अनुमान । हेरेनन्=विचार गरेनन् । मर्म=वाह्य कल्पना मिथ्या हो भन्ने र सत्य चेतनको रहस्य । धाप=अहंकार रूप हिलोपूर्ण स्थल । सहजै=सरासर । सहज=सजीलो खोज्दै विषयासक्ति, कल्पना धोखामा ।

५

संकेत—कल्पना वाणीको स्वरूप—

सन्त अति आश्चर्यको, घटना एक छ घटेको,
भनौं पत्याउने को छ र ?
एकै पुरुष नारी एकै, उस्को विचार गर पक्कै,
एक अण्ड चौराशी घर ॥

परे सबै भ्रम भूल, एकै नारी फिंजी जाल,
संसारमा पऱ्यो शंका स्वर ।
खोज्दा खोज्दा कोही जन्ले, पाएनन् क्यै अन्त्य मन्ले
ब्रह्मा विष्णु थाके महेश्वर ॥

नाग फाँस लिई भारी, भित्र भित्रै सखाप पारी,
पूर्ण जगत सकी लुटेर ।

ज्ञानखड्ग विना संसार, सारा लडे शक्ति अंसार,
समाउन कस्ले सकेर ? ॥
आफैं मूल फूल आफैं, फुलवारी पनि आफैं,
स्वयं टिपी टिपी खान्छे त ।
भन्नुहुन्छ कबीर गुरु, तिनै बचे जनहरू–
गुरुज्यूले दिए सचेत ॥

एकै पुरुष=एकै जाति पुरुष, एकै जाति नारी। अण्ड=विश्व ॐकार। चौरासी=चारराशि—मनुष्य, अण्डज, पिण्डज, उष्मज—जीवको वासस्थान। एकै नारी=वाणी कल्पना। संशय=जगत वैचित्र्यता देख्ता सब चकित भए। खोज्दा=कर्ता पुरुषलाई। नाग=कल्पना मायाले विषयुक्त त्रिगुण पासो। ज्ञात=पारख। आफैं=ब्रह्मवादिहरू। मूल=स्वयं जगतको कारण बने। फूल='एकोऽहं बहुस्याम'को इच्छा गर्ने भए। फुलवारी=जगत्। खान्छे=वाणी आधार ली लय गरी ब्रह्म बन्नलागे। गुरु=पारखीगुरु।

६

संत अति आश्चर्यको, घटना छ एक घटेको,
पुत्रले नै माता समात्यो ॥ टेक ॥
पिताजी कै संग छोरी, बहुलाई कस्ती मोरी,
कुमारी नै रही बुझ्दैनौ ।
पतिलाई छाडी बेमन्, ससुरै साथ गरी गमन्,
यो किन नी विचार लिंदैनौ ?

भाई को साथै परी, ससुराल गमन गरी,
सासुले नै साउती सुनाई ।
नन्द भाउजु परपंच, रच्नथाले मानी संच,
तर्न खोज्छन् मेरो नाम लिई ।।

सम्धिको नाह साथ, आऊँदै सहज मात,
घर बारी भयो साँच्चिको ।
भन्नुहुन्छ गुरु कबीर, सुनसंत नर सुवीर,
जन्म भयो नारी जाती को ।।

पुत्र=पुरुषजाती, ब्रह्मवादी । माता=नारीजाती 'ममयोनि महद्‌ब्रह्म' उत्पत्तिस्थान कल्पीत ब्रह्म भन्दछन् । पिताजी=ईश्वर । छोरी=जीव । कुमारी=पति नपाउनाले बैकल्यनै रही । पति=ईश्वर । ससुरै=संशय लगाई दिने शिक्षक । भाइ=भय । ससुराल=उक्त शिक्षक को समाज । सासु=भ्रामक गुरुजन । साउती=सौता, उपदेश । भाउजु=भयभीत शिष्य । नन्द=कल्पनामा स्नेह लगाई दिनेहरू । परपंच=वाणीजाल । मेरोनाम=हाम्रो सिद्धान्तमा नामकै आधार भन्दछन् । सम्धि=जड-चेतन सबै एकसम गर्ने । नाह=पति, जीव । घरवारी=स्थिति भयो भंने ठान्दछन् । पुरुष=स्वयं समर्थ पुरुष चेतन छ र पनि । नारी=भूलवश कल्पनाको नारी बन्न गए ।

७

सन्त भन्छु साँचो कुरा, कस्ले विस्वास् गर्छ पुरा,
झुट्टै बोल्दा साँचो भै रछ ।। टेक ।।

प्रकाशपूर्ण रत्न सद्दे, अनमोल अनवेध्य,
ग्राहक मालिक् छैनन् कोही खास ।
चम-चम चमकिन्छ, दशै दिशा झलमलिन्छ,
छरिएको हेर प्रकाश ॥

आफैं गुरु दया भयो, कृपा केही गर्नु भयो,
लखाइ दिए निर्गुण अलखै ।
उनमनि स्वाभाविक, समाधि त्यो जाग्यो ठीक,
प्राप्त भए राम सहजै ॥

दृष्टि दिन्छु जहाँ जहाँ, यसै गरी तहाँ तहाँ,
मानन्दिले छेड्यो माणिक ।
गुरुबाट श्रेष्ठ तत्व, प्राप्ति हुन्छ बुझ सत्व,
गर्छन् उपदेश भूमिक ॥

झुट्टै बोल्दा=भ्रामकहरूले बोलेका । प्रकाश=[पू० प०] रत्न अर्थात् परमतत्व सत्य । खास=स्वतंत्र छ । प्रकाश=यस्तो शिक्षा सुनी उनका अनुयायीहरू अनुभव गर्नलागे । अलखै=ब्रह्म । उनमनि=उन्मनि मुद्रा-सिद्धदशा र सहज समाधि । राम=ज्योतिरूपमा । दृष्टि दिन्छु=[उ० प०] माणिक=अखण्डजीव । गुरु=योगी गुरुबाट ।

८

सन्त आउने जाने ती त, माया नै हुन् जान नित,
पालक ती काल होइनन् ।

न त उनी कतै जान्छन्, न त कतैबाट आउँछन्,
प्रपंचमा कत्ति ती छैनन् ।।

के ती मधुसुधन मच्छ, बने कि ती कबै कच्छ, ?
शंखासुर संहार गरेनन् ।
दयालुमा द्रोह छैन, चाह रीस भुल्ने हैन,
भन उन्ले कस्लाई मारेछन् ?

हुँदै हैनन् कर्ता तिनी, वराहनाम् धरी उनी,
बोकेनन् भार धर्ति पुराको ।
साहेबको यो सब कार्य, कथमपि ह्वैन आर्य,
भन्छ संसार झुट्टै कुरा यो ।।

खम्भाफोरी निस्के भनी, संसार गर्छ पत्यार पनि,
तिनैलाई कर्ता वक्त छन् ।
हिरण्य-कश्यप् मार्नें, पेट नङ्ले चिरी फार्नें,
त्यो के कर्ता हुन सक्तछ ?
वामनरूप धरी बली-सँग भिख लेनन् छली,
जस्ले माग्यो त्यो काम् मायाको ।
विवेक विना पूर्ण जगत, भ्रम बीच परे फगत,
भ्रमाउने संसार माया हो ।।
पसुराम क्षत्री पनि, मारेनन् हा ! छली बनी,
सबै मायाले नै गरेको ।

सद्‌गुरुको भेद भक्ति, नजान्ने ती राई रत्ति,
जीव झुट्टै शिक्षा भरेको ।।

सीता संग सृजकले, गरेका हैनन् बिहे,
पानी पत्थर सिन्धु बाँधेनन् ।
उनै रघुनाथलाई, एक भनी भज्छन् भाई,
जो भज्छन् ती अंधा जानेनन् ।।

गोपीसंग ग्वाल बनी, आएनन् ती गोकुल पनि,
कर्ताले त्यो कंश मारेनन् ।
दयालु छन् सबै प्रति, साँच्चिका ती साहेब अति,
जीत हार बिच परेनन् ।।

उनी बौद्ध कर्ता पनि, भनाएनन् संझ गमी,
असुरनै नत संहारै ।
ज्ञान हीन कर्ता थापी, भर्मेकाछन् अज्ञ काफी,
मायालेनै जगत लंघारे ।।
निस्कलंकी कर्ता उनी, भएनन् खुब संझ गुनी,
न कलिंग उन्ले हानेथे ।
यो छल्बल संसारको, मायाले नै हो गरेको,
यती सती सबै टारेथे ।।
दश् औतार ईश्वर भन्नु, माया वाणी पक्का गुन्नु,
कर्ता ठानी जस्ले पुजेछन् ।

भन्नु हुन्छ कबीर गुरु, सुन संत जनहरू,
उत्पत्ति नाश हुने दोस्रै जन् ॥

आउने जाने=जन्मने, मर्ने। माया=मायाका अध्यासी जीव या कल्पना कै कुरा मात्र हो। उनी=शुद्ध चेतन स्वरूप। ती=जीवका कल्याण कर्ता दयालु स्व स्वरूप, कल्याण दाता संत। आर्य=श्रेष्ठ। भेद भक्ति=रहस्यको ठीक ज्ञान र भक्ति गर्न पर्छ भंने जानेनन्। एक=एकमात्रा ईश्वर कर्ता=कल्याणकर्ता। यती सती=नारद, जरत्कार, ऋषिहरूको योग, वृन्दाको सतित्व नाशगर्ने। दोस्रै=इच्छारहित मुक्तपुरुष देखि छुट्टै, कामनावासी-अज्ञजीवहुन्।

९

संत हेर यी जगतजन्, सत्य बोले आइलाग्छन्,
पिट्नभनी आगो बनेर।
चुपोलागी केको हेर, कामै बन्न सक्तछर!
को पो शब्द बुझ्छन् गुनेर ॥

पुत्र जन्म्यो अघिबाट, बाबु चाहिं पछिबाट,
यो अनौठा चाल पर्दछ।
बाबु छोरा एकै नारी, विचारगर उधेक् भारी,
कोहीजन त्याग गर्दछ ॥
तिलक् लगाइ झ्यागुताले, राजगद्दी बस्नथाले,
विषधारी सेवा गरने।
कान ढाकी कुकुर जाबो–मंत्रदिने, बिराली पो–
दासी बनी घर कुरने ॥

क्षर अक्षर एक गरे, प्रथम् बयल् अघिसरे,
पटवारी काम गर्दछन् ।
भन्नु हुन्छ कबीर गुरु, सुन सन्त यिनीहरू,
भय दीई न्याय भर्दछन् ॥

चुपोलागी=निर्णय नगरी । शब्द=शब्द जाललाई । पुत्र=मनुष्य-जीव । बाबु=ईश्वर । भारी=कल्पना, माया । कोही=पारखी । भ्यागुता=मन अहं पूर्वक अद्वैत बनी जगत रूप गद्दीमा बस्यो । विषधारी=कल्पना रूप विषधारक भ्रामक । कुकुर=उपदेशक । जाबो=विचरा जीव-लाई । बिराली=वाणी नोकरनी नै हृदयघरमा पसी ज्ञानधन हरण गर्न लागी । क्षर ·· =माया, जीव या शुभा-शुभ एकै हुन् भंने सिद्धान्त सम्मुख गराए । बयल=विवेक रहित जन । पटवारी काम=कागज किताब ली सुनाउन थाले । भय दिई=नरक, नास्तिकताको भय देखाई सिद्धान्त सुम्पन्छन् ।

१०

संकेत—धर्मको नामबाट पाखण्ड कर्म जीवघात प्रति समालोचना—

संन्त मैल्ये संसार हेरें, दुवै मार्ग भ्रष्ट देखें,
हेर केही भन्छु खोलेर ।
रोक्छु हिन्दू मुस्लिम्लाई, खान्छन् कत्ति टेर नलाई,
स्वाद सबै मिठो बोलेर ॥

हिन्दु व्रत एकादशी, साधन् गर्छन् मन कसी,
सिंगड़ा दूध मात्र खाएर ।

अन्न भने त्याग गर्छन्, मन रोक्न पछि सर्छन्,
पारन गर्छन् मांस ल्याएर ।।

रोजा निमाज मुसल्मान, लिन्छन् विसमिल्ला नाम,
नित नित बाँग पुकारछन् ।
विहिस्तको उन्लाइ बास, कसो गरी मिल्छ खास ?
साँझ पर्दै कुक्कुट संहार छन् ।।

दया धर्म हिन्दूजनको, मेहर्वानी मुसल्मानको,
दिलै देखी त्यागे दुवैले ।
हलाल् गरी यिनीरे ट्छन्, उनी मारहानी गिंडछन्,
खायो दुवै घर आगैले ।।

हिन्दू तुरुक् सबै जनको, एकै बाटो बुझ ज्ञानको,
सतगुरु यहि भन्द छन् ।
गुरु कबीर भन्नु हुन्छ, सुन भाई सन्त जुन्छ,
राम छन् न कहीं खुदाछन् ।।

मार्ग=सिद्धान्त । सिंगडा=फल विशेष । पारन=दुवादशीका दिनको भोजन । रोजा=व्रत । निमाज=ध्यान, स्तुति । बिस्मील्ला=मुसल्मानी इष्टदेव । बाँग=सबेरै खुब चिच्याई खुदा जगाउने काम । बिहिस्त=स्वर्ग । कुक्कुट=कुखुरो । राम=हृदयवासी राम, खुद-खुदा छाडेर बाहिर छन् भनी ती देवताको लागि वली कुर्बानी गर्नु-मिथ्या पाप बोक्नु हो ।

११

संत संज्ञ विप्र भनाइ, हिंसा कर्म गर्छन रमाइ,
यिनै जान कठोर कसाई ।
बोका मारी राँगा प्रति, धावा गर्छन् कस्तो मती,
दिल-दया रत्ति न आई ।।

स्नान गरी चन्दन् घस्छन्, निधारमा लाई बस्छन्,
विधिपूर्वक देवी पुजाउँछन् ।
आत्माराम पलैभरमा, नाश गर्छन् लोभ जरमा,
रगतको खोलो बगाउँछन् ।।

अति पावन उच्च कुल्का, भनाउँछन् कस्तो उल्का,
सभा बीच श्रेष्ठ बन्दछन् ।
यिनै संग सबै जगत, दिक्षा शिक्षा माग्छन् फगत,
देख्ता मलाइ हाँसो उठ्छ झन् ।।

पाप नाश गर्न भनी, कथा सुनाउँने यिनी,
कर्म तुच्छ बिच परे झन् ।
मैले परस्पर दुवै, देखें विचार गरी खुबै,
यमले नै छल गरेछन् ।।

गाई मार्ने मुसल्मान, तिनैलाई भन्छन् जान,
तिनी भन्दा यी के कमीछन् !

भन्नु हुन्छ गुरु कबीर, सुन भाई सन्त सुधीर,
कलीका यी ब्राह्मण तुच्छ भन् ।।

यमराज=ती दुवै काल स्वरूप हुन्, इनले धर्म-नामबाट कथा सुनाई सोझा साझा जीवलाई छलेका मात्र हुन् ।

१२

सन्त हेर नाना मत, सबै रंगे बीचै मद,
पिई प्रेम प्याला सुधारस ।
उसै रसमा मस्त बनी, बसेका ती जन पनि,
सतसंगी नित एकरस ।।

तल माथि खनी चुलो, मनलाई चढाइ ठूलो,
लिए रसै सार निचोरी ।
काम पुरी कर्म मलै, काटी थिर भए बलै,
सिद्धि शिष्य झरे यसोरी ।।

गोरख दत्त वशिष्ठ व्यास, हनुमान नारद खास,
शुक मुनि भए एकात्र ।
शिव सनक हरू पनि, सभा बिच बसे अनि,
फिर्न थाल्यो शून्य अपात्र ।।

अम्बरीष याज्ञबल्क, जडभरत् र जनक,
शेषनाग हजार फणका ।

कती गनौं अनगिन्ती, कोटी-कोटी पागल छन् ती,
शून्य महल रच्न लागेका ।।
प्रह्लाद् ध्रुव अति मस्त, विभीषण भए व्यस्त,
मस्त भइन सवरी ती नारी ।
निर्गुणब्रह्म मस्त भई, विन्द्रावन बीच गई,
अझै पनि नशै छ भारी ।।
देव नर योगी मुनि, पीर औलियादि पनि,
जस्ले पियो उस्ले जान्दछ ।
भन्छन् कबीर लाटोलाई, चीनी चाख्न दिनु ख्वाई,
कसोगरी स्वाद भन्दछ ?

सबै=भक्त योगी ज्ञानी आदि । तल=पिण्ड, मृत्युलोक । माथि=ब्रह्माण्ड स्वर्गलोक । रसै=मन, इन्द्रियलाई निरोध गरेर अनुभव रस । सिद्धि=सिद्धि प्राप्ति, शिष्यबन्नथाले । शून्य=स्व-स्व युक्ति तर्कबाट ब्रह्मसिद्ध गर्छन् । शून्यमहल=शून्यलाईनै परम स्थिति सम्झने । विन्द्रावन=संसार आरण्य । अझै…=आजपनि प्राणीहरू यसै नशामा परि रहेछन् । कबीर=पूर्व पक्षीहरू ।

१३

राम तिम्री माया अति, उधुम मचाउँछिन कति,
अगस्यको चाल निरन्तर ;
मति पनि तिन्को सारै, बुझ्न अति पर्छ गारै,
नचाउँछिन देव मुनि नर ।।

के भो सिमल लामो हाँगो, फूल अति अपूर्वको,
वाणी मात्र लेऊ बुझेर ।
कैयौं पक्षी आश गरी, झुम्मिएका थिए भरी,
देख्तै भुवा गए उडेर ।।

खजूर तिम्रो के विशेषता, आशे सबै हेर्छन् उता,
कसैले फल् पाउँदैनन् क्यै ।
जब गृष्म ऋतु आयो, तिम्रो छाँया कस्ले पायो ?
देख्न मात्र बिन काम कै ।।

आफ्नू बुद्धि चतुराई, सिकाउँछन् अरुलाई,
द्रव्य नारी लागि चतुरै ।
भन्नु हुन्छ कबीर गुरु, सुन सन्त भाईहरू,
राम चरण प्रेम आतुरै ।।

राम=जीव । माया=कल्पना आसक्ति । मति=परिणाम । सिमल=मान भोग विद्या धनादि हाँगा बढेर के हुन्छ, स्वर्गलोकादि । फूल=यस्को सुन्दरता । आश=आशा मात्र हो । पक्षी=चाहनावशी जीव । खजुर=विषय, पद, ऐश्वर्य, ब्रह्म । गृष्म=वृद्धता या अन्तमा । राम=वाह्य रामका प्रेममा पर्दछन् परन्तु आन्तरिक राममा शीघ्र प्रेम गर ।

"दशरथ सुत तिहुँ लोकहिं जाना । राम नामका मर्म है आना ।।"

१४

हे रमैया शंका बढ्यो, गाँठो फुक्न गारो पऱ्यो,
छुटन सारै पऱ्यो कठिनै ।

पक्री-पक्री यसै कारण, गर्भवास बीच धारण,
यम फन्दा पर्छ अतिनै ।।
भयौ कुलीन् भक्त तिमी, योगी सन्यासी मुनि,
लिन्छन् नाम जन सबैले ।
ज्ञानी गुणी दाता सूर, भयौ तिमी कविस्वर,
फालेनन् यो मति कसैले ।।

वेद स्मृति पुराण पढ़छन्, सबै मैले जानें भन्छन्,
अनुभव छैन उनमा ।
पारस्मणी पत्थर पैले, स्पर्श नभै फलाम कैले-
सून बन्थ्यो गुन मनमा ।।

जीवितैमा विना तरी, के गरौला पछि मरी ?
जो तर्दैन जीवित छँदैमा ।
जस्लाइ जस्तो निश्चय छ, सोई गर्छ अध्यास टिक्छ,
पुग्न जान्छ उही तनैमा ।।

ज्ञानी छँदै अज्ञानको, जो ज़े गऱ्यो चाह मनको,
सोई सम्भ चचुराईपन् ।
कबीर भन्छन् यस्ता सँगै, के भनौं खै देख्ता देख्तै,
आँखाचिम्ली भूली रहेछन् ।।

शंका ``=विषयभोग प्राप्ति, परमार्थ निश्चय को । गाँठो ```=आसक्ति अध्यास, जड़ चेतनको । यम=वासना, मृत्यु, भ्रामक नर-नारी । लिन्छन्=

प्रख्यात। भयौ यो मति=भ्रमबुद्धि। अनुभव=निर्णययुक्त ज्ञान। पारसमणि =पारखी संतको सत्संग। फलाम=आसक्त, भ्रान्तजीव। सूत=कल्याण पात्र, सच्चा ज्ञानी। विना तरी=खानि वाणी जालबाट। ज्ञानी=स्वयम ज्ञान स्वरूप छँदै। अज्ञान=विषय,ब्रह्म। सोई…=उसैको निश्चय गरी श्रेष्ठ बन्दछ। सँगै=विषयभोग असार दुखरूप हो, जड़ चेतन पृथक पृथक हुन, कल्पनाका इष्ट सर्वथा मिथ्या हुन् भन्ने सँग।

१५

सकेत–सचेती विना जीवको कर्माध्यास वश पुनः देह निर्माण, आवागमन–

बुनाउन माया हिंडी, जीव जुल्हा घर छोड़ी-
गयो परदेश बलात ॥ टेक ॥

गज नऊ दशगज, पोकोपारी उन्नाईस,
लगी गर्भ तान लगाई।
सात डोरी नऊ पोका, बहत्तर डाँडा घोचा,
वस्त्र बुन्यो वस्तु जुटाई ॥

त्यो पट हेर्दा दाँजो गरी, अरु हुन्नन् बराबरी,
तर विक्यो पैसा अढाइ सेर।
त्यस्मा घट्छ रत्ति पनि–बढ्नु नास्ति कत्ति भनी,
कच्कच् मात्र गर्छन सबै धेर ॥

नित्य उठी खसम सँग, बसी गर्छे बलात जंग,
तेश्रोपन आई हाल्दछ।

थोत्रो शरीर काम दिन्न, कल्याण साधन कत्ति हुन्न,
जीव रिसाइ हिड्न थाल्दछ ।।

गुरु कबीर भन्छन् संत, सुन जस्ले चिन्छ उक्त,
समस्त यो सृष्टि रच्दछ ।
छाड़ सर्व रामभज, पागल् भवसागर तज,
कठिन् जंघार बाट बच्दछ ।।

माया हिंडी=कर्माध्यासी जीवको निमित्त दोस्रो शरीररूपी वस्त्र बुन्न कर्म अध्यासरूप माया हिंडी । जीव जुलहा=अनेक कर्म, शरीर रूप कपड़ा बुन्ने । घर=शरीर । परदेश=गर्भवास । गज=…मन, नौतत्वको सूक्ष्म शरीर, दश इन्द्रिय । उनाईस=ती दुवै मिली उन्नाईस वस्तु । तानलगाई= शरीर बन्न प्रारम्भ हुन्छ । सातडोरी=सप्तधातु । नऊ पोका=नौनाडी । बहत्तर=बहत्तर कोठा या नसाहरू । त्योपट=मनुष्य शरीर । अरू= अरूतीन खानि । तर=मन स्ववश नभै ज्ञान शान्ति नमिल्नाले । अढाईसेर= सस्तो भई रहेछ; पशु पत्ती समान बिकी रहेछ । त्यस्मा=विना विवेक दिन परदिन त्यो मानवदशाबाट । कचकच=मन वासना, इन्द्रिय गण, परिवार आदि सबै जीवलाई हैरान गर्दछन् । नित्य उठी=वासनाले जीवसँग । रिसाई=दुखी भई पुनर्देहमा । सृष्टि=उक्त रचना । छाड=उक्त माया मोह जाल बुन्न छाड । राम=हृदयवासी राम । कठिन=जन्म मरण चौरासीको ।

१६

संकेत—योगीहरूको स्थिति—नाद, ज्योति, शून्याभास सम्म हो—

हे राम ! जंत्र बज्छ, मिहिनाद शब्द हुन्छ,
हात पाऊ विना नाच्दछ ।। टेक ।।

विना हात बाजा बज्छ, कान विना शब्द सुन्छ,
कानथुनी नाद सुनन ।
अति राम्रो शहर छ, बस्ति-बसी सभा लाग्छ,
मुनिजन बुझी गुनन ।।

इन्द्रि विना भोग हुन्छ, जिभ्या विना स्वाद मिल्छ,
शरीर विना अमर नित्य छ ।
स्वयं सदा जागा हुँदै, मन्दिर चोरी मालिक छँदै,
घरै शून्य खाली भए छ ।।

वीज विना टुसा उम्री, फेद विना हाँगा झाङ्गी,
विना फूलै अति फल फले ।
कोखबाट अपुत्रीको, जन्म लिने छोरो भयो,
रुख चढ्यो विना पदले ।।

मसी-मसीदानी विना, कलम र कागज विना,
अक्षर विना हुन्छ अनुभव ।
याद विना स्वाभाविक-भूले, थिए ज्ञाता यी त,
कबीर भन्छन् उनै ती मानव ।।

जंत्र···=(पू०प०) ब्रह्माण्डमा बाजा बज्दछ। स्वयं···=(उ०प०) जाग्रतस्वरूप चेतन। चोरी=गाफिलीवश ज्ञान धन। शून्य=विवेक शून्य हुँदा सारा शुभगुण सम्पत्तिनै रित्तिए। वीज···=[पू०प०] विना अज्ञान बीजकै जगत अंकुर उम्म्यो। फेद···=विना आधाररूप वृक्षको ब्रह्मादि रूप

ठूलठूला हाँगा हाले। विनाफूलै…=स्फूर्णफूल ब्राह्मीस्थिति फलफल्छ। कोख…=[उ०प०] यो सबै। विना पदले=भने समान हो। अक्षर विना…=उक्त अक्षरातीत भगवानको अनुभव हुन्छ। याद विना=[उ०प०] सम्यक ज्ञान विनानै। स्वाभाविक=सरासर। ज्ञाता यी त=पारख स्वरूप यीनी। उनै ती=उक्तनाद ज्योति आदिमा योगीहरू अल्झे।

१७

संकेत—कृत्रिम ब्राह्मणको लक्षण –

राम नाम गान गर्छन्, सबैलाई संझाइ हिंडछन्,
हरि ज्ञान विना व्याकुल ॥टेक॥

जस्को मुख वेद उच्चार, हुन्थ्यो गायत्रीको प्रसार,
वचनैले सब तारने।
जगत उठी उन्का नित, पाऊ पर्छन् प्रेमसीत,
उनै ब्राह्मण जीव् मारने॥

आफू उच्च कुल जाति, नीच घर दिन राती,
घृणित कर्म पेट भर्दछन्।
ग्रहण औंसी ढुकी भिक्षा, दान मागी सोर्छन् यी ता,
बत्ति हात इनार पर्दछन्॥

था छैन व्रत एकादशी, बलै भूत प्रेत पूजी,
अति नीच भाव लिएका।
फाली कपुर विष पोको–पारी ज्ञान गुमाएको,
पागल् बनी रल्ली फिरेका॥

साधुजनको जरोखनी, तस्करको रक्षक बनी,
सन्त-निन्दक हँस्सी उडाउँछन् ।
कबीर भन्छन् तिखा जिभ्रे, लम्पट यही रित बिग्रे,
नरक गै जीवन बुडाउँछन् ।।

हरिज्ञान=हरिको वास्तव रूप नजानी । बत्तिहात=विद्वान भैकन पनि । एकादशी=दश इन्द्रिय र मन सहित एकादशको निग्रहनै एकादशी ब्रत हो । फाली…=पारख दृष्टि छाडी । विष=विषयासक्ति, कल्पना विष । साधुजन=विवेकी कल्याण दाता । तस्कर=विवेक धन चोर्ने ।

१८

संकेत—सच्चा रामको स्वरूप र कल्पनालाई कसैले चिन्नसकेनन्—

राम गुण छुट्टै छ है, छुट्टै छहै छुट्टै छ है,
छुट्टै सम्झी सम्यक सम्हाल ।
अबुझजन कहाँ सम्म, बुझ्न सक्ने खुबी उन्मा,
विवेकीले बुझ्छन् यो हाल ।।

कति रामचन्द्र सरी, तपोधन भए हरि,
जस्ले रचे पूर्ण यो भव ।
कति कृष्ण वंशीधर, भए उन्ले पनि तर,
पाएनन क्यै अन्त यो सब ।।

मच्छ कच्छ बँदेल बनी, वामन् नामधारी पनि,
अवतार कति लिएत !

कति निष्कलंकी बुद्ध, भए तिन्ले पनि शुद्ध,
पाएनन क्यै भेद जगत ॥

कति सिद्ध साधक र, सन्यासी भए तर-
जस्ले बसाले थे वनवास ।
कति मुनिजन भए, गोरखजी कहलाए,
तिन्ले पनि मर्म न पाइ खास ॥

जस्को गति ब्रह्माजीले--पनि जान्न सकेनन् के,
शिव सनकादि आजित ।
त्यस्को गुण अब नर, कसोगरी पाऊँछन् र ?
भन्नु हुन्छ कबीर यो नित ॥

रामगुण···=हृदयनिवासी सत्य रामको स्वरूप—तत्वमसि या वाह्य रामदेखि छुट्टैछ । भव···=खानि वाणीरूप जगत नै पुष्ट गरे । वनवास= जंगलका जंगल ऋषिआश्रम समूह आवाद गराए। जस्को=जुन कल्पनाको ।

१९

संकेत—कल्पना वाणीको परीक्षा विना मुमुक्षुको हाल—

यो तत्व राम जप, जग प्राणी तिमी तत्र,
बुझौला ठीक् अकथ कहानी ।
जस्को भाव हरि प्रति, हुन्छ उहि जागा मती,
रात प्रातः बस्छन् ती प्राणी ॥

डंकिनीले हाली पासो, कुकुर उतै घिच्चिगाको,
सिंह घेरा पऱ्यो वन घोर ।
मिली पाँचै परिवार, लड्न लागे बारबार,
बाजा बज्छन् तहाँ घनघोर ।।

छाडी दिए मृग मन, संशयको भित्र वन,
शिकारीले वर्षा गरे वाण ।
सिन्धु सबै जल्न थाले, वनै डडाउन लागे,
माछा शिकार खेल्छन् दिई प्राण ।।

गुरु कबीर भन्नु हुन्छ, सुन सन्त ज्ञानी जुन्छ,
जस्ले यस्को अर्थ गर्ने छ ।
यो पद् जस्ले गान गरी, विचार गर्ला स्वयं तरी,
अन्यजन पनि तार्ने छ ।।

यो तत्वराम=[पू०प०] परमतत्व, व्यापक राम भज । अकथ= अनिर्वचनीय ब्रह्मको कथन । भाव=प्रेम, ती परमात्मामा हुन्छ । डंकिनी= [उ०प०] वाणी मायाले उक्त पासो थापेकी छ । कुकुर=मन उतै मग्न भयो । सिंह=जीव वाणी वनको घेरामा पऱ्यो । पाँचै=विषय आसक्त जीव पंच इन्द्रिय भोगमा साँधिए । बाजा=वासना कल्पना पुष्टक वाणीरूप बाजा संसारमा अति बजीरहेका हुनाले । संशयको =भ्रमवाणीको । शिकारी= कल्पनाका शिक्षक । वाण=भ्रम शिक्षा । सिंधु=संसार समुद्रलाई वाणी वनले जलाउन लाग्यो । माछा=मायावी जीव एक दोस्रोलाई । शिकार= कल्पना दृढाउँछन् । पद=मानव पना, पारख पद ।

२०

कोही राम रसिक रस - पान गर्नन् भई खुस,
पिए बाच्नन् युग युग ती ।। टेक ।।
फल अति सुन्दर छ, बोक्रा बियाँ रहित छ,
सुगा चरो खान्छ रस ली ।
चुहुँदैन थोपा रत्ति, भिज्ने हैन देह कत्ति,
भ्रमरो-दास लवलीन ती ।।
निगमको फल् रसिलो, चार मा तीन अगतिलो,
तुच्छ जानी धेरै के धाउँछन् ? ।
एक अति टाढा भन्छन्, सबै प्राणी चाह गर्छन्,
यत्नबाट कोही पाउँछन् ।।
वसन्त ऋतु गयो, गृष्म ऋतु जब आयो,
रुख मुनि किन आऊँछन् ?
भन्छन् कबीर जन भाई, सुखसागर स्वामी लाई,
राम मगन भई पाऊँछन् ।।

कोहीराम=[पू० प०] व्यापक राम या ब्रह्म । फल=[उ० प०] कल्पित ब्रह्मफल । बोक्रा=असार जगत । बियाँ=जन्म मरणबीज । सुगा=जगतजीव या शुकदेव जी । थोपा=ब्रह्मरसको बिन्दु । देह=अन्तःकरण । दास=भक्त, साधक । निगम=वेद । फल=अर्थ, धर्म, काम, मोक्ष । एक=मुक्ति । वसन्त=जवानी, वासना । गृष्म=वृद्धापन, ब्रह्मज्ञानको प्रचण्ड अग्नि । रुखमुनि=देह रहँदैन, देहमाआउँदैन । सुखसागर=[पू० प०] आनन्दस्वरूप पतिलाई । राम=सर्वत्रपूर्ण राममा रम्नेले ।

२१

रामै न रमी भाई, के पाप लाग्यो तिमीलाई,
केगरौला मर्दा अभागी ।। टेक ।।

कोही तीर्थ कोही केश-मुडी दम्भी मंत्र वेष,
भ्रान्ति उपदेश उसमा ।
कोही वेद विद्या पढी, अहंकार गर्छन बढी,
आखिर धुलै फाँकछन् मुखमा ।।
दुखः खपी पाप भर्छन्, कुटुम्बीको पोषण गर्छन्,
मर्दा एक्लै दुख पर्दछ ।
कबीर भन्छन् कली कंसल्, करुवामा कंसल् असल् ।
टुटोबाट उही झर्दछ ।।

राम=चेतन राम । कली=विषय-बासना, पापकर्म, कल्पना, बड़ो खराब छ । करुवा=हृदय । कंसल असल=जो जस्तो कर्तव्य छ । टुटो=अंतमा त्यही भोगहुन्छ=टर्नें छैन ।

२२

हे अवधु देऊ छाड़ी, प्रपंच सब मन बाढी,
जे जतिछन् जहाँ बगेका ।। टेक ।।

त्यो पद तिमी गर ग्रहण, हुन्छ जेले तारण तरण,
परब्रह्म माथि परख ।
महादेव मुहम्मद, हैनन् हरि हजरत,
ब्रह्मा आदम देखि फरक ।।

धूप छाया अस्सिहजार- पैगम्बर मुनि हजार-
अठासी सब कुनै होइनन् ।
चन्द्र सूर्य तारागण, मच्छ कच्छ दुवै हैन,
वेद कितेब शास्त्र थिएनन् ॥

संयम जीवन बाँग छाया, निमाज राम खुदा काया,
अन्त मध्य मन थिएनन् ।
अग्नि वायु पानी न थे, चौरासी लाख जन्तु के थे,
साखी शब्द वाणी थिएनन् ॥

गुरु कबीर भन्नु हुन्छ, योगी जन सुन जुन्छ,
सबै माथि गर विचार ।
कताबाट पूर्ण ब्रह्म, प्रकट भए राम्रो गम,
कृतिमले गरे प्रचार ॥

अबधु=बधु रहित ज्ञानी, योगी । मन=कल्पना । त्यो=पारखपद । महादेव=[पू० प०] हजरत=स्वामी, साहेब । पैगम्बर=मुसलमानका ऋषि मुनि । कृतिम=कल्पनै बाट यी सब उत्पन्न भएका हुन ।

२३

योगी बुझ संसार यो, माया जाल कल्पनाको,
अनौठाको भारी चाल छ ॥टेक॥

भिक्षुलाई महाराजा–बनाउँछे भारी राजा-
लाई रंक भिक्षु बनाई ।

नरजीव यसै कारण, मिथ्या भ्रांति गर्छन् धारण,
चन्दन फूल फुल्छ रमाई ।।

मत्स्य व्याध जंगल रमे, समुद्रमा सिंह भूले,
अडिलबोट चन्दन महकी ।
चारै दिशा फैल्यो सुवास, तिनैलोक बिच तमास,
अन्धो व्यक्ति देख्छ गमकी ।।

पहाड पर्वत लंगडो पो - नाच्ने मुक्त जीव जो हो,
त्रिलोक डुल्छ नित्य हिंडेर ।
लाटो ज्ञान विज्ञान पनि, प्रकाश गर्छ बेहद वाणी-
बोल्छ यो खुब लेऊ बुझेर ।।

अकाश बाँधि पताल पठाइ, शेषलाई स्वर्ग उठाइ-
विराजमान नित हुँदैछ ।
कबीर भन्छन् राजा राम, सामर्थी छन् तिन्ले काम-
जे जो गर्छन् सबै ठिकै छ ।।

भिक्षु=पानी, पत्थरादि । महाराजा=समर्थ देवता । राजा=चेतन जीवलाई । रंक=दास अल्प, किंचिज्ञ । चन्दन=चेतन जीव । फुल्छ=मिथ्या अभिमानमा फुल्नथाले । मत्स्य=जीव । व्याध=भ्रामक । जंगल=संसारमा घुम्छन् । समुद्रमा=भ्रमसागर । सिंह=जीव । अडिल=कल्पित ब्रह्म । चन्दन=चेतन स्वरूप भई रहेछ । सुवास=सर्व मैहूँ भन्दछ । तिनैलोक=सर्वत्र मेरै विलास हो भन्न थाल्यो । व्यक्ति=विवेकहिन अन्धाले ।

लँगडो=मन सुमेरु पहाड भन्दा माथि पुग्न थाल्यो। मुक्त=शुद्ध मुक्त ब्रह्मले जीव जड़तत्व बनेर। त्रिलोक=सर्वत्र घुमी रहेछ। लाटो=मौन ब्रह्म (ब्रह्मवादी) बेहद=सीमा रहित बनेर। अकाश=ब्रह्माण्डमा। पताल=जीव, वायु। कबीर=उपासक जीवहरूको भनाई हो।

२४

सन्त योगी मेरो उही - गुरु बुझ जस्ले यही—
पद ठीक निर्णय गर्दछ ।।टेक।।

रुख एक जरो विना, खड़ा उस्मा फूल विना,
अति मिठो फल लागेको।
उस्मा हाँगा पात कत्ति-छैनन् आठौं आकाशजत्ति,
सघन सर्व पूर्ण ढाकेको ।।

मुहुना विना पात, आधार विना तुम्बा साथ,
जिभ्रो विना गुण गाउँछन्।
गायकको रेखा रूप, केही छैन विचार खुप,
सतगुरु भए बताउँछन् ।।

चरीलाई भारी दह, माछोलाई शडक अह!
कबीर भन्छन् उत्तम दुवै हो।
पारावार रहित राम, परम पुरुष सर्वोत्तम,
मूरतिकै बलिहारी हो ।।

सन्त=[पू. प.]। पद=ब्रह्मपदको। रूख=ब्रह्म वृत्त। जरा=निराधार। फूल=स्फूरण। फल=संसार। हाँगा=तीनगुण। पात=वाणी,

मन । आठौं=सप्तस्वर्ग र अपवर्ग जम्मा आठ, आकाश तक व्यापक या तीन गुण पाँच तत्व सहित आठ मुख भएको ब्रह्म आकाशवत सर्वत्र परिपूर्ण छ । मुहुना=ब्रह्म । पात=अवयव या रूप । आधार=ब्रह्म । जीब्रो=विना जिभ्रो नै वेद द्वारा आफ्नू गुण गाऊँछन् । सतगुरु=ब्रह्माजी समान गुरु । देह=विहंगम मार्ग, हठयोग सडक=मीन मार्ग, राजयोग । कबीर=[पू. प.] शिक्षक । उत्तम=उक्त दुवै मार्ग ब्रह्म प्राप्ति निमित्त श्रेष्ठ हुन ।

२५

संत उहि तत्व प्रति, योगी जन रत्त अति
बाजा नाच्छन् जन्ति बज्दछन् ।। टेक ।।

मुकुट माथि वर लाए, अकथ साथ गाँठो पारे,
उपदेश गर्ने भए त ।
सम्धि गर्ने मण्डप वरण-छोरो-आमा पाणी ग्रहण-—
गरेको त्यो हेर उधेक ।।

लिपी दुलहिनीलाई, चौका विराजमान गराई,
अभयपद प्रकाश गराए ।
भातै फर्की जन्तिलाई, खपाखपी दियो खाई,
राम्रै सँग काम बनाए ।।

पाणी ग्रहण भयो अब, यही मंडप विच भव,
सुषुम्नामा लक्ष्य गरे सम् ।

भन्नु हुन्छ कबीर गुरु, सुन सन्त वृन्दहरु,
पंडित ज्ञानी बुझि गर गम् ॥

उहि=ब्रह्मतत्व। राजा=योगसाधनमा इन्द्रियरूप बाजा नाच्छन्, काम्दछन्। जन्ति=तत्वप्रकृतिरूप जन्ती अनहदनाद बज्दछन्। मुकुट=ज्योतिरूप ब्रह्ममा। वर=जीवलाई अर्पण गरेर। अकथ=अनिर्वचनीय भनी उसैका साथ गाँसीन गयो। सम्धि=जडचेतन एक हो भने निश्चयमा वुद्धिसम भएका विज्ञजनले। मण्डप=मण्डपाचरण समान शिष्यलाई स्वसिद्धान्तको आचरण सिकाउँछन्। छोरो=जीवले। आमा=ब्रह्म कल्पनामा लगन लगायो। लिपि=लय गरे। दुलहिनी=वृत्तिलाई। चौका=चतुष्ठय अन्तःकरणमा। अभय=ब्रह्मज्योति जगाए। भातै=अन्तःकरणले। जत्तिलाई=जगत तत्व प्रकृतिलाई। खपाखपी=लयगरायो। पाणी=वाणी, अब राम्रै ग्रहण भयो। भत=खानि वाणी जगतमा। सुषुम्ना=योगीहरूले लक्ष्य सम गरे। सन्त=संतले यो सबै धोखा हो भन्ने बुझेकै हुनाले सुन। बुझि=पंडितले बुझी विचार गर, कल्पना छाडी पारखमा स्थिर होऊ।

२६

हे भाई धेरै-धेरै, भनौं कति कोहि थोरै,
बिरलानै मेरा मित्रछन्।
उत्पत्ति विनाशकारी, आफैं छन ती राम भारी,
जस्तो राख्छन् उस्तै रहु जन् ॥
आसन प्राण योग वेद, शास्त्र ज्योतिष् पढी भेद,
जगजीव बहुलाए झन्।

यस्तै गरी छ:दर्शनी, छयान्नव्वे पाखण्डि ती,
यो कुरा के रत्ति जान्दछन् ?
सम्पूर्णसंसार घुमे, कुनाकाप्चा छामी आए,
कसैलाई शान्ति आएन ।
तानछाड़ी जगतलाई, उखेले थे तर हाई,
मन्मा मन सम भएन ॥

भन्नु हुन्छ गुरु कबीर, योगी जंगम जुटेका वीर,
आशा उन्को सबै व्यर्थ गो ।
राम नाम चातक सरी, रटन् गर्थे कठैबरी,
भक्ति ठान्थे यो अन्यर्थको ॥

भनौंकति=यो कल्पना हो भनी कति भनौं । मेरा=पारख चेतन विवेक पूर्वक ग्रहण गर्ने मेरा । राम=ईश्वरले जसरी राख्छन् । कुरा=कल्पनाको मर्म र पारख स्वरूपको भेद । तान=खानिजाल छाडेथे । मन=मनद्वारा मन शमन भएन । जुटे=कल्पनाको निमित्त परिश्रममा परेका । अन्यर्थ= कल्पनामै अल्झे ।

२७

हे भाई ! अचम्म यो, कुरा कथे अपूर्व को,
भनौं कस्को विश्वास मनमा ।
जहाँ जहाँ राम्रो हेर, उही कुरा पूर्ण घेर,
भरी भराउ सबै जनमा ॥

लक्षको विना सुख, दरिद्र विना दुख,
निद्रा विना सुखी सुत्दछन् ।
तेज विना जल्यो ज्योति, रूप विना मुग्ध अति,
यस्तै रत्न विना रुँदछन् ।।
भ्रम विना भए ग्रास, विना मणि हेर्छन् खास,
रूप विना रूप विचित्र ।
स्थिति सूरत विना, आनन्द रहस् विना,
अनौठाको यस्तो चरित्र ।।

कबीर गुरु भन्नु हुन्छ, हरिमाणिक जगत गुन्छ,
चित्त अनुमानि हेरन ।
लाखौं धन लोभ छाडी, कुटुम्बको मोह त्यागी,
लौ सारंगपाणी भजन !

अचम्म=अज्ञान पूर्ण उधेक लाग्दो । अपूर्व=कल्पना भ्रान्ति । विश्वास=विवेक गरी लेओस । लक्ष=लाख करोड द्रव्यको कल्पनावत ब्रह्म ईश्वरको कल्पना गरी सुखी बन्दछन् । दरिद्र=जीव कंगाल थिएनन् तर दुखी भई रहेछन् । सुखी=अज्ञान निद्रा लिई रहेछन् । जल्यो=अग्निज्ञान विना कल्पनाको ब्रह्मज्योति जल्यो । रूप=निराकारमा । रत्न=पारख रत्न । भ्रम=नभएको पदार्थ, कल्पनामै । मणि=ब्रह्म मणिको । हेर्छन्=निरख परख गर्छन् । रूप=निराकार नै साकार—नाना जगत बनेको हो भन्दछन् । स्थिति=वास्तविकता विना लक्ष्य लगाउँछन् । रहस=आनन्दित छन्-कल्पनाको मर्म नबुझेरै । माणिक=ब्रह्मरूप रत्न । सारंग=माया कल्पना स्त्री आदिलाई । पाणी=हृदयबाट । भज=त्याग ।

२८

सन्त यौटा हेर भाई, ब्रह्माजीले दिए गाईं,
मोटी–दुब्ली दुवै रूप छन् ।
पानी पिउँछिन् नौ नालाको, तरपनि प्यास तिन्को,
नमेटिने कत्तिगरी झन् ।।

बहत्तर कोठा साधी, पवनलाइ अति बाँधि,
बज्रकपाट बन्द गरेर ।
राम्रो संग ठोकी किलो, अति मस्काइ बाँधि दाम्लो,
चुँडाल्दछिन जान्छिन भागेर ।।

चार रूख छः हाँगा छन्, अठारह पात रछन्,
संसार सबै यिन्कै पुच्छर ।
येती सबै पचाएर, गाईं अघि बढिन् हेर,
हरे कस्ती सारै दुच्छर !

यी सात र अर्का पनि, सात नव चौध छन्नी,
हे भाई हो ! सबै बटुली ।
खाँदै खाँदै अघि हिडछिन् , पेट सेप्रै भोकै फिर्छिन्,
अघाईनन् सित्तैं चटुरी ।।

पूर्णतामा रम्छिन् गाईं, सिंग भने तिन्को भाई,
अतिराम्रो सेतो पनि छ ।

रंग बेरङ् छैन केही, खाद्याखाद्य पायो तेही,
खपाखपी खाने बानि छ ॥

ब्रह्मा विष्णु खोजी ल्याए. शिव सनकादि धाए,
हेभाई हो ! खोजी गर्दै छन् ।
सिद्ध जन अनगिन्ति, खोज तलास गाई निम्ति,
निमग्न छन् नपाइ फिर्दछन् ॥

गुरुकबीर भन्नु हुन्छ, सुन सन्त ज्ञानी जुन्छ,
जस्ले यस्को अर्थ गर्ने छ ।
यहीपद जस्ले गाई, विचार गरी लिन्छ भाई,
उस्को पछि मुक्ति हुने छ ॥

दिए=वाणीरूप । मोटीदुब्ली = स्थूल-सूक्ष्म मायाको रूप लिएकी छ । नौनाला= नौ व्याकरण द्वारा ब्रह्मसिद्ध गर्छन् । तिन्को=नेति-नेति भन्नु-परेको छ । बहत्तर=उस्को प्राप्ति निमित्त बहत्तर कोठाको वायु शमगर्छन् । कपाट=नवैद्वार बन्द गर्नु । किलो=ज्योति स्वरूपमा । बाँधि=वृत्ति बाँध-छन् । चुँडाल्छ=तैपनि लक्ष्य भागी रहन्छ । चाररूख=वेद । हाँगा=शास्त्र । पात=पुराण । पुच्छर=अनुयायी । यती=येतीबाट पनि कल्पितवस्तु हुनाले सिद्ध हुन सकेन-मिलेन । यी सात=पाँचतत्व मन र जीव । सात= पाँच विषय, हिरण्यगर्भ र ईश्वर । नव=नौतत्वको सूक्ष्म शरीर या नौद्वारको स्थूल शरीर । चौध=चौध देवता, या विद्या । खाँदै=उक्त सबैलाई लय गर्दै गई । भोकै=तैपनि अन्त भएन । चटुरी=भूत प्रेत चौध तपक

परमधाम अनेक कल्पना बढ्दै गयो। पूर्णता=व्यापकता। रम्छिन्=आसक्त छ। सिंग=उनको लक्षण। सेतो=शुद्धब्रह्म भन्दछन्। बेरंग=निराकार छ। खाद्याखाद्य=विधि-निषेध रहित छ। खोजी=खोजी गर्दै कल्पना-वाणी संसारमा फिंजाए। अर्थ=जो विवेकीले यो वाणी ब्रह्मको निर्णय गर्दछ। लिन्छ=कल्पना जालबाट छुटी पारख स्थिति पाउनेछ।

२९

हेभाई हो ! नेत्र प्रति, प्रेमरस जागोस अति,
शुद्ध नित्य परब्रह्मको।
अविनाशी अविगत, एक शुद्ध तत्व स्वत,
कसैगरी लागोस मन यो॥

जन जोछ अमल ग्रस्त, तृष्णा व्यसन अति व्यस्त,
कहाँ तिन्ले सन्तोष पाऊँछन्?
काम क्रोध दुवै मद, मस्त भई गिर्छन पद,
माया भरी भरी ल्याऊँछन्॥

ब्रह्म भट्टी भट्टीवाल, चढाउने इनको चाल,
सबै इन्द्री मिली चुस्तछन्।
तर साथै छुद्र बन्छन्, नाना भाँति ज्ञान छाँट्छन्,
विवेकीले चाला बुझदछन्॥

नाना संकट सोच निच, छयो खराब कली बिच,
विपुल व्याधि ग्रस्त शरीर।

जहाँ गंभीर अति धीर, अचलपद शान्त थीर,
तहाँ गई मिल्नु कबीर ।।

हे भाई=[पू. प.] अविगत=अज्ञान वेपत्ताको । अमल=[उ. प.] वाणीका व्यसनीहरू । काम=कर्मकाण्डी । क्रोध=तमोगुणी हिंसकी । गिर्दछन्=विवेकबाट । माया=कल्पना प्रचार गर्छन् । भट्टीवाल= ब्रह्मवादी भट्टीवालले कल्पनाको चुलोमा सबै मत बसाली 'अहं ब्रह्मामि' रस निकाले, सबै चाख्न थाले । छुद्र=जड़-चेतन मुछिएको भन्ने कल्पना गर्छन् । कली=पाप आसक्ति, कल्पना । पद=पारख पद स्व स्थित संत । गई=अभिमान छाडेर मिल, हे जीव ।

३०

संकेत—हिन्दु मुसलमान दुवैको मानंदी—

भाई ! दुई जगतपति, कहाँबाट आएछन् ती,
भन ! कस्ले बौला गरायो ?
करिम् केशव् अल्लाराम, हरि हजरत् आदि नाम,
कस्ले कल्पी विश्व भरायो ?

प्रथम् एकै लाप्सा सुन्छन्, थरी थरी भूषण बन्छन्,
आखिर सबै बुझ सुनै सुन् ।
सोही प्रकार सुन्न भन्न, दुई थरी गए बन्न,
निमाज–पूजा दुवै भक्ति हुन् ।।

मुहम्मद शिव उनै, ब्रह्मा आदम पनि उनै,
फरक् छैनन् यिनी सब मै ।

को हिन्दू को मुसलमान ? दुवैथरी मानव जान,
बस्छन् सबै पृथ्वीतल मैं ॥

पंडित जन वेद पढ्छन्, मोल्वीहरु किताब रट्छन्,
कुकुर सरी भुक्ने मात्र हुन् ।
आफ्नू आफ्नू उन्ले नाम, पृथक पृथक राखे जान,
किन्तु एकै मट्टि पात्र हुन् ॥

भन्नु हुन्छ गुरु कबीर, दुवै भूले आ-आफ्ना पीर,
सकेनन् राम भेट्न यिनीले ।
यिनी काट्ने खसी कठै, उन्ले गाई कटाइ उसै,
सित्तैं जन्म फाले तिनीले ॥

भुकने=दुवै थरी विशेष कल्पनै कथन गर्नें हुन् । स्वपीर=स्वयं चेतन इष्ट । राम=हृदयवासी रमैया राम ।

३१

हंस हेर ! संशयको, छुराले खुब् धस्सीएको,
गाई चुस्छ बाछो दुहिन्छ ॥टेक॥

प्रतिघर जानवर, शिकार खेल्छन् व्याधा हेर-
भागी आड लिने भएको ।
पानी बली तातो भयो, बालुवानै भुट्भुटियो,
धूलो बगी छाल उठेको ॥

भूमि वर्षी बादल भिज्यो, थुम्को माथि पानी जम्यो,
पौडिखेल्न योग्य भएको ।
हंस उडी गयो तालै, खङ्रङ्ग सुकेरनै,
गोड़ा बिच हिलो बिजेको ।।

हात खुट्टा चले सम्म, पुरुषार्थी बनी टम्म,
कुनै आशा कत्ति नगर्नु ।
गुरु कबीर भन्नु हुन्छ, साथ न चल्ने जुनछ,
उस्को कुरा लिई के गर्नु ?

हंस=मनुष्यजीव । संशय=भ्रमवाणी । गाई=वाणीमाया । बाछो=जीव ! प्रतिघर=घटै पिच्छे । जानवर=शिकार, भ्रमशिक्षा, मन । व्याधा=समर्थ जीव । आड=कल्पना वाणी, भ्रामक जीव, दैव ब्रह्मादिको । पानी=वाणी, कामजन्य तापमा । बालुवा=जीव । धूलो=हृदयमा कल्पना तरंग उठ्न लाग्यो । भूमि=भ्रान्त बुद्धिका भ्रामक गुरु । बादल=जीव । थुम्को=वेद कुरान, वाणीले हिन्दू मुसलमानादि । माथि=ढाक्यो, डूबे । हंस=चेतन । तालै=शरीर । गोडा=जीवको वासना रूप पाऊ । हिलो=पंचविषय, शरीर जगतरूप हिलोमा । कुनै=विषय, कल्पना, वाणी भ्रामकहरूको । साथ=विवेक सम्पन्न सदाचरणमा न चल्ने, देह, संपत्ति आदि अन्तमा साथ न जानेहरू नै प्रतिपादक वचन के लिनु ?

३२

हे हंस हो ! चित्तादिई, चेत चाँडै चाखलिई,
यिन्ले धेर गरे प्रपंच ।।टेक।।

सर्व त्रिगुण पाखण्ड नै, रचेका छन् उधेक यै,
तहीं भूले संसारी सब ।
गृह स्वामी व्याधा उनै, राजाबनी बसे तिनै,
प्रजा कठै के गरुन अब ।।

भक्ति के हो छैन थाहा, मभक्त हूँ भन्ने अहा,
अमृत छाडी विष निल्दछन् ।
ठूला ठूला पूर्व भए, नाहकैमा डुबी गए,
खाएनन् क्यै मेरा कुरा ज्ञन् ।।

हृदयमा अति मेरा, राम्रो गाँठो पारी घेरा,
रातै दिन बन होशियार ।
प्रपंची खुब् गुरुकली, जालहाली ठगी छली,
मारे कठै सम्पूर्ण संसार ।।

वेद किताब् फन्दा दुई, थापेका थे जाल उही,
किन्तु उस्मै स्वयं परे ती ।
भन्नु हुन्छ कबीर अति, भुल्ने छैनन् हंस जति,
जब मिल्छन् बंदीछोरजी ।।

हंस=विवेकी । यिन्ले=भ्रामक शिक्षकहरूले । प्रपञ्च=वाणीजालको विस्तार । त्रिगुण=अद्वैत, द्वैत, त्रैतादिवाद या अयोग्य कर्म उपासना योगादि । स्वामी=धर्मका मुख्यगुरु भनेका नै कल्पना जालमा परे, सोही जाल अन्य अज्ञ जीव माथि पनि हाल्न थाले । अमृत=स्वरूप ज्ञान, सदाचरण । विष=कल्पना, दुराचार । मेरा=विवेकयुक्त वचन । कली=पाप,

विषय, कल्पनादि धारक । जाल=ठगी पना, वाणी जाल । फन्दा=निर्णय स्वतंत्र विवेक विना जीवको निमित्त पासो बन्न गयो । हंस=विवेकी जीज्ञासु । बन्दीछोर=बन्धनबाट जीवलाई छुटाई दिने विवेक-वैराग्य सम्पन्न पारखी गुरु ।

३३

कहाँ जान्छौ प्यारा हंस, सरोवर छोडी वंश,
भन अब पुग्ने कता लौ ?
जुन तालमा मोती चर्थ्यौं, निकै क्रीडा ऐश गर्थ्यौं,
सारा जीवन सुखै बितायौ ॥

सुक्यो ताल कमलपात, पानी छाड़ि दियो साथ,
वईलाई कमल गल्न गो ।
गुरु कबीर भन्नु हुन्छ, यसपालीको बिछोड्जुन्छ,
फेरी आई कैले मिल्ने हो ?

हंस=चेतनजीव । सरोवर=शरीर । मोती=विषयभोग । क्रीडा=ऐश-विलास, रति सुख । सुखै=कल्पना सुखमा मुफत । ताल=वृद्धावस्था-दह सुक्यो । कमलपात=छाला चाउरी परे । पानी···=रगत-मासु । कमल=मुखकमल, करकमल, नेत्रकमल, हृदय कमल सबै । यसपाली=विना पारख बोध यो शरीर छोडी गए पछि ।

३४

हंस दशा हरिजन, लिइ फिर्छन् उत्तम मन,
शुद्धनाम छानी बोल्दछन् ॥ टेक ॥

मोती मुख लोभ्याउँछन्, यात मौनधारी बन्छन्,
कित भने गुण गाउँछन् ।
मान सरोवर बस्छन्, राम चरण चित्त दिन्छन्,
भित्र उदास वृत्ति बनाउँछन् ।।

काग बुद्धि संसारी जन, निकट तिन्का आउँदैनन्,
नित्य हंस दर्शन पाऊँछन् ।
दूध पानी जो छुट्याउँछ, गुरुकबीर भन्नुहुन्छ,
तिनै मेरा अनुगामी जन् ।।

(पू० प०) हंसदशा=शुद्ध वेश बनाई । हरिजन=भक्तहरु । नाम=ॐ, राम आदि । मोती=मोती रूपनाम मुखले उच्चारण गर्दै सबैलाई लोभ्याउँछन् । मानसरोवर=मान सरोवर आदि तीर्थवासी बन्छन् । नित्यहंस=भक्तजन भगवानको । दूधपानी=जड़ चेतन सत्यासत्य ।

३५

संकेत—उपासकहरुको भावना—

हरि मेरा स्वामी हुन् है, दुलही म रामजीकै,
राम श्रेष्ठ तनकी सानी म ।
रामै मेरा चर्खा एक, महूँ शुभ्र प्यूरी नेक,
हरि रट्दै कात्छु जानी म ।।

छ महीना धागोकातें, वर्ष दिन पोको पारें,
भन्छन् सबै राम्रो काती छौ ।

भन्नु हुन्छ कबीर गुरु, धागो कात्यौ राम्रैबरु,
चर्खा हुन्न मुक्ति दातृ लौ ॥

हरि=(पू० प०) भक्तजन भन्दछन् । राम श्रेष्ठ=ईश्वर व्यापक छन् । सानी=म उनको अंश हूँ । चर्खा=मुख्य साधन, अवलम्ब । उज्वल=भगवानको आश्रित् । रट्दै=नाम जप स्मरण खुब गर्छु । छःमहीना=छःमहीनाको जपबाट बाह्य चंचलता हट्यो । वर्षदिन=एक वर्षको चिन्तनले भगवानमा भित्रिधारणा दृढ भयो । धागो=[उ. प.] नाम त राम्रै जप्यौ, तर ती चर्खारूप सृष्टि विस्तारक हुनाले बन्धन—डोरी बाट्ने हुन् ; मुक्तिदाता हुन सक्दैनन् ।

३६

संकेत—पूर्वशब्दको निर्णय यस शब्दबाट व्यक्त हुन्छ—

हरि ठग्ले ठगे धेर, ठगिनीलाइ ल्याए हेर,
हरि वियोग बाँच्छौ के गरी ? ॥ टेक ॥

कस्को पति कोहो कस्लाइ, कस्की नारी भन्नु हेभाइ ?
अकथ कथा यम फैलायो ।
कस्को पुत्र कोहो कस्को–बाबुको हो मर्ने कोहो ?
सन्ताप खप्ने कोहो भला त्यो ? ॥

ठगी ठगी लिई मूल, सारालाई दिई शूल ।
छैन राम टुना चिनेको ।
गुरु कबीर भन्नु हुन्छ, मन-ठगै हित गुन्छ,
छुट्छ ठगी ठग चिनेपो ॥

हरिठग=विवेक हारक भ्रान्त शिक्षक । ठगे=भ्रमाए । ठगिनी=

कल्पित वाणी। हरि=कल्पना का पति। वियोग=बिरहमा। कस्को=कसैका कोही मालिक कर्ताभर्ता होइन-छैनन्—इत्यादि भाव हो, यहाँ सामान्य स्त्री पुरुषको भाव होइन। यम=मन भ्रामक जन। ठगी=भ्रान्तजन, कल्पना वाणीले। टुना=वाणीजाल। मन=मनले भने उक्त ठगलाई नै मित्र संझी रहेछ। चिनेपो=पारख दृष्टि प्राप्त भएमात्र।

३७

हरि ठग ठग्दै हिड्छन्, संसारमा भ्रमण गर्छन्,
बोल्दैनन् क्यै मुखै मौनी भै।
मित्र मेरा बालापनका, मलाइ छोडी गयौ कता ?
शीघ्र दर्शन देऊ प्रगट भै॥

तिमी मेरा पुरुष अरु, म हूँ पत्नी तिम्रीबरु,
गिरी भन्दा गह्रौं तिम्रो चाल।
मट्टिको स्थूल देह, प्राणमय सूक्ष्म देह,
जीव देख्तै डर्छन् हरि काल॥

हरिठग=वंचक शिक्षकजन। ठग्दै=सबको बुद्धि हर्दै। मौन=विवेकी जन भेट भए मौन रहन्छन्। मित्र=(पू. प.) हे भगवान! तिमी मेरा गर्भबासका रक्षक मित्र हौ। गह्रौं=अचल हुनुहुन्छ। मट्टी=(उ. प.) नश्वर देह का वासी अबोध जीव हुनाले। हरिकाल=भ्रान्त शिक्षक, वाणीजाल, कल्पना।

३८

हरि विन धोका खाई, भर्मनामा परे भाई,
गन्दगी मै रचे पचेर।

जहाँ जहाँ उनी पुगे, आफ्नूपना फाली घुमे,
उस्मै मस्की फन्दा रचेर ।।

योगी भन्छन् ठूलो योगै, अर्को श्रेष्ठ छैन सोगै,
मोक्ष प्राप्ति मुख्य मार्ग यै ।
रौं उखेल्ने मुडी फाल्ने, मौनी बन्ने जटा पाल्ने,
तिन्ले कहाँ सिद्धि पाए क्यै ।।

योद्धा कवि गुणी ज्ञानी, दानी सबै अहं मानी,
हाम्रै ठूलो सत्य भन्दछन् ।
जहाँबाट निस्की आए, आखिर तहीं वास पाए,
सबै छुटी गए बन्द भन् ।।

वाम दक्षिण् विकार त्यागे, आफ्नै जानी नित्यलागे,
हरिपद ग्रहण गरेर ।
कबीर भन्दछन् लाटाजनले, सक्खर खाये स्वाद उन्ले,
सोध्नु भन्छन् कसो गरेर ?

हरि=हरिको वास्तव भेद न जान्नाले । गन्दगी=संसार, शरीर । जहाँ जहाँ=अनेक देह, मत मतान्तर । आफ्नू=शुद्ध पारख स्वरूप बोध । रौं उखेल्ने=जैनी । मुडी फाल्ने=सन्यासी । जटा पाल्ने=तपस्वी ; सिद्धि स्थिति । योद्धा=भिष्मादि । कवि=व्यासादि । गुणी=भक्त । ज्ञानी=शुकादि । दानी=कर्णादि । जहाँबाट=गर्भवास । बन्दभन्= वाणीजाल समेत थपियो । वाम=अशुभ-शुभ दुवै मार्ग । आफ्नै=कल्पित शून्य पदनै आफ्नू स्वरूप संझी भ्रान्त जीव अल्झे । हरि=विष्णु, कामदेव

यम वनारादि स्थानानुसार अर्थ हुन्छ, यहाँ कल्पना का हरि। कबीर=भ्रम शिक्षकहरूको भनाई। कसो गरेर=यस्तै संभी ब्रह्म भावमा मौन बन्दछन्।

३९

यस्ता हरि संग जगत्- जीव सारा लड्छन् फगत्,
सर्प कहीं गरुड पक्रन्छ ?
मुसो अरु विरालाको, मित्र भाव कारण के हो ?
सिंह संग स्याल लड्दछ ।।

अचम्मको अर्को कुरा, हेर संसार जन पूरा,
हस्ति सवार खेद्यो स्वानले ।
गुरु कबीर भन्नुहुन्छ, सुन सन्त भाई जुन्छ,
यो भेद् बुझ्ने कोही ज्वानले ।।

हरि=उक्त कल्पित। लडछन्=चिन्तन अनुसन्धानादि। सर्प= अज्ञजनले। गरुड=कल्पना कामिनीको अन्त्य के पाउन ! विरालो-सिह= कामिनी। स्वान-मुसो=अज्ञजन। स्याल हस्तीसवार=जीव। कोही ज्वानले=पारखीजनले।

४०

संकेत—वाह्य काल्पनिक रामको विवेचनापूर्वक हृदयस्थ रमैया रामको भजन-विवेक स्थिति निरुपण--

पंडितजन ठोक्वागरी, मिथ्यै बोल्छन् धेरै थरी,
विना विवेक् यसै भुलियो ।
राम नाम लिंदै फगत्, मुक्ति हुने भए जगत,
मिश्री भन्दा मुखै गुलियो ।।

आगो आगो मुख बोलोस, चिसो खुट्टा ताती पोलोस् ,
पानी भन्दै तिर्षा विनश्य ।
भोजनको नाम भन्दै, भोक नाश भए टम्मै,
जगत पनि तर्लान् अवश्य ।।

मानव साथ सुगा पढ्छ, राम हरि भनी रट्छ,
उन्को प्रताप उस्ले जान्दैन ।
यदि औसर पाई उड्यो, वन बीच पुग्यो भुल्यो–
भने हरि स्मृति ठान्दैन ।।

विना संग दर्श स्पर्श, खाली नाम लिई गर्ब,
के पाऊँछ फल कस्लेर ?
धन धन नाम लिंदै, धनी हुने भए सबै,
निर्धनी भै को पो बस्थेर ?

विषय र माया प्रति, साँचो प्रेम गर्छन् अति,
हरिभक्त कन फाँसी झन् ।
गुरु कबीरदेव भन्दछन्, राम भजन् विना ती जन्,
यमपुर मस्की जानेछन् ।।

विषय=खानिजाल । माया=वाणीजाल । राम=सर्वोच्च रमैया राम ।

४१

संकेत—छुवाछूत विवेचन—

दिल गुनी पंण्डित जन, कहाँबाट निस्क्यो भन ?
छोला–छोला भनी हच्कन्छौ ।। टेक ।।

नाद साथ विन्द गई, रक्त रेत मेल भई,
गर्भ बिच देह बनेछ ।
अष्ट कमलद्वार हुँदै, धरणीमा जन्मे कठै,
कहाँबाट छूत उब्जे छ ?

चौरासी लाख देही, सबै सडी गली यही-
धरातलै मिले के भन्छौ ?
एकै पाटो भूमि गाडे, बसे गाडेका छन् सब,
भन अब छिटो के लिन्छौ ?

भोजन आचमन गर्दा, छुत भन्छौ मात्र छुँदा,
छुतै द्वारा जन्मे जगत ।
भन्नु हुन्छ कबीर गुरु, छूत पृथक त्यै छ बरु,
माया रहित जो छ फगत ।।

नाद=प्राण वायु । विन्द=वीर्य । अष्टकमल=नाभी मुनि मणिपुर चक्र । देही=स्थूल देह । माया=नारी, कल्पना ।

४२

संकेत—वाणी कल्पनाको निराकरण—

पंडित विचार गरी भन्नोस, ठीक बोध मलाइ गर्नोस,
आवागमन् छुट्छ जसरी ।।टेक।।

अर्थ धर्म मोक्ष काम, दिशा कुन वास धाम,
पूर्वोत्तर कि पश्चिम दक्षिण छन् ।
या बस्तछन् स्वर्ग पताल, खाली छैन विना गोपाल्
भन ! कहाँ नर्क जाने हुन् ?

स्वर्ग नर्क अज्ञकै छ, हरि जान्ने जन जो छ,
केही छैन उस्को निमित्त ।
जुन भय संसार नित, जीव हुन्छन् भयभीत,
त्यो डर मलाइ छैन सिमित्त ।।

लाग्ला केको पाप पुण्य, रत्ति छैन शंका शून्य,
जाने हैन स्वर्ग नर्कवास ।
गुरु कबीर भन्नु हुन्छ, सुन सन्त सच्चा जुन्छ,
जाँ को पद मिल्छन् उहीं खास ।

स्वर्ग-नर्क=[पू. प.] । हरि=ब्रह्मनिष्ठ । गुरु=(उ. प.). जाँ को पद=ब्रह्मबाट जगत, जगतबाट ब्रह्म गर्दछन् ।

४३

पण्डित मिथ्या विचार गर्छन्, नत त्यहाँ सृष्टि क्यै छन्,
न छ सृष्टि कर्ता कै सत्व ॥ टेक ॥

नत सूक्ष्म स्थूल त्यो हो, वायु अग्नि सूर्य नहो–
चन्द्र धर्ती न जल हुत ती ।
ज्योति स्वरुप नहो काल, छैन जस्मा संहार हाल,
नछ शरीर वचन जुन ती ॥

कर्म धर्म केही पनि, वहाँ मंत्र पूजा भनी,
छैन केही राम्रो हेरत ।
जहाँ संयम भाव केही, छैन उस्लाइ एक दुई,
के भन्ने हो विचार गर त ?

गोरख राम एक भेद, केही छैनन् न त वेद,
विचारै छ के पो जहाँ खै ।
हरि हर अज हैनन्, शिवजीकी शक्ति छैनन्,
तीर्थ आचार छैन तहाँ क्यै ॥

माता पिता जहाँ गुरु, केही छैनन् उस्लाइ वरु,
द्वैत भनौं यात अद्वैत ।
गुरु कबीर भन्नु हुन्छ, यो जन्ममा जो बुझ्दछ,
तिनै गुरु चेलो म हैत ॥

त्यहाँ=जहाँबाट सृष्टि भयो वहाँ । सत्व=केवल मनको कल्पना हुनाले । ज्योति=सूर्य चन्द्रादिको पनि कारण रूप हिरण्य गर्भ । कर्म=

उसको प्राप्ति निमित्त कर्मादि गर्नु पनि व्यर्थ हो। वेद=वेदले विचारेको कुरा पनि घटित हुँदैन। बुझदछ=पारख द्वारा कल्पना बुद्धि फाली स्वयंमा स्थित हुन्छ। म=स्व स्व मतका अहं गर्ने जति निम्नकोटिका जीव हुन्।

४४

बुझ बुझ पण्डित विचार- गर अति राम्रो प्रकार,
पुरुष हो या नारी के हो त्यो ॥ टेक ॥

बाहुनी बाहुन घर, योगी कुटी बिच तर—
चेली बनी घुस्न पुग्दछे।
पढी पढी कल्मा पनि, बस्छे तुरुकनी बनी,
एक्लै कली बिच मुग्ध छे ॥

वर वरण गर्ने हैन, बिहे पनि गर्ने छैन,
छोरा जन्माउँछे प्रचारी।
काला शिर भेटे जति, छाड्ने हैन कोहि कति,
अझ त्यो छे शुद्ध कुमारी ॥

माइती मै बस्छे सँधै, पतिगृह जान्न कबै,
खसम् साथ शयन गर्दिन।
भन्छन् जगतमा कबीर, म बाँच्दछु सदा सुथिर,
जाति कुल पङ्क्ति पर्दिन ॥

त्यो=वास्तवमा कल्पित कुरै मात्र हो। बाहुनी=ब्राह्मणी, कर्म काण्ड निरूपक वचन। कल्मा=मंत्र पढ्दै मुसलमान हरूलाई कुर्बानी आदिमा पतित गराउन यो वाणी अद्वितीया छ। वर=दुलहा भनेका मालिक आई

दुलही बनेका भक्तलाई। काला=अज्ञ जीव। कोही=सबैलाई भ्रमाई। छोरा=शिष्य शाखादि। कुमारी=त्यो वाणी वर्णित पति न भेट्नाले। माइती=जगतैमा। पति गृह=स्वर्ग विहिस्तादि। खसं=(पू. प.) अब मैले ब्रह्म पतिको साथ गरें। शयन=अज्ञान निद्रामा सुत्तिन। कबीर=कल्पना ग्रस्त जीव। बाँन्दछु=ब्रह्मरूपबाट।

४५

संकेत—देवताहरुको पनि शरीर अविनाशी सम्झनु भूल हो। स्वयंको पनि देहमद व्यर्थ छ—

को मरेन शरीर पाई, मलाइ आज समझाई,
पण्डितजन भन्नुहवस् त ।।टेक।।

मरे ब्रह्मा विष्णु महेश, पार्वतीका छोरा गणेश,
चन्द्र सूर्य शेष नागै धेर।
मरे हनुमान किन्तु, जस्ले बाँधे सेतु सिन्धु,
बचेनन् ती कोही अन्त वेर ।।

कृष्ण मरे कर्ता मरे, काल मुख धेरै परे,
मरेन एक सृष्टि कर्तार।
मरेन त्यै कबीर भन्छन्, आवागमन् रहित छन्,
यो खुब् राम्रो संभ विचार ।।

मरेन=जड चेतन त दुवै अविनाशी छन्। मरे=देहबाट कल्पनामा परे। चन्द्र···=इत्यादि नामका पुरुषहरु। कर्ता=दक्ष प्रजापति। सृष्टि=मन, शरीर रचयिता। मरेन यै=मन मारेर पारखमा शान्त हुने।

४६

संकेत—पाखण्ड, हिंसा, खण्डन—

पण्डित भयो यो उधेक, एकमर्दा भारी टेक,
अन्न खान्नन् कठैबरा ती ।।टेक।।

एक मारी भान्सा लगी, पकाउँछन् अस्नान् गरी,
देव पुज्छन् नौगुण जनै काँध ।
कसौंडीमा मासु हाड, थाल हाड मुख हाड,
राम्रै बन्यो षटकर्म बाँध ।।

पुण्यकर्म ठान्छौ धाई, जीव मार्छौ मेरा भाई,
अकर्मको सारै यो काम ।
यस्ता व्यक्ति तिमीलाई, ब्राह्मण भूसुर भनौं हाई ?
कस्लाइ भनौं कसाई नाम ? ।।

गुरु कबीर भन्नु हुन्छ, सुन संत भ्रम गुन्छ,
संसार सबै भूलै धाऊँ छन् ।
पारावार रहितका, पुरुषोत्तम गति नीका
बिरलैले मात्र पाऊँछन् ।

नौगुण=शम, दम, तप, शौच, क्षमा, सरलता, ज्ञान, विज्ञान, र आस्तिकता । षटकर्म=यजन, याजन, अध्ययन, अध्यापन, दान, प्रतिग्रह–यी छः कर्मको घेरा । गति नीका=गर्ने गराउने उनै हुन्, म होइन, उनले जे गराए सबै ठीकै छ भनी भूल स्वादासक्तिमा पर्छन् । बिरलै=पारखदृष्टि संपन्न जनले मात्र ।

४७

पण्डित ! जाति सोधीमात्र, पानी पिउँछौ बुझिपात्र,
राम्रो विचार गर मनैमा ।
जुन् मट्टिको घर तिमी, बसेका छौ सुखी बनी,
सर्वलाश लीन उसैमा ॥

ती छप्पन्न कोटी यादव, सडी गली मिले जो सब,
ती अठासी हजार मुनि जन् ।
पैगम्बर पदै पिच्छे, सडी गाड़ी मट्टी बिच्छे,
जल-माछा ग्रह कुर्म छन् ॥

सबै ब्याई रक्त फोहर, पानी भित्रै छ सरोवर,
नदी नाला नर्क बग्दछ ।
पशु मानव सर्व मर्छन्, सडी गली तहीं पर्छन्,
शुद्ध गंगाजल बन्दछ ॥

हाड झर्ना झरी दूधै, नसा गल्ली गल्ली हुँदै,
हेर कहाँ बाट आएको ?
त्यही लिई पण्डित बस्छन् , हर्षी खान अधि सर्छन् ,
मट्टी लाई छूत लाएको ॥

वेद किताब् छाडी देऊ, पण्डित जन विचार लेऊ,
सब भ्रम खाली मनैको ।

गुरु कबीर भन्नु हुन्छ, सुन पण्डित न्याय जुन्छ,
यो सब कर्म तिम्रो गर्मै हो ॥

मट्टीघर=माटोबाट बनेको शरीरमा। कहाँबाट=अपवित्र स्थानबाटै त आएको हो। मट्टीलाई=देह माटोको भाँडो। वेद कितेब=को प्रमाण दिई जाति पङ्ती सिद्ध गर्न छाड। यो सबै तिम्रै मनको कल्पना हो।

४८

संकेत—शुद्ध चेतनस्वरूपको विवेक—

हेर्नु हवस पण्डित जन, अन्तस् विचार गरी कन,
कोहो पुरुष भन को नारी ॥ टेक ॥

स्वाभाविक घट अन्तर, वाणी बोल्छ जो निरन्तर,
चाल उस्को बुझ विलक्षण।
उस्लाई के नाम अब, सम्बोधन गर्नें सब,
वर्ण रूप छैन क्यै लक्षण ॥

'तँ तँ' 'म म' के को गर्छौं, विक्षिप्त हे मानव मर्छौं,
केहो तिम्रो केहो मेरो खै ?
शिव-शक्ति राम-खुदा, बुझ एकै हैनन् जुदा,
कस्को के पो विन्ति गरौं गै ॥

कितेब् कुरान् वेद पुराण, बने धेरै उपपुराण,
भाँति भाँति व्याख्या गर्नें छन्।

हिन्दू मुस्लिम् जैनी अरु, योगी आदि भए बरु,
यस्को संधि छैनन् बुझ्ने जन् ।।

छः दर्शनमा प्रमाणित, जो छन् तिन्को मत नित,
श्रेष्ठमानी भजन गर्दछन् ।
भन्नु हुन्छ कबीर गुरु, पागल मनै बनें बरु,
संसार सबै होशियार छन् ।।

जो=चेतन । विलक्षण=जडदेखी पृथक । एकै=स्व स्वरूपबाट सबै एकै समान चेतन हुन्, अरू कल्पना मात्र हो । यस्को=शुद्ध पारख स्वरूप र कल्पना । छःदर्शन=योगी जंगमादि छःदर्शनले प्रमाणित गरेको । तिन्को=कल्पना नै मनले प्रेम गरी सबै होशियार छन् । यो अन्तिम पद गुरुकबीरको नम्रतापूर्वक व्यंगोक्ति हो ।

४९

संकेत—योग सिद्धान्तको विवेचन—

संझ निर्वाणपद पण्डित , साँझ पर्दा सूर्य मण्डित
कहाँ गई बस्छ जुट्दछ ?
होचो अग्लो पर्वत डल्ला, ईंट गायन विना हल्ला,
तहाँ गीत राग उठ्त छ ।।

शीत प्यास मंदिर जहाँ, छैन हजार गाई तहाँ,
नित्य नित्य दूध दुहाउँछन् ।
नित्य प्रति औंसी नित्य - संक्रान्ति हुन्छ नित्य,
नवैग्रह पंक्ति बसाउँछन् ।।

म सोद्धछु तिमीभन, हृदयमा पंण्डित जन,
कैले देखि ग्रहण लागेको ?
कबीर भन्छन् यति जुन-जान्छुछैन शब्दै कुन,
गुरुजीले कान फुकेको ?।।

निर्वाण पद=मोक्षको स्वरूप। साँझपर्दा=योग समाधिरूप सन्ध्या। सूर्य मण्डित=सूर्य समान ज्ञानरूप चेतन कहाँ बस्तछ। होचो=तल मूलाधारको कुण्डलिनी उठाई। माथि=ब्रह्माण्ड सहश्रारमा पुऱ्याई योगीहरू स्थित हुन्छन्। पर्वत=भ्रमर गुफामा पुगेपछि। डल्ला=रोडा। ईंट=रोक विना निर्विध्न शान्त हुने भन्छन्, तहाँ। राग=अनहद नाद। शीत=अमीरसको कण चाखने, न यस्ले तृप्ति होइन्छ। मन्दिर=मस्तक या वाह्य कहीं निवास स्थान छैन। हजार गाई=हजारौं श्रुतिहरूले भने प्रसंशा गरी रहेछन्। नित्य प्रति औंसी=औंसीमा चन्द्र अस्त भए समान ईडा पिंगला लय गरी कुंभकरूप औंसी नित्य हुन्छ। संक्रान्ति=तहाँबाट नित्य नित्य जागरणरूप संक्रान्ति हुन्छ। नवैग्रह=नौ द्वार बन्द गरी नित्य बस्तछन्, परन्तु विना विवेक कल्याण स्थिति हुन सक्तैन। पण्डितजन=कुशल योगी। ग्रहण=भ्रान्ति आसक्तिको पर्दा। शब्द=के ज्ञान सुन्छौ-सुनाउँछौ ?

५०

संकेत—ब्रह्म वृक्षको किंचित मनन—

बुझ बुझ पण्डित गाछ, नबनोस फेर आधामा छ-
पुरुष आधा नारी बसेकी ।।टेक।।

एकै वृक्ष संसार फैल्यो, मस्तक स्वर्ग माथि भयो,
जरा पताल् संम पुगेछन्।

उस्मा बाह्र हाँगा फाटे, पातहरू चौबीस लागे,
चारै तिर बाक्लै जरा झन् ॥

फुल्ने फल्ने छैन बानी, उस्को विकार बग्छ पानी,
रात दिन बेला कुबेला ।
भन्छन् कबीर उस बखत, कोही पनि थेन फगत,
हरि वृक्ष पाले जुनबेला ॥

बुझ…=जड चेतन निर्णय राम्रो बुझ । गाछ=वृक्ष, देह, संसार । नबनोस=जन्म मरण नहोस, शरीर नबनोस । पुरुष=अनन्त जीव र प्रकृति दुवै मिली-संसार, शरीर निर्माण भएको छ या नर नारी दुवैको अध्यासले देह बन्दछ । एकै वृक्ष=(पू. प.) ब्रह्मब टको । बाह्र=बाह्रराशी-मा बाह्र महीना । पातहरू…=पक्ष । जरा=रौं रौं प्रति अनन्त ब्रह्माण्ड झुन्डेका छन् । फुल्ने=त्यो ब्रह्मवृक्ष न फुल्छ न फल्छ । विकार=निर्विकार छ । पानी=वेदादि वाणी उसैको हो । रातदिन=निरन्तर कथन गान भई रहेछ । नदी समुद्रादि जल बगी रहन्छ । त्यस बखत=(उ. प.) जब प्रथम ब्रह्म वृक्षको कल्पना गरेका थिए तब त्यस समय यस्तो कल्पनाको कुरा केही थिएन ।

५१

पंण्डित मन चित्त दिई, संझ-बुझ चाख लिई,
कैले सुक्ने कैले उर्लने ॥टेक॥

क्षणै उब्छन् क्षणै डुब्छन्, क्षणै अति गंभीर बन्छन्,
रत्न मिल्छ न था लाग्दछ ।

नदी सागर विना पानी—बग्छ मत्स्य मर्दैन नी,
माझी किनार लाग्छ जाग्दछ ॥

ताल बिना घाट बाँध्छन्, बिना पात कमल फूलछन्,
फूल पनि वाणीकै बन्छ ।
गुरु कबीर भन्नुहुन्छ, मन्को यस्तै छल बन्छ,
बसी बसी हिड्न चाहन्छ ॥

पण्डित=हे बुद्धिमान ! संझ=मन र वाणीको स्वरूप संझ । सुक्ने=प्रतिकूलतामा शोकित हुन्छन्, विधि गर्छन् । उर्लने=अनकूलतामा हर्षीत हुन्छन्, निषेध गर्छन् । उब्छन्=वासना जालबाट मन उब्ने डूब्ने हुन्छ । वाणी सुनी जीव उब्-डूबमा पर्दछ । गंभीर=वासना-वाणी चक्करमा टोलो हुन्छ । रत्न=पारख ज्ञान । न था=न थाह-हद मिल्दछ । नदी=संशय नदीमा वासना जल बहन्छ । मत्स्य=काम क्रोधादि या जीव माछो । माझी=मन या भ्रामक केवट । ताल=ब्रह्मताल, अनुमानको घाट या स्वर्गताल, चारमुक्ति घाट । पात कमल=ब्रह्म कमलमा जीव पात छैन । बसी बसी=विना मेहनत श्रेष्ठफल चाहन्छन् या कल्पना छोडदैनन् कल्याण चाहन्छन् ।

५२

बुझिलेउ ब्रह्मज्ञानी, घनघोर वर्षा पानी,
गर्‍यौ थोपा पनि झरेन ॥टेक॥

खुट्टा बीच कमिलाका, मत्ताहात्ती बाँध्ने भाका,
बाख्रो हेर्नें ब्याँसा भएछन् ।
साना माछा सिन्धुबाट, निस्की टुँडीखेल पाट-
बिच भारी महल रचेछन् ॥

पाहा सर्प साथै रहे, कुकुरपाई विरालीले,
सुन्नै पनि उचाट्लाग्दछ ।
सिंह हुन्छ उठी नित, स्याल देखि भयभीत,
भन्नै कठिन उधेक लाग्दछ ॥

के को भ्रम मृग परी, वन घेरा परे डरी,
शिकारीले वाण ठेल्दछ ।
रत्नाकर राजा द्वारै, वृक्ष उत्तम डडे सारै,
हेर माछो शिकार खेल्दछ ॥

कबीर भन्छन् देऊ ध्यान, अचम्मको यो हो ज्ञान,
कस्ले यस्तो ज्ञान बुज्दछ ।
विना पंख नभै भाई, उडी जान्छन् जीवलाई-
मर्छ भन्ने कहाँ सुझ्दछ ?

बुझीलेउ=ब्रह्म ज्ञानको रहस्य राम्रो संझ । पानी=अद्वैत उपदेश । थोपा=कसैमा एक छिटो पनि परेन, परेको भए एकको मुक्तिमा सबै मुक्त हुन्थे । कमिला=बुद्धि या वाणी । मत्ताहात्ती=मन । बाखा=माया सक्त जीव । व्याँसा=भ्रामक । साना माछा=जीव । सिन्धु=संसार खानिजाल-बाट विरक्त भई । टुँडीखेल=व्यापक ब्रह्ममा स्थिति मान्दछन् । पाहा=जीव, मन । कुकुर=मन, काया, कल्पना । सिंह=जीव । स्याल=मन । मृग=मन, जीव । वन=संसार । शिकारी=भ्रम शिक्षक । वाण=वाणीको वाण । रत्नाकर=भ्रम वाणीको समुद्र । राजा=मनुष्य जीवद्वारा नै बने । वृक्ष=नर देह । माछो=जीवहरू । शिकार=कल्पित वाणीको

वाणलिई परस्पर शिकार खेली रहेछन्। अचम्मको=विवेक रहित। कस्ले=पारखी विना। पंख=विवेक पंख विना। नभ=आकाशवत ब्रह्म बन्दछन्, शून्यमै उडदछन्। भन्ने कहाँ=विवेक रहित अज्ञानरूप मृत्यु।

५३

त्यो वृक्ष जस्ले चिन्छ, जरा मरण रहित हुन्छ,
शरीर सुखी बस्तछ सँधै ।।टेक।।

वृक्ष एक सबै जग्गा, एकै फेद तीन हाँगा-
फुटे हेर विवेक गरेर।
चार फल बीच हाँगा, लागेका छन् हाँगा बिंगा,
पात कस्ले भनोस गनेर !

बेलो यौटा अति बढ्यो, त्रिभुवनै जेली सक्यो,
बाँध्यो ज्ञानी छुट्तैनन् भारी।
कबीर भन्छन् बग्नेलाई, पुकार्छु म सुन भाई !
पण्डित भए लिनन् विचारी ।।

त्यो=(पू. प.) ब्रह्म। जरा=वृद्धता, मरण र शरीर रहित हुन्छ। वृक्ष···=उक्त बोट सर्वव्यापक छ। फेद तीन=ब्रह्मा, विष्णु, महेश या रज, सत, तमोगुण। चारफल=चार मुक्ति। बीच हाँगा=विष्णुले दिन्छन्। हाँगा बिंगा=अनन्त कल्पका अवतारहरू। पात=वेदादि वाणी। बेलो=(उ. प.) कल्पित वाणी। त्रिभुवनै=त्रिगुणी जीव मस्किए। ज्ञानी=ठूल-ठूला ज्ञानी पनि यसप्रकार बाँधिएका छन् कि पक्ष वश छुट्नै सक्तैनन्। पुकार्छु=कल्पित वाणीको जाल र पारख चेतनको सत्यता सम्झाई। पण्डित=निष्पक्ष विवेकी कोही भए।

५४

ख्वामितको साथ लागी, पतिदेव घर आई,
साथ सुती न त स्वाद ली ।।टेक।।

स्वप्न सरी गयो यौवन, चारजना सोध्ने लगन,
पंच मिली मण्डप छाए ।
सखी मिली मंगल गाई, दुख सुख बेसारलाई,
शिरमाथि राम्रै चढाए ।।

अनेकरूप मन परी, यज्ञ घूमे गाँठो जोरी-
भाईनै पो पति भएछन् ।
सधुवाले अर्घ दीली-लगी चौका बीच भई,
विधुवा त्यो पति संग भन् ।।

विवाह त भयो पूरा, वर बिना वधु बरा,
बाटो हिंड्छन् सम्धि सम्झाउँदै ।
जीव भन्छ गौना जान्छु, तर्छु खसम् नाम लिन्छु,
नरसिंग बाजा बजाउँदै ।।

ख्वामित=ब्रह्म ईश्वरादिको कल्पना । पति=भ्रामकको समाजमा । साथ…=इष्टनै मिलेनन् । यौवन=नर तन । चार जना=चतुष्ठय । सोध्ने=इष्ट प्राप्तिको उपाय गर्दछन् । पंच=कर्मी, उपासक, योगी, ज्ञानी र विज्ञानी–पाँच । मण्डप=वाणी जालको मण्डप । सखी=भक्त, योगी । मंगल=कथा कीर्तन साधन गर्न थाले । दुःख=जड़ दुःखरूप । सुख=चेतन सुखरूप शान्त हुन, तिमी नै हौ भनी । बेसार=जीवको थाप्लामा

थोपरी दिए। अनेकरूप=योगी जंगम आदि वेषी देख्ता जीवलाई मन पर्‍यो। घूमे=भूममा रिंगन थाले। भाई नै=अज्ञानरूप भाई। सधुवा=गुरुवारूप भाई, वाणीरूप बहिनीहरूले जीवलाई दुलही बनाई। दि ली=पानीरूप वाणीको घेरामा पारे। चौका=उसै स्थलमा। विधुवा=विधुवा भई। पति=पति चेतन हृदयस्थ छँदै। विवाह=शिष्य त बने। वर···=इष्ट प्राप्ति विना भक्त निराशतापूर्वक उपासनामा लागी रहेछन्। बाटो=भक्ति मार्गमा चल्दा। सम्धि=उपासक गुरु। गौना=परमात्माको धाम।

५५

संकेत—भावुक जीवहरू कल्पनामा कुन प्रकार सहर्ष प्रवेश छन्--

मानवको साहस भाई, हेर कस्तो यहाँ आई,
अचम्मको कुरा कथेका ।।टेक।।

सिंह र सार्दूल चरी, एकै हलो बीच नारी,
गल खेत रेत रोपेछन्।
जंगलका फ्याउराले, गोडमेल गर्न थाले,
रासभहरू किसान् बने झन्।।

बाख्री बाघ भयो बिहे, उत्सवमा सबै गए,
गाई भए मंगल गाउने।
जंगलका थारल्लाई, पक्री दिने दाईजो यी-
गोह भए कान लाउने।।

कौवा लागे लुगा धुँदै, बकुल्लाले दाँत किट्दै,
खुब संग इस्त्री लाउँछन्।

झिगाहरु कपाल खौरी, हामी पनि जन्त दौडी-
जान्छौं भनी सबै आऊँछन् ॥

भन्नु हुन्छ गुरु कबीर, सुनभाई सन्त सुधिर,
यो पद जो अर्थ गर्दछ।
उही पण्डित उही ज्ञाता, उही साँचा भक्त नाता,
संसारमा भन्नु पर्दछ ॥

सिंह=जीव। सार्दूल=माया। एकै…=एक ब्रह्ममा मिलाए। खेत=मानव हृदय। रेत=ब्रह्म कल्पनारूपी बालुवा। जंगल…=संसारका भूलवशी शिक्षकले। गोडमेल=द्वैत घास उखेल्न थाले। रासभ्=गधा। बाखी=माया कल्पना। बाघ=जीव। ब्रिहे=दिक्षित भए। गाई…=भक्त समाज गाउन थाले। जंगलका=वाणी संसारमा स्वछन्द घुमी। थारललाई=मन समर्पण गर्नु। गोह=तामसी गुरुजन। कान=काँधथाप्ने, कानमा मुखलगाई दिक्षादिने। कौवा=मलीन स्वार्थी शिक्षक। लुगा=अंतःकरण शुद्ध गराउनु। बकुल्ला=बक ध्यानी वंचक विज्ञजन। खुबसंग…=खुब समर्थन गर्दछन्। झिंगा…=मलीन चित्तयुक्त भावुकजन। कपाल…=मुडाउन थाले। जन्त…=स्वर्गादि धाममा। अर्थ=परिक्षा गरी हट्त छ।

५६

संसारी नरलाई, मेरो विस्वास छैन भाई,
कल्पनामै दौडी मर्दछन्।
झुट्टा व्यापार झुट्टै साथ, गर्छन् अन्त पिट्छन् माथ,
मूलधन सबै हर्दछन् ॥

छः दर्शनी सम्मत गरी, अनेक पंथ कायम गरी,
स्वामी तीनदेव बनेका ।
यी नरेशका देश बीच, अति बढ्यो परपंच,
रैती उजार बास गरेका ॥

यता बाट उता गर्छौं, उताबाट यता सर्छौं,
यमराजको साँढ़ सवारी ।
जस्तो वानर बन्धन पर्छ, चटकीको वश नाच्छ,
आफु खुसी लोभ ली भारी ॥

यही वृक्ष उत्पत्ति र, प्रलयको बुझ धीर,
विषय सब् विकार युक्त छन् ।
जस्तो कुकुर अपवित्र, राजी हुन्छ यो विचित्र,
उस्तै यिनी संसारका जन् ॥

गुरु कबीर भन्नु हुन्छ, अचम्भको ज्ञान यो छ,
मेरो कुरा कस्ले टेर्दछ !
काल पंजाबाट अझै, छुटाउनेछु म सोझैं,
जस्ले लक्ष्य सम्हाल गर्दछ ॥

मेरो…=विवेकी जनको । झुट्टा=कल्पित इष्ट प्राप्ति । झुट्टै=भ्रान्त-जनका साथ । मूलधन=जीवत्व, विवेक । नरेश=ती भ्रान्तजन । देश=सिद्धान्त । परपंच=अयोग्य साधन, ठाडेश्वरी उर्ध्वबाहु आदि क्रिया । रैती=अनुयायीजन । उजार=कल्पित स्वर्ग या, ब्रह्ममा । यता…=मनुष्यतन

बाट । उता=तीन खानिमा । यमराज=मन वासनारूप । लोभ ली=त्यस्तै विषय कल्पनाको लोभवश जीवको गति भई रहेछ । यही वृत्त=विषय वासना, कल्पित भावना । विषय=यिनको परिणाम । उस्तै=तुच्छ विषय भोग कल्पनामा । यो छ···=माथिको सारहीन देखावटी मात्र, श्रेष्ठ । मेरो कुरा=निर्णय । काल=खानि वाणी जालबाट । लक्ष्य=आफ्नू समझ ठीक बनाउँछ ।

५७

न त यिन्ले भजे हरि, आदत पनि रत्ति भरी,
छुटेन क्यै कत्ति मित्रको ।
शब्द सार विचार छैन, आफ्नू सुधार गर्ने हैन,
अन्धो भए फुटे भित्रको ।।

पानी बिच पत्थर रेखो, चोट दिदा अग्नि देख्यो,
ज्वाला छुट्छ प्रबल भएर ।
नित उठी घडा हजार, पानी छोडौं तर उजार,
रहन्छ त्यो सुक्खै बनेर ।।

सेतो सेतो भन्दा भन्दै, ढाक्यो शीतांगले जम्मै,
सैन्य बढी धेरै धाएका ।
जुन सन्निपात रोगै, मारी सक्यो रोगी सबै,
साधुले सोइ सिद्धि पाएका ।।

अनहद भन्दा भन्दै, जगत गए विनाश बन्दै,
अनहदै सृष्टि भरियो ।

दिन नजिक आयो जाने, यमपुर रोजी छाने,
एकै भन्ने बानि परी गो ॥

सद्गुरु दर्शन जुन्छ, अति सुक्ख प्राप्ति हुन्छ,
गुरुले नै शब्द सुधार छन् ।
कबीर गुरु भन्नु हुन्छ, सदा सुखी उही जन्छ,
जस्ले यो पद ठीक विचार छन् ॥

भजे···=गुरु भक्ति स्वरूप स्थिति निर्णय बोध। आदत=आवागमन। मित्रको=स्वजाती जीवको। सार···=वाणीको परख नगर्ने। अन्धा=वाह्य दृष्टिले र विवेकले जड-चेतन भिन्न देख्ता देख्तै। भित्रको विवेक बुद्धि। पानी=वाणीमा। पत्थर=बुद्धि जमी मानन्दिको चिह्न बन्न गयो। चोट=किंचित संझाउँदैमा। ज्वाला=क्रोधित हुन्छन्। हजार···=नित्य प्रति हजारौं युक्ति विवेक बताए पनि। सुक्खै=निरस, आनन्द ब्रह्म बनेर। सेतो=शुद्ध, गुह्य। शीतांग=शीतल मान्दछन्, या शीतांग शून्य भईसके। सैन्य=कल्पना समूह। सन्निपात=विधि निषेध रहित दशाले। रोगी सबै=प्रथमका ठूल-ठूलालाई। साधुले=वर्तमानका साधुहरू। सिद्धि···=सिद्ध गर्न खोज्दछन्। अनहद=वेहद, व्यापक ब्रह्महूँ भन्दा भन्दै। भरियो=प्रकार भेदबाट लगभग संसार सबै नष्ट भई रहेछन्। यमपुर=कल्पना नै रोज्दछन्। एकै भन्ने=एक ब्रह्म भन्ने या सबै एक सिद्धान्त हो भन्ने। विचार गर्दछन्=परीक्षा गरी सत्य चेतनमा स्थित हुन्छन्।

५८

नर हरि विकार लाग्यो, आगो काठ बिना जाग्यो,
निभाइ दिने कोही मिलेनन् ।

मैले सबै जानेको छ, तिमीबाटै फैलेको छ,
पूर्ण जगत बले बचेनन् ।।

पानीबाट अग्नि अंकुर, निस्की संसार जले डंगुर,
पानी अग्नि थपी निभाउने ।
एक वस्तु छ न जल्ने, नवै नारी सबै जल्ने,
युक्ति कस्ले जान्ने जनाउने ?

शहर बल्छ हुरुहुरी, पाले सुत्छ मस्तपरी,
भन्छ कुशल घर मेरो छ ।
सबै जली सक्यो पोको, भित्रीवस्तु छ बचेको ।
विकल रामरंग तेरो छ ।।

आलिंगनले नपुंसकको, युवतीका मन्को धोको,
के को पूर्ण हुन्थ्यो पुगेन ?
विचार गर्दा वित्यो जीवन, व्यर्थ आज यो नरतन,
फल कुनै हात लागेन ।।

जानी बुझी निचमार्छन्, कपट पूर्ण काम गर्छन्,
नीच छैनन् तिनी सरी क्वै ।
सतगुरु भन्नु हुन्छ, त्यस्ता मूढ व्यक्ति जुन्छ,
कसो गरी कल्यान होला खै ?

नर=मनुष्य जीवलाई । हरि···=विकार युक्त आगो लाग्यो । तिमी=मनुष्य जीवबाटै । पानी···=वाणी । अग्नि=माया कल्पनाको वीज हुनाले ।

पानी अग्नि=वाणी कल्पना नै थपी उक्त आगो। एक=जीव। नवैनारी=नौ नाडीयुक्त देह। शहर=शहर, संसार, अज्ञानमा। पाले=जीव। कुशल=आनन्द स्वरूप। पोको=विषय वासनामा मनको। वस्तु=सद्‌गुण विवेक दृष्टि के बन्दथ्यो ? राम रंग=सुरंग चेतन व्याकुल भई रहेछ। नपुंसक=ब्रह्ममा स्थिति मानेर। युवती=सत्य चेतनको मोक्ष हूँला भन्ने श्रद्धा के पुग्दथ्यो ? विचार=जड चेतन एकताको विचार। जानी बुझी=यदी सत्संग गरी। कपटपूर्ण=विषय वासना कल्पना जालको। मूढ=बुझ-पेलाहा र भूल वशी जनका।

५९

माया सारै संसारकी, वंचक रैछ अपार की,
मैले जाने यस्को चरित्र ॥टेक॥

त्रिगुणको पासो लिंदै - हात घुम्छे मिठो बोल्दै,
राखि न शेष कुनै गुमानी।
केशवका साथ गई, बसेकी छ लक्ष्मी भई,
शिव भवन भई भवानी ॥

पण्डा पुजारीका घर, मूर्ति बनी बसी तर,
तीर्थ बीच बनी छ पानी।
योगी घर यो योगिनी, राजा घर रानी बनी,
ब्रह्माघर भई ब्रह्मानी ॥

कोही घर मोती हीरा, कोही घर कानो कौडा
भक्त घर भक्तिनी बनी।

भन्नुहुन्छ कबीर गुरु, सुन भाई साधुहरु,
यो सबै हो अकथ कहानी ।।

मायाः=पंच विषय, मनको कल्पना, वाणी, वंचक । त्रिगुण=काम क्रोध लोभ, सत रज तम, कर्म उपासना योग । लक्ष्मी=मोक्ष मार्गमा यस्ता नारी पनि तगारा हुन्छन् । कौडा=गरीबजन अल्प धननै महान संपत्ति ठान्दछन् । कहानी=मायाको चरित्र वर्णन वाह्य छ ।

६०

मायाले मोह गराइ, लठ्ठपारी समस्तलाइ,
ज्ञानरत्न हरी राक्षसले ।
जीवन यस्तो स्वप्न सरी, स्वप्नै तुल्य जीवन भरी,
शब्द शिक्षा गरे शिक्षकले ।।

छाड ती परम निधान, ज्योति देखि कृमि हैरान,
पशु हुँदा अग्नि को चिन्छन् ?
कालफाँस मुग्ध नर, चेत छैन इनलाइ तर,
द्रव्य नारी हित यी बिक्छन् ।।

शेष शैय्यद किताब हेर्छन्, नीति शास्त्र विचार गर्छन्,
पण्डित यसै बिच पर्दछौ ।
विना आज्ञा सतगुरु, हेर बाबू तिमीहरु,
जानी जीव घात गर्दछौ ।।

अब भित्र खुब् विचारी, चाल छाड यी विकारी,
तरण तारण यही छ प्रष्ट ।
भन्नुहुन्छ गुरु कबीर, भगवन्त भज हेनर,
दोस्रा अर्का छैनन् है इष्ट ॥

मायाले=उपर्युक्त मायाले । शिक्षक=भ्रान्तजन । छाड ती...=इनको शिक्षा छाड जो परम तत्व मानेका छन् । काल=विषय, वाणी कल्पना । आज्ञा=निर्णय शिक्षा विना । जानी=जान्दा जान्दै पनि । छाड यी=हिंसा सहित सर्व कुचाल । भगवन्त=सद्गुण ऐश्वर्य सम्पन्न सद्गुरु ।

६१

देहलिई मरी हाल्छौ, के गरौंला भन्ने ठान्छौ,
प्राण छुट्तै लगी फाल्ने छन् ।
धोखा रूप नश्वर तन् छ, अचानकै अंत छुट्छ,
पोल्छन् कोही गाडी हाल्नेछन् ॥

हिन्दू पोल्छन् तुरुकले–गाड्छन् यहि प्रकारले,
आखिर दुवै घर फार्दछन् ।
यमराज कर्मपास, थापेका छन् युक्ति खास,
जस्तै माझी माछा मार्दछन् ॥

राम विना नर कस्तो, तिम्रो गति होला जस्तो-
पथ बिच गोब्रे किरा झैं ।

गुरु कबीर भन्नु हुन्छ, पछि पश्चाताप हुन्छ।
यो घर बाट ऊ घर जाँदा मै ॥

के=रित्तै जानु पर्ला अनि के। यमराज=मनले। कर्मपास=अनेक कर्मको जाल। राम=हृदयबासी रामको ज्ञान विना। योघर=नर देह। ऊ घर=तीनखानि।

६२

दुवै कुल्को माता मत, प्रकाशी छु सासु सित-
नन्द एकैपाटी बाँद्धछु।
जेठा जुलाइ गाली गरी, पुऱ्याइ दिन्छु उतापारी,
त्यो नारीको सिउँदै पोल्दछु ॥

जस्ले सरोवर रची-उधुम् मचाइ काखी च्यापी-
राख्छु पाँचै दुई चारलाइ।
पारका छिमेकिनी, बालभोग गरी लिनी,
साथ बुद्धि महातारी लाइ ॥

सैया सहज समाधिको, बिचराले बिछ्याएको,
सुत्छु पाऊ राम्रै पसारी।
आवागमन जीवन मरन, सबै मेरो भयो हरन,
गुरुजीले मोह दे टारी ॥

एक नाम आफ्नु ग्रहण, अंगीकार लिन्छु शरण,
त्यो संसारी छुटी बिउँझन्छ।

म त एकै नाम भनी, ठोक्कागरी भन्छु पनि,
कबीरज्यूको भन्ने पुकार छ ।।

दुवै कुल्को=(पू. प.) म ब्रह्म जगत दुवैको। सासु=गुरु। नन्द=चेला। पाटी=वाणीमा अद्वैत मत बाँधिएका छन्। जेठाजु=अविवेकी। त्यो नारी=अविद्या। सिउँदै=जरै उखेल्छु। सरोवर=संसार। उधुम=उपद्रो। कोखा=शमन गर्छु। पाँचै=ज्ञानेन्द्रिय। चार=शुभाशुभ वासना। पारका=मत मतान्तरको कल्पना। बालभोग गरी=मेटाएँ। बुद्धि "=सुबुद्धिलाई साथ लिन्छु। बिचरा=उक्त बुद्धिसहित सद्गुणले। सुल्छु=निर्विघ्नतापूर्वक। एक = द्रष्टा चेतन। संसारी=विषयी जीव पनि।

६३

कस्लाइ भनौं ! कस्ले सुन्छ ! मेरो कुरा कस्ले खान्छ,
फूल छुँदै मऱ्यो भमरो ।।टेक।।
जोत्नु रोप्नु विना सिच्नु, रुख हाँगा पात भेट्नु,
फुलेको त्यो फूल बढो छ।
अकाश मण्डल माथि, फूल एक फुल्यो अति,
तल हाँगा माथि जरो छ ।।
फूल फुल्यो राम्रो अति, मालिनीले माला गाँसी,
फूल नाश्यो भ्रमर निराश छन्।
कबीर भन्नु हुन्छ हाई, सुन मेरा सन्त भाई,
पंडितजन फूल आश झन् ।।

फूल=सहस्रदल कमलको ब्रह्म फूल। मऱ्यो=उस्मा प्रवेश गर्दै मनवशी जीवको विवेक दृष्टिबाट मृत्यु हुन्छ। भेटनु=केवल कल्पनाको। अकाश=

ब्रह्माण्डमा। फूल एक=ब्रह्मफूल। तल हाँगा=कुंडलीनीको सुषुम्ना हाँगो। माथिजरो=सहस्रार मै मूलजरो मान्दछन्। फूल=ब्रह्मफूल। मालिनी= चित्त वृत्तिरूप मालिनी आफैं मालामा फूल झैं गाँसिई लयभयी। फूल नाश्यो=देह साथै त्यो फूल नष्ट भयो। भ्रमर=साधक जीव निराशता-पूर्वक गर्भवास गमन गर्छ। पण्डित=जन साधारणको के कुरा, ठूलठूला पण्डित पनि लोभिई रहेछन्।

६४

संकेत—कपडा बुन्ने जुलाहाको रूपक द्वारा योग क्रियाको विवेचन—

कुविन्द जीव हरिनामको - वस्त्र बुन, ध्यान जस्को-
देव मानव मुनि गर्दछन् ।।टेक।।

शरीरको गज्ले नापी, चार वेद्को बीम थापी,
राम हरि टुकी भरेर।
पूर्ण मुक्ति आश गरी, भवसिन्धु आरी भरी,
राम्रो माड पकाइ राखेर ।।

माडबाट तान बनी, जताततै फिंजियोनी,
माड भन्ने कोही जान्दछन्।
सूर्य चन्द्र घोचा गाडी, सुषुम्नामा माझा माडी,
त्रिभुवन नाथ माझ्दछन् ।।

कुंभकको गाँठो पारी, स्वास खिची माथि सारी,
रामनाम साथ छाडेनन्।

कंगी बीच त्रिलोक भरी, बाँधे एक एक गरी,
कुनै डोरा अलग बचेनन् ।।

त्रिलोकको यन्त्र तान, दिशा पथ ताने जान,
बुन्छ पट शुद्ध यो मन ।
आदि पुरुष भित्र कसे, स्थापना गर्न बसे,
जीव ज्योति बीच शमन ।।

कुबिन्द=(पू. प.) लुगा बन्ने जाति, जीव । हरिनाम=सोऽहं आदिको जप । बीम=धागो बेर्ने चर्खी, चार वेद, जसमा अनेक वाणी बेरी राखेको छ । राम हरि=बीमबाट धागो झिकी टुकीमा भरे झैं वेद वाणी-बाट राम ईश्वरादि सिद्धि गर्दछन् । पूर्णमुक्ति=तिनैद्वारा मुक्ति आश गर्छन् । भवसिन्धु=संसार पात्रमा कल्पनाको माड़ भरे । ताना=कल्पनाको ब्रह्म । सूर्यचन्द्र=पिंगला ईडा [माझा लगाउने धागो बन्ने दुइ तर्फका घोचा]। त्रिभुवन नाथ=मन । कुंभकको=छिनेको धागो गाँठो पार्नु समान स्वासमा वृत्ति जोडी बाहिर छरिएको वृत्तिलाई कुंभकद्वारा जोडनु । कंगी=नाभी, हृदय, त्रिकुटीमा लक्ष्य लगाउँ छन् । दिशा=दशदिशा-दश इन्द्रियको बाटोमा तान ताने । पट=जीव ब्रह्म एकतारूप वस्त्र । आदि= कल्पित ज्योति स्वरूप ब्रह्ममा चित्तरूप तान बुन्न बसे-समाधि गर्न लागे । जीव···=परन्तु जीव कल्पित ज्योतिमा लीन भयो ।

६५

योगी फर्की शहर माझ, गए मिले जहाँ पाँच-
नारी थिइन् उहीं समछन् ।

देशान्तर गए जब, बताउँदैनन् कोही तब,
न त फर्की गुफा आउँछन् ॥

डढ्यो कंथा झंडा फाट्यो, डंडा पनि भाँच्चि हाल्यो,
खप्पर हरे फुटी मर्दछ ।
कबीर भन्छन् खराब कली, करुवामा जे छ भरी,
टुटोबाट उही झर्दछ ॥

फर्की=आफू सहित उल्टेर । शहर=ब्रह्मांड पुगे । नारी=नाग कूर्म कृकल, देवदत्त, धनंजय नाडी । उहीं=कल्पित ज्योति शब्द शून्य आदिमा । देशान्तर=अन्य शरीरमा । बताऊँदैनन्=उक्त हाल । गुफा=ज्योति आदिमा स्थित हुन । कथा=शरीर चिथ्रो । झंडा=श्वास । डंडा=मेरूदण्ड । खप्पर=ब्रह्म समाधिको स्थान । कली=कल्पना विषय वासना अति कनिष्ट छ । करुवा=अंतःकरणमा । टुटोबाट=वासना द्वारा जीवको भोग निमित्त सम्मुख आऊँछ ।

६६

योगीजनको शहर भनी, नबसे है कोही पनि,
जो बस्त छ बन्छ त्यो योगी ।

यी योगीको उल्टा ज्ञान, कालो रूप छ अज्ञान,
आवरण रहित बताउँछन् ।
प्रत्यक्ष यो देह भित्र, गुप्तधारी भै विचित्र,
सजीवनी मूल्य गुमाउँछन् ॥

यी योगीको युक्ति जस्ले-बुझ्छ राम रमण उस्ले-
गरी तिनैलोक सुझ्ने छ ।
छिन छिन अमृत बेली, पान गर्ला कबीर बोली,
योगी युग युग बाँच्ने छ ॥

शहर=ब्रह्मांड, समाज । त्यो योगी=भ्रान्ति गुप्त । उल्टा ज्ञान= स्वास उल्टाएर ब्रह्माण्डमा लैजान्छन । कालो रूप=जड़ चेतन मिश्रित कल्पित ब्रह्म । आवरण रहित=व्यापक । सजीवनी मूल=चेतनजीव । गुमाउँछन्=लय गर्छन् । यो योगीको युक्ति=[पू० प०] । राम रमण= ज्योति या अनहदको आनन्दलिने छ । तीनैलोक सुझ्नेछ=सबै सिद्धि पाउनेछ । अमृत वेली=जो स्वासाको अभ्यास गर्छ । युगयुग बाच्नेछ= अमर हुनेछ, मुक्त हुनेछ ।

६७

संकेत—ब्रह्मज्ञानको निखार—

वीजरूप ब्रह्म भए, दोस्रो विना पंडितजी ए !
को संग पो तिमी के सोध्छौ ?
कहाँ बुद्धि कहाँ मन, कहाँबाट अहंपन,
सत रज तमै के भन्छौ ?

विष अमृत फल अनेक, कहाँबाट फले उधेक ?
तर्ने आज्ञा वेद गर्दछ ।

गुरु कबीर भन्नु हुन्छ, 'तँ' 'म' ज्ञान के ले बन्छ ?
को छुट्ने ? को बन्ध पर्दछ ?

वीज=कारण । दोस्रो विना=अद्वैतमा । कहाँ वुद्धि=बुद्धिमन; अहं त्रिगुणादि कहाँबाट आओस ! तर्नें आज्ञा वेद=वेदले कसलाईके बाट तर्नें आज्ञा गर्दछ ? 'तँ' 'म', भन्ने र छुटने बन्धन पर्नें पनि संभव हुँदैन ।

६८

चर्खा डडी जले पनि, सिकर्मी त मर्दैननी,
म त कात्छु सूत हजार ।
तब तलक् चर्खा रहोस्, बाबा मेरो व्याह हवस्,
केटो अति असल खोजेर ।।

उत्तम वर जहाँ सम्म, पाईदैन तहाँ सम्म,
तिमीसँगै बिहे म गर्छु ।
प्रथम शहर पुग्ना साथ, शोक सन्ताप लाग्यो हाथ,
यौटा अद्भुत् देखें म भन्छु ।।
बाबु छोरी व्याह भयो, सम्धिघर लम्धि आयो,
वधूजीको भाई नै पनि ।
चुल्हो बीच गोडा झोस्दै, चर्खा दृढ़ गरे मस्तै,
"देवलोक मरोस तै पनि ।।
मर्नेहैन सिकर्मी एक, मन अवलम्ब अनेक-
चर्खा पुष्ट गराइ दिए झन् ।

गुरु कबीर भन्नु हुन्छ, सुन संत चर्खा जुन्छ-
देख्ने आवागवन छुट्त छन् ॥

चर्खा=शरीर। सिकर्मी=ईश्वर। काल्छु सूत हजार=सहस्रनाम जप, भक्ति। बाबा=भ्रामक गुरुजन। व्याह हवस=लगन लगाई दिनोस। केटो=भगवान, इष्ट, तिमीसंगै···=तपाईंमा नै समर्पणछु। शहर···अंतःकरण। उक्त भ्रमवाणी पुग्नासाथ उनको प्राप्ति निमित्त। बाबु छोरीः=जीवले आफ्नै कल्पना वाणी संग सम्बन्ध जोड्यो। सन्धि=जड़ चेतन एकैमा समझे गर्ने भ्रामक। लम्धि=लामो कल्पना लिएका लोभी जीव। बधू=अविद्या-वाणी। भाई=त्यसैका शिक्षक। चुल्हो=चुल्हाको आगो समान कल्पना वाणी। गोडा=विवेक-बुद्धि। चर्खा···=जन्म मरणको चक्कर मा पूर्ण दृढ गराई दिए। देवलोक···=[इत्यादि भन्दै] चर्खा पुष्ट गराई दिए=आवा गगन ब्रह्म-जगतको चक्कर मजबूत गराई दिए। चर्खा जुन्छ देख्ने=विवेकी जन।

६९

संकेत—चेतन जीवको समर्थता—

यंत्री यंत्र अपूर्वको–बज्छ आठौं अकाश उस्को–
माथि मुख्य गाँजिने आश ॥टेक॥

तिमी बोल्छौ तिमी जम्छौ, स्वयं तिमी हात लिन्छौ,
सर्वथल भ्रमण गर्दछौ।
छत्तीस राग शब्द एक - भित्र कायम गर्छौं टेक,
अनहद वाणी भर्दछौ ॥

मुखको नाल गरी, श्रवणको तुम्बा भरी,
सतगुरु साज बनाए ।
रसनाको तार कसी, नासिकाको ठेढी धसी,
मायाको खुब् मइन लगाए ।।

माथि गगन मण्डल गयो, अति राम्रो प्रकाश भयो,
उल्टा फेरो फर्काइ चढाउँछन् ।
भन्नु हुन्छ गुरु कबीर, विवेकीजन् जो छ सुवीर,
यंत्री प्रति प्रेम बढाउँछन् ।।

यंत्री=शरीर यंत्रको संचालक। अपूर्वको बज्छ=यही शरीरबाट अनेक कल्पना गर्छ। आठों आकाश=सात स्वर्गमाथि अपवर्गमा। गाँजिने=स्थित हुने। तिमी=स्वयं जीवनै। जम्छौ=शरीर भित्र बसेकाछौ। हात लिन्छौ=पुस्तकादि लिई। एक-भित्र=एक शब्द ॐबाटै छत्तीस अक्षरहरू, छत्तीस राग रागिनी उत्पत्तिको कल्पना गर्छौं। अनहद=बेहद व्यापक ब्रह्म छ भन्ने वाणी हृदयमा भरी बोल्छौ। [पू. प.] मुखको नाल=मुख देखि मेरुदण्ड सम्म यो बाजाको दण्डा भयो। श्रवणको तुम्बा=दुवै कान तुम्बा। सतगुरु···=ब्रह्माजीले सबै सामग्री बनाई दिनु भएको हो। मायाको मइन=अनेक सुख-शोभा वर्णनरूपी मइन घसी चिल्लो बनाइ दिए। उल्टा फेरो···=श्वास उल्टाई अभ्यास गर्दा ज्योति स्वरूप परमात्माको दर्शन पायौं। [उ. प.] विवेकीजन=परीक्षक जनले जीवमै प्रेम गर्छन्, यंत्ररूप देहमा अल्झि रहँदैनन्।

७०

संकेत—देवीको नाउँ, जिभ्राको स्वाद—

जस्तो मासु जनावरको, त्यस्तै मासु नरवरको,
रगत रगत समान पाएको ।
पशु मांस सबै खान्छन्, मानवको मानव खान्नन्
स्यालादिले देख्छौ खाएको ॥

ब्रह्म-कुमालबाट भयो, मेदिनी जो दृश्य छ यो,
कता गए जन्मी मरो ती ।
माछा मासु खान्छौ तिमी, साग पात सरी जिमी,
टिप्छन् सबै रोपी-छरी ती ॥

माटो पत्थर देव देवी, बनाइ भोग दिन्छौ सेवी,
काटी रेटी पशु पंछीलाइ ।
तिम्रा देव भए साँचै, चर्दा खेत बीच काँचै,
न खाएका किन बुझ भाइ ?

कबीर भन्छन् संत हेर, राम नाम मुखधेर-
नित्य प्रति रटन गर्दछौ ।
स्वाद निम्ति रसनाको, आज जेजे गर्छौं जस्तो,
भोली साटो रोई भर्दछौ ॥

ब्रह्म···=ब्रह्मा समर्थ थिए, ती पनि जन्मे-मरे लोप भए भने तिमीके रही रहूला र शरीर पोस्न पर जीव घात गर्दछौ ? राम नाम···=मुखले राम भज्दछौ, तिनै राम रमेका जीवको घात गर्दछौ ।

७१

संकेत—वाणी कल्पनाको विस्तार—

चातक कहाँ टाढा सरी, पुकार्दछौ पानी भरी,
भरीपूर्ण सारा जगत् छ ।
नाद विन्द जुन पानीको, भेदबाट षट् कर्मको'
सहित यो वेद उपज्छ ।।

जुन पानीले बीच जीव, निवास भन्छन् शिव,
प्रकाशक धर्ती अमर ।
जुन पानीले सबै शरीर, उत्पन्न भो संझ सुधिर,
के जानुन् भेद त्यो जल कबीर ?

चातक=उपासक जीव । टाढासरी=चेतन भगवान टाढा छन् भन्ने कल्पना वाणी सुनी । पानी=त्यो कल्पना वाणी । नाद=वाणी । विन्द=वाणीमा षटकर्म-यजन-याजन, अध्ययन-अध्यापन, दान-प्रतिग्रह र खानिमा-भोजन छाजन मैथुन भय निद्रा मोह सहित । वेद उपज=वेद बने, ज्ञान स्वरूप जीव शरीर लिई उत्पन्न भए । जुन पानी=जुन वाणीको आधारबाट हृदयमा शिव बसेका छन् भनी कल्पना गर्छन् त्यो प्रकाश गर्ने पृथ्वीका जीवहरु नै हुन् । जुन पानी···=काम वासना, कल्पनाबाट । सबै शरीर=चार खानिका सम्पूर्ण देह । भेद=जीवले दुःख पाएको कारण । त्यो जल=काम, कल्पनालाई अज्ञ जीवले के जानुन् ।

७२

संकेत—शरीरको क्षणभङ्गुरता, कल्याणमा सावधानी—

टेढो टेढो टेढो भई, किन हिंड्छन् दशैंद्वार यी,
नर्कपूर्ण भारी जहाज ।।टेक।।

फूटेछन् कि वाह्य नेत्र, देखेनौ क्यै दृष्टि भित्र,
कत्ति पनि जान्न सकेनौ ।
काम क्रोध तृष्णा-परी, प्रमत्त भै जीवन भरी,
विना पानी डूबी मरेछौ ।।

देह तिम्रो दाह गरे, खरानी भै धुलो भरे,
गाडे खान्छन् कृमि यसलाइ ।
गिद्ध कुकुर कौवा स्याल्ले, खान्छन् भोज्य हुन्छ फाले,
विशेषता यो तन लाश भाइ ।।

चेती नहेरी सिल्ली, हुन्छौ नर मोहित जिल्ली,
तिम्रो मरण् टाढा छैन है ।
कोटी पत्न गरे पनि, शरीर स्वस्थ हुन्न बनी,
अन्तः मिल्छ क्षार धुलो मै* ।।

बालुवाको गृह बास, नित्य तिम्रो छहै खास,
अझै सावधान हुँदैनौ ।

* मर्ने मानिस फर्कदैन कहिल्यै भेटिन्न भेटिन्न रे ।
पर्दा लाग्दछ जो महामरणको उल्टिन्न उल्टिन्न रे ।। (पं. माधव घि.)

गुरुकबीर भन्छन् एक, राम भजे विना टेक,
डूबे कैयौं बुज्रुक बुझ्दैनौ ॥

टेढो टेढो···=अहं पूर्वक बटारिएर। दशैद्वार=नाक कान आँखा दुई दुई, मुख शिश्न गुदा र तालु। जहाज=शरीर। दृष्टिभित्र=विवेक विचार। कत्ति पनि=नश्वर दुखरूप भन्ने किंचित मात्र। डूबी=वाणी मै डूबेर। मरेछौ=कल्पनामा परेछौ। बालुवाको=भाव हो-अल्पस्थायी। राम भजे विना=हृदयस्थ चेतन स्थिति।

७३

के को फिर्छौं फूली फूली, धन जन तन भूली,
हेर सबै स्वार्थी बनेका।
दश मास गर्भ बिच, उभिन्डो भै झुण्डी नीच,
भुल्न तिम्ले कस्तो सकेका !

माहुरी झैं श्रम गर्छन्, धर्ना कसी घर भर्छन्,
तृष्णा पूर्वक सम्पत्ति लिन्छन्।
मर्ना साथै हारालुछ-धन सर्व गर्छन् जो छ,
मट्टी देह बस्न के दिन्छन् ?

प्राण प्रिया द्वार सम्मै, मसान तक स्वजन् जम्मै,
साथ होला घारो कात्रो त्यो।
पछि उस्का साथी अनि, संसारका कोही पनि–
हुन्नन् हंस उडी सकेथ्यो ॥

शरीर भस्म दाह गरे–पूर्ण नष्ट हुन्छ भरे,
गाडी दिए माटो बन्दछ ।
काँचो हाँडी पानी भर्नु, नष्ट भई जान्छ हेर्नु,
महत्व यो ज्यूको भन्दछ ।।

राम बुझी न रम्दछौ, मोह जाल मस्त हुन्छौ,
पछौं काल्को इनार विवश ।
गुरु कबीर भन्नु हुन्छ, मानव स्वयं बन्धन् बुन्छ,
सुगा-नली सरी भ्रम वश ।।

७४

संकेत—योगको निष्कर्ष माथि विवेक—

यस्ता योगी बेचाल अति, काम गर्छन् जस्को गति-
भैं मा छैन न त अकाश ।।टेक।।

हात पाऊ न छ उस्को, न छ रूप रेखा त्यस्को,
न त उस्को चिह्न पर्छ क्यै ।
विना बजार व्यापार चल्छ, प्रचारको दलाल् बन्छ,
लेखा जोखा सबै गर्छ त्यै ।।
कर्म छैन धर्म छैन, योग युक्ति केही छैन,
उस्को जब कुनै प्रकार ।
सिंगी बाजा पात्रहरू, छैनन् कि के यिन्का बरु,
किन माग्नु भीख बेकार ?

मचिन्दछु तिमीलाई, तिमी पनि चिन्छौ मलाइ,
म तिमीमा सम भएको ।
उत्पत्ति र लय भनी, थिएन क्यै एक पनि,
भन कस्ले ब्रह्म धाएको ?

योगी जनले एक ल्याई, राखेका छन् ती ठड्याई,
सर्ब भव राम पूर्ण छ ।
औषधि व्याधि कारण, केही छैन उस्मा धारण,
राम एक अमृत चूर्ण छ ।।

नट वत नक्कल गर्नु, बाजा सुन्नु ज्योति हेर्नु,
चटकी को चटकमय हो ।
गुरु कबीर भन्नु हुन्छ, सुन संत अबोध जुन्छ,
राज छोडी बेराज भएको ।।

योगी बेचाल=आफूलाई व्यापक अचल संझने योगी । जस्कोगति= पृथ्वी आकाश कहीं छैन, व्यापक अक्रिय छू भन्दछन् । विनाबजार= हुँदै नभएको संसार बजारमा पनि । दलाल…=प्रचार गर्छन्, अनेक दृष्टांत प्रमाण दिई अद्वैत सिद्ध गर्छन् । सिंगीबाजा=सिंङ्ले बनेको बाजा । भीख बेकार=[यो वचन उक्त योगी प्रति वक्रोक्ति हो] [पू० प०] मचिन्दछु=म व्यापक ब्रह्म हूँ, तिमी जीवलाई जान्दछु, तिमीले पनि मेरो कृपाले मलाई जान्यौ म सबैमाछु । [उ० प०] भन कस्ले=ब्रह्मको अनुष्ठान गर्ने को हो ? योगी जनले=यिनै योगीले एक ब्रह्म कल्पना खड गरेका हुन् । संसार भर राम=एकै ब्रह्म पूर्ण छ भन्दछन् । अमृतचूर्ण=अजर

अमर । नट वत'''=नचुवा समान चौरासी आसन मुद्रादि गर्छन् । बाजा= अनहद नाद । राज छाडी=विवेकयुक्त पारख स्थिति छाडी विनाराज वस्तुको शून्य मै राजी भए ।

७५

यस्तो भर्म धोखा अति, वेद किताब मत कती,
दोजख् पुरुष नारी कुन ती ।।टेक।।
मट्टिको साजबाट, शरीर बन्यो गर्भ मात,
नाद विन्द साथ पुगेर ।
घट नाश भए पछि, के नाम राख्छौ भन बुझी–
खोज, बस्छौ अज्ञ भूलेर ।।
हाड छाला एकनास, मल मुत्र रक्त मास,
मज्जा एक सम जुन हो ।
एकै थोपा वीर्य द्वारा, भए सृष्टि देह सारा,
ब्राह्मण शूद्र भन कुन हो ?
रजो गुणी ब्रह्मा जान, तमो गुणी शिव मान,
सतो गुणी विष्णु स्वरूप ।
भन्नु हुन्छ गुरु कबीर, रमी रहू राम हे वीर,
कोही छैनन् हिन्दू तुरुक ।।

मत कती=मत मजहब विभिन्न बनाई । दोजख=नर्क पर्ने भनी दोआलाई भन्दछन् विचार गर । पुरुष...=पुरुष नारी, हिन्दू तुरुक को हुन् ? घटनाश'''=हिन्दू तुरक स्त्री पुरुष सबै शरीर कै नाम हो, त्यो नाश हुँदा । खोज=सत्य चेतनको विवेकगर । भूलेर=कल्पनामै कति अल्झन्छौ ?

७६

संकेत—भूल वश जीवको दुर्दशा—

आफ्नूपना भूल्यौ आफैं, कुकुर–ऐना देखी साफै,
भ्रमी भुक्तै मरी गएछ ।।टेक।।

जस्तो सिंह इनार पानी, छाया भिन्न न भन्ठानी,
फालहाली डुबी मरेछ ।
त्यस्तै फटिक शिला माथि, आफ्नै छाया देखी हात्ती,
दारा धसी प्राण गएछ ।।

स्वाद विवश् वानर चना, मुट्ठि अड्की सुराहीमा,
घर घर भीख मगायो ।
गुरु कबीर भन्नु हुन्छ, निगालाको सुगा रुन्छ,
तँलाइ कस्ले पक्रि फँसायो ?

आफ्नूपन···—जीवले आफ्नू सत्य स्वरूप कसरी भूली रहेछ भन्ने कुरा यो शब्दमा पाँच दृष्टान्त द्वारा सम्झाउनु भएकोछ ।

७७

संकेत—वाहिर न भटक, आफैं तर्फ घुम—

आफ्नै आश अधिक गर, हरिजीको मर्म तर–
पाएनन् है कोही जनले ।
विश्राम लिन्थे इन्द्री कहाँ–गए भन तिनी कहाँ–
राम भनी भन्थे सबले ।।

ती निपुण कहाँ गए, सारै बुद्धिमान थिए,
मरी गए पसे गर्भैमा ।
रामै रसको रामानन्द, भन्छन् कबीर ली आनन्द,
थाकें म पो भन्दा भन्दैमा ।।

आफ्नै आश – आफ्नै विवेक सदाचारको सेवन गर, कल्पनाका इष्टको आशामा न अल्झ । हरिजीको मर्म = हरि दोस्रा छन् भन्नु मेरै कल्पना हो भन्ने । विश्राम लिन्थे··· = इन्द्रिय भोगनै सत्य संझनेलाई भन्नु हुन्छ—इन्द्रियको भोग जति भोगे पनि के तृप्ति हुन्छ र ? गए भन··· = भन ती राम कहाँ गए, जस्को भरोसामा मानिस निश्चिन्त छन्, उनकै स्थिति कहाँ भयोर ? ती निपुण··· = होशियार भनेका सबै महज्जन । रामै रसमा··· = रामानन्द स्वामी भने रामको भजन-पूजनमै मस्त छन् , म भन्दा भन्दा थाकें । उनका मन्तव्यका रामदेखी गुरु कबीरका राम पृथक रहेछन् भन्ने यसबाट स्पष्ट झल्कन्छ ।

७८

संकेत—संसार इन्द्रजालबाट बच—

अब मैले जाने हेर, हरि बाजिगर-फेर,
अनौठाको चाल झेल जब ।
डम्बरु बजाउँदै, चटक अति देखाउँदै,
समेटदछ फेरी खेल सब ।।

हरिज्यूको इन्द्रजाल, देव मानव मुनि भूल,
माया प्रलोभन लगाई ।

घर भित्र फन्दा पारी, सबैलाई भ्रान्त भारी,
हृदयको ज्ञान न पाई ॥

इन्द्र जाल झुट्टा सबै, खाली सत्य जादूगरै,
सन्तजनको मत यही हो ।
सतगुरु भन्नु हुन्छ, जस्ले जस्तो संझी गुन्छ,
उस्को गति हुने उही हो ॥

हरि=माया भ्रामक । बाजीगर-फेर=इन्द्रजाली, कल्पनाको छल । डम्बरू बजाउँदै=चटकी समान भ्रान्त शिक्षकहरु कल्पनाको इन्द्रजालमा सबको मन अल्झाई पुनः बद्धुल्द छन् । देव मानव मुनि=सत रज तम—यी त्रिगुणी भूले । घर भित्र···=आफ्नै मतको पासोमा । इन्द्रजाल झुट्टा=जीवको कल्पना मिथ्या, जीव चेतन सत्य । जस्ले जस्तो···=संग रंग अनुसार समझ बन्दछ, उस्तै लोकादि, ईश्वर-खुदा, अजादवाद-विवर्तवादादि भ्रान्तिमा पर्दछ ।

७९

संकेत—हे चेता चेतन ! चाँडै चेत—

भनन हे अम्मर ! तिमी, अल्झी रह्यौ केमा रमी ?
चेत्न सक्छौ चेत सुज्ञजन ।
अम्मर बीच देखा पर्छन्, तारा एक सचेत गर्छन्,
एक चेत्न सक्नेयोग्य छन् ॥

जो खोज्दछौ तिमी जत्ति, तहाँ छैन बुझ रत्ति,
त्यो ता अम्मर पद बीच छ ।

गुरु कबीर भन्नु हुन्छ, पद बुझ्ने उही हुन्छ,
मुख अन्तस जस्को ठीक छ ।।

अम्मर=चेतन जीव। केमा रमी=कुन कल्पनामा पऱ्यौ। चेत्नसक्छौ=सचेत होऊ, विवेक सम्पन्न कल्याण योग्य तिमी नै छौ। अम्मर=आकाश संसार। तारा=मुख्य पारखी गुरु-शिष्य दुई छन्। जो खोज्दछौ=बाहिर कल्पनामा सत्य चेतन वस्तु खोज्छौ त्यो तहाँ छैन, खुद तिम्रो हृदयमा छ। पद बुझ्ने=कल्पना भ्रान्ति रहित भई उसैले यो पद बुझ्दछ–जस्ले कथन, रहन एक गर्दछ।

८०

हे मानव बन्धन ग्रस्त, आफैं भूली भयौ मस्त,
स्वयं शीघ्र छुट्ने काम गर।
जीवितैमा विचार गर, आफ्नू स्थिति सम्हाल र,
मृत्युवाद स्थिति काँ छ र?

उत्तम अवसर आज यस्तो, सावधान नभै कस्तो,
कोहि हुन्नन् तिम्रा आखिर।
भन्छन् कबीर वचन मेरा, सुन सन्त काल घेरा,
कठिन सारै यस्को तासीर ।।

काल घेरा…=मृत्यु, मन, कल्पनाको जाल-आक्रमण बडो भयंकर छ। तासीर=परिणाम।

८१

संकेत— कपास खेती देखि कपडा बुन्ने सम्मको रूपकबाट कल्पना मानन्दि जालको दृश्यावलोकन—

उनीहरू रट्छन् सँधै, 'र रा' 'म मा' खलाँती झैं,
सन्त उद्धार हेतु भक्तिको ।।टेक।।

बुन्न थाले चुनरी ती, बालमिक वन रोपी,
रुवो टिप्ने शुकदेव जी ।
कर्मले ज्यापु केलाइ, सब मिली अलग बनाइ,
धागो कात्ने जयदेव जी ।।

तीनैलोक ताना तानी, राख्ने थिए अति ज्ञानी,
ब्रह्मा विष्णु अरु महेश ।
नाम जप्दा थाकी गए, मुनिजन आजित भए,
इन्द्र सहित सबै नरेश ।।

आफ्नै मुख विष्णु गाई, गुण वर्णन गर्छन् भाई,
उही निर्जन देश बताउँछन् ।
शून्य घरका अभ्यागत, तिनै संझी अति हित,
उही पद प्रेम बढाउँछन् ।।

चार वेद नाप्ने गजी, निराकार कोका सजी,
चुनरी ती बुन्छन् जीव आइ ।

गुरु कबीर भन्छन् फेरी, लबार सरी कुरा गरी,
बाँध्ने हैन हेर मता भाइ ।।

उनीहरू=सनकादि वाल्मीकी आदि । सन्त…=षटदर्शनी सर्वसंत स्व-पर उद्धार निमित्त । भक्तिको…=भक्तिरूप बहुरंगी वस्त्र बुन्न थाले । बालमीक…=प्रथम आदि कवि बाल्मीकीले राम नाम रूप कपासको विउ रोपे शुकदेवजी…=त्यसबाट शुकदेवजीले ज्ञान कपास टिपी लिए । कर्मले=कर्मावाईले कपासको कर्म वीज केलाइन, जयदेवले उपासनारूप धागो काते । तीनैलोक…=कर्म, उपासना, योगको । आजित भए…= हार खाई जगतै मेरो स्वरूप भन्न थाले, योगनिद्रामा मस्त भए । उही निर्जन…=आकाश समान व्यापाक ब्रह्म । शून्यघर…-खाली घर, ब्रह्म शून्यको स्थिति पक्के । चार वेद…=सिद्धान्त पक्का गर्न चारवेद गजले नापे । कोका सजी…=कपडा बुन्दा धागो बाँधने साधन, निराकारको बनाई । चुनरी ती…— कल्पित ब्रह्म उपासना रूप कपडा जीवहरू बुन्न थाले । गुरु कबीर भन्छन्…=मता कल्पिक वाणी बोली कसैलाई बाँधदिन ।

८२

संकेत—योग प्रक्रियाको समालोचना—

संझलोक यही रित, मुखमन्दिर नाना नित,
बाजा शुद्ध शब्द बजेको ।।टेक।।

सगुण षट चक्र एक, वेधन गरी आफ्नै टेक,
विना गोरू कोल मचिन्छ ।
ब्रह्मलाई समातदछन्, अग्नि बीच हवन गर्छन,
माछो नभ चढी गर्जन्छ ।।

प्रति दिन औंसी हुन्छ, ग्रहण दिन दिन लाग्छ,
राहू ग्रास्छ नित्य दिंदैछ ।
गाईले हेर खाई, वेदवेत्ता ब्राह्मण लाई,
वर्षी मेघ शरीर घट्दैछ ।।

त्रिकुटी कुण्डल मन्दिर, बाजा अति बजे गंभीर,
कुघाटैमा अम्बर भुल्ने भो ।
पृथ्वीको पानी धेर, आकाशमा भर्छन् हेर,
यो आश्चर्य कस्ले बुझ्ने हो ?

कबीर गुरु भन्नु हुन्छ, सुन भाई सन्त जुन्छ,
योगीलाई सिद्धि पियारी ।
सदा आफ्नु सुखमाछन्, संयम पूर्वक यिनी बस्छन्,
माया सँधै कन्या कुमारी ।।

मुख मन्दिर···—योगी-ज्ञानीजनको मुख, मन्दिरबाट खुब बाजा बज्दछ—शुद्धब्रह्म निरूपणका शब्दहरू निक्लीरहन्छन् तथा सुमुखीको मुखबाट श्रृंगार-रसको वाणी बज्दछ । सगुण षट् चक्र एकः = एकले सगुण भक्ति, दोस्राले षट् चक्र वेधन गर्न थाले । अथवा शरीर- सुन्दरतामा आसक्त भई एक मनले नारीको दुई नेत्र, दुई उरज, मुख र योनि —छः चक्रको चिन्तन गर्छन् । विना गोरु=विना ब्रह्मकै वाणीरूप कोल चली रहन्छ । अन अङ्ग-को काम-विषय क्रियारूप कोल संसारीहरू चलाउँछन् । ब्रह्म=रजोगुणलाई । देहलाई अग्नि = योगाग्नि, कामाग्निमा । माछो = जीव योग क्रिया द्वारा ब्रह्माण्डमा पुगी 'अहं ब्रह्मास्मि गर्जन्छ । मन ब्रह्माण्ड स्थित भई आनन्द मान्दछ ।

प्रतिदिन··· = नित्य योगरूप औंसी हुन्छ, ज्ञान सूर्यमा कल्पना राहूले ढाक्दछ, उसैमा मन अर्पण गर्दछन्। भोग क्रियारूप औंसी हुन्छ, काम राहूले जीवलाई ग्रस्तछ, देहको सार वीर्य नारीमा गुमाउँछ। गाईले··· = वाणी कल्पनाले भर्माई रहीछ। कामिनीले विद्वज्जनलाई पनि छाडेकी छैन। वर्षी मेघ··· = भ्रामकहरू रोचक भयानक वाणी वर्षा गर्छन्, त्यसमा जीवको हंस स्वरूप नरतन बरबाद भई रहेछ।

त्रिकुटी··· = योगाभ्यासमा त्रिकुटी र कुंडलीनीको बीच दश अनहदनाद बज्दछ, भोग पश्चात गर्भाशयमा बालकको स्थूल शरीर बन्दछ। कुघाट···=ब्रह्मरंध्र मै जीव अल्मलियो, विवेकबाट पतन भयो। अथवा अधः द्वार मै अल्झी जीव कष्ठित छ। पृथ्वीको पानी··· = पिण्डको श्वास ब्रह्माण्डमा लगी भर्दछ नाद र ज्योतिमा अल्झी जीव कल्याण ठान्दछ, मन वासना वश चक्कर काट्दछ। योगीलाई··· = योगीलाई सिद्धि नै प्रिय छ, कामासक्तलाई नारी नै प्रिय छ। सदा आफ्नू··· = आफ्नू सुखको लागी संयमपूर्वक योग साधन गर्छन, विषय सुख प्राप्ति निमित्त उत्तम भोजन गरी सँधै हृष्ट पुष्ट रन्छन्। कन्याकुमारी = उक्त मायालाई आज तक कसैले प्राप्त गर्न सकेनन्, अलगै रहिन्।

८३

संकेत—मांस भक्षण प्रति तिव्र आलोचना—

भूलेकाहुन् अज्ञ यिनी, बुद्धि हीन बालक बनी,
न चिन्नी राम नित्य घटको।
बलात्कार ढाली गाई, गलाकाटी रेट्छन् हाई,
लिई जान्छन् खान घर पो॥

जिम्दो जीव मुर्दा पार्छौं, अब हलाल भयो भन्छौ,
जुन मासुलाइ पाक ठान्दछौ ।
उतपत्ति त्यसको सुन, रज विर्यबाट गुन,
उही नापाक् तिमी खाँदछौ ॥

घात भन्नी स्वयं देखी, मान्नी हैनन् ज्ञन् ली शेखी,
भन्छन् हाम्रा बुज्रुक आज्ञा ।
किन्तु उन्को रगत तिम्रै- गर्दन गिंडीनेछ राम्रै,
बच्ने छैनन् गर्छन् जो आज्ञा ॥

काला गए आए सेता, भएन दिल अझै सेता,
कर्म कत्ति तिम्रो सुध्रेन ।
के काम भो निमाज रोजा, नाहक बाँग अज्ञान बोझा,
मजिद् धायौ बेहोर उज्रेन ॥

पण्डित पढछन् वेद पुरान्, मुसल्मान हदिस कुरान,
दया रहम दुवै न मान्ने ।
कबीर भन्छन् दुवै नरक—गए यस्मा छैन फरक,
हर्दम दिलका राम न जान्ने ॥

हलाल भो =योग्य काम धर्म भयो । पाक=पवित्र । बुज्रुक=ठूला महान पुरुषको । काला = काला कपाल । निमाज = प्रार्थना, ध्यान । रोजा = व्रत । बांग = चिच्याई इष्ट पुकार्ने प्रार्थना । मजिद = मस्जिद । हदिस कुरान = धर्म ग्रन्थ । हर्दम दिलका राम = हृदयस्थ चेतन स्वरूप ।

८४

संकेत—हिन्दू-तुरुकी मानंदीको विवेचन—

काजी तिमी कुन किताब्को, हत्ते हाली व्याख्या तेस्को,
गर्छौ भन भूल परेर ?
रात दिन बक बक गर्छौं, मेहनत अति भर्छौं,
जानेनौ क्यै विचार गरेर ।।

मता ठिक यसलाई, सक्तिन भन्न भाई,
तिम्रो विचार यस्मा भएन ।
यदि तिम्रा खुदाले त, सुन्नति गर्दथे त,
स्वयं काट्टि किन आएन ?

सुन्नती गराई मात्र, मुसलमान भए पात्र,
के भन्द छौ तिम्री बिबी लाइ ?
नारी भन्छन् आधा अंगै, सुन्नत विना तिता सिंगै,
बुझ रहिन् हिन्दू बीबी भाइ ।।

जनैलाई ब्राह्मण भए, तिम्री पत्नी लाईनि के–
लगाइ दियौ सुझ लौ भन ?
तीता जन्म शूद्री रैछिन्, तिन्ले पकाइ पस्की दिन्छिन्,
पांडेजीले खाएको किन ?

हिन्दू तुरुक कहाँ बाट—आए बताइ देऊ घाट,
दुवै मार्ग कस्ले चलायो ?

दिलै खोजी गरी हेर, खोजी गर्ने मानव धेर,
कहाँ बाट बिहिस्त आयो ?
गुरु कबीर भन्छन् भाई, सुन संत कानलाई,
जबर्जस्ती पक्ष पक्रन्छन् ।
अज्ञजीव भ्रम पर्छन्, रामजीको आड लिन्छन्,
पछुताई अन्त बोक्रिन्छन् ।।

काजी = मुसलमानका धर्म-न्यायक । यस्मा = तलको कुरामा । पक्ष-पक्रन्छन् = आ-आफ्ना पक्षमा दृढ़छन् । रामजी = आ-आफ्नै इष्टको । पछुताई = मतको पक्ष र हिंसाको पापमा परी परिणाम चौरासी जानेछन् ।

८५

संकेत—देह गेहादिको ममता निरर्थक—

भूल वशी हेर नर, भन्छन् देह मेरो घर,
कल्पना मै जीवन बिताउँछन् ।।टेक।।
त्यो घर तिम्रो हैन जोडा, हात्ती बयल बाहन घोडा,
नाना थरी जम्मा गर्दछौ ।
अन्तः काल सबै लिन्छन्, बस्तीबाट लखेट्दछन्,
जंगलको बास पर्दछौ ।।
पोको पारी खर्च भनी, पठाउन्न कैले पनि,
नत कबै खबरै लियो ।
आफ्नी बिबी वाह्यफाली, हरामज्यादी महल पाली,
मियाँज्यान डेरा बिच पर्‍यो ।।

नौ मन सूत अल्भयो सारै, सुल्भीन त्यो पऱ्यो गारै,
जन्म जन्म अल्झी परेको ।
गुरु कबीर भन्छन् बरु, सुन मेरा सन्तहरु,
लौन योपद सुल्भाउ भनेको ॥

आफ्नो बीबी = हृदयको शुभगुण, सतवृत्ति । हरामज्यादी = काम क्रोधादि कुवृत्ति । मियाँ ज्यान = जीव । नौ मन = चार चतुष्ठय, पंच विषयमा जीव अल्भेको छ । यो पद ˝ = उक्त भ्रम फाली शुद्ध पारखपद ग्रहण गर ।

८६

संकेत—कल्पनाको गति जीवको महत्ता—

कबीर सम्भ तिम्रो घर, गन्दगीको बीच छ र,
जगत तहीं भूली रहेका ॥टेक॥

गुरु आज्ञा पालन गर्ने, छैनन कोही अधि सर्ने,
त्यागी भोगी दुवै पागल छन् ।
सबै ब्रह्म बीच हंस–जीव भन्छन् अवतंश,
चुच्चो तेस्र्याइ भन्ने कागभन् ॥

कामासक्ति कर्म गरे, समस्तले शरीर धरे,
नाद विन्द जम्मा भएको ।
संकल ती कबीराले, बोले वाणी बिचराले,
पानी भित्र घर छाएको ॥

अन्तस अति लुटिएको, खोस भोस कुटिएको,
पत्तौ छैन कत्ति, गिरेका ?

भामिनी समान सब, संसारका प्राणी जब,
मृग चर्न सरी फिरेका ॥

ठूला ज्ञानी मुनी आए, थाके अति हार खाए,
पक्रन ती असमर्थ छन् ।
ब्रह्मा वरुण इन्द्र कुबेर, प्रह्लाद् पिपा नृसिंह धेर,
कालै वश परे सर्वजन् ॥

गोरखनाथ नाम देव, दत्तात्रय जयदेव,
सबै मनका दास थी अति ।
तिन्को खबर भन्ने पनि, कोही छैनन् कहाँ उनी–
पुगे कहाँ हुनन् के गति ?

जुवा खेल घट भित्र, घनघोर छ विचित्र,
जन्म मृत्यु पासा हान्छन् ती ।
पलपलको हाल सबै–कोछ विवेक गर्नें कबै ?
जाल फुने व्यक्ति को छन् नी ?

चारै दिशा भूमि मध्ये, खेल मच्चि रह्यो सध्य,
दिल्ली रोम-श्याम बीच छ ।
तहीं माथि नित्य जुन्छ, विचित्रको खेल हुन्छ,
किलो ठोक्ने यम नीच छ ॥

सर्व अवतार भूमि–बीच उस्कै ऋषि मुनि,
सबै खडा विन्ती गर्दछन् ।

अनौठा र अगम अपार, रचना हो भन्छ संसार,
यो सब शोभा तिम्रै बुझ जन ॥

सर्व कबीर जे जति छन्, अनेक वाणी वीर बोल्छन्,
अझै सचेत होउ मेरा जन् ।
कबीरदेव भन्छन् जान, गुरु रूप बाड सान,
निरन्तर पुकारेका छन् ॥

कबीर=जीव । गन्दगी=मलमुत्रादि भरपुर देह । ब्रह्मरंध्र, काम । त्यागी-भोगी=साधु वेषी विशेष वाणीमा, भोगी गृहस्थहरु वाणी खानि दुवै मायामा । सबै ब्रह्म··· =पूर्ण जगतै ब्रह्मरूप म हूँ भनी परम हंस । अवतंश··· =शिरमौर जीव नै काग समान सबै पदार्थ खान मुख पाउँछन् । नाद विन्द=शिष्य—छोराहरू बढाउँछन् । सकल ती=सबै भ्रामकजन कल्पनापूर्ण बोल्छन् ; वाणी–काम विषयमा स्थिति मान्दछन् । अन्तस्··· = भित्री ज्ञान धन ।

भामिनी··· =जीव कल्पनाका पति मानी आफू नारी—उपासक बनी रहेछन् । मृगा··· =मन पशु कल्पना मै चर्दछ । पकन=स्थिर गर्न । कालै वश = मनकै वशीभूत भए । जुवा खेल=घट भित्र चित्त चतुष्ठयको खेल मच्चिई रहेछ । जन्म=शुभाशुभ कर्मवश जन्मको पाशा हान्दछन् । जाल फुने··· =उक्त जाल छुटाई छुटकारा लिने कोही छैन । चार दिशा= शरीर भूमिमा, नाभी हृदय, कंठ, त्रिकुटी–चार दिशा रची पेट पीठको बीच हृदयमा चेतन राजाको निवास छ । किलो ठोक्ने यम=मन या भ्रामक जनले भ्रम अध्यासको किलो तहाँ ठोकी दिए ।

उस्कै···=जुन ईश्वरको सबै जन प्रार्थना—इवादत गर्छन् । तिनै ईश्वरलाई आश्चर्य, बेपत्ता, अथाहका भनी रचना कल्पना गर्दछन्, हे मानव ! यो सबै तिम्रै महिमा हो । सर्व कबीर···=संसारमा जे जति भ्रान्तजन छन्

सबै कल्पना वाणी कै शिक्षा बोल्दछन् । गुरु रूप बाड सान··· = विवेकी गुरु आफ्नू पारख सानबाट तिम्रो हृदयको खानि वाणी खिया फाली दिन्छन्, ऐना जस्तो शुद्ध बनाई दिन हमेशा पुकारी रहेछन् । तिमी पनि निरन्तर पारख ज्ञानद्वारा अंतःकरण निर्मल बनाउँदै गर ।

८७

संकेत—योग कल्पना माथि सम्यक दृष्टि—

जीव तिम्रै वाणी बन्ले, गन्दा पूर्ण बनी मन्ले,
तिम्रै उपर शिकार खेल्दछन् ।
फुल्वारीमा घुम्ने अति, आनंदित मृग माथि,
रुचिपूर्ण वाण छाड्दछन् ।।

चेत्यो ग्राम शुद्धि गरी, रावलको शिक्षा धरी,
मूलबन्ध सहज बाँच्दछन् ।
ध्यानरूप धनु बढाइ, ज्ञानरूप वाण चढाइ,
योगेश्वर साधन साध्दछन् ।।

षटचक्र वेधन गरी, कमलका बीच चढी,
अति दिव्य ज्योति जगाए ।
काम क्रोध अरु लोभ, मन जन्य विकार मोह,
वनजन्तु हरू धपाए ।।

ब्रह्मांडको बीच पुगे, स्थिर भई द्वार रोके,
रात दिन जहाँ क्यै हुन्नन् ।

दासजीव पुगी गए, प्रथमका विछोड भए,
संगी साथी भित्र - रहन्नन् ।।

जीव तिम्रै··· = हे जीव ! तिम्रै कल्पना मानन्दिको वाणीले संसार कन्दरामा । फुल्वारी··· = संसारमा स्वतंत्र घुम्ने भ्रामकहरूले जीव माथि । वाण··· = वाणीको वाण । चेत्यो··· = योगीजनको शिक्षाबाट जीव चेत्यो, योग सिद्धि निमित्त शरीर ग्राम शुद्ध गऱ्यो । मूलबन्ध··· = वायाँ कुरकुचाले गुदाद्वार दाहिनाले शिश्नेन्द्रिय बन्दगरी मेरुदण्ड सोझो गर्नु, शिरदेखी तलसंम सिधा बस्नु । षटचक्र··· = मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञामा क्रमशः देवता स्थापना गरी जप-ध्यान गर्दै उग्ली अन्तमा सहस्रार--ब्रह्माण्ड सम्म लै जानु । दास जीव··· = यस प्रकार योगी ब्रह्मरंध्रमा पुग्छन्, तहाँ चित्त, मन, बुद्धि, अहंकार शान्त रहन्छन् । [विजाति भासमा अल्झेको वृत्ति कतिन्जेल स्थिर रहोस् ! देहको साथ साथ सब नष्ट हुन्छ, शब्द (६५) वत दशा हुन आउँछ] ।

८८

संकेत— अद्वैत निराकार अगम अपार इष्ट माथि किंचित विवेचन—

सुन भाई ! शिकार हैन, शिकार जन्तु त्यो ता हैन,
मासु खान्छन् सबै त्यसैको ।।टेक।।

यौटा शिकार संसार भरी–भनी कल्पनामा परी,
बेगति छ उस्का कुराको ।
हेर भाई ! पेट चिरी, विचार गर्दा आन्द्रा भुँडी–
कलेजादि केहि न भाको ।।

यस्तो मासु अपूर्वको, महँगो छ त्यो जन्तुको,
पल पल बिक्छ बचेन ।
हाडखोर बट्ुली झन्, धुनी बीच गरे हवन,
धुवाँ निल्न अग्नि सकेन ।।

शिर सिङै छैन उस्को, पुच्छर भेटने के को त्यस्को ?
कसै गरी कहीं पाएन ।
सारा विज्ञ मिली धन्धा, गर्न थाले परी फन्दा,
जीव गर्छन् कृत्रिम गायन ।।

शिकार हैन··· = ब्रह्म ईश्वरादिमा शिकार समान लक्ष्य लगाउँछौ, त्यो सच्चा लक्ष्य होइन । तैपनि सोही कल्पना वाणीमा व्यस्तछन् । यौटा शिकार···=एक निराकार इष्टको कल्पना गर्छन्, तर उसको हाल अज्ञात छ । हेर भाई···=विचार पूर्वक हेर्नै हो भने उसको अंग प्रत्यंग केही छैन, केवल मनको कल्पना हो । यस्तो मासु अपूर्व···=तैपनि उ सबैको प्रिय भई रहेछ, क्षण-क्षण उसैको पूजा पाठ मनन अध्ययन हुन्छ ।

हाडखोर··· = सब जड़ चेतनलाई उही कल्पित एकमा लय गर्दछन्, तर यिन्को सिद्धान्तरूप अग्निले द्वैत धुवाँ मिटाउन सकेन । शिर सिङै=उसमा चेतनता वस्तुपना कहीं छैन भने उसको बोध कसरी पाउँछन् ? धन्धा··· = योग, जप, तीर्थ, वेदान्त श्रवण मननादि गरी रहेछन् । कृत्रिम···=केवल कल्पना वाणी मै परे ।

८६

संकेत—कल्याण निमित्त जीवलाई सचेती—

भाग्यवान नर तिमी, के कारण लोभी बनी,
रत्न जन्म खेर फाल्दछौ ।

देह बन्नी जो थ्यो कारण, सोही कर्म अब धारण,
बीज किन रोपी हाल्दछौ ।।

विर्य रज बुन्द गई, देह पिंड तयार भई,
अग्नि कुण्ड गर्भवास गऱ्यौ ।
माता गर्भ दश मास, कष्ट खपी वाह्य वास,
फेरी माया जालमा पऱ्यौ ।।

बाल देखि बढ्दै गयौ, बृद्धावस्था प्राप्त भयौ,
हुनहार कष्ट परेको ।
जैलेयम आई बाँध्लान्, बलात् बाँधी चुँडीलालान्,
धुरु धुरु रौला भरे पो ।।

यो क्षणिक जीवन पाई, आश रत्ति नलेउ भाई,
काल्ले स्वास तान्यो मारन ।
ठूलो मौका पार हुन–पाएका छौ राम्रो गुन,
चेती पासा शीघ्र छाडन ।।

देह बन्ने···=पूर्व कर्म संस्कार । जैले यम···=मृत्यु समय वासनाले बाँधी अन्य नीच योनिमा लानेछन् ।

९०

संकेत—ठूला ठूला पनि कल्पनाबाट बचेनन्—

हेर सन्त महन्त जन्, गर उन्कै भजन् चिन्तन्,
जो छन् काल फाँस रहित ।।टेक।।

दत्तात्रयजीले कत्ति, जानेनन् क्यै मर्म रत्ति,
व्यर्थ साधन भूल गमन ।
घिउ झिक्न पानी मथी- श्रयास गर्थे उनि अति,
उही समाधिमा शमन ॥

गोरखले वायु राख्न, जानेनन् थे समलग्न,
गरे योग युक्ति अडकलै ।
ऋद्धि सिद्धि धेरै साधे, योग संयम् अति बाँधे,
जानेनन् खै ब्रह्म विल्कुलै ॥

वशिष्टजी विद्या श्रेष्ठ—थिए, पूर्ण ज्ञाता ज्येष्ठ,
शिष्य शाखा राम समान ।
जुन राम कर्ता भनी, जगतले भन्थे पनि,
कालले लग्यो छाड गुमान ॥

हिन्दू भन्छन् हामी पोल्छौं, मुसल्मान हामी गाड्छौं,
यही पीर आज्ञा टेर्दछन् ।
दुवै दीन लड्छन् अधिर, खडा भई हंस कबीर,
तटस्थता पूर्वक हेर्दछन् ॥

काल फाँस··· =विषय वासना कल्पना जाल रहित शुद्ध विवेक सम्पन्न सन्त गुरु या स्व स्वरूप चेतन । पानी मथी ··· =वाणीको छानबीन गरी सार संक्षेर मिथ्या अद्वैत कल्पना मै परे । जानेनन् खै···· = ब्रह्म कल्पना मात्र हो भन्ने जानेनन् । [हेर्नोस–शब्द २२]

९१

संकेत—संसार दुख मनन—

देह लिई जगत जनै, देखिएनन् सुखी कुनै,
जति देखें दुखै खाएका ।
उदय चल देखि भन्छु, अस्ताचल सम्म गुन्छु,
विवेक गरें कष्टै पाएका ।।

आफ्ना आफ्ना बाटा सबै, दुख चिन्ता शोक तबै,
गृही होउन चाहे विरागी ।
शुकदेव मुनि पनि, माया जाल दुखै भनी,
गर्भै देखि दिए निकाली ।।

योगी जंगम अति दुखी, तपस्वी ती को छन् सुखी ?
दोब्बर दुख खप्छन् ती पनि ।
आशा तृष्णा सबै घट, टम्मा-टम्मी देख्छु म त,
कमी छैनन् कुनै यी पनि ।।

सत्य बोले क्रुद्ध सबै, हुन्छन् भ्रान्त जगत तबै,
झुट्टो बोल्न मनै बिलायो ।
भन्नु हुन्छ कबीर गुरु, तिनै अति दुखी बरु,
जस्ले बाटो यस्तो चलायो ।।

आशा तृष्णा''' = लोकादि गमन, इष्ट मिलन, विषय वासनाको लालच । जस्ले-यस्तो = कल्पनाको बाटो ।

९२

संकेत—विना पारख मनरूप बीज नष्ट हुँदैन —

त्यो मनलाइ चिन भाई, शरीर छुटे पछिलाई,
कहाँ बस्छ के मा मिल्दछ ? ।। टेक ।।

सनक र सनन्दन, नाम जय देव कन,
सभक्ति मन् जान्न सकेनन् ।
अम्बरीष प्रह्लाद् अरु, सुदामा सब भक्तहरु,
भक्ति मन चिन्न सकेनन् ।।

गोपीचन्द भरथरी, गोरखनाथ सिद्ध भरी,
उही मन मिली मगन ।
जुन मनको भेद कत्ति, सकेनन् क्यै जान्न रत्ति,
शुकदेव तहीं शमन ।।

शिव नारद सनकादि, शेष फण सहश्रादि,
देखेनन् त्यो तन भित्र मन ।
यौटै निरन्जन सबै, शरीर बीच स्थित छ है,
तहीं भ्रमी जीव रहन्छन् ।।

कहाँ बस्छ केमा···=सूक्ष्म रूपबाट जीवको साथ रही पुनः देहधारण गराउँछ, अतः पारख द्वारा मेटाउ । सभक्ति मन···=भक्त त भए तर मनलाई । यौटै···=एक मन कल्पनाको जाल सबैका अन्तसमा भरिएको छ । तहीं संसारका सर्व-जीव पनि ।

९३

संकेत—कल्पना जाल र बलि प्रदानको विवेचन—

बाबू ! यस्तो छ संसार, यही कलि व्यवहार,
अज्ञान तिम्रै भ्रम चाल हो ।
कस्ले अब गरोस सहन, प्रति दिन अति उल्झन्,
मेरो रहन् हैन जाल हो ॥

स्मृति वाणी सुन्छन् सबै, प्रिय मानी गुन्छन् तबै,
हृदयको तत्व बुझ्दैनन् ।
काटी रेटी प्राणी सजीव, भोग दिन्छन् सामु निर्जीव,
आँखा छँदै कत्ति देख्तैनन् ॥

किन अमृत त्याग गरी, विष पान अधि सरी,
खोटो मोहर भित्र बाँध्दछन् ।
तस्करलाई रेशम खास, सिंहासन दिई वास,
विवेकीलाइ देख्दा भाग्दछन् ॥

कबीर भन्नु हुन्छ झुट्टा–साथ मिली बस्छन् झुट्टा,
ठग साथ ठग व्यापार ।
तीनै लोक जता पनि, भरीपूर्ण रछ बनी,
छैन सत्य प्रति पत्यार ॥

कति व्यवहार'''=वासना कल्पनाको प्रपंच । अमृत=जीव । विष=कल्पना हिंसा । स्मृति वाणी=हिंसा कर्म प्रपंच कै वचन । खोटो मोहर=मिथ्या, हिंसा, बलि, दुराचार । तस्करलाई'''=ज्ञानधनका चोर वंचक

शिक्षकलाई आदर। विवेकी···=कल्याण दाता पारखीको निरादर गर्छन्, देख्तै लुक्तछन्। झुट्टासाथ मिलि···=कल्पना, वासना र तिनका अनुयायी साथ मिलेर हंस जीव पनि उस्तै बनी रहेछ। तीनै लोक····=त्रिगुणी मनुष्यहरु सर्वत्र वाणी-खानि को कल्पना पूर्णछ, सत्य निर्णय वचन कसैले पत्यार गर्दैनन्, विचार गर्न अग्रसर हुनै सक्तैनन्।

९४

सकेत—कल्पनाका पुरुष प्रति एक विवेक—

लौन भन निरन्जन, लक्षण के छ गुनी मन,
कुन रितले चिन्छौ उसलाई ?
हात खुट्टा मुख कान, जिभ्रो आदि छैन जान,
के भनेर जप्नु त्यसलाई ।।

ज्योति स्वयं ज्योतिभन्छौ, ज्योतिरूप निश्चय गर्छौं,
ज्योतिरूप कस्तो चिह्न छ ?
ज्योतिरूप प्रति ज्योति, हत्ते हाल्छौ दिई ज्योति,
अन्त ज्योति कहाँ मिल्दछ ?

चारै वेद कथन गर्नें, ब्रह्माजी थे जगत भर्नें,
जानेनन् यो उन्ले पनि चाल ।
गुरु कबी भन्दछन् यती, सुन भाई संत जति,
बूझ पंडित ज्ञानी राम्रो हाल ।।

लौन भन···=अदृश्य ब्रह्मको लक्षण कस्तो छ ? जो मन वाणी बुद्धि देखि पर छ भन्दछन्। ज्योति स्वयं···=त्यो ब्रह्म स्वयं ज्योतिरूप छ, सर्वत्र

ज्योति प्रदान गर्छ भन्छौ, त्यस्को प्रमाण के छ ? ज्योतिरूप प्रति'''=ज्योति कल्पनामै स्व ज्योति चेतनको विवेक शक्ति नष्ट गर्छौ, तिम्रो शरीरांतमा त्यो ज्योति कहाँ मिल्छ ? तिम्रा मनको कल्पना हुनाले तिम्रै पिंड पक्रन्छ ।

९५

संकेत—वाणी-कल्पनाको कर्तृत—

न्यायकारी यो संसार, कस्ले गरोस मासु घर-
फिंजी गिद्ध भए रक्षक ।
मूसो भयो डुंगा रूप, बिरालो भो बोटे खूप,
पाहा सुत्छ पाले तक्षक ॥

गोरु ब्यायो थारी गाई, दूध दुने बाछो लाई,
तिनैकाल दुही रहन्छन् ।
नित्य उठी सिंह लड्न—लाग्यो स्याल संग भिड्न,
कबीरको पद को बुझ्छन् ?

मासु घर'''=कल्पना वाणी फिंजाई त्यसका रक्षक भ्रामक जनहरू भई रहेछन् । स्त्री-पुरुष भोग-खेलमा मासु फिंजाएर मनरूप गिद्ध रक्षक भई रहेछ । मूसो भयो'''=नरतनरूप डुंगा खियाई पार लगाई दिने वंचकजन बने । विषयी जन जड़ नाऊ बने, कामिनी मल्लाह बनेकी छ । यस्ले लंगुर समाती चाहे जहाँ लगोस ? पाहा सुत्छ'''=जीव कल्पनाकै भरोसामा सुतेको छ, भ्रम-कल्पना गर्दछन् , वाणी जड़ हो । दूध दुने'''=कल्पित पुरुषको त्रिकाल प्रार्थना आरती, अन्वय व्यतिरेक, वाद प्रतिवाद गर्छन् । पुरुषरूप बाछो मन-वाणी कर्म तिनै प्रकारबाट दूहिई रहेको छ । नित्य उठी'''=जीव प्रातः देखिनै मन कल्पित वाणी संग संग्राम गर्छ-स्मरण ध्यानादि गर्दछ । नित्य काम—कर्म

संग्राममा लडदछ, मारिन्छ । कबीरको'''=विवेक हीन जनका कल्पनाको स्वरूप कसले बुझ्न सक्तछ ?

९६

कस्को लागी रोऊँ मत, सबै मरी गए नित,
फर्केनन् नी फर्काउँदा ती ।
जब म रोएँ अति, सह्मलेनौ तिमी रत्ति,
विचार लियौ गर्भैं जाने नी ।।

अब ऐले कराइ कोही, के पाऊँछौ भन रोइ ?
रुवायौ नी किन मलाई ?
गुरु कबीर भन्छन् हाई, सुनसंत राम्रो भाई,
काल वश न पर आई ।।

कस्को लागि=क-कस्को निमित्त मशोच गरौं ? सबैमरी'''=सबै जडाध्यासी बन्दै गई रहेछन्, म संझाउँछु तर तिनी कल्पनाजाल छाड़ी सचेत हुन चाहँदैनन् । जब म रोएँ=समयमै मैले दया वश सम्झाएँ को थिएँ, उस बखत मेरो वचन लिएनौ, गर्भवास जाने—विषयासक्ति, कल्पनामै पऱ्यौ । अब ऐले'''=बिती सकेपछि सोच गरी के गर्ने ? अब मलाई दुख पोखी सोचगराई मात्रके बन्दछ ? वश न पर=अब सचेत बनी सम्हालगर, कल्पना, वासनाको वश न बग ।

९७

अल्ला राम खडा भए, तिमी जस्तै मानव थिए,
जस्मा तिमी कृपा गर्दछौ ।। टेक ।।

के को भूमि शिर झुक्यौ, नाहक तीर्थ पानी धायौ,
शरीर स्नान आफ्नू भिजाई ।
फकिर पूजक भक्त बन्छौ, जीव घात अति गर्छौं,
बैगुन जति भित्र लुकाई ॥

आचमन जप स्नान, ध्यानादिले के भो भन !
मस्जिदमा झुकाई स्व शिर ।
हृदयमा कपट लिन्छौ, निमाज मक्का तीर्थ गर्छौं,
के फल मिल्छ दिल विचार ?

हिन्दू चौबीस एकादशी–व्रत मियाँ तीस बसी,
रोजा गरी कष्ट काट्दछौ ।
मास-एकादश कस्ले, तुच्छ गरी किन फाले ?
एकै मास उत्तम ठान्दछौ ॥

यदि खुदा मस्जिद बस्छन्–भने बाँकी संसार झन्,
कस्को होला ! बुझ यी कुरा ।
तीर्थ मूर्ति बीच राम, निवास छ भने जान,
न हेर्नें कोइ दुवै अपूरा ॥

भन्छन् हिन्दू पूर्व हरि, अल्ला मिया पश्चिम भरी,
निष्पक्षले विवेक गरे पो ।
बारम्बार भन्छु रोज, आफ्नै दिल भित्र खोज,
यही करीम राम भनेको ॥

वेद किताब भन्यो कस्ले—झुट्टो विचार्दैनन् जस्ले,
हेर र्त्ति विचार लगाई ॥
सबै घट एकै जानी, लेखा गर्छन् भय मानी,
दोस्रा भन्दा बस्छन् डराई ॥
नर नारी जति जो छन्, सबै तिम्रा स्वजाति हुन्,
दया गर अर्को न भन ।
कबीर बाल अल्ला राम, तिनै गुरु हाम्रा काम,
भन्छौ अब विचार गमन ॥

जस्मा तिमी···=तिमी जस्तै मनुष्यको कृपाले खडा भएका हुन्, जस्लाई कृपा गर्छौ गर। चाहे ढुंगा काठ आदिलाई देवता बनाउ, चाहे शून्य कल्पनालाई ब्रह्म-खुदा; तिम्रै हातको कुरा छ। के फल मिल्छ=हिंसादि दुर्गुण नछाडी उपरोक्त पाखण्ड आचरणले के फल मिल्दछ? तीर्थमूर्ति··· =तीर्थ मूर्तिमा मात्र देवता छन् भन्ने हो भने घट-घटमा कस्को निवास छ त? अतः हिन्दू मुसलमान दुवैले विवेकदृष्टिबाट हेर्न जानेनन्। सब घट··· =भ्रान्तजनको सिद्धान्त छ—"सबै घटमा एकै तत्व परिपूर्णछः दोस्रो मान्नु नै भयको कारण हो।" परन्तु यसो भन्नु प्रत्यक्ष विवेक विरुद्ध हुन आउँछ। प्रति घट छुट्टाछुट्टै चेतन भएको भित्री दृष्टिले गम, एकमा न मुछ। दोस्रो जीवको घात गर्नमा भय मान। कबीर बाल···=ब्रह्मा हजरत मुहम्मद ईश्वर का पुत्र या खुदाको नूर हुन्, तिनै हाम्रा अगुवा गुरु हुन्। उनका वचन वेद कुरान अनुसारै चल्नु पर्दछ—भन्दछन्। परस्पर लडाईं पनि लड्छन्, विवेकयुक्त समता लिंदैनन्।

Birth of God is the ground of man's soul--Christian Mystic.

"जिनके पिया परदेश बसत है, लिखि-लिखि भेजे पाती।
मेरे पिया मो माँहि बसत हैं, गूँज करूँ दिन राती ॥"—मीराबाई

९८

आऊ बाबू आऊ धाम, मलाइ निको हरिनाम,
छाड संसार सर्व के काम ? ।।टेक।।

तिम्रा आदम थिए कहाँ, मामा हव्बा तिम्री कहाँ !
कहाँ पीर पैगम्बर थिए ?
कहाँ तिम्रो भूमि आकाश ! तिम्रो वेद कुरान खास्,
किताप् सब भन काँ थिए ?

दुनियाँमा मसजिद, जस्ले रचे रोजा ईद,
चाड पर्व तिम्रा तमाम ।
एक अल्ला नाम अब, तिमी उन्लाई नित्य नव,
झुकी झुकी गर्छौं सलाम ।।

कहाँबाट बिहिस्त त्यो–भन भाई आएको हो ?
कस्को हुकुम छुरी हनायौ ?
कर्ता भनी कृत्रिम झेली, बाजी थापे दाऊ खेली,
हिन्दू तुरुक मार्ग चलायौ ।।

तिम्रो दिन कहाँबाट, रात्रि आयो कताबाट ?
बनाएको कसले कृत्रिम ?
जाति कुल छैन उस्को, भन्छन् गुरु कबीर यस्को,
दिन रात छैन तमाम ।।

[पू० प०] आउ बाब—हेभाई हो, 'मेरो शरण आऊ, सर्वोत्तम

इष्टनाम स्मरण गर, क्षण स्थायी संसार त्याग । (उ० प०) कहाँ बाट= स्वर्गादिलोक कहाँ बाट आए ? सबै तिम्रै मनका कल्पना हुन् । कर्ता भनी= काल्पनिक ईश्वर-खुदाको देन--वेद-कुरानले विधि गरेको भनी हिंसा कुर्वानी आदि बनावटी दाऊ थापे । तिम्रो दिन··· =प्रथम दिन रात पाप पुण्य को अस्तित्व नभए पुनः कस्ले—किन कृत्रिम वाणी वेद कुरानादि बनाई पाप पुण्यको मार्ग चलाए, जीवलाई स्वर्गीय नारकीय बनाएका हुन् ?

९९

संकेत—शरीरको नश्वरता र अहंकार रहित स्वकार्य सँम्हाल्न सावधानी—

अब एक्लै मेरा मित्र, कहाँ गयौ भो विचित्र !
उठी फिक्री गर घरको ।।टेक।।

खीर घिउ मिठाइ खाई, शरीर पुष्ट पार्थ्यौ भाई,
उही शरीर फाले तिर तीर ।
जुन मस्तक रची यत्न, फेटा गुथ्थ्यौ उही रत्न–
फोरी कौवा छर्छन् दश तीर ।।

हाड बल्छन् काठ सरी, कपाल घाँस झयीं गरी,
बल्छ भस्म आखीर हुन्छ ।
आऊँदा न साथ .हुने, जाँदा न त साथै जाने,
सेना हात्ती बाँधि के हुन्छ ?

माया रस सुख भोग, लिन नपाइ के को सोख,
बिरालो झैं यम गर्जन्छ ।

कबीर भन्छन् नर आज, चेत्तौन लौ यमराज-
लाठो शिर अन्त बज्रन्छ ॥

१००

संकेत—विभिन्न रूपकबाट वाणी-कल्पनाको विवेचन—

नर हेर व्याह हरि, छोराले नै हात्पात गरी-
आमा ल्याई छोरी साथ जाने ।
सासु नन्द मिली दुवै, अचल् चाल चलाइ खुबै,
मदारी घर बस्न ती जाने ॥
भिनाजु म नै भएँ, मेरा साला राम भए,
महूँ पिता हरि पुत्र हुन् ।
कबीर भन्छन् यो हरि को, साहस हेर छ कत्तिको,
रामैं रम्ने स्वान पुत्र हुन् ॥

नर हेर···=हे मनुष्य ! विवेक हारक मायाको मित्रता हेर ! जीव आफूलाई अंश मान्दछ, अतः त्यो छोरो भयो, 'ब्रह्मयोनि' आमा भई । जीव ब्रह्म मै तदाकार भयो । यो काम गर्नु साँच्चिकै अविद्यापूर्ण बुद्धिको साथ लाग्नु हो । सासु नन्द···=गुरु शिष्य मिलेर कल्पित ब्रह्म अचलको सिद्धान्त संसारमा चलाए । वाणीको साहित्यिक-शृंगार सुन्दा संसार सबै ब्रह्म प्राप्ति निमित्त नटरूप शिक्षकका समाजमा घुस्छन् बाँदरवत नाच्छन् । भिनाजु···=शिक्षक ब्रह्मज्ञानी भंछन्—म सर्व विकारलाइ शमन गर्ने ब्रह्म हूँ, पूर्ण अद्वैत ब्रह्म नै मेरो सार सिद्धान्त हो । म पिता हूँ हरि—ज्ञान मै बाट उत्पन्न हुनाले मेरो छोरो हो । कबीर···=उक्त ब्रह्मोपदेश गर्नु यिनको 'साहस' मात्र, वास्तव तथ्य हीन कुरा हो । उक्त थापक मानन्दिकृत राममा यी रमण गर्छन्, अतः कल्पित वाणीका दास हुन् ।

१०१

देखी देखी उदेक अति--लाग्छ योपद बुझने मति,
बिरला ती हुनन् यस्ता जन् ।
अकाश गए उल्टी भूमि, कमिलाको सुख घूमी,
हात्ती हेर भित्र पस्तछन् ।।

विना वायु पहाड उडे, जीव जन्तु रुख चढे,
यसैबाट छुट्न चाहेका ।
लहर उठ्छ सुखाताल, विना पानी चक्रवाक,
नित्य कलोल् गरी नाचेका ।।

पंडित बसी पुराण पढछन्, थरी थरी फुर्का भर्छन्,
बयान गर्ने अदेख छ जुन् ।
गुरु कबीर भन्नु हुन्छ, यो पदलाइ जस्ले गुन्छ,
तिनै सन्त प्रमाणित हुन् ।।

देखी देखी…=संसारीजनको उल्टो चाल देख्ता छक्क परिन्छ। यो पद बुझने…=मनुष्य पद या चेतन पारखपद बुझने कोही विवेकी नै होलान्। अकाश गए…=मनुष्य आफ्नू विवेकबाट उल्टेर अकाशीय—शून्य, लोकादि कल्पनामा उडी रहेछन्। कमिलाको…=कल्पित वाणीको मुखमा मनुष्यको मन पस्यो—मग्न भयो। विना वायु=विना विवेक हिन्दू मुसलमान आदि सर्व सिद्धातीहरू कल्पित स्वर्ग सुखको आशामा उडी रहेछन्। जीव जन्तु…=ज्ञानीहरू उक्त स्वर्ग सुखको आशा छाडेर ब्रह्म ज्ञान वृक्षमा चढ्न थाले। लहर उठ्छ…=ब्रह्म निर्गुण रूप सुखा तलाउमा जगतरूप तरंग उठ्यो। विना पानी=विना विचार सब मनुष्य ब्रह्म-समुद्रमा

क्रीडा गर्छन्। बयान गर्ने···=स्वार्गादि धाम ईश्वर ब्रह्म खुदादि कल्पना कै वाणी वर्षा गर्दछन्। यो पद···=मनुष्यपद-पारख सिद्धान्तको विचार गर्ने नै श्रेष्ठ आदर्श पुरुष हुन्।

१०२

मायासक्त हे अज्ञानी ! तिमीलाई सबै छानी,
बताऊँछु सर्वको अन्त।
तिमी संझ ठिक राम्रो, असल कंसल विचार हाम्रो,
कल्याणको पक्क सुपन्थ ॥

घरैका ती परम स्वामी—संग सपनामा पनि,
कुनै दिन भेट गरेनन्।
ब्राह्मण क्षत्री वैश्य सबै, महत्ताको अहं लिंदै,
अर्तो लिनै अघि सरेनन् ॥

छः दर्शनी योगी जंगम, आफ्नै आफ्नै मानी सुगम,
हंकारमा फूली मग्न छन्।
गुरु कबीर भन्नु हुन्छ, ती मध्ये एक योगी जुन्छ,
भ्रम वश भोगी लग्न भन्न ॥

बताऊँ छु:=सबै सिद्धान्तको सार बताउँछु, त्यो हो चेतन विवेक, यही बाटो लाग। घरैका ती=आफ्नै हृदयस्थित मालिक चेतनदेव छन्, तिनी संग भेट गरेनौ, अंश छाया दास व्यापक मात्र बनी रह्यौ। ती मध्ये=ती छः दर्शनीमा योगीहरू हठयोग प्रपंचमा परी भ्रमवश कष्ट भोग्छन्। स्थूल पंच विषय त्यागे पनि सूक्ष्म विषय--अनहद शब्द ज्योतिरूप अमी रसादिका भोगी बन्दछन्।

१०३

संकेत—स्वरूप बोधको विशेषता—

तिमी आफैं भोर पऱ्यौ, बुद्धि भ्रमी सिल्ली भयौ,
विचार पूर्वक संझ यी कुरा ॥ टेक ॥

जस्तो पानी पानी बीच-मिल्छ, त्यस्तै माटो बीच-
मिली सम जीव हुनेछ ।
जो मैथिली पंण्डित सच्चा-भए मरण तिम्रो पक्का,
मगहरै पास हुनेछ ॥

मगहर मर्ने जन्को, फेरी मरण हुन्न अर्को,
अन्त मरे राम लजाउँछन् ।
मगहरै मरे हुन्छन्-गधा अज्ञजन भन्छन्,
रामजीको विश्वास गुमाउँछन् ॥

मगहर या काशी मरोस, यदि राम दिल हवस-
उस्को कत्ति हानि भएन ।
यदि जीव-काशी शरीर-छाड्नै पऱ्यो भने हे वीर,
राम्को खुसामद परेन ॥

तिमी आफैं=स्वयं तिमि भूलमा पऱ्यौ, विचारगर-मरणवाद जीव माटोमा मिल्छ भन्नु विक्षिप्तपना हो । जो मैथिल…=यदि सच्चा विवेकी भए । मगहर=ज्ञान सम्पन्न भएरै तिम्रो देह छुट्नेछ । मगहरमा…=स्वस्वरूप बोध भावमा देह छाडनेको दोस्रो जन्म हुँदैन, अरु खानि वाणी-अध्यास लिई मर्ने अवश्य बंधनमा पर्दछन् । मगहरै मरे=मगहर मर्ने गधा हुन्छन् भंने ले

ज्ञानबाट तरिन्छ भन्ने विस्वासै गरेनन् । यदि राम···=यदि रमैया रामको विवेक छ भने तिन्को हर अवस्थामा कल्याणै छ । भ्रान्तजन मुक्ति निमित्त काशी मरण चाहन्छन्, अतः तिनलाई आफ्नू रामको भरोसा कहाँ भयो ? राम—ज्ञान को कुनै आवश्यकता परेन ।

१०४

संकेत—विषमता पूर्ण संसार-पिंडब्रह्माण्डबाट उवार हुन हित शिक्षा—

नाथ कसोगरी तर्नें, कुन प्रकार कल्याण गर्नें,
अब अति कुटिल भरीयो ।
सेवा पूजा तिम्रो कस्तो, न्यास ध्यान तिम्रो जस्तो—
बकुल्लो वत् सेतो भरी भो ॥

भाव तिम्रो सर्प सरी, विचारबाट रित्तो परी,
बाज जस्तै लक्ष्य गरेका ।
बिरालो वत् बुद्धि भरी, बिरोधपूर्ण अति गरी
हरे कति बठ्याइँ भरेका ॥

छः दर्शन विचार गरे, वेष मात्र बेरी परे,
कबीर भन्छन् सुन दास नर ।
डंकिनीको आडम्बरमा, सबै प्राणी संसार भर्मा,
घुमी खाई सकी जगत् भर ॥

नाथ=हेस्वामी जी ! वेष मात्र बनाई के तर्छौं ? अब त तिमीमा धेरै वक्रता भरिई सक्यो । बकुल्लोवत=वाह्य वेषमात्र शोभा भयो, भित्र भोग कामनाले भरीपूर्ण भै रहेछ । भाव···=सर्पवत विषालु, विचार रहित,

बाज जस्तै अज्ञ जीव माथि आक्रमणकारी छ। बिरालीवत…=मान भोग विषय कामनामा लुपुक्क लम्कने बानि बनिरहेछ। विरोधपूर्ण…=बाह्य वेष र भित्री चालमा अति विषमता देखिन्छ। विभिन्न सिद्धान्तमा विरोधता भरीपूर्ण छ, चतुरा विज्ञजन एक दोस्राको मत खण्डन गर्छन्। सुन दास नर…=हे कल्पना का दास! सुन। डंकिनीको…=वाणी कल्पनाको देखाउ प्रलोभनमा पारी सबैलाई भ्रमाई रहीछ।

१०५

संकेत—भूत प्रेतादि निषेध—

यही भ्रम भूत अति, सारा जगत खाई जुटी—
सक्यो पुज्ने सबै बौलाए।
न छ अण्ड पिण्ड देही, न छ प्राण आदि केही,
कोटी प्राणी छक्क दी आए॥

बोका भाले बली उस्मा, दिन्छन् यिन्ले पुनसमा,
अवश्य नै सट्टा लिने छन्।
कबीर भन्छन् नर नारी, सुन भूत पुज्ने भारी,
अंत भूतै देह पुग्ने छन्॥

न छ अण्ड पिण्ड…=भूत प्रेतादिको सूक्ष्म स्थूल देह प्राण केही छैन, केवल मनको कल्पना मात्र हो।

१०६

संकेत—शरीरको क्षणभंगुरता, कल्याण निमित्त सचेती—

भ्रमरा सब उडी सके, बकुल्ला आई बसे,
रात बित्यो दिन डुब्नेछ।

थर् थर् काम्ने बालप्राणी, था छैन के गर्छन् स्वामी,
कुनदशा हा! मेरो हुनेछ ॥
काँचो हाँडी बीच पानी, अड्दैन यो कुरा जानी,
हंस उड्छ तन गलिन्छ ।
काग उडाउँदै दुख्छन्–हात गुरु कबीर भन्छन्,
कथा यहीं पुरा सकिन्छ ॥

भ्रमरा…=काला कपाल सबै सेता भए, प्रपञ्च जालमा अल्झँदा अल्झँदै जवानी-वित्यो वृद्धपना आई सक्यो। रात वित्यो…=विषय क्रिया, तीन खानि, वाल्यावस्था भुक्तान भए, अब दिन समान नर तन जवानी अवस्था पनि अवश्य अस्त हुनेछ। थर-थर…=आफ्नू पूर्व कर्तव्य सम्झी अज्ञजन थर-थर काम्दछन्। काँचो हाँडी…=नश्वर शरीरमा प्राण कति बेर अडोस ! हंस उड्छ…=आफ्नू कर्म संस्कार ली आज भोली मै जीव अन्य खानिमा गमन गर्दछ, शरीर नष्ट हुन्छ। काग उडाउँदै…=अशुद्ध भोगले मन इन्द्रिय-हरूलाई दौडाउँदै मनुष्य शरीर जरजरता, व्याधिले ग्रास्छ कष्ट हुन्छ, यत्तिकैमा जीवन लीला समाप्त हुन्छ।

१०७

विना खसम तेली गोरु—बन्न गए अज्ञहरु,
विवेक विना व्यर्थ रुने भो ।
वास छैन कुनै दिन, साधु सन्त संगत हीन,
नाहक जन्म व्यतित हुने भो ॥
बगी बगो यसै मर्छौं, स्वारथमा व्यस्त पर्छौं,
सहने छौ यम प्रदण्ड ।

पुत्र पत्नी धन भन्दै, राज काज पद ठान्दै,
शिर बोझ बोक्यौ अखण्ड ॥

स्वामी छाडी विष रंग, मस्त रह्यौ भोग संग,
पाप बीज सँधै रोपेर ।
झुट्टै मुक्ति मानव हेर्छ, आश जीवनको गर्छ,
तिनी प्रेतै जुठो खाएर ॥

चौरासी ती लक्ष जीव-जन्तु प्राणी सिन्धु बीच,
बगी बगी दिन बिताए ।
कबीर भन्छन् सन्त सुन, यिन्को चाल राम्रो गुन,
कुकुरैको पुच्छर समाए ।

विना खसम···=स्वयं स्वामी चेतनको बोध विना, विषय भोग वाणी जालमा । सहनेछौ ··· = मन वासनाको मार रुँदै खप्नु पर्ला । स्वामी छाडी···=स्वस्वरूप चेतन या विवेकी गुरु छाडी । झुट्टै मुक्ति···= कल्पित लोकादि वास, इष्ट प्राप्ति निमित्त व्यर्थको आशा गर्छन्, भ्रामकहरूको मुख ताक्छन्, कल्पित उच्छिष्टवाणीकै आधार पक्रन्छन् । यिनको चाल··· =यिनीहरूको चरित्र हेर, अखण्ड मुक्ति निमित्त कल्पित देवादिको आशा गर्नु साँच्चिकै कुकुरको पुच्छर पक्री भवसागर पार लाग्न खोज्नु हो ।

१०८

संकेत—उपासकहरूको मनको धारणा, कल्पनाको गति—

अब भएँ फेरि मत, पानी बीच माछो वत,
पूर्वजन्म तप मद लागें ।

मनै देखि अति पैले, उपराम थिएँ, मैले—
राम हेतु कुटुम्बी त्यागें ।।

काशी पनि छाड़ें मैले, मति मेरो भ्रान्त ऐले—
भयो, होला गति के नाथ ?
मै पो हूँ कि-कुसेवक, हजुरैको अविवेक,
द्विमा कस्को दोष ? हे नाथ !

म त आएँ प्रभु शरण, कतै पनि हरि चरण-
देखिन खै घूमें येसरी ।
हजुरैका निकट आई, साँच्चै दास कबीरलाई
निराश पार्नु भयो बेसरी ।।

अब मत'''=अब म भगवद्भक्ति रूप जलको माछो समान बन्दछु, योगाभ्यासमा स्वासरूप पानीको माछो समान निमग्न हुन्छु । पूर्वमा पनि यस्तै अभ्यासी रहेछु, परन्तु योग-भक्तिको अहंपना गरेको रहेछु क्यार ? काशी=काशीधाम या शरीर । मै पोहूँ कि=मैले सेवा गर्न नजानेको हूँ या हजूरले नै मेरो त्याग तपस्या भक्ति सम्झन नसकेको हो ? म त आएँ ``=म सर्वस्व त्यागी हजुरकै शरण आएको हूँ परन्तु हजुरका पद कमलको दर्शन कहीं पाउँदिन ।

१०९

टाढा कबीर गए जगत–भन्छन् यस्को हाल फगत,
कोही धीर व्यक्ति जान्ने छन् ।।टेक।।

दशरथ पुत्र जो छन् , राम तिनै लोक भन्छन्,
राम नाम अर्कै भेद छ।
जुन जीवले जस्तो जान्यो, अन्तसमा उस्तै मान्यो,
डोरीलाई सर्प देख्तछ ॥

फल उत्तम मानेका छन्, तर हरि छाडी त्यो मन,
मुक्ति लाभ उतै मान्दछन्।
हरि अधार जस्तो पानी–माछो उस्तै अन्य जानी,
यत्न किचित् जीव ठान्दछन् ॥

टाढा कबीर···=भ्रान्त उपासक सम्झन्छन्—मुक्तजीव नै स्वर्ग परंधामादिमा गए, परन्तु यस्को मर्म। अर्कै भेद=हृदयवासी रमैया राम नै सच्चा हुन्। डोरीलाई सर्पः=डोरीलाई सर्प सम्झे झैं यहाँ खाडलमा परेको जीव उत्री माथि आएका देखी मुक्तिमा पनि माथि लोकादिमा चढिन्छ भन्ने सम्झन्छन् , तर दुख कल्पना बंधन वासना शमन हुनु नै जीवको मुक्ति हो। वास्तव जीव स्वयं स्वतन्त्र निर्विकार छँदैछ। फल उत्तम=यिनले मुक्तिफल खोज्नु उत्तम हो, परन्तु हृदयस्थ सत्य चेतन हरि परित्याग गरेर वाह्य हरि सम्झी दौडनु यही भूल हो। हरि अधार···=हृदयस्थ हरि नै सच्चा आधार पक्रन योग्य छ, भ्रान्त जीव अरु-अरु नै कल्पनामा दौडन्छन् , जो सामान्य जनले गरी रहेछन्।

११०

पुनसमा स्वयं जे छ, कमाएको कर्म के छ,
मेट्न कस्को बुता चल्दछ ?

कर्मको लेखान्तर, कसो गरी मेटिन्छ र ?
लाखौं युग बितोस फल्दछ ।।
गुरु वशिष्टादि जो थे, मिली साइत जुराए थे,
सूर्य मंत्र पनि दिए थे ।
बिहे गरे सीता रामले, सम्झ तर ती दुवैले,
के शान्ति पल् एक लिए थे ?
सबै भन्ने त्रिलोक कर्त, दाशरथी राम भर्ता,
बालीलाई बलात मारे थे ।
एक बखत यस्तो आयो, उस्ले पनि औसर पायो,
मृत्युघाट पार तारे थे ।।
नारदको मुख छिपाइ, ढेडुरूप दिए बनाइ,
भोग्नै पऱ्यो त्यस्को पनि फल ।
शिशुपालको हात पनि, उखेले थे कृष्ण बनी,
बने ढुंडे हेर कर्म बल ।।
अपुत्री ती पारवती, भीखमङ्गा शिवयती,
भन्नमा के दोष हुन्छ र ?
भन्छन् कबीर जगत प्रति, कर्ताको र कर्म गति,
विचित्र छ को पो छुटछ र ?

मेट्न कस्को…=अवतार-पुरुषहरूको पनि। कर्ता को र…=प्रथम जस्ले कर्म गर्छ—फल उसैले नभोगी सुख पाउँदैन, अतः कर्म गर्न सावधान हुनु। स्वयं कर्म फल भोग्न विवश भएका कर्ताको भरोसामा नपर्नु।

What is lotted cannot be blotted—Prov.

नहिं काहुइ कोउ सुख दुख दाता । निज कृत कर्म भोग सुन भ्राता ॥

(मानस)

"भोगैं दुख जीव करम बाणी अपने"— (भवशिवयान)

१११

कोही छन् कि गुरु ज्ञानी, भवजालबाट छानी,
परमार्थ ज्ञान जो बुझ्ने ।
पानी माथि आगो बली, दन्केको छ यही कली,
अन्धालाई कत्ति न सुझ्ने ॥

गाईले सिंह खाई, हरिणले चित्रक् लाई,
खपा खपी खाई बितेछ ।
काग गई उफ्री लंगूर, फन्दा बीच पारी डंगूर,
बट्टाईले बाज जीतेछ ॥

मुसाले पो बिल्लिलाई, स्यालले कुकुर खाई,
घटना यो घट्यो बेतोलको ।
आदिको उदेश जनमा, जानी लिन्छन् नर तन्मा,
उस्को जन्म वेष अमोलको ॥

यौटै व्याङ्ले खायो खप्पै, पाँच सर्प पार्‍यो गप्पै,
बुझ्न सक्छ कस्ले यी खास ।

भन्नुहुन्छ गुरु कबीर, प्रष्टरूप सुन सुधीर,
दुवैको छ साथै निवास ॥

पानी माथि ˜=शान्त शितल चेतनलाई त्रितापले जलाई रहेको। गाईले=वासना कल्पनाले स्वरूप ज्ञान ढाकेको। हरिणले ˜=विषय तृष्णाले चित्तको संतोष वृत्तिलाई सखाप पाऱ्यो। कागगाई…=कुमन कागले शुद्ध समझ धारणरूप लंगुरे वानरलाई बाँधी थुपऱ्यायो। बट्टाई…=अज्ञानले ज्ञानमाथि विजय गऱ्यो। मुसाले…=संशय-मुसोले निर्णय-बिरालोलाई झम्टेर माऱ्यो, लुछ्यो। स्यालले…=कादर लोलुपताले निर्भय गंभीरता लाई खुलुक्क निल्यो। आदिको उदेश=अनादि देखी सबै सुखकै खोजीमा-छन्, त्यो सुख शांतिको उद्देश्य वास्तव स्वस्वरूप स्थिति बाटै पूर्ण हुन्छ, अतः उक्त स्थितिको रहस्य जस्ले जान्द छ। यौटै व्याङ्ले=एक आसक्ति भ्यागुताले दया क्षमा सत्य धैर्य विचार पाँचैलाई काप्लाक्क खाई दियो। यस्तो रहस्य कस्ले बुझ्दछ? दुवैको छ…=यी दुवैको निवास एकै अंतः करणमा छ। अतः सावधान।

११२

राढो एक राजा राम, बढेको छ खुबै जान,
मुक्त उही जस्ले छिन्दछ।
भन ब्रह्म वृहद हो त्यो, या जो बाट पैदा भयो?
ठूलो वेद या रच्छ–चिन्दछ?

ठूलो हो कि मन भन? या जस्ले मानी बन्यो मन?
ठूला राम कि राम चिनने?

कबीरा सब् भूमी भूमी, फिर्छन् उदास बनी बनी,
तीर्थ ठूला या दास बनने ?

झगडा एक…=राम, ब्रह्मादि संसार का संम्राट कोही छन् छैनन् ? कर्त्ता कहाँ छन् ? इत्यादि ठूलो झगडा संसारमा मच्चिई रहेको छ । कबिरा सब…=संसारी जीव मुक्ति निमित्त तीर्थ भट्कन्छन, 'खै' मुक्ति हुने हो हैन भनी निराशता पूर्वक फिर्दछन्, परन्तु विचार गर ! तीर्थ ठूला कि तीर्थका दास बनेका तीर्थका ज्ञाता, स्थापक मानक चेतन जीव ठूला ? अतः आफ्नू चेतनपद चिन, उसको कदर गर, अन्त न भटक ।

११३

न पत्याऊ झुट्टा कुरा, सुन सुज्ञ सन्त पूरा,
तिम्रो घटै ठग वास छ ।
न गुमाऊ आफ्नू पन, झुट्टाको नै रजाईं भन,
भरीपूर्ण भू-अकाश छ ।।

दशै दिशा फन्दा उस्कै, मस्केका छन् जीव वश्मै,
योग जप तप संयम ।
व्रत तीर्थ दान भक्ति, नौ विधि वेद उक्ति-
कितेब झुट्टै मनका बहम ।।

कोही वाचा सिद्धि अति, बन्छन् करामाती कती,
खाली मान बडाइ लिनेछन् ।
हिन्दू तुरुक दुवैले ती, अकाश नाप्छन् कुरैले यी,
जाने दिनको निकट पुगेजन ।।

अहंकार भित्र भरे, विना पानी डुबी मरे,
भन्छन् कबीर भनौं को संग ?
सारा संसार अंधा भए, साँचो देखि भाग्दै गए,
झुट्टैका दास् बने खुब् संग ।।

झुट्टा कुरा=विना विवेक अन्दाजका काल्पनिक कुरा । तिम्रो…=तिम्रै अन्तः करणमा भास अध्यास कल्पना भ्रम र काम क्रोधादि ठग भरिभराउ छन् । आकाश नाप्छन्=माथि सात स्वर्ग, सात आसमान, तहाँ देवता खुदादि, तहाँको ऐश्वर्यादि—कुरै कुराले सिद्ध गर्दछन् । भनौं को संग= पारख विवेकको निर्णय म को संग भनौं ? सारा संसार…=मानव सबै अन्ध-लीक पक्रन्छन्, साँचो पारख चेतन ज्ञान, विवेकी संत देखि कोसौं टाढा भाग्दछन्, झुट्टै कल्पना विषयका दास बनी अति मस्की रहेछन् ।

११४

तीमी सार शब्द बाट, बाँचौला हे सुज्ञ आँट,
विस्वास गर मेरा यी बात ।
आदि पुरुष वृक्ष जान, निरंजन फेद मान,
हाँगा त्रिदेव संसारै पात ।।
वेद ठीक ब्रह्माजीले–गरे योग शिवजीले,
विस्तार गरे बुद्धि अंसार ।
विष्णु - माया प्रगट गरे, यी सब वल्लै पट्टि परे,
सबै मन-क्रिया अन्सार ।।
त्रिलोक् दशै दिशा लिए, यमराजले रोकी दिए,
मुक्तिद्वार कल्याण गतिको ।

सुगा सरी बने कठै, संसारका प्राणी सबै,
विष अहार लिने मति भो ॥

ज्योति रूप हाकिमले, हैकम् गरे स्व बलले,
अमल पूरा जगत फिंजाई ।
कर्मजाल बल्छी ल्याई, थापे धरातल हाई,
पक्रे सारा जगत रिझाई ॥

उक्त हैकम हटाएर, पठाइ दिन्छु भव पार,
अचल अविनाशी सार कै ।
भन्छन् कबीर तिमीलाई, निर्भय म दिन्छु भाई,
पर्ख सत्य टकसार गै ॥

सार शब्द = निर्णय-कसीबाट सत्य निष्कर्ष निकलेका अकाट्य युक्तिका वचन समूह । [पू. प.] आदि पुरुष=सबको मूल परमात्मा हुन्, सबल ब्रह्म फेद हो । तीन देव=त्रिगुण हाँगा र सर्व संसार पात हो । [उ. प.] वेद ठीक…=उक्त कुरा सिद्धि निमित्त ब्रह्माजीले वेद रचना गरे-सुधारे । यी सब वल्लै…=माथिका सबै व्यवहार वल्लै पट्टिको-मनकै कर्तव्य हो । जगत अनादि छ । त्रिलोक=दशै दिशा—सर्वत्र त्रिगुणवर्ति जीवको मोक्ष-द्वार, यम-मन, वाम वंचकले छेकी दिए । ज्योतिरूप…=ती तीन देव अध्यक्षले उपदेशद्वारा ज्योतिस्वरूप कल्पित ब्रह्मको सर्वत्र अधिकार फिंजाए । कर्म-जाल…=तिनैले कर्मकाण्डको बल्छी थापी सबैलाई बन्धनमा पारे ।

११५

सन्त यस्तो संसारमा, भूल छ कि जो मिथ्यामा,
जीव सबै भ्रम परेर ।

प्रथम स्वयं भूले ब्रह्म, अखण्ड एक सारा टम्म,
आफूलाई झाईं भनेर ॥
झाईं बीच भुल्न गए, इच्छा गर्न थाले नयें,
इच्छावश भए गुमानी ।
गुमानी ती कर्ता बनी, बस्न थाले कल्पि अनी,
धेरै ग्रन्थ फिंजे सुठानी ॥
उही भूल जगत खेद - भयो भर्म विना भेद,
चौरासीमा पर्न गए ती ।
जगत बन्यो भूलबाटै, सनातन भूले साथै,
उही भुल्ले खाने भए नी ॥
अवश्य नै भूल मिट्छ, जब पारख गुरु मिल्छ,
उन्ले पारख दिन्छन् लखाईं ।
भन्नु हुन्छ कबीर गुरु, भूलेको इलाजहरु,
पारख सबै निम्ति हे भाई !

प्रथम···=सर्वप्रथम विशेष मानन्दिमा उनै मनुष्य जीव भूले जो आफ्नै मनको झलकलाई 'ब्रह्म अखण्ड व्यापक रहेछ भन्ने' मानेर कल्पनाकै निश्चयमा पर्न गए । जगत बन्यो···=खानि वाणीरूप जगत । सनातन=अविनाशी अनादि जीव । आफ्नै भूलले आफैंलाई कष्ट दिईं रहेछ । भूलको इलाज···=सर्व बन्धनरूप भूलको मुख्य औषधि सबैको निमित्त एक पारख ज्ञान नै उपयुक्त छ ।

●

तृतीय प्रकरण

ज्ञान चौंतीसा

[चुडका लयमा]

संकेत—चौतीस अक्षरीय ज्ञानको चौतीस छन्दबाट निरख-परख—

ॐकार आदि जो जान्दछ, लेख्न मेट्न समर्थ छ,
मानन्दिमा उही पर्दछ ।
ॐकार जप्छन् सबै ले त, तर त्यसको जान्ने भेद,
बिरला नै पारख गर्दछ ।।

ॐकार आदि···=ॐकारको आदि सृजक मनुष्यजीव नै हो, ॐ ॐ त सबै भन्दछन्, चराचरै ॐ भित्रछ भन्ने कल्पना पनि गर्छन तर, ॐकारको वास्तव रहस्य सम्झने विरलै होलान् ।

क का किरण पाई कमल, खुम्चदैन चन्द्र झल्मल,
कमल प्रफुल्लित गहन्छ ।
तहाँ कुसुम रंग पाई, जस्ले परम अग्राह्यलाई,
ग्रहण गरी गगन रहन्छ ।।

क का किरण···=[पू. प.] क=कमल ब्रह्म । का=किरण जीव, उही ब्रह्मको अंश हो, त्यो ब्रह्मलाई त्रिपुटीको द्विदल कमल या ब्रह्मरंध्रको सहस्रदल कमलमा पाउँछौ, चन्द्रनाडी चल्दा अभ्यास गरी कमल प्रफुल्ल गराउनु, अभ्यास बढाई पुनः खुम्चन नदिनु । तहाँ कुसुम···=कुसुम रंगको दर्शन हुनेछ । यही अगम्य ब्रह्म हो ।

ख खा खोटा मनाउ यदि, स्वामित छाडी गृह भेदी,
दशै दिशा दौडी रहन्छ ।
खसम छाडी क्षमा गरी, दुख संकट सबै हरी,
अक्षयपद शांति बहन्छ ॥

[पू. प.] ख=आकाश । खा=स्वासा । खोटा यदि…=ब्रह्माण्डमा स्वास स्थित गर्न प्रथम आफ्नू तुच्छ इन्द्रियवर्गलाई मनाऊ, अयोग्य कार्य नगर, यी दश दिशा दौडी रहन्छन् । खसम छाडी…=अन्य देव देवादिको भरोसा छाडी एकत्व शांति लिनु ।

ग गा गुरु शिक्षा मान, अरु शब्द न दी कान,
एकनिष्ठ बस वीर है ।
जान्न पंछि तहाँ कबै, पद लेऊ गम्भीर भै,
गगनमा बस थिर भै ॥

[पू. प.] ग=ज्ञानवान तत्पद ईश्वर । गा=त्वं पद जीव । गुरु शिक्षा=तत्वमसि महावाक्यनै मान, अन्य शब्दमा कान न थाप । जान्न-पंछि=उक्त स्थिति भए पछि मनपंछि तहाँ पुग्न सक्तैन ।

घ घा घट विनाश भई, फेरी बन्छ घट नई,
घट छँदै घट नफस ।
यदि घटै घटी जाउला, फेरी पनि घटै आउला
घट छँदै घट नपस ॥

घ=शरीर । धा=दोस्रो शरीर । घट छँदै…=शरीर रहेसम्म दोस्रो शरीर बन्ने कर्म नगर । यदि घटै…=जो शरीर अध्यासमै पर्‍यौ भने ।

ङ ङा नित्य निहारदै, रात दिन जान्छ व्यर्थै,
नैन बने लालमणि झैं ।
निहारदा एक निमेष्, हुन्थ्यो त्यसै नैन निमेष-
चिम्ली ध्यान भंग खंडितै ।।

[पू. प.] ङ=मुद्रा । ङा=जीव । नित्य हेर्दा…=शिष्य भन्छन्— निरन्तर त्राटक गर्दा । निहारदा = शिक्षक भन्छन्—त्राटक गर्दा जुन क्षणमा ज्योति प्रकाश हुने थियो ।

च चा चित्र रच्यौ भारी, चित्रकारी चित्र छाडी,
चेत चाँडै चलाख तिमी छौ ।
जस्ले यस्तो चित्र रच्यो, विचित्रको खेल खेल्यो,
चित्र छाड चेत्ने तिमी हौ ।।

च=जीव । चा=कल्पना । चित्र भारी…=खानि वाणीको भारी चित्र ।

छ छा छत्रपति पास, किन हुन्नौ तृप्त खास ?
शिघ्र सबै आश मेटन ।
छिन छिन् म तिमीलाई, बोध गर्छु भुल्छौ भाई,
मस्क्यौ छाड़ स्वामी भेटन ।।

छ=देह । छा=कल्पना । छत्रपति…=स्वयं सम्राट छँदै । छाड-स्वामी…=वाह्य पति छाड, स्वयंलाई भेट्टाऊ ।

ज जा जिम्दै अहिले तन, नजलाई जलाउ जोवन,
युक्ति पूर्वक पार लाग्नु छ ।

जो जति युक्ति जानी, बन्धन मन-भस्म अनि,
यै घट ज्योति प्रकाश जाग्दछ ॥

ज=माया। जा=त्रिगुण। यै घट···=यसै शरीरबाट शरीर भिन्न सत्य चेतन तत्व अपरोक्ष हुनेछ।

झ झा झंझट सुल्झाउँदै, कता जान्छौ खोजी लाउँदै,
बीचै प्राण छुटी हाल्ने छ।
खोजी आऊ कोटी मेरु, केही लाभ हुन्न अरु,
जस्तो गर्छौं उस्तै फल्ने छ ॥

झ=खानि, झा=वाणी।

ञ ञा यहीं शमन स्नेह, निरुवार सब संदेह,
अदेख पछि छाड दौडन।
यति गर्‍यौ भने तिम्रो, जन्म सार्थक भईहाल्यो,
चलाख छौ भ्रम छोडन ॥

अदेखमै आफू दौडी, जहाँ छैन तहाँ पौडी,
तन मन गर्छन् अर्पन।
जहाँ छैन तहीं जान्छन्, सर्वपूर्ण तत्व ठान्छन्,
जहाँ छ त्यैं चिनी पर्खन ॥

ञ=ब्रह्म, ञा=वाणी कल्पना। अदेख···=अवस्तु वाणी खानि कल्पना नै। जहाँ छैन···=रत्ति सार नभएको कल्पना जालमा। पौडी=पौडनु-डूबनु।

ट टा टाढा विकट बाटो, मनोमय बीच गाको,
द्वार खोली महल पसन ।
एक एक गर्दै लय, जानु अटल अतिशय,
हुन्छ कतै नगै मगन ॥

ट=(पू० प०) ब्रह्म रंध्र । टा=बाटो ।

ठ ठा ठग ठाडै ठगे, पद बाट टाढा लगे,
नित्य निठुर मन गराई ।
जुन् ठगले अन्तै लगी, होशियार छल्यो ठगी,
त्यो ठग चिनी पद बुझ भाई ॥

ठ ठा=ठट्टा=जीवलाई किंचिज्ञ, अंश, प्रतिबिम्ब, अल्पज्ञ, परतंत्र भनी भ्रामकहरू जीवको हँस्सी उठाई रहेछन्, पदच्यूत गराई सके ।

ड डा डर उब्जी डर, हुन्छ अन्त डरै डर-
शमन गरी राख छुटौला ।
यदि डरजन्य भोग, पर्‍यौ भने पुनःशोग-
आई डरै फेरी जुटौला ॥

ड डा=भयभीत जीव । डर उपजी···=अभिमान कल्पना, आसक्तिबाटै डरको घर शरीर उपाधि जीवलाई लाग्दछ । यसै देहबाट उक्त डरका कारणहरू शमन गर ।

ढ ढा ढुँड्दै जान्छौ हिंडी, हिंडदै खोज्दै प्राण उडी,
खाली हैरान मात्र पाउँछौ ।
कोटी मेरु खोजी गर, थाकी फर्की आऊ घर,
मिल्ने हैनन् कहाँ धाउँछौ ?

ढ=भ्रान्त जीव । ढा=भ्रम । कल्पनाको वस्तु खोज्दैमा कहाँ पाइन्छ ?

ण णा नगर दुइ बसाले, स्वयं भर्मी खोज्न थाले,
तिमी जस्तै सबै भुलेर।
एक मर्छन् धन छाडी, यस्तै मर्दै छन् पछाडी,
गिन्ति गर्न को पो सक्ने र ?

ण=पिंड। णा=ब्रह्मांड। नगर दुइ=यिनै दुईगाउँ अवाद गरे। पींडको जीव ब्रह्माडमा ईश्वर खोज्न थाले।

त ता तीव्र तीन तीर, त्रिभुवन नगै थिर,
तन लुकाएर राख्ने छ।
तन त्रिभुवन जस्ले, लुकाएर राख्छ उस्ले,
तत्व मिली तत्वै चाख्ने छ॥

त=तत्पद। ता=त्वंपद। [पू० प०] तिव्र तीन···=ईश्वर जीवको एकतारूप ब्रह्म छाडी त्रिगुण मायाजालमा नपस। तनरूप त्रिभुवन ब्रह्मांडमा प्राणलाई स्थिर राख।

थ था थाह रहित को, अन्त पाई नसक्नु त्यो,
यो ऊ थीर हुन सक्तैन।
थोरै थोरै होऊ सुथिर, जस्तो थाम विना मन्दिर,
थामिएर बस्छ ढल्दैन॥

थथा=यो-खानि र ऊ-वाणीको समुद्र अथाह छ।

द दा देख्नु नाशवान, जस्तो देख्छौ त्यस्तै जान,
विचार गरी लस्फस् छाडौला।

दशौद्वार ताल्चा मारी, तबै दयालुको भारी,
पूर्ण दर्शन प्राप्त गरौला ।।

द=दयाल। दा=दातागुरु। दशौद्वार····=(पू० प०) केवल कुंभक द्वारा दयालु परमात्माको दर्शन पाउनेछौ।

घ घा तल अन्धकार, अर्धं मन उर्ध्व सार,
योग क्रिया लिनु पर्दछ।
ऊँधो छाडी ऊँभो मन, लगाउनु अहंपन-
मेटी प्रेम काज सर्दछ ।।

कर्मं आदि साधन गरी, चौथो नास्ति मन भरी,
अहं विषे प्रवेश गर्दछन्।
रामजी को गधा बनी, खाद्याखाद्य निको मानी,
खर पात खान थाल्दछन् ।।

घ=ब्रह्म। धा=माया। (पू० प०) तल अन्धकार=पिंडमा अविद्या माया, ब्रह्माण्डमा ब्रह्म छ। अतः पिंड छाडी मनलाई ब्रह्मांडमा लैजानु। चौथो=चित्त मन बुद्धि अहंकार। नास्ति मन=शून्य ब्रह्म हूँ भनी।

प पा पाप गर्छन सबै, पाप गरी हुन्न धर्मैं,
धर्म विना सुख फल्छ र?
पपा भन्छन् सुन भाई! हामीबाट यिनीलाई,
केही कबै कत्ति मिल्छ र?

प=प्रपञ्ची। पा=जीव। प पा भन्छन्=जीव भंछन् केही कत्ति दान पुण्य गर्न सकेका छैनौं।

फ फा फल फल्छ पर, चाख्न टिपी दिने हुने र,
विना साधन् लिन सकिन्न।
फफा भन्छन् भाई सुन, स्वर्ग पतालको जुन-
हाल उसै बुझ्न सकिन्न॥

फ फा=रोचक वाणी। (पू० प०) फल पर···=वेदादिमा यस्ता धेरै वाणीछन्, मोक्षादि फल टाढा स्वर्गादिमा फल्छ भन्छन्, त्यो फल गुरुले टिपेर दिने हैनन्।

ब बा बात गर्छन विस्तार, फल यस्को के फल्छ सार!
मर्म भने कोही जान्दैन।
बबा बर्बर गर्छन् सबै, बर्बर मात्र गरी कबै,
कार्य फलीभूत हुँदैन॥

भ भा भर्मे पूर्ण यिनी, खोज्छन् धेर टाढा गुनी,
निकट छाडी दूर धाऊँछन्।
भभा भन्दछन् सुन भाई, भय वश भोगमा यी,
भ्रमी भ्रमी जान्छन् आऊँछन्॥

ब=वाणी। बा=पंडित, विद्वान। भभा=भ्रम। भर्मेपूर्ण···=भ्रम-मा भयभीत भई जीव पूर्ण व्यापक ब्रह्मको खोजमा हिंडछन्, स्वर्ग स्थित कर्ताको कल्पनामा पर्छन्।

म मा माया गरी सेवन, के पाइन्छ भर्म भेदन?
मेरो इनले मूल गुमाए।

माया मोह संसार भरी, पूरण छ विचार गरी,
मोह अज्ञान निर्मूल बनाए ।।

म=अहंकार । मा=माया । माया गरी···=खानि वाणी मायाको सेवन । मेरो इनले···=स्वरूप बोध र आचरण नष्ट गरे ।

य या जगत पूर्ण नूर, टमाटम्म भरपुर,
जगत देखि पार जानुछ ।
यया भन्छन् भाई सुन, हामी बाटै यिनले गुन,
सदा जय जीत पाऊँछ ।।

य=ब्रह्म । या=ब्रह्मवादी । (पू० प०) जगत पूर्ण···=संसारमा ब्रह्म परिपूर्ण व्याप्तछ ।

र रा राढो बीच सब, अल्झिएका राम जप,
भजन गरी दुख छुटौला ।
ररा भन्दछन् सुनभाई, सतगुरु सोधी जाई,
सेवन गर मुक्ति लुटौला ।।

र=ज्ञान । रा=ज्ञानी । राम जप···=राम नाम जपबाट मात्र छुटौला भन्छौ तर यत्तिकैले मात्र हुँदैन । सतगुरु···=गुरु संग रामको रहस्य सोध, उसमा अमलगर, अनि मुक्तिफल प्राप्त गरौला ।

ल ला लाल तोते बोली–भन्छन् भ्रान्त दिल खोली-
गर्छन प्रचार जस्तो जानेका ।
स्वयं उनी भ्रमित छन्, अरुलाई उही भन्छन्,
एकै खेत दुवै मानेका ।।

लला=लल्ला-प्यारो बोली, भ्रान्तजन । लाल तोतेबोली=हे प्रिय मनुष्य ! यी भ्रान्त जनहरू संशय भ्रमवाणी तिमीलाई धेरै सुनाउँछन् । एकै खेत=एक ब्रह्ममा जड चेतन दुवै मिसाउँछन् ।

व वा वाणी भन्छन् ऊ ऊ, काम हुन्न भन्दै ऊ ऊ,
ऊ भनेको जस्ले सुन्दछ ।
स्वर्ग कहाँ पताल कहाँ ? अदेख मै भन्छन् वहाँ,
जस तस्ले कहाँ गुन्दछ ?

श शा सर कुनै व्यक्ति, देख्ने कस्मा छ र शक्ति,
सर शीत एक रूप हो ।
श शाा भन्छन् सुन भाई, शून्य बीच मिली गाई,
जगत सबै शून्यै शम भो ॥

व=वाणी । वा=वेद । ऊऊ=दैव भगवान आदि परै बताउँछन् ।

श=ब्रह्म । शा=जगत । सर शीत=सिंधुको जल र शीतपना एक हो । त्यस्तै जगत र ब्रह्म एक हो भनी पू० प० भन्छन् । शून्य बीच=उक्त कुरा सुनेर जगत जीव सब्रै शून्य खाली मै मिल्न गए ।

ष षा खरा भन्छन् सबै, खर्बर काम हुन्न कबै,
विवेकयुक्त चल्नु पर्दछ ।
ष षा भन्छन् भाई सुन, राम नाम देखि गुन-
अति पर हुनु पर्दछ ॥

ष=ब्रह्म । षा=जगत । खरा भन्छन्=ब्रह्म जगत एक हो भनी यिनीहरु खराखर भन्दछन् ।

स सा सोला बलै रची, वाण बिजी घुम्छन् कती,
सर्व संसार हाला बाला छन् ।

स सा घर शून्य गुणले- भरपुर छ गुन्छ जुनले,
कुरा बुझ्ने छैनन् कुनै जन् ।।

स=ब्रह्म । सा=ब्रह्म वेत्ता । सोला बलैं=बल मिच्चाईंबाट अद्वैत सिद्धान्त ठड्याएर पनि ब्रह्मवादीहरु कल्पित कर्म, उपासनादिको चिता रची तहाँ जल्न छाडेनन् । वाणी वाण बिजी रन्थनिएर भौंतारिई रहेछन् ।

ह हा हाय हाय गर्दै, सर्व जगत गए मर्दै,
हर्ष शोक सबै डुबेका ।
'हक्कँ' भन्दै ठूला सब, गए ह हा भेद जब–
न पाइ सबै सित्तैं कुदेका ।।

क्ष क्षा क्षणै यो प्रलय–हुन्छ सब पूर्णालय–
अन्त कस्ले आई सम्झाउँछन् ?
क्षय भए कोटी जन, अन्त न पाइ कत्ति मन,
कबीर प्रथम चेत गराउँछन् ।।

ह=अहंकार । हा=हंकार जन्य कार्य । हक्कँ=साँडे डुक्रे समान डुक्रनु ।

क्ष=क्षयी देह । क्षा=देहको कर्तव्य ।

चतुर्थ प्रकरण

विप्रमतीसी

[सवाईको लयमा]

संकेत—सकामी विप्रको मती तीस छन्द द्वारा प्रदर्शन—

सब मिली सुन आज, तीस विप्र मती ।
ज्ञान विना डुब्ने छहै, डुङ्गा पूर्ण अति ॥१॥

ब्राह्मण भई कन पनि, ब्रह्मलाई न जान्ने ।
यज्ञ भेटी सिदा दान, दूनो मात्र तान्ने ॥२॥

सृजक ती को हुन यो त, रत्तिभर नचिन्ने ।
व्यास बनी कर्म धर्म, बुद्धि कथी हिन्ने ॥३॥

ग्रहण औंसी यमद्विज, शान्ति स्वस्ति निमित्त ।
पाठ पूजा गरि लिन्छन्, अयोग्य दान सिमित्त ॥४॥

प्रेत बन्ला मुख सुन- हाल भन्नै आशले ।
होम गर भन्दै हिड्छन्, खान सोर्ने सासले ॥५॥

जगतमा उत्तम कुल, हामीनै हौं भन्छन् ।
बारम्बार नीच कर्म, गरी गराइ घुम्छन् ॥६॥

तीस=तीस सवाईमा । सृजक=चेतन जीव ।

पुत्र नारी स्वयं एकै, थाल जुठो खान्छन् ।
हरि भक्त साधु जन, छुँदा छुत मान्छन् ॥७॥
अपवित्र कर्म गराइ, जुठो पेट भर्छन् ।
यस्ता मतिभ्रष्ट व्यक्ति, यम लोक पर्छन् ॥८॥
नुहाईं तिलक लाई, श्रेष्ठ बनी आऊँछन् ।
विष्णु भक्त साधु संत– देख्तै दुख पाउँछन् ॥९॥
स्वारथको लाभ निम्ति, अयोग्य काम गर्छन् ।
नाम लिंदा आगो सरी, जली आँखा तर्छन् ॥१०॥
रामजी को आचरण, कृष्ण शिक्षा आश -
छोडी पढी मनन् गरी, बने कृत्रिम दास ॥११॥
कर्मकाण्ड पढी ग्रन्थ, कर्मैं गर्न धाउने ।
मुक्तिमार्ग सोद्धा पनि, कर्मैं तर्फ लाउने ॥१२॥
निष्कर्मी ती ज्ञानी देख्तै, अति निन्दा गर्छन् ।
कर्म गर्ने व्यक्तिका यी, शिघ्र पाऊ पर्छन् ॥१३॥
भगवानको भक्ति मनै, गरेको छु भन्छन् ।
काम भनै राक्षसको– पथगामी बन्छन् ॥१४॥
हेर यिन्का सुमतीको, कस्तो परकाश ?
भित्री विवेक नहुनाले, बनी कृत्रिम दास ॥१५॥

यमलोक=सारै निकृष्ट योनी । बने कृत्रिमदास…=भूत-भैरव, पानी-पत्थरादिको उपासक ।

जस्को पूजा भजनले, छुट्थ्यो के पाप रत्ति ?
नाम मात्र संझनाले, डुब्छन् भव विपत्ति ।।१६।।

पाप पुण्य रूपी पासो, यिन्कै हात हेर ।
पारी मारी जगतलाइ, विनाश गरे धेर ।।१७।।

यिनी जहाज कुल तार्नें, जलयान भन्छन् ।
यो घरलाई जलाएर, ऊ घर ढाल्ने बन्छन् ।।१८।।

हाम्रै आश्रम कुल जात, मात्र उत्तम भन्ने ।
हृदयमा कपट राखी, मन मुखी बन्ने ।।१९।।

यस्ता प्रकारबाट यिनी, ब्रह्म देव हुन्छन् ।
ब्राह्मण नाम लिना साथै, आसन भोजन दिन्छन्।।२०।।

अतः यिनी डुबे यसै, सुधार गर्न परेनन् ।
ठूलो-सानो के ले हुन्छ, यिनले विचार गरेनन्।।२१।।

'म' ऊँचो 'तँ' निचो भन्ने, बिचकै यो कुरा छ ।
एकनास वायु जल, संसारमा पूराछ ।।२२।।

एक सरी माटो पनि, सबै कुमाल एकै हुन् ।
सबै का यी रचयिता, एक समान् रूपै छन् ।।२३।।

जस्को पूजा···=नीच कर्म रत विप्रका। यो घर=यस जन्म, स्वार्थ। ऊ घर=भविष्य जन्म, परमार्थ। सबैका यी रचयिता···=मन, वासना, शरीरादि जीव सृष्टिका सृजक चेतन पनि सब एक समान छन्।

एकैनास चक्र बीच, सबै चित्र बनेका ।
त्यसै चित्र बीच भित्र, नाद विन्द जमेका ॥२४॥

सकलका भित्र ज्योति, पूर्ण एक वास ।
नाम तिमी राख्छौ कस्को, भौतिक एकै खास ॥२५॥

क्रुर कर्म हिंसा गरी, हामी देव भनाउने ।
वाद विवाद मात्र गर्ने, गोपाल न रुचाउने ॥२६॥

यो हंसले शरीर छाडी, जब अलग बन्छ ।
यै जात को उसलाई, कसले ठम्याइ भन्छ ॥२७॥

कालो सेतो लाल पीत, कस्तो रंग भन्छौ ।
अवर्ण या वर्ण तातो, चिसो कस्तो गन्छौ ॥२८॥

हिन्दू हो वा मुसलमान, बुढो हो कि बालक ।
स्त्री पुरुष के हुन् ? सोच, ज्ञान रूप चालक ॥२९॥

के भनौं म कसलाई, भन्दा के यी मान्दछन् ?
दासता मा बाँधिएका, जीव उही जान्छन् ॥३०॥

बीच···=कर्म चक्र या माताको गर्भचक्र एकै समान चक्रमा सबै देह तयार भएका हुन्। भित्र ज्योति···=तिमी नै भन्छौ सबैका घटमा एक परमात्माको ज्योति निवास छ । भौतिक एकै···=एक समान देहलाई म ब्राह्मण ऊँचो, तँ शूद्र नीचो भनी के भन्दछौं ? जीव उही···=भ्रान्त जीवहरू कल्पना नै रुचाउँ छन् ।

श्लोक—बगे-बगी रहेका छन्, समाई चौतरफ कर ।
भनेको यदि मान्दैनन्, अरू धक्का दुई भर ।।१।।

बगे बगी…=जीव वासना कल्पनावश बग्दै आएका हुन्, आज पनि । चौतरफ कर=सहारा निमित्त चारै तिर चित्त दिई पक्रि रहेछन् । धक्का=निरायका दुई वचनको सहारा देऊ ।

पञ्चम प्रकरण

कहरा

[शार्दूल विक्रिडित–छन्द]

१

संकेत—खानि वाणी तापजन्य कहर—कष्ट नाशक मन्त्र—

ध्यान् गर्नू सहजै सरल् गुरुजी को शिक्षा शिरोपर धरी ।
लोकैमा छरिने स्वचित्त गरि शम् एकत्व लक्ष्यै गरी ॥
जस्तो कष्ट छ दृश्य सम्मुख अबै मिल्ला पुनः सुख् ठुलो ।
फिक्री हुन्न भने स्वलक्ष्य प्रतिको क्रोधादि पारे धुलो ॥
डोरी मुक्ति नतान्नु हत्पतगरी माछो ठुलो पाउला ।
त्यै गर्नू मनबाट मार्नु मन ता चुप्लाग जिस्क्याउला ॥
मानेका मितको न छाडिकन प्रेम् गाँठो सुपुष्टै गरे ।
भोगी भोग नभुल्नु भुक्ति बिचमा योगोक्ति साधन् गरे ॥
जो यै रीत तिमी गरी मत बली वश् चित्त राख्नू अति ।
गर्दैनौ यदि छन् ति ठाकुर कठिन् गर्नन् कुचाला कती ॥
बाँधी ताडन धेर दण्ड गरदा झर्नें छ शेखी सबै ।
जैले आउँछ काल चुट्छ सहजै भाँचिन्छ ढाडै तबै ॥

मानेका मितको=संतगुरुको । योगोक्ति=द्रष्टा, विवेकादि द्वारा मन शान्त राख्नु । ठाकुर=इन्द्रियको स्वामी मन । बाँधि ताडन=विषयासक्तिमा मस्काई तीन तापको दण्ड पर्दा ।

हेर्नन् आइ खडा कुटुम्बि सब ती उम्किन्न केही भनी ।
गर्दै विन्ति हजार पाउ पर लौ मान्दैन किंचित् पनि ।।
चीन्हारी नगरी रह्यौ नचिन्हि खुद् चिन्ने कसोरी कठै ?
बोलाए पुछताछ् बिना अहमका माझी सँगै बोल्छ है ।।

जस्को साथ हुँदैन द्रव्य बट्टवा भर्मन्छ भिक्षू सरी ।
राखे पूर्ण सयुक्तिबाट पहिल्यै माछा भकारी भरी ।।
जो हो हात र पाउ अंग विन को उस्लाइ खोज्छन् विर ।
नौका पुष्ट छँदै चलाउ बहुला के छाम्दछौ तिर तिर ।।

अग्लैमा बस निम्न नीर नपसी हात्को नफाले कतै ।
घाम्को राप् तलको छ भाबर उँभों पाइन्न छाया छतै ।।

चीह्नारी नगरी=स्व स्वरूप चेतन र विवेकी संत संग। बोलाए पुछताछ···=मृत्यु हुनुभन्दा अगावै नोटिस आउँ दैन, अचानक शरीर छुट्छ। सतगुरु संत संग अबोध जीव सँधै अहंकार युक्त बोल्दथ्यो। जस्को साथ···=साथमा शुभ गुण स्वरूपबोध धन सामल नभए त्यो पथिक धोका खान्छ। राखे पूर्ण···=पछिको सोचयुक्त अगावै काम क्रोधादिरूप माछा मारी शरीरमा बन्द राख्नु बुद्धिमानी हो। जोहो-हात···=विवेक विचार रहितका ले अंग रहित अवस्तु हरि खोज्दै हिड्छन्। के छाम्दछौ···=भ्रान्त गुरुजन र वाह्य कल्पनामा के पाउँछौ र खोज्दै हिंडछौ ?

अग्लैमा बस···=वासना द्रष्टा बनी पारखमा शांत होऊ, अति कठोर साधन र वाणीमा ललची उपलब्ध मानव जीवन नफाल, सम्हाल। घाम को राप···=गर्भवासको कष्ट र बाहिरी तीन तापमा सदा जल्दै आए काछौ, कहिं शीतल छहारी छानो पाएनौ।

यस्तो जानि उसिन्नि पाकि रहने छाप्रो न छाको किन ?
जो जे भो भुलमा भयो भइगयो फेरी भुलौला चिन ॥

छेड् पेच् सासु र नन्दले अति गरे लाज्ले मुखै फेर्दछौ ।
थैलो थल्थल भो त शक्खर गिलो मेरा वचन् टार्दछौ ॥
जीवित् अर्वि सवारछौ कुन दिनै ? घोडा चड्यौ काठको ।
ताल्ले झाँझ सुरस् बजे सब मिली नाचै बढ्यो ठाठको ॥

जे रङ्ले वर निक्लिए वरणमा रंगी वधू रंग त्यै ।
डुंगा ठीक छ हाँक्न जान्न नसके, तर्ने छ कुन् ढंग है ॥
शिक्षा प्रष्ट छ यो कबीर गुरुको, सारा यि रामै रस ।
सारै मस्त सदा उपासक सबै संसार का मानिस ॥

छाप्रो नछाको···=विवेक वैराग्यको छाप्रो किन छाउँदैनौ ? छेडपेच···=वाणीको संशय र खानिको स्नेह—दुवैले तिमीलाई हैरान गरी रहेछन् तैपनि विवेक-भक्तिबाट मुख लुकाउँछौ । जीवित अर्बी=पारखी गुरुको शिक्षा विवेक-वैराग्यमा तिमी कहिल्यै सवार भएनौ, कल्पना कै इष्ट-का भरोसामा पर्‍यौ । ताल्ले झाँझ=उपासकजन मुक्ति निमित्त पनि कहार-को विवाह समान बाजायुक्त नाचने उफ्रने गर्दछन् । जुन रंगले···=गुरु-जन जस्ता उपासक वेषकाछन् शिष्य पनि सोही रंग भावमा मस्त हुन्छन् । डुंगा ठीक···=शरीर नाऊ सम्पन्न छँदै विवेक-वैराग्ययुक्त चलाउन न सके । सारा यि रामै रस···=वाणीकै लहै-लहैमा संसारका गुरु-शिष्य सबै कल्पित रामरसमा मग्न छन् ।

२

मानव् रत्न नसून है मत कुनै गाँठो फुका भित्रको ।।टेक।।

बेढंङ्गी रचना कुमाल हरुका ग्राम् चर्मका छुट्तछन् ।
कोरी प्रात उठेर भर्दछ उदर आंगन् छिपा नाच्दछन् ।।
नित्यै नापित जागि नाउ चढदै बारबार तहीं हुम्दछ ।
स्वामित्को खबरै नजानि रतिभर के मामिला छुट्दछ ।।

एकै ग्राम छ वास पाँच तरुणी कंकाल जेठानि छन् ।
आ-आफ्ना झगडा मचाइ निश दिन् प्रेमी प्रिती हानि भन् ।।
भैंसीका पिठमा बसेर बकुला नित्यै किरा विन्दछन् ।
गाईमा कहिल्यै निवास नगरी पट्ट के गरी चिन्दछन् ।।

पन्थी स्व पथको नशोधि ठिक हाल् आफैं गवाँर भाग्दछौ ।
घाट् छाडी किनहो कुघाट फिरछौ केपार कठै लाग्दछौ ?
जाँताको धनदेखि लालच गरी कोदै त मन् व्यस्त भो ।
चक्का द्वै बिचको नफिज्नु कहिल्यै मिल्ला पदै श्रेष्ठ यो ।।

बक्सेको गुरु प्रेम वाण धनुको बीज्यो गई अंग मै ।
दासातन् बिचका कबीर कहरा जाँदै मिले जंगि मै ।।

मानव रत्न···=कल्पना-मतका वाणी नसुन, विवेकयुक्त वाणी सुन, भित्री कल्पना वासनाको गाँठो फुका। वेढंग कुम्भकार···=दुष्टमन। रचना=अनेक देह निर्वाण, चंचलतायुक्त कार्य। ग्रामचर्म=शरीर। कोरी=भ्रान्त शिक्षक, सबेरै कल्पित वाणीरूप कपडाले संसार बजार भर्द-

छन् उपासकजन उनकै माफिक नाच्दछन् । सब्दिन नाउ····=अज्ञ जीवको विवेक कपाल खौरी दिने हजामरूप भ्रामकजनले नै कल्पनाको डुंगामा जीवलाई चढाई बार-बार भव सागरमा डुबाई दिन्छन् । ख्वामित=पारख चेतन । मामिला=खानि वाणी झगड़ा ।

ग्राम···=शरीर । पाँच तरुणी=पंच ज्ञानेन्द्रिय जेठानी=शिश्नेन्द्रिय । प्रितम हानि=चेतन पति संगको प्रेम नाश गरी दिए । भैंसी···=इन्द्रिय । चकुला=विषय भोगमा मन रम्दछ । गाईमा=सत्संग स्वरूप चिन्तन वैराग्य अभ्यासमा । पंथी मोदेछु । पथ=मोक्ष मार्ग को रहस्य, विवेकी संत गुरु संग । घाट=सत्संग । कुघाट=योगादि साधन, विविध मतका वाणीमा । जाँताको=खानि वाणी दुई फक्लेटाको जाँतो, तेसवाट निस्कने । कोदै त मन=भ्रामकहरूको शिक्षारूपी कनिष्ट धन देखी, उसैमा सर्व जीवको मन दौडन लाग्यो । चक्का द्वै=उक्त खानि वाणी जाँताबाट निस्केको तुच्छ विषय कल्पना न फिंज । गुरु=ब्रह्माले । प्रेम वाण=कल्पना पुरुषको भक्ति निरूपक वाणी वाण । बिज्यो···=भावुक जनका हृदयमा गई गाड़िए । दासातन=अल्पज्ञ जीव उही कल्पित पुरुषको विरहमा घायल भए, ठूलो एक ब्रह्म कल्पनामा लीन भए ।

३

के मस्तै तिमि राम नाम विच छौ छैनन् परै आश हो ।
नाना देव नधाउ है सनकि भै यो व्यर्थ सब् आश हो ।।
सेतै रौं शिर देह ता हुन गए भित्रै छ कालो अझै ।
काया जर्जर भै हुँदैन बहुला बालै छ यो मन् सँधै ।।

वाह्यै दाँत झरी हुँदैन पगला अन्तर यि छन् लोहका ।
बारम्बार चना चपाइ विषय काम् क्रोध मद लोभका ।।

ज्यूको सर्व चहल् पहल् गलित भो मन् आश दोबर छत ।
आज्ञा हुन्छ कबीर संत ! सुन यो चातुर्य अभ्यागत ॥

छैनन् परै आश हो=ती राम टाढा छैनन्, तिम्रो आशा मात्रः टाढा पुगेको हो। चातुर्य...=विषय वाणीको चतुराई सब पाहुना समान क्षण स्थायी हुन् ।

४

मेरो चादर राम नाम बुझ यो व्यापारि हूँ राम कै ॥टेक॥

व्यापार गर्दछु राम नाम हरि नै मेरा दलाली बने ।
फैलाऊँछु हजार नाम प्रति दिन् वृद्धी सवाई हुने ॥
जस्को देव र वेद आड़ छ उही हुन्छन् दलाली अनी ।
सोझो छैन तुलो छ पाउ तिन सेर टुक्का बजे ढोल् पनि ॥

पूरा सेर पसेरि क्यै गरि गरुन् काँटा छ दोषी खुलै ।
वाणी संत ! कबीरको छ सुनलौ बौला भए यी बलै ॥

हरि=[पू. प.] मेरा थोक व्यापारी। हरि=उपासक गुरुनै हुन्। देव=(उ. प.) तीन देवता। दलाली=किन बेच। सोझो छैन=तर यसका व्यापारीको बुद्धिरूप तराजू टेढो छ। मनरूप ढक पनि तीन पाऊको मात्र छ—त्रिगुणमा लिप्तछ तै पनि मादल मजीरादि बाजा बजाउँदै नाच्दछन्, भ्रम उपदेश टुक्का सुनाउँछन्। पूरा सेर...=तीन गुण माथि चौथो चेतन स्वरूप मानुन् तापनि तराजुरूप वक्र बुद्धिले जड़ तत्व पनि उसैमा मिस्तछन्, अद्वैत व्यापक वन्न थाल्दछन्। बलै...=बल जफतै नानात्व देख्ता देख्तै पनि भ्रान्ति वश भर्म पुरी वास गमन गर्दछन् ।

५

भज्नू राम सुनाम राम भजनू चेती मनैमा पनि ।
लाखौं कोटि थुपारि द्रव्य बटुली हिंड्छौ घमण्डी बनी ।।
बाजे बाबु बराजुका विभव ती भाँडा जमिन् जो थिए ।
राम्रै अन्ध भयौ फुटे हृदयका तिन्ले कसो छाड् दिए ?

सारा कार्य छ सार हीन भवको जाँदैन अन्तिम् घरी ।
बन्नै नाशिन बेर कत्ति नहुने त्यो मेघ छाया सरी ।।
नाता गोत्र र कुल् कुटुम्बहरूको केको महत्ता अनि ।
वाणी सन्त कबीर राम न भजी डूब्यो चलाखी पनि ।।

भज्नू राम···=हृदयवासी रमैया रामको विवेक चिन्तन, स्थिति गर्नु । राम नभजी···=वाह्य कल्पनाका रामलाई परख, रमैया रामलाई चिनी स्मरण चिन्तन गर । यसको विना यिनको बुद्धिमानी सबै सागरमा डुब्यो ।

६

रामै नाम विना विना उहि त नाम् व्यर्थै गुमायौ जुनी ।टेक।

सीमल्को फल सेवनै गरि सुगा देखी भुवा जिल्ल छन् ।
रक्सीवाज दिएर द्रव्य निजको बुद्धी सबै नाश्दछन् ।।
स्वाद्ले पेट भरिन्छ के गरि अनी जाँदैन प्यास् शीतले ।
धन्ले हीन गरीब पौरुष कठै कल्पन्छ खुब् चित्तले ।।

पासै रत्न थियो रती नबुझि क्यै ज्ञानी छ खोली लिने ।
भन्छन् सन्त गुमाइ रत्न अवसर पाइन्न के अल्झिने ।।

रामको नाम=राम नाम केहो भन्ने रहस्य नजानी । पौरुष कठै=धन पाए यो-यो काम गर्ने थिएँ, यो-यो सुख भोग्ने थिएँ भनी अति कल्पना गर्दछ । रत्न अवसर…=मानव तन अमूल्य र अलभ्यछ ।

७

सम्हाल् पूर्ण गरी विचार तिमि राम् जोरै दिई भन्दछु ।टेक।
मुंडन् केश गरेर फूलि मुदरा पैह्री गुफा झोक्रिए ।
त्यसै माथि घसे खरानि तनमा धन् चोरिदा बोक्रिए ।।
गाऊँ वासछ गर्भ भारतिहरू वाम् काम हंता फगत् ।
मोहन् आफु जहाँ छ लान्छ उहिंनै बच्दैन तिम्रो इजत् ।।
बस्ने बीच मझेरि ज्ञात जननै सुस्थीर ती बन्दछन् ।
बस्छन् निर्भय श्री गुरू नगरिमा सुख् नींद ली सुत्दछन् ।।

मुदरा=कुंडल । धन=स्वरूप विवेक । गाऊँ=संसार । भारती=दश संन्यासी मध्येका कुनै-कुनै । वाम काम=उल्टा काम गर्छन्, उल्टो अहं ब्रह्मास्मिको अभिमान लिन्छन् । मोहन=मोटी झिनी मायाले, विषयभोग गर्भवास चार खानिमै पुऱ्याउँछे । बस्ने बीच…=हृदय वासी चेतनलाई जान्ने जननै । बस्छन्=कामादि प्रपंचबाट निर्भयभई पारख गुरु सत्संग स्वरूप स्थितिमा शांतिपूर्वक बस्तछन् ।

८

राम्रो क्षेम कुशल् सलामत सही कस्लाई दे छन् यहाँ ?
माया वश् गमनागमन् दुइ बिचै सर्वस्व लूटी जहाँ ।।

मानव् देव र सिद्ध वीर मुनि ती उत्पन्न सारा भए ।
व्याख्या कत्ति गरौं करोड जन जो सम्पूर्ण रित्तै गए ।।

पानी वायु अकाश जान्छन सबै सूर्यादि चन्द्रै अनी ।
जान्छन् यी तिनि यो समस्त जगतै पर्दैन पूरा पनि ।।
भन्दै क्षेम कुशल् जगत् सब गए त्यै भो कुशल् काल फाँस् ।
भन्छन् संत जगत् विनश्वर सबै सुस्थीर रामै अनाश् ।।

कस्लाई=कुन हिन्दू मुसलमानलाई । पानी वायु अकाश=ब्राह्मण योगी जंगम । सूर्य चन्द्र=सन्यासी जैनी । यी=भक्त उपासक । तिनी=दर्वेश फकीर । पर्दैन पूरा=स्वस्थिति मिल्दैन । जगत सब गए=संसारीजन बिग्रे, काल मुख परे । त्यै भो=सांसारीक कुशलतानै । एक राम नै=हृदयवासी स्व स्वरूप चेतन रामनै अविनाशीछन् ।

६

यस्तो देह छ सन्कि अल्प छिनको यो नाशिदा छुन्न कै ।
कम्मरको कननी चुँडाल्छन हरे जस्तै धनी होस्न कै ।।
स्वासा मास्तिर चढ्छ त्रास उपजी आत्मीय आह्वान् गरी ।
आयो जो उहि भन्छ' लौ अब लगौं, मिल्दैन वास् पल्भरी ।।

चन्दन् वस्त्रहरू सजेर तनमा गज्मोतिहार भिर्दथ्यो ।
चिल् गिद्धैहरूले लुछेर तन यो स्यालले भुँडी फोर्दभो ।।
आज्ञा हुन्छ कबीर सन्त ! सुन यी ज्ञान् बुद्धिले हीन का ।
यै हो हाल समस्त यो भव विषे राजा हउन् रंक या ।।

आत्मीय आह्वान=परिवार प्रेमीजनलाई बोलाउँछ । रंक=गरीब ।

यही कहराको खुलासा रूपमा –

हे पागल् अब खुब् विचार गरलौ, आसक्ति जस्मा गयो ।
क्षण्भंगुर छ शरीर मरे पछि कुनै छूँदैन मुर्दा भयो ।।
व्यर्थै के गरछौ गुमान धनको, गम्की तुजुक्ली अति ।
कम्मरको कननी छिनालि दिंनछन् लाखौं धनीको पनि ।।

के काम् त्यो धनले विचार गरलौ जाँदैन एक् दाम तब् ।
यो जानेर चटक्क छाड पहिल्यैं सम्बन्ध मोहादि अब् ।।
यी छोरा परिवार भनेर अतिनै जस्देखि मोहित् थियौ ।
आखिरमा सब त्यागि आज फगतै आगन् बिचै तेर्सियौ ।।

स्वासा मास्तिर जब् खिचिन्छ जनको मर्ने अघी क्यै क्षण ।
मोहित् भै अति आत्तिएर दुखमा बोलाउँछन् स्वजन ।।
'लौ मर्ने म भएँ सम्हालि दिनुहोस् सुम्पन्छु धन् बालक ।
यी सब् आश्रय हीन छन् दुखि नहुन् बन्नोस् हजुर पालक' ।।

भन्दै यस् रितले अडी क्षण क्षणै बोली मधूरो गरी ।
नाडी कंठ अड्यो चलाइ नयनै शान् गर्दछन् त्यै घरी ।।
कंचट्को पनि नाडि सब् खिचिन गै अंतीम बेला भयो ।
नाडी ग्रंथि खुली सुषुप्ति सरि भै चोला छुट्यो गै गयो ।।

सम्बन्धी परिवार छिमेकी सबले भन्छन् उठाऊन लास् ।
राख्नै हुन्न कदापि मट्टि घरमा क्षण् मात्र यो वासि लास् ।।

पैले त्यो रथमा चढी सयल खुब् गर्थ्यो विलासी थियो ।
आजै त्यो मृत भै हरित खटमा टुन्की मशानै गयौ ।।

सारा अंग श्रिखण्ड चन्दन घसी सौगन्ध लेपन गरी ।
रेशम्का कपडा सजेर किमती पैह्री थरीका थरी ।।
घाँटीमा गज-मोतिहार गहना बाजू घडी हात् छडी ।
संयोग्ले उनको मरण् हुन गयो, जंगल् बिचैमा लडी ।।

खान्छन् मासु लुछेर गिद्ध चिलले त्यै देहको खुब् गरी ।
गर्नन् कुक्कुर स्याल पेट चिरि भन् लूछाचुंडी मन्परी ।।
गाडीने कतिछन् कती जनहरू बल्छन् कठै अग्निमा ।
फालिन्छन् कति ती बगर तिर तिरै, बग्छन् कती पानिमा ।।

भंनू हुन्छ कबीर संत सुन यो ज्ञान् बुद्धिले हीन जन् ।
गर्दैनन् किन हो विनाश दुखको सत् धर्ममा थीर मन् ।।
एक् एक् दिन् यहि हाल हुन्छ बुझ यो, राजा गरिब्को सबै ।
चेती शीघ्र सुधार आफ्नु गरलौ पारख् स्थिती ज्ञान् अबै ।।

१०

सब्मा मैछु म छैन त्यो अहममा गर्छन् पृथक् ती फगत् ।
एकै हो सब भन्दछन् मकन ती मेरो पछ्यौरा जगत् ।।
सन्तत् एक छु सर्वखण्ड रहितै घट्-चन्द्र छाया सरी ।
एकै सम्झन शक्ति छैन समझे जन्मै मरण भ्रम् टरी ।।

उस्मा छैन निशा र वासर कुनै एक्छत्त नारी नर ।
बालक् वृद्ध म हैन यौवन छटा रम्झम् प्रवेश् के छर ?
सब्मा तीन प्रकारबाट छु सदा 'रम्राइ' यो नामले ।
जाने आउनि केहि गर्दिन कहीं सब्मा छु सामान्यले ॥

ताना बान न जानि रत्ति जुलहा फाटेर दश् चीर भो ।
जस्लाई उपदेश जो गुरु दिए प्रापक् कुनै वीर हो ॥
'छेड्यो कोटि अनन्त ह्रा ! मन-हिरा' कौडी न मोलै मिल्यो ।
द्यौता मानव जो तलासि मुनि थे क्यै जीवलाई मिल्यो ॥

(प. प.) गर्छन् पृथक...=मायाले मलाई घटोपाधि लगाई विभिन्न बनाई दिएको हो । एकै हो...=ज्ञानीले अद्वैत ब्रह्म हो भन्दछन्, जगत-मायारूप चद्दरले म ढाकिएको छु । घट चन्द्र...=पानी पूर्ण धेरै गाग्रोमा एउटै चन्द्रको छाया परे तापनि घटै पिच्छे चन्द्रमा पृथक देखिए समान सब देहमा मेरै आभास देखिएको हो ।

सबमा तीन...=अस्ति भाति प्रिय तीन रूपबाट । ताना वान...=कारण कार्यको भेद न जान्ने द्वैतवादी या मनले चार वेद छः शास्त्र रची विभिन्न मत निकाले । प्रापक...=कसै कसैले अद्वैत बोध पाउँदछन् । (उ. प.) छेड्यो कोटि=मनको अनंत कल्पनाले अखण्ड चेतनलाई भ्रममा पारी दियो । यसैले माटाका मूर्तिको जति पनि यसको मूल्य भएन, आभास अंश बन्न गयो । क्यै जीवलाई...=अज्ञ जीवले अलि-अलि पाएका छन् । यो शब्दमा प्रथम अद्वैतवादको संपूर्ण मन्तव्य बताएर अंतको दुई लाईन-बाट व्यंगतापूर्वक उस देखि उपराम गराउनु भएको छ । स्पष्ट रूपबाट खण्डन शब्द-६७, ११२, ११५ साखी ३४८-३४६, ३५० र यत्र-तत्र बीजक भरमा आएको छ ।

११

रैछौ नन्द ! तिमी परायणपती निन्द्रा लिने जग् प्रति ।
आऊँदा सुकला म देख्तछु सँधै मेरा पती साथ् अति ।।
मेरा बाबुजिका गृहीणि दुइ छौं जेठानी मेरी र मैं ।
बस्थें मैं जब त्यो रसीक जगमा सब् जान्दथे जग् तबै ।।

माता मेरि मरिन् पिता संग भई, साथी चिता मै मरे ।
त्यो ता आफु मरी समेटि अरु ली कुल् जाति साथै परे ।।
स्वासा चल्दछ देहमा जब तकै तब् तक् कुशल् यो सबै ।
भन्नु हुन्छ कबीर उड्छ जब श्वास् मन्दीर बल्छन् तबै ।।

[पू० प०] नन्द=योगी गुरु । परायण पति=ब्रह्ममा अति प्रेम गर्ने । निद्राले=जगत बिर्सी समाधिस्थ छौ । आऊँदा…—म जैले आउँछु यहाँलाई इष्ट परमात्मामा तल्लीन देख्छु । मेरा बाबु=परमात्माका उपासक दुई छौं-तपाई ब्रह्म ज्ञानी र म उपासक । रसीक जग=परमात्माको प्रेममा प्रथम अभ्यास समय देखिनै जगतले यो परम भक्त हो भन्ने जानेका थिए ।

माता=माया । पिता=म परमात्मामा लीन हुँदैमा । साथी चिता=काम क्रोधादि सबै योग-चिताको ब्रह्माग्निमा । अरु ली…=इन्द्रिय विषय, चतुष्ठयादि । स्वासा चल्दछ=प्राण रहे सम्म आफ्नू मानन्दिमा मग्न भई बस स्वास उड्ने बित्तिकै शरीर नाश हुन्छ, उक्त कल्पनाले कुनै काम दिँदैन ।

१२

यो माया रघुनाथकी छ पगली हींडी शिकार खेल नै ।
छानी छानि सबै सुविज्ञ चतुरा मारी नछाडी कनै ।।

मारी मौनि र वीर नग्न अवधुत, ध्यानी सुयोगी भए।
मारी जंगल बीच जंगम सबै माया न भोगी गए॥

स्वामी अर्चक वेद पाठकहरू मारी भुतुक्कै गरी।
मारी पण्डित अर्थ कारक पनि कस्दै लगाम् बेसरी॥
मारी वन् बिच श्रृंगिलाइ विधिको मस्तक् फुटाईं उहीं।
त्यागी सर्व मछिन्द्र सिंहल गए यस्ले डुबाईं तहीं॥

संसारी घरमा छ मालिक बनी भक्तै कहाँ चेलि भै।
भन्नू हुन्छ कबीर सन्त ! सुन यो घोक्र्याउ आई जबै॥

मारी नछाडी…=सबैलाई भ्रम-कल्पना, विषय-वासनामा पारी। माया नभोगी…=आफ्नू इच्छानुसार कसैले पनि भोग्न पाएनन्। वन बिच श्रृंगी…=मायाले जंगलबाट घिच्याई निकाली वेईजति गराई। घोक्र्याउ आई…=आउँदै लक्ष्य घुमाउ, परीक्षादृष्टि बलिष्ठ बनाऊ, धनादिको सम्बन्ध परे त्याग या योग्य काममा लगाऊ।

षष्टम प्रकरण

वसन्त

[अनुष्टुप छन्द]

१

जस्को जीवन बाह्रै मास्, वसन्त ऋतु बन्दछ ।
तिन्मा परत्रको मर्म, बिरलै जन जान्दछ ॥
अखण्ड अग्निको धारा, वर्षा जता तत्तै भए ।
अठारै भार् हरीयाली, वनस्पति सरस् भए ॥

लोकले जलको आदर, गर्न थाले बराबर ।
वायु ग्रहण् गरी कस्मल्, धुन लागे खराखर ॥
विना वृक्ष नभै बीच, फूल फूले ति उत्तम ।
शिव ब्रह्मा तहाँ लिन्छन्, सुवास त्यो महत्तम ॥

सनकादि सरी भौंरा, भुल्छन् महकमा परी ।
चौरासी लक्ष खानी सब्, हेर्दछन् एकरुप् गरी ॥
गुरूले जो तिमीलाई, लखाए सत्यका कुरा ।
यसैले न छुटी लक्ष्य, चरण्मा भाव भो पुरा ॥

अमर लोकको आश, गर्ने व्यक्तिहरू पनि ।
भन्छन् कबीर बुझ्नेले, प्राप्त गर्दछ त्यो भनी ॥

जस्को=प्रपंची जीवको। अखण्ड अग्नि…=गृष्म अगावै वसन्त देखिनै सूर्यताप वर्षन थाल्दछ या वाणीको एक इष्ट मानी विरहाग्निमा सबै जल्दछन्। अठार भार=सम्पूर्ण वनस्पति या चारवर्ण, चार आश्रम, छः दर्शन, चार संप्रदाय–यी अठारह हर्षित हुन्छन्। लोकले जलको=सबैले पानी पवनको उपयोग लिन थाले, यता कल्पना वाणी, प्राणायाम-वायुको आदर गर्न थाले। विना वृक्ष=विना बोटकै मस्तकमा सहस्र दल कमल या पदार्थ विना मन कल्पनाको शून्य ब्रह्म फूल। सनकादि…=सनकादि ऋषि भ्रमरा समान त्यही फूलमा शरीरको भान भूली अड्के। चौरासी लक्ष…=सब ब्रह्मरूप नै मान्दछन्। जो गुरुले…=जुन गुरुले प्रथम जसलाई जस्तो दृढाई दिए उसको बुद्धिले त्यसैलाई सत्य मान्यो, यसैले उनका पदको लक्ष्य हृदयबाट नछुटेको हो। अमरलोक फल…=वाह्य कहीं अमरलोक प्राप्तिको फल आश गर्नेले पनि। बुझनेले…=विवेक द्वारा ग्रहण गरेमा स्व-स्वरूप स्थिति मुक्तिपद नै अमरलोक हो, आफैंमा त्यो प्राप्त हुन्छ।

२

श्रीवसन्त पढे जिह्वा, सदा आनन्द पाउला ।
अन्यथा यम फन्दामा, बारम्बार निम्न जाउला ॥
मेरूदण्ड विषे साधन्, गरी दिन्छन् यि ठक्कर ।
आठौं कमल् जगाएर, लिन्छन् बस्छन् बुझक्कड़ ॥

ब्रह्म अग्नि प्रकाश् गर्छन्, बग्छ अनिल उँच् निच ।
नौ नाडी एक ग्राम् पर्छन्, जान्छन् पाँच सखी बिच ॥

अनहद्को बज्यो बाजा, सम्पूर्ण ध्वनि उठ्दछ ।
बहत्तर व्यक्ति त्यैं खेल्छन्, धुलैको फागु जुट्दछ ।।

माया देखेर चुर्लुम्म, कस्तो डुब्छौ सदा भुली ?
जस्तो क्षण् भरको लागी, वनस्पति रहे फुली ।।
भन्छन् कबीर हरीदास, वसंत खेल खेल कै ।
माग्छन् यिनी पुरस्कार, बैकुंठ बास केवलै ।।

[पू. प.] अनंत ऐश्वर्य पूर्ण ब्रह्मरूप वसन्तको जप योग साधन गर । मेरुदण्ड…=प्राणायाम द्वारा कुंडलिनी-षट चक्र भेदन गर्दै सहस्रार माथि सुरति कमलमा पुग्दछन् । ब्रह्म अग्नि…=ब्रह्म ज्योति । यसको निमित्त नाभीको वायु माथि ब्रह्मांडमा पुऱ्याउँछन् । नौ नाडी…=पुहुखा आदि नौनाडी र पंच प्राण पनि सुषुम्नामा गई मिल्दछन् ।

बहत्तर व्यक्ति…=शरीरस्थ बहत्तर कोठाको वायु पनि एकट्ठा भई ब्रह्मांडमा पुगे । धुलैको…=शून्यानन्दरूप धुले फागु मच्चियो । माया देखेर…=वाह्य माया जाल भोग पदार्थ देख्ता कस्तो भूलेको ? यी सबै वनस्पति फूलको शोभा समान क्षणस्थायी हुन् । हरिदास…=परमात्मा का भक्तहरू उक्त प्रकार फागु खेल खेलेर वैकुंठ वास फलरूप पुरस्कार चाहन्छन् ।

३

भेट्न आएँ प्रभूलाई, महे गुरू ! विवेक् धन ।
पहिराई दिनू होस, वासन्ती वस्त्र मैं कन ।।
लामो छ तान चौपट्ट, भाँच्चिएको कुची अनि ।
कुहिएको पुरानो सुत, तीन कीला विषे उनि ।।

घोचा तीनशये साठी, बहत्तर ग्रंथिले कसी ।
खुर् खुर् नरी चल्यो बस्छे, जोलाहिन् पलटी कसी ॥
चट्कनी यन्त्रका माथि, चटाचट् नाच्न थाल्दछ ।
पाऊदान दुवै गोडा, खटाखट् चल्न थाल्दछ ॥

पचीस पाँच दश् द्वार, स्थान स्थान यि पाँच नै ।
सखी प्रारम्भमा लागे, धमार गाइ नाचनै ॥
रंग विरंगका वस्त्र, पहिरेका उमंगले ।
धाउँदै हरिका पाऊ, गाएका भक्ति ढंगले ॥

[पू. प.] भेट्न आएँ··· =योगी गुरु संग भावुक जीवको विनय—हे गुरु ! योगानन्द रूप वासन्ती वस्त्र पहिराई दिनु होस ! खानिमा हे प्रिय ! मलाई कामोपभोग वसन्त प्रदान गर । [उ. प.] लामो छ तान··· =जीव-को विषय भोग, मान, सिद्धि आदि वासना धागो तान समान लामो छ, काम वासनाको तान बढ्यो । भाँचिएको··· =विवेकरूप कुचि पनि थोत्रो छ । सूत पुराना=जीव पुराण पुरुष । तीन कीला=त्रिगुण या रेचक पुरक कुंभक, स्त्री पुत्र धनको किलोमा बाँधियो । घोचा तीनशय साठी= तान लाउने घोचा समान शरीरमा तीनशय साठी हाडहरू लागेका छन् । प्रेयसीको शरीर पनि यस्तै छ । बहत्तर हजार नसाले कसेको छ । खुर खुर-नरी=तानमा नरी चले झैं ईडा पिंगला द्वारा स्वास खुर-खुर शब्द युक्त चल्दछ । नारीको शरीर दुर्गन्ध पूर्ण छ । बस्छे जोलाहिन··· =सुषुम्ना नाडी ब्रह्मांडमा शांत भयो । स्त्री पलेटी कसी बसेर मोह मुग्ध पार्द छे ।

चट्कनी यन्त्र··· =तानमा चट्कनी चलेझैं मुद्रा गर्दा दृष्टि माथि फर्के, नारी आँखाले कटाक्ष गर्छे । पाउदान··· =नाभीमा सोहंको जप रूपी दुई गोडा चल्न लागे, नारी पनि गोडाले छम-छम् गरी रिझाउँ छे ।

पाँच पचीस···=पंच प्राण, पचीस प्रकृति देहको ब्रह्मरंध सहित दशद्वार ठाउँ-ठाउँबाट वायु जम्मा भए, पाँच ज्ञानेन्द्रियले ज्योति दर्शन, नाद श्रवण आदि आनंद लिई मग्न भए। यिनै तत्व प्रकृतिको थुप्रो दशै द्वारबाट दुर्गन्ध बग्ने नारी शरीरमा सुख मान्दछन्। रंग विरंग=योग साधनमा नाना दृश्य देख्तछन्, परब्रह्म पायौं भनी खुसी हुन्छन्, यता साधकहरू अनेक वेष पहिरी कल्पित हरि चरणमा शिर राखी कल्पनाको गीत गाउँछन्—यसैबाट पार तर्न चाहन्छन्। नारीले रंग-विरंगका वस्त्राभूषण-पहिरी विषयानन्दमा लट्ठ्याउँ छे, कामी पुरुष उही विवेकहारी प्रेयसीका पाउ परी विषय गीत गाऊँछन्।

४

हाँस्तै भन्छिन् बुढी यौटी, मछू नित्य कुमारि नै।
मजस्ती तरुणी राम्री, कोछन् अरु सुनारि नै?
दाँत मेरा झरेका हुन्, पान नित्य चपाउँदा।
केश पनि फुले सर्व, गंगा प्रात नुहाउँदा॥

आँखा मेरा धमिल्लिए, गाजल् धेर लगाउँदै।
ढल्कियो बैंस यो मेरो, लूठाहरू झुलाउँदै॥
मेरो अहार सुझै हो, गर्छु साँचो कुरा बुझ।
अनभिज्ञ हरू निम्ती, ठाँटिन्छु मत धेर अझ॥

कबीर यी बुढी कस्ती, हेर आनन्द गाउँछिन्।
पति पुत्र सबै लाई, खाई हर्ष मनाउँछिन्॥

हाँस्तै=बुद्धिमान, विद्वान, विज्ञानी पनि वशमा भएको देखेर हाँस्तै। बुढी=तृष्णा, खानि वाणी माया। कुमारीनै=कसैले भोग्न नसकेकी।

कोछन् अरु···=संसारी नारी सबै वृद्धा हुन्छन्, म सँधै तरुणी नै रहन्छु। दाँत=फुक्लेर, कपाल फुलेर, आँखा कमजोर भै बैंस जाँदैमा बानि जाँदैन। तृष्णा झन प्रबल हुँदै जान्छ। सुझै हो=विषय भोग आनन्द जस्ले जान्दछ त्यसलाई खान्छु। अनभिज्ञ=अज्ञजनलाई भुलाउँन। बुढी कस्ती=भोग तृष्णा माथाले विषय नै आनन्द रूप ठान्दछे। पति पुत्र···=समस्त पुरुषलाई भोग क्रीडाद्वारा निली रही छु।

५

पण्डित विचार बारम्बार, कुन् नारी त्यो कसै गरी।
सकेनन् वर्न कोहीले, कुमारी नै सँधै भरी॥
सर्व देव सुसम्मतले, दिएका थे हरी कन।
न छाडी उनको पिण्ड, चारै युग् बाँधि खुब् मन॥

पद्मिनी पहिली नारी, भन्छन् उत्तम ती सबै।
सर्पिणी सरि भै खाने, लखेटी सब जग् कनै॥
आपनू मेल पती रोज्ने, नपाए मन माफिक।
विषय घोर रात्रिमा, बन्छिन् कामातुरै खुब॥

भन्छन् कबीर ती हेर, प्राणी ठान्दछ प्यारिहुन्।
किंतु मारी रहेकी छन्, आफ्नै बालक लाइ जुन्॥

सकेनन्=माया आजतक कसैकी भएकी छैन। दिएका थे···=लक्ष्मी विष्णुलाई दिएका थिए। पद्मिनी=चार प्रकार नारी मध्ये सर्वोत्तम। आफ्नै बालक=पुरुष मात्र सबै स्त्रीकै बालक हुन्। स्त्री-पुरुष दुवै मायामा अल्झे।

६

माता मेरा पुरुष ज्ञानी- छन् सोझा दुख टार्दछन् ।
रात्रिभर कुटदै धान, प्रातः छर्लङ्ग पार्दछन् ।।
सबेरै उठि सब आँगन्, बडारी पूर्ण सक्तछन् ।
भकारो सोरि गोठ्बाट, खाङ्रो भरी निकाल्द छन् ।।
मनानुसार बासी भात्- ली खपाखप निल्दछन् ।
ठूलो गाग्री लिई आफैं, पानी ती भर्न पुग्दछन् ।।
आफ्ना ती पति प्यारा लाइ, पट्टुकी बीच बान्छु म ।
बेच्नलाई भनी साथ, हाट्हाटै प्रति जान्छु म ।।
भन्छन् कबीर यो कार्य, हरिको हो निरन्तर ।
माया निकट बस्नाले, कस्को लाज रहन्छ र ।।

[पू० प०] उपासक भन्छन्-माता मेरा=माता समान हे ज्ञान पोषक गुरुदेव । पुरुष=परमात्मा सर्वज्ञ छन् । रात्रि भर…=आफ्नू भक्तलाई दुख कसौटीमा कस्दै ज्ञानरूप उज्यालो पारी दिन्छन् । सबेरै…=ज्ञान प्राप्त हुने बित्तिकै हृदय आँगनबाट कर्मादि कसिंगर बडारी फाले । भकारो…=विषय वासना गोबरलाई योग साधन द्वारा ब्रह्मरंध्ररूप खाङ्रोमा हाली निकाले । मनानुसार=गुरुरूपबाट अनादि जगत भ्रमरूप बासीभात खाई हजम गरी दिन्छन् । ठूलो गाग्री=भक्त रक्षा र दुष्ट दलन गरी बृहद ब्रह्माण्ड लिई आफैंमा लय गर्दछन् । पुनः क्षीर सागर पानीमा गई शयन गर्दछन् । आफ्ना ती…=पति परमात्मालाई हृदयमा बाँद्धछु, उनको भक्ति कीर्ति सर्वत्र प्रचार गर्छु । (उ० प०) यो कार्य…=उक्त सबै चरित्र कल्पना मायाको हो । माया निकट…=यस्ता उपासकका साथ गर्नाले जीवको कल्याण कसरी हुन्छ र ?

७

बाबू ! घरै अती राढ़ो, मच्चिएको छ रात् दिनै ।
उतर्सी झगडा गर्नें, चुल्बुले नारि हर छिनै ।।
जेठी छ महिला यौटी, जस्का हातै त पाँच छन् ।
पाँचका साथ पच्चीस , यिनै प्रकृति भन्दछन् ।।
अरु अरु पचीस् भन्छन्, अरू भन्छन् कई थलै ।
अन्तस्को अन्त गै बस्छन्, रिंगाई जीव नै बलै ।।
आ-आफ्ना भोग चाहन्छ, योग बन्दछ के गरी ?
विवेक् विचारने छैनन्, तमासा हेर्छ जग् भरी ।।
राजा रंक सबै हाँस्दै, खित्का छाड्ने सदा यि छन् ।
अतः धारण एक् अंक, पाउँदैनन् कदापि जन् ।।
नजिकै खोज गर्दैनन्, टाढै टाढा बताउँछन् ।
शिकारी लक्षले घेरे, जीव पीउ पुकार्दछन् ।!
यदि यै जन्ममा बन्धन्, सबै चुक्ता भयो भने ।
कबीर उनकै दाऊ,—पर्छ जान लिए भने ।।

घरै=शरीर अन्तःकरण मै । जेठी छ···=कायारूप । हातै त पाँच=पंच विषय या पाँच तत्व । पचीस=पचीस प्रकृति । अरु-अरु=ती प्रकृतिका पनि विषय क्रियादि । अरु भन्छन्···=ती सबैको भोग-वासनाले पुनः चार खानिमा पठाउने संकेत गर्दछन् । अन्तसको···=हृदय भित्र गढ्दछ, ज्ञान धन लूटी बलात्कार साधकलाई हल्लाउँछन्—भर्माउँछन् । तमासा···=कल्याण विवेकको उल्टो झन विषय तमासामा अल्मलिन्छन् । राजा रंक···=सबै बिषयमै मस्तछन् , कल्याणको एक लक्षण प्राप्त गर्न

सक्तैन्न्। नजिक···=हृदयमा शुद्ध चेतनलाई। टाढै-टाढा···=बाह्य परोक्षमा कल्पना गर्दछन्। चौदिशा···=चौतर्फ वाणीको झाल विषय वासनाको लहरोले। शिकारी लक्ष्य···=मन इन्द्रिय, अनेक वासना, भ्रामक, प्रेयसी इत्यादि। पुकारा··=यसैले जीव आँत्तिएर सहसा अन्य कहीं दोस्रा मालिक छन् कि भनी पुकारा गर्दछ। गऱ्यो भने···=विवेक वैराग्य साधन गरेमा।

८

हाथ औंला इशाराले, नारी ती खेल गर्दछन्।
भए पण्डित जो व्यक्ति, लिई विचार हेर्दछन्॥
विना वस्त्र रही नाङ्गै, दिगम्बर बनी कठै।
निर्जीवका धनी बन्छन्, अत्यन्त प्रेम ली उसै॥

उल्टी पल्टी करै ताली, ठोक्तछन् मस्त भै यिनी॥
मार्दछन् यी कतीलाई, बचाऊँछन् कती यिनी॥
कबीर भन्दछन् यी ता, दासका दास बन्दछन्।
सुख दाता कतीलाई, कतीलाई निराश झन्॥

हाथ औंला=सुहागिनी मतका भक्त र परमहंसदशाका मौनीहरु। खेल=माथि परमात्मा भनी इशारा गर्छन्। निर्जीवका···=जड़ मूर्ति, पानी, कल्पनामा प्रेम गर्छन्। मार्दछन् यी···=यिनले मानेका अवतारहरूले रावणादिलाई मारे, अनुकूल सुग्रीव पाण्डवादिलाई रक्षा गरे। [पू. प.] दासका दास···=भगवान दयालु हुनु हुन्छ, भक्तवत्सल दासको पनि दास बन्नु हुन्छ। सुख दिन्छन्···=भक्तको उद्धार, दुष्ट संहार गर्दछन्।

९

यस्तो दुर्लभ तन् व्यर्थै, जान लाग्यो व्यतीत भै ।
राम नाम भजी शीघ्र, पार लाग सचेत भै ॥
गए वेनु वली कंश, दुर्योधन सवंश नै ।
पृथु गए वशूनाथ, वामनादि समस्त नै ॥

छः चक्रवर्ति ती राजा, मण्डलाधिपती गए ।
अझै विचार ली प्राणी, हेर बुद्धि रती भए ॥
कश्यप हनुमान् बाली, जनक् राजा सबै बिते ।
यमद्वार परे कैद, उन्लाई कसले जिते ॥

गोपीचन्द अती योग, गर्थे छाडी गए जगत् ।
जस्तो रावण भोगैमा, मारियो कल्पना फगत् ॥
यस्तै रीत सबै व्यक्ति, गएका नित्य हेर्दछौ ।
भज कबीर यो भन्छन्, राम नाम त तर्दछौ ॥

राम नाम=हृदयवासी चेतनको विवेक स्थिति । सचेत भै…=माया-को रम भ्रममा नलोभिनु । यसैमा लोभिनाले निम्न राजाहरू काल कल्पना-मा परे । छः चक्रवर्ति=उक्त छःराजा । मण्डलाधिपति=बाह्र राजाका मालिक । यम=मृत्यु या कल्पना । उन्लाई=मृत्युलाई । गोपीचन्द…=कठीन तपस्वी गोपीचन्द र भोगी रावणको एक गति भयो भंने वाणीको भरमा भर्मन्छन् । भज कबीर राम…=हृदय वासी रामलाई चिन, पारखमा स्थित होऊ ।

१०

मदमत्त सबै प्राणी, जागेनन् यी कुनै जन ।
साथैको चोरले गेह, चोरी सके सबै धन ।।
प्रमत्त योगमा योगी, विज्ञ पुराण अर्थमा ।
तपस्वी तपमा मात्ते, अहं - सन्यासी व्यर्थमा ।।
मोल्वी कुरानमा मत्त, काजी मत्त निसाफ दी ।
संसारी मत्त मायामा, राजा मत्त अहं भरी ।।
शुक उद्धव अक्रूर, प्रमत्त हा ? यिनी सबै ।
हनुमान् पुच्छरै बल्मा, मात्तिएका अती तबै ।।
शिव मस्त भए सेवा, हरी चरणको गरी ।
कलीका नाम जैदेव, मस्तछन् भक्तिरस् भरी ।।
सुस्मृति वेदले भन्छन्, सत्य सत्य कुरा भनी ।
घरको भेदिले गर्दा, मारियो रावणै पनि ।।
चंचले मनको काम, तुच्छ हुन्छ सँधै भरी ।
भज कबीर ज्यू भन्छन्, राम नाम अघी सरी ।।

सबै मदमत्त=परिक्षा दृष्टि विना सबै खानि वाणी मायाको मदमा प्रमत्त भए, आफू तर्फ कोही फर्केनन् । साथै चोर=अहंकारले विवेक विचारादि धन । सुस्मृति वेदले=अद्वैत द्वैत त्रैतवाद अवतारवाद आदिमा कल्पनाका अनेक कुरा सत्य भनी बार-बार धारा बाँधेका छन् । घरको भेदी…=भेदी विभिषण द्वारा रावण मारिए समान जीवहरू आफ्नै हृदयबाट उठेका कल्पनामा परी नष्ट भईरहेछन् भज…=सम्पूर्ण मनको चंचलता छाडेर स्वयं चेतन रामको भजन विवेक, स्थिति गर ।

११

शिव काशी छ यो तिम्रो, बन्न गयो कसो गरी ?
विचार लौ अझै राम्रो, सुधार हुन्छ जसो गरी ॥
चुवा चंदन् अगर पान, पूजा तिम्रो इ गर्दछन् ।
स्मृती घर धेरै गीता, पुराण नित पढ्दछन् ॥

सम्झी श्रेष्ठ यहाँ लाई, अर्पी मिष्टान्न भोजन ।
'ब्रह्मज्ञ श्रेष्ठ' यो चर्चा, गर्छन् नगर पूजन ॥
शिष्य शाखा तपाईंका, धेर देखेर सोधनी -
गर्न साहस भयो मेरो, उक्त सब् बातको पनी ॥

यो हामी बालको ज्ञान, द्वैतमा बन्न सक्तछ ।
को संझाओस् यहाँलाई ? जब् एक ब्रह्म पूर्ण छ ॥
जे जस्को मनमा आयो, उस्ले त्यै सत्य चिन्दछ ।
अखण्ड जीवको मृत्यु- भै कहाँ गइ मिल्दछ ?

अकाज हुन्छ जो यस्मा, जीवको दोष छैन क्यै ।
शिक्षक् का शिरमा पर्छ, सरासर लाज दोष स्वै ॥
शिव हर्षित भै भन्छन्, ज्ञानको मर्म यो भनी ।
जहाँ म एक छू पूर्ण, तहाँ छैनन् कुनै पनि ॥

धैर्य मन दिनै चार- राख गम्भोर बुद्धि ली।
जस्तो विवेकले देख्छन्, उस्तै भन्छन् कबीर जी ॥

शिव=शिवोहं, अहं ब्रह्मास्मि भन्ने अद्वैतवादी। काशी=काया। बन्न गो=निर्विकार निर्गुण सत चित आनन्द स्वरूप अद्वैतबाट विकार सगुण असत जड़ दुखरूप द्वैत शरीर-संसार के गरी बन्न गयो? जे जस्को मनमा= जसको मनमा जस्तो निश्चय भयो उसले झुट्टो कल्पना नै सत्य भन्ने ठान्दछ। परन्तु अखण्ड जीवको नाश भई कल्पना ब्रह्ममा मिल्दछ भन्ने कुरा कुन विवेकीको हृदयमा अटाउन सक्त छ र?। उस्तै भन्छन्''=अद्वैत पूर्ण हो भनी चार दिन धैर्य गर, जगत ब्रह्म एक संझन्छौ सोही अध्यास वश गर्भमा जानु पर्दा थाहा पाउला?

१२

मेरो वचन पत्यार, गर्दैनन् जग जीव यी।
स्वयं प्रबल बाढीमा, बगदै डुब्दछन् गई ॥
अन्धाको वाक्य अन्धैले, पत्याउँछन् विना विवेक्।
जस्तै वारांगना नारी, गर्दै हिंड्छे पती अनेक् ॥

यस्तालाई अबुझ् भन्छन्, गर्दैनन् ख्याल क्यै पनि।
स्वयं स्वामी खडा साक्षात्, जान्दैनन् बुद्धि भ्रम् बनी ॥
आ-आफ्नै मान चाहन्छन्, शांति कुशल के गरी।
झुट्टा प्रपंच नै सत्य, ठान्दछन् पक्षमा परी ॥

कार्य बन्दैन झुट्टाले, कुनै हालतमा पनि।
म रोक्त छु तिमीलाई, निर्लज्ज! सुन यो गुनी ॥

छाड पाखण्ड सम्पूर्ण, विवेक युक्त मानन ।
अन्यथा यमको हात, परौला हित ठानन ॥
भन्छन् कबीर यी प्राणी, खोज्दैनन् अझ यो बुझ ।
वन्य थारल घोरल् झैं, भटकी मर्छ ऊ सुझ ॥

स्वयं ती'''=आफ्नै कृति वाणीको भेलमा। अनेक=यस्तै विविध इष्टदेव लोकादि कल्पनामा परी तिनलाई प्राप्ति गर्न निमित्त भर्मन्छन्। खोज्दैनन् '''=अझ विवेक बुद्धिबाट सत्य श्रेष्ठ वस्तुको निर्णयपूर्वक खोजी गर्दैनन् वनका थारल'''=कल्पनाका इष्ट, शून्य अवस्तु, प्राप्ति निमित्त खोजी गर्दै।

●

सप्तम प्रकरण

चाचर

[वसन्त तिलकाछन्द]

१

संकेत—यो होली समय खेल्ने चाचर खेलको दृश्य हो। यसमा। एक। तरफ माया र एक तरफ ब्रह्मादि देखी सामान्य जीव संम स्थित छन् मायाले सबैलाई कसरी विजय गर्दछे ? यो शिक्षा प्रस्तुत छ। अतः यसवाट सावधान ?

खेल्छे मयालु बहुतै मुहुनी लगाई।
संसार सर्व यसले कयदै गराई।।
रंगी विरंगि चुनरी रचदै थपक्क।
आइन् कुनै सुमुखि ती पहिरी सपक्क।।

शोभायमान उनको रुप-रंग चाल।
गर्नैं वयान छ कठिन् अनगम्य हाल।।
चन्द्रै सरी चमकिलो भनुँ के मुहार।
आँखा छ खास उनको मृगकै अकार।।

रातो टिका सिंधुरको छ ललाट स्वक्ष।
घुम्टो उघारि करके गरदै कटाक्ष।।
उन्मत्त हात्ति सरि मै जब लस्कि फिर्छिन्।
योगी सती सबकनै खुब लठ्ठ पार्छिन्।।

नारद् मुनी मनहरी बिचरा इ भारी ।
कामातुरै हुन गए मुख छोप्नु पारी ।।
बेकुफ् बनाइ अति भारि उडाइ हिस्सी ।
मद्‌मत्त भै कन फिरी गरि धेर खिस्सी ।।

माया घुमेर शिवजी विधिलाइ रस्मा ।
दौडेर पक्रि यि दुवै कन राखि वश्मा ।।
फागू इनाम लिइ ज्ञान सबै छुटाई ।
फेरी छरी विषयरस् सुखमा गिराई ।।

जस्तै ध्वनी अनहदै हुबहू झनक्क ।
झन्केर भूषण सबै दिल भो सनक्क ।।
त्यै शब्दले मन पनी अति लालची भै ।
उत्सुक् छ खेल बिचमा पुतली सरी कै ।।

खेल्छन् तहाँ जन सबै भइ मस्त रस्ले ।
जस्को त जौन अवसर जब देख्छ उस्ले ।।
ज्ञानीहरू अघिबढ़े लिइ ज्ञान ढाल ।
हर्दैन पाउ तिनको बहुतै बिहाल ।।

खेल्छन् अनेक विधि खेल खिलाडि सर्व ।
पर्दैन दाउ तिनको सब व्यर्थ गर्व ।।
द्यौता र मानव मुनी शुर वीर व्यास ।
गोरक्ष दत्त सनकादि ऋषी इ खास ।।

ती श्रेष्ठ ज्ञानि हरुले पनि हारखाए ।
के चल्छ शक्ति अरुको उसमै रमाए ।।
देखाइ प्रेम उपरी कुदि छोडि खित्का ।
पिच्कारि हानि वशमा सब पारि बिच्का ।।

हेर्छै छुटे कुन भनेर घुमी घुमी त्यो ।
बाँकी सबै बटुलि फेर फँसाउछे यो ।।
ज्ञान्खम्ब चीर रमणीक खडा गराई ।
झल्लर तहीं त्रिगुणको उनि झुण्डियाई ।।

ब्रह्मा गई शिव सँगै यहि ज्ञान लिन्थे ।
यस्ता फँसे जगतका अरु के गनिन्थे ।।
एक् तर्फ देव मुनि नर एक तर्फ आफैं ।
मायीक खेल मचियो घनघोर साफै ।।

देखा परे जुन जती उनले न छाड़ी ।
पक्री सबैकन लिइन् सहजै पछाडी ।।
मिल्छन् जहाँ स्थित जती सबलाइ सोर्छिन् ।
घुम्टो बिचै गरि तबै पछि सास फेर्छिन् ।।

मायीक छाप बुझ त्यो अतिनै छ कालो ।
निर्दाग छैन भवमा जन क्वै उज्यालो ।।
श्रीकृष्ण इन्द्र पनि द्वार विषे खडा छन् ।
लालच् छ दर्शन नपाइ लजाउँदै छन् ।।

भन्छन् कबीर जन ती यसबाट बच्छन् ।
जस्मा छुँदैन ममता निजमा अटल् छन् ॥

मयालु=मायाजालको घर, भामिनी, वाणी, कल्पना। नारद मुनी=नारदलाई शीलनीधि राजकन्याको स्वयंवरमा। ज्ञानीहरू=ज्ञानीजन वाणी माया संग खेल्न अघिसरे। पर्दैन दाउ···=मोटीमाया—गृह कुटुम्बादि छाडे पनि भिनीमाया-वाणी कल्पनादि छुटन सकेन। चौतार···=देव, नर मुनि सुरवीर व्यासहरू दुवै माया मा र गोरख दत्तात्रय सनकादि-वाणीरूप भिनी मायाबाट परास्त भए। पिचकारी···=कल्पना या कामिनी-कटाक्षको। पचकाले। ज्ञानखम्भ···=अद्वैतवादको स्तम्भ। झल्लर तहीं···=त्रिगुणरूप जगत पनि उसै ब्रह्ममा लगी लगाई दिई सबै एकै भन्न थाले। मायीक छाप···=उक्त मायाको लक्षण नै अज्ञान स्वरूपहो। निर्दाग छैन···=विना पारख कोही अदाग बचेका छैनन्। दर्शन नपाई···=मन भरी भोग नपाई।

२

विक्षिप्त मन् ! जगतको, ममता छ जालो ।
सन्ताप शोक समझी गर भस्म कालो ॥
विक्षिप्त मन् ! क्षणिक धन् तन गर्व व्यर्थै ।
त्यो ता खरानि बुझ बन्छ अवश्य सबैं ॥

बौला तँ मन् ! जग रहित् बुझ यो शिवाला ।
हीलो विना इँट खर्जित् तनको छ चाला ॥

सिल्ली तँ मन् ! नकलि हात्तिनि झैं विचित्र ।
मन्ले रच्चेर ममता कसि जीव भित्र ।।

सिल्ली तँ मन् ! विषय अन्ध भएर हात्ति ।
अंकुश प्रहार शिर बोझ सहन्छ सास्ती ।।
सिल्ली तँ मन् ! नबन लालच बश् कपी झैं ।
स्वाद्ले मुठ्याउँछ चना मुठि फँस्छ झन् त्यैं ।।

विक्षिप्त मन ! कसरी उम्कनु ? यो भयो सोच् ।
लट्ठी सहेर घर धर गरि नाच रोज् रोज् ।
पागल तँ मन् ! अब नबन् नलिको सुगा झैं ।
पर्दा विचार भ्रममा बँधलास् विवश भै ।।

सन्की तँ मन् ! पढ़ि गुनी कन लाभ के हो ?
मार्जार आखिर लुछी कन खानि नै भो ।।
उन्मत्त मन् ! जन रहित घरको अतीथी ।
फर्कन्छ आफ्नु मुखली खपि दुख् विथीती ।।

विक्षिप्त मन् ! बहुत तीर्थ घुमी नुहाइस् ।
देवादि धाम पुजदै जुनि धेर बिताइस् ।।
उन्मत्त मन् ! जल बिनै जन सर्व डुब्छौ ।
रामै जहाज समझी तिमि ताहिं चढ्छौ ।।

भन्छन् कबीर मन पागल जग् भ्रमौला ।
संभ्रेर छाड हरि सेवन तब् छुटौला ॥

अंकुश प्रहार…=हात्तिवत मनुष्य पनि ललनाको कृत्रिम सौन्दर्यतामा मुग्ध भई विषयानंदमा पर्दछ, फल बापत अनेक दुख उठाउँदै संसार प्रपंच-को भार बोक्त छ। लट्ठी सहेर घर-घर…=बाँदर समान विषय लोभ वश ऐश्वर्य पुत्र कलत्रादिको स्नेह छोडन चाहँदैन, तिनैको अधीन भई वर्तमान र भविष्यमा पनि संसार भर जहाँ-तहाँ ठक्कर खान्छ। दुख विथीति…= शून्य घरको पाहुना समान कल्पना साधन विना मायामै अल्भी उल्टो दुखी बनी गर्भ वासमा जाने भयौ, यस्कारण चेत। विताइस=जड तीर्थैमा जीवन वितायौ, सत्संग तीर्थ विवेकी गुरुको भक्ति विना, नाहक भट्क्यौ। जल विनै…=विचार विना मानिस कल्याण सागरमा डुबी रहेछन्; त्यसबाट उत्रन–तिमी राम नाम नै जहाज संभी सवार हुन्छौ, तर विवेक युक्त हृदस्थ राम नपाए सम्म वाह्य कल्पनाबाट पार लाग्ने छैनौ। मन पागल जन=संसार सबै मनकै चक्रमा भ्रमी रहेछन्। "जीव सब मनके विके हैं" (श्रीविशाल देव)। यो सबै विवेक गरी विवेकहारी हरिरूप कल्पना मायालाई छाड।

अष्टम प्रकरण

बेलि

[हरिगीत छन्द]

१

संकेत—कल्पना बेलि-झालको प्रभाव, त्यसबाट वचने इशारा—

हे रमैया राम ! सरवर देह वासी हंस हौ ।
जागा छँदै त्यो चोर घरमा रित्तो पार्छ चेत लौ ॥
जागनाले भाग्छ चोर पनि धन सम्हालक त्यो हुँदै ।
मस्त माया मोह बिचमा सुत्ने साच्चै गो रुँदै ॥

हे रमैया राम ! यो बास्-ब्राट स्वस्थिति छ नजिक् ।
भोलिको त्यो वास बाट पर्छ टाढा धेर फजित् ॥
जाउला अब देश दोस्रो घुम्नेछौ हा ? व्यस्त भै ।
रोईं कराई आँसु झिक्दै डुब्नेछौ अति कष्ट मै ॥

हे रमैया राम ! त्रास ली मथन भो दिल दधि सबै ।
विविध भाँती देह घर पनि मथन थाल्यौ अति तबै ॥
फेरि हंस यो पाहुना भै फर्कि आउँछ देहमा ।
भेदन् गरी निर्वाण पदको फल यही हो अन्तमा ॥

हे रमैया राम ! हंसा भै बनायौ मन मणि !
मस्तै रह्यौ हा, रोक्तछु म बात लेनौ क्यै पनि ॥

कर्म जस्तो प्राप्त भो उहि भोग किन अरु घोक्दछौ।
दोष गुरु या अन्यलाई व्यर्थ किन तिमि थोप्दछौ ?

हे रमैया राम ! तिमीता अगम काटी गम पऱ्यौ।
फाली विवेक त्यो फेर सहजै मानि विश्वास् दिलभऱ्यौ ॥
राम नामको धन् खरीद र विक्रि गर्ने तिमी भयौ ।
अनमोल वस्तू संझी साँच्चै पीठ भारी लिन गयौ ॥

हे रमैया राम ! बोके अन्तःकरण ती पाँच ले ।
नौ नोल दश त्यो बोरि बिच ली क्यै नछाडी साँचले ॥
पाँच भरिया अंतमा ती व्यस्त भै थाकी मरे ।
मुर्दा भयो अब सब मिली गै फोरे खप्पर त्यहि हरे ॥

हे रमैया राम ? हंसा शिर कन्याई ऊ उड्यो ।
सर सबन्धी मैत्रिपन सब हारि चौरासी बुड्यो ॥
अग्नि लाग्यो बल्न थाल्यो देह सरवर हरहरी ।
दन्क्यो बल्यो सब भो खरानी हाल यै हो जग भरी ॥

हे रमैया राम ! संत हो सुन कबीर जी भन्दछन् ।
सत्य मिथ्या पर्ख तिमी नै शान्त अन्तस बन्छ मन् ॥

हे रमैया···=मानव शरीर रूप मानसरोवरको रमणशील, दूध-पानी वत जड़-चेतन अलग गर्न सामर्थी परम चेतन। जाँगा छँदै···=जाग्रत स्वरूप तिमी विद्यमान छँदै कामादि चोरले हृदय–घरबाट विवेकादि धन चोरी सके जागनाले=मोह निद्राबाट बिउँझनाले ।

यो वास=मानव शरीर। भोलिको=तीन खानि। त्रास ली···=भयवश हृदयमा विचारको मथन भयो र छुटकारा निमित्त। दधि=वेदादि वाणी मथ्न थाल्यौ। देह घर···=शरीरलाई योग क्रियाद्वारा मथ्यौ। फेरि हंस···=यसबाट केही कार्य सरेन, हंसले पुनः दोस्रो देह। भेदन···=शून्यमा लक्ष्य लगाउनाले। मनमणि=मनैको मानंदिलाई ब्रह्ममणि सम्झयौ। बात लिएनौ=स्वरूप बोध सदाचार निर्णयको कुरा खाएनौ।

अगम काटी···=गम पाई नसक्नु ईश्वर ब्रह्मको गम लिन तम्स्यौ। फेर सहजै···=सहज प्राप्त जगतै ब्रह्म हो भन्ने। नौनोल=उक्त मानन्दि धनको भारलाई नौ व्याकरणको नोल र चार वेद छः शास्त्र–यी दशको धोक्रामा भरी मानिसहरू बोक्न थाले। पाँच भरिया=अन्तःकरण पंचक। सर सवन्धी=शरीरका सम्बन्धी कुटुम्ब सम्पत्ति सबै छाडी। शान्त अन्तस=अन्तःकरण सदाको निमित्त शान्त बनाउने मौका यही हो, पारखबाट काम लिनाले धोका रहित सत्यमा शयन गर्नें छौ।

२

हे रमैया राम ! झन् तिमि शास्त्र पढि सिल्लड भयौ ।
नक्कली नै सत्य हो भनि व्यर्थ धोक्कामा गयौ ॥
सत्य हो यो संम्झ तिमी लौ विन विवेक त्यो बल्छि रुप ।
विश्वास उनकै मानि नित झन् फाल हाल्छौ अन्धकुप ॥

हेरमैया राम ! योता वेद शास्त्रको वचन हो ।
गुरु-दिनू भो थपन गरि बुझ निमित्त हाम्रै रचन हो ॥
वाबू उठायौ कोट तिमिले गोबरैका रासको ।
अन्तमा सब छाडि जान्छौ चारखानी वास हो ॥

हे रमैया राम ! जस्मा हुन्न गम् मन बुद्धिको ।
विचार गर माध्यम विना त्यो खोज गर्ने कसरि हो ?
यो सुनी ली धैर्य धारण गर्नु मनमा सर्वले ।
अत्यन्त मन लज्जित भयो चुप्प भो विन गर्व ले ॥

हे रमैया ! हुन्न फर्कन छन् कि संझी क्वै कहीं ।
सर्व कृत्रिम मात्र धोखा सम्झ साँचो वात् यही ॥
भन्नु हुन्छ कबीर गुरु यो संत सुन तिमी हौ सजग् ।
मन बुद्धिले सब निकट भै जाल फींज्यौ बन अलग् ॥

नक्ली नै···=हिंसायुक्त यज्ञ, कर्म-प्रपंच, अवस्तु कल्पना नै सत्य ठान्नु । विना विवेक यो···=उक्त मानंदि । [पू. प.] यो ता वेद शास्त्र···=उक्त सबै वेद शास्त्रको देन हो । गुरुले···=ब्रह्मादिले हामी प्रजाको निम्ती [उ. प.] बाबू उठायौ···=विवेकयुक्त निर्णयको कुरा ठीक हो, अक्षरसः सत्य मानी उक्त हिंसादि निकृष्ट कर्म, कल्पनाका कर्ता, शून्यादिको वयान विश्वास गर्नु गोब्रकै किल्ला हो । जस्मा हुन्न गम्···= ब्रह्म ईश्वरादिमा । यो सुनी ली···=यो सुनेर मनमा धैर्य धारण गर, हृदयस्थ चेतन देखि पृथक न कहीं राम छन् न खुदा । अत्यन्त मन···=यो सबै प्रबन्ध सुन्दा तिनीहरूको मन । हुन्न फर्कन=यति बुझे पछि स्व स्वरूप स्थिति छाडी कल्पनामा पर्न हुँदैन ।

नवम प्रकरण

विरहुली

[चुड़का लयमा]

१

संकेत—झाँक्री-गुरौहरूले सर्प-विष झार्न नगहरमंत्र बोल्ने चलन छ। यस्तै भ्रम कल्पना-सर्प द्वारा डसिएका जीवको विरह विष झारी स्वरूप देशमा स्वस्थ बनाउन विरहुली मंत्र—

अन्त सम्म दृष्टि फेर, आदि अंत्य छैन हेर,
जरा पात हाँगा बिगा क्यै ॥ टेक ॥

रात दिन न छ तेस्मा, न त वायु जल यस्मा,
न छ त्यस्को अन्य कारण।
ब्रह्मा सनकादि सब, प्राचिनका ठूला जब,
कथि गए योग धारण ॥

आयो मास लौ असार, खेत तरल् बनाएर,
रोपे सात बीज भू पूरा।
प्रतिदिन गोडेका छन्, पानी लगाइ हेरेका छन्,
नित्य नयाँ हाँगा मुजुरा–॥

हाले झाङ्गी फिजिएर, बढ्दै त्रिलोक पुगेर,
ढाक्यो कति राम्रो खुलेको !
उही लता बिच झुल्यो, राम्रो एक फूल फूल्यो,
संसार भर सबै फूलेको ॥

वेषधारी फूल सोही, टिपी लिन खोज्छन् कोही,
तर कैदी मालिक भएका ।
उही फल आश लिई, स्तुति गर्छन् भक्त भई,
पागल साँप्ले डसी गएका ॥

विष हारक मंत्र छुन्न, रत्तिभर असर हुन्न,
नगहर अनेक बोल्दछन् ।
फांटा धेरै विषबोट प्रथम आफैं रोपे खोट,
काट्ता किन थक्क पर्दछन् ॥

जन्म जन्म यमराज, घेर टाढा पारे आज,
कँडेल हाँगा फल फलेको ।
गुरु कबीर भन्नु हुन्छ, साँचो वस्तु प्राप्त हुन्छ,
मेरो फल चाख भनेको ।

आदि अन्त=शरीरस्थ ज्ञान स्वरूप चेतन न कहिल्यै बनेको हो न नाशिन्छ। जरा=चेतनको उत्पत्ति कारण। पात हाँगा=चेतन उपादान बनी कुनै कार्य पनि बन्ने होइन। कथि गए=यसैको खोजीमा वेदादि विविध ग्रन्थ कर्म योगादि नाना सिद्धान्त ब्रह्मा सनकादिहरूले निकाले। कर्ता

प्राप्ति निमित्त । असार मास=वेदादि वाणीले भिजेको असार महीनाको चीसो जमीन समान भावुक जनको हृदय भूमिमा । रोपे सात···=सात बीज मंत्र–ॐ श्री रँ सों एँ हूँ क्लीं इत्यादि बीज मंत्र जमिन अनुसार रोप्न थाले । दिन प्रति···=नित्य शिक्षा दिंदा श्रवण मननादि गर्छन्, नवीन नवीन अनुभव वर्णन गर्छन् । त्रिलोक···=त्रिगुणी जीवमा फिंजियो । उही लता बीच···=यसै वेलो अन्तसमा विषय देह, ब्रह्म ईश्वर ऋद्धि सिद्धि आदि वासनाको एउटा सुन्दर फूल फूल्यो, संसार सबैको हृदयमा किसिम भेदबाट यस्तै फूल फूली रहेछ । तर कैदी···=उक्त फूल चाहने जीवहरू पुनः गर्भवासको कैदी बन्न पुगी रहेछन् । उही फल···=ब्रह्म स्वर्गादि प्राप्ति । पागल साँप=विशेष कामना वासना ।

जन्न-जन्म···=जन्म-जन्म देखि वाम वंचक, विषय वासनाले स्वरूप देशबाट टाढा पारी रहेछन् । कँडेलको···=मेरो निर्णय ज्ञानरूप करवीर-को तीतो फल पनि छ, यदि यो फल चाख्यौ भने तिमीमा गडेको उक्त सबै विष उत्री सत्य स्वरूप बोध स्थितिमा आरोग्य पूर्वक बस्न पाउने छौ ।

•

दशम प्रकरण

हिंडोला

[पादाकुलक चौपाईको लयमा]

१

संकेत—खानि वाणीको विविध पिङ्गमा मच्चि रहेका मानवलाई शान्ति प्रदान गर्न पिङ्कै रूपकबाट प्रेरणा—

भ्रमको पिङ्मा जगका प्राणी आइ सबै ती झुल्छन् ।
पाप पुण्यको दुइटा खम्बा आग्लो माया हुल्छन् ॥
लोभ लटाई विषयको चर्खी काम किलाले कस्छन् ।
कर्म लठारो शुभाशुभ दुइ हात अँठ्याई बस्छन् ॥

कर्मको काम्रो बीच बसेर आइ न झुल्ने कुन् र ?
झुल्छन् गण गन्धर्व मुनीवर झुल्छन् सुरपति इन्द्र ॥
व्यास शारदा नारद शेष र शिव विधि शुक रवि चन्द्र ।
स्वयं कृष्ण निर्गुण सगुण भै झुल्छन् भवका केन्द्र ॥

छः चार सात चौध एक्काइस् तीनै लोक बनेका ।
खानि वाणी खोजी हेरत सुस्थिर को पो भएका ?
नवैखण्ड ब्रह्माण्डमा हेरौं छुटिने छैन वहाँ ।
साधु संगत गर तिमी खोज मुक्त भै बस्ने कहाँ ॥

चन्द्र रवी रजनी शरदी सब ऋतुहरु छैन कोही ।
काल अकाल र प्रलय छैन पुग्छन् बिरलै त्यहीं ।।
तहाँको बिछुड़न् कल्प भो धेरै भूले भू परि भ्रष्टै ।
साधु संगति खोजि विचार्नु फर्की परिन्न कष्टै ।।

यो झुलाको डर रहँदैन सन्त सुज्ञ जो बन्ला ।
कबीर वाणी सत सुकृत मिलेमा फेरी फर्कि न झुल्ला ।।

पाप पुण्य=क्रियात्मक । शुभाशुभ=विचार प्रथमावस्था । आई न झुल्ने कुन् र ?=पुराणैले पनि निम्न देवता मुनिहरूको बार-बार अवतरण बताउँछन् । गन्धर्व=गायक जन । रवि=ज्ञानी । चन्द्र=योगी । छ:चार सात=छः शास्त्र, चार वेद, सात द्वीप या स्वर्ग, चौध विद्या, एक्काइस ब्रह्मांड या गण पति—यी सब चलायमान छन्—झुली रहेछन् । चन्द्र रवी=चन्द्र सूर्य ऋतु आदि आफ्नू शुद्ध चेतन स्वरूपमा केही छैनन्, वहाँ बिरलै संत पारखी स्थित हुन्छन् (पू. प.) तहाँको विछुडन'''=शुद्ध चेतन स्वरूप विस्मृति (उ. प.) साधु संगति'''=विवेकी संतको सतसंग द्वारा वास्तविक स्वरूपको परीक्षा गर, सदाचरण संम्पन्न स्थिति बनाऊ । जसबाट पुनः गर्भ वासमा जान न परोस । सत=पारख चेतन । सुकृत=सत कर्म, संत पारखी पुरुषको सेवा सहवास, विवेक, द्रष्टा-अभ्यास ।

२

रूप बनाई माया थरि थरि रच्छे जगमा क्रीडा रास ।
भो ! यो भूला न झुलौं भन्ने होला यो मति कस्मा वास ?

झुल्दा झुल्दा कल्प वित्यो अति मनले छोडेन रत्ती आश ।
रहस्यमय यो सुन्दर झूला राजी चौ युग चारै मास ।।

कहिले माथि कहिले तलतिर धरणी स्वर्ग हुच्याउँछे ।
अतिनै चंचल सुखभ्रम यो पिङ् रत्ति नरोकि मच्चाउँछे ।।
अति भयभीत छु योपिङ् देखी कृष्ण शरण अब लेऊ ।
जीव भन्दछ विन्ती छ गोपाल शरण हरी तिमी होऊ ।।

माया···=भ्रामक, भामिनी । क्रीडा रास···=कृष्ण गोपिकाको रास क्रीडा समान । रहस्यमय=विषय रंगको रमिता विलास युक्त । माथि= ऊँच योनी । तलितर=नीच योनी । धरणी स्वर्ग=पृथ्वीका विविध भोग चाहना, अनागत अतीतको तरंग—अठोटमा । स्वर्ग परम धामादिको कल्पनामा ।

[पू. प. अति भयभीत छु···=भ्रान्त जीव भन्दछ–संसार झूला देखि म सारै भयभीत छु, कृपा पूर्वक अब झूला रोकी दिनु होस । दासलाई दुख-बाट उद्धारा गरी दिनोस ।

३

लोभ मोहका खम्बा दुइटा मनले रचेको झूला ।
झुल्छन् जगका जीव जती छन् देखिन स्थित चोला ।।
चतुरा झुल्छन् चतुराईमा झुल्छन् योगी योग ।
सूर्य चन्द्र दुइ झुल्छन् वेषकै आज्ञा ली सहयोग ।।

लख चौरासी जीव सब भुल्छन्, ध्यान छ यमकै यिनको ।
कोटी कल्प र युग युग बीते हार न खाने मनको ।।
धरती नभ सब 'चचहुई' खेल्छन् भुल्छन् वायू पानी ।
देह धरी धरि हरि मच्चेका देख्छन् कब्बीर ज्ञानी ।।

मनले रचेको=सुख भ्रमरूप पिङ्ग । सूर्य=कर्म सन्यासी, विकार पूर्ण जगतको कारण बनी भुल्छन् । चन्द्र=कर्म योगी, कर्म प्रपंचमा । लख चौरासी=चार खानिका । ध्यान छ यमकै=यमरूप मन माया कल्पनाकै यिनलाई ध्यान छ । धरती=पृथ्वीमा पार्थिव वस्तुका अध्यासी मानव जीव । नभ=लोक लोकादि, परम धामादिका अध्यासी मानव । वायु=वायुमा उड्ने जीव । पानी=जलचर प्राणी । सबै जन्म मरणको पिङ्मा भूली रहेछन् । हरि=कति भनौं, स्वयं विष्णु भगवान पनि । कब्बिर ज्ञानी= विवेकी पुरुष ।

एकादश प्रकरण

साखी

[अनुष्टुप–छन्दमा]

जुन् जन्ममा थियौ मुक्त, थिएन केहि बन्धन ।
छैटौं देह चढ्यो हंता, बिग्री कता गयौ भन ।।१।।

[शब्दार्थ, प्रतीकात्मक अर्थ र सन्दर्भार्थ]

छैटौं देह=हंस भूमिका, विवेक सम्पन्न दशामा आएर पनि मनको वश परी । बिग्रीकता…=पतन पथमा कहाँ गएका ?

शब्द मेरो तिमी त्यस्को, सुनी न बग रत्त भै ।
स्व पद प्राप्तिको आशा–छ भने पर्ख शब्द नै ।।२।।

शब्द मेरो…=गुरुको निर्णय वचन । तिमी त्यस्को=मानव तिमी ती शब्दका अधिकारी हौ, सुन ! खानि वाणीमा न बग ।

शब्द थ्यो आदिको मेरो, शब्दै जीव पसी गयो ।
फूल रहनको ढकी, घ्यू खाने महिनै भयो ।।३।।

आदिको=मूल सत्य । शब्दै=परन्तु भ्रम शब्दमा । फूल रहनको ढकी=सार निर्णय शब्द राखने पात्र-देह हो । घ्यू खाने…=तर मानव जीवन विषय भ्रम वाणीले बरवाद गरी दियो ।

लक्ष्य अन्धो विना शब्द, भन ! जान्छ कता कहाँ ?
न पाई शब्दको ढोका, बारम्बार खान्छ दुःख् महाँ ।।४।।

लक्ष्य अन्धो=मनुष्यको लक्ष्य निर्णय शब्द विना विवेकबाट अन्धो रहन्छ । बारम्बार…=कल्पित वाणी-खानि जालमा परी ।

शब्द-शब्द अती भेद, सार शब्द मथी लिनु ।
कबीर विन सार् शब्द, धिक्कार जीवन संझनु ।।५।।

कबीर विन=सार शब्दको आदर जहाँ छैन ।

शब्दको गोलिले गिर्दै, छोडी राज बनै गए ।
ज-जस्ले शब्द पर्खे ती, सऱ्यो काज सुखी भए ।।६।।

शब्दको गोली=विना विवेक कल्पनाको पुष्पित-भयानक वाणीमा परी कति पतित भए कति ! ज-जस्ले…=सत्यको ग्रहण असत्य त्याग गरे ।

शब्द हो आदिको मेरो, स्मरण गर पल् पल ।
माथिल्लो सब छोडेर, अन्त फल्दछ सत्फल ।।७।।

आदिको…=अनादि चेतनलाई चिनाई दिने । माथिल्लो…=माया कल्पना । अन्त…=परिणाम मुक्ति महल निवास हुन्छ ।

जो जो सामल जोर्दैन, गयी यस्तो बजार भरी ।
अँध्यारो हुन्छ सूर्यास्त, सामल पाइन्न क्यै गरी ।।८।।

जो-जो…=ज-जस्ले परलोक यात्राको खर्च–धर्म विवेक । गयी यस्तो= यस्तो उत्तम नर जीवन भर । अँध्यारो…=वृद्धता अंतीम मृत्युसमय या दोस्रो जुनिमा ।

सौदा किन्नु यहाँ ऐलै, अगाडी विषयी गति ।
हिंडे स्वर्ग खरिद् गर्न, बनियाँ छैन हाट् रति ।।९।।

सौदा किन्न…=नरतन वर्तमान समयमैं भक्ति वैराग्यको सौदा किनी हाल । अगाडी=तीन खानिबाट त विषय भोग क्रिया मात्र । हिंडे स्वर्ग= भ्रान्तजन स्वर्ग किन्न जड़ भक्ति आदिमा प्रवृत्त हुन्छन् । बनियाँ=वहाँ न पसल छ, न पसले ।

जान्द छौ जीव जो आफ्नू—जीवको गर शीघ्र सार ।
अपूर्व पाहुना देह, फेरी मिल्दैन बार बार ॥१०॥

जान्द छौ···=जीव चेतनको कदर गर्ने, कल्याणको इच्छा भए।

जानिने जग जीव् हैन, जान्ने नै जीव सम्झनु ।
पानी पचाउ लौ आफ्नू, पानी मागी न पीउनु ॥११॥

पानी पचाउ···=हृदयस्थ कल्पना वासना पचाउ—नष्ट गर। पानी मागी=कसै संग उक्त विकार न माग-ग्रहण नगर।

पानी पियाइ के हिड्छौ ! जल सिंन्धु छ घट्घटै ।
तिर्षालु व्यक्ति जो होला, पान गर्ने छ चट्पटै ॥१२॥

जल सिंधु···=सबको हृदय भ्रमवाणी वासनाले पूर्णछ। तिर्षालु···= कल्याणेच्छु, निर्णय सतसंगका प्यासा।

हंस विक्त छ मोतीमा, स्वर्ण थाल पुरा भरी ।
जो जस्को भेद जान्दैन, तेस्लाई दिन्छ के गरी ? ॥१३॥

हंस विक्त छ=मुमुक्षु हंस मुक्ति निमित्त समर्पित हुन्छ। स्वर्णले···= असर्फी आदि थालमा भरी गुरुजन समक्ष पुग्दछ, परन्तु। जो जसको···= जस्ले विवेकको।

सुवर्ण छौ तिमी हंस, तिम्रो वर्णन के गरौं ?
बुझौला श्रेष्ठ बोट् पाई, तिम्रो तव् महिमा गरौं ॥१४॥

सुवर्ण=ज्ञान वर्ण। बुझौला···=श्रेष्ठ नर तनबाट जब विवेक गरी सत्य स्वरूप ग्रहण गरौला।

हंसथ्यौ अति सामर्थी, तर चाल घटिया गऱ्यौ ।
सुरङ् कुरङ्गमा रंगी, भिन्न प्रेमी विषे पऱ्यौ ॥१५॥

तर चाल…=खराब समझ, आचरण। सुरंग कुरंग…=ज्ञान रंग स्वयं छदै कुआचरण बुद्धि गरी। भिन्न प्रेमी=आफू माथि अर्को पति छ भंने कल्पनामा पऱ्यौ, उतै अलभ्यौ।

तलाऊ छोडि गो हंस, तन यो शून्य स्याम्म भो ।
कबीर गर्दछन् हाँक, उही द्वार् उहि खम्भ भो ॥१६॥

तलाऊ…=शरीर छाडी जीव उड्यो। उहीद्वार…=उही अभिलाषा लिई उही गर्भवासमा पुग्यो।

एक रङ् बकुलो हंस, हरियो ताल चर्दछ।
चिनिन्छ दूधले हंस, काल भै बक फिर्दछ ॥१७॥

बकुल्लो हंस=साधु वेषमा संत-असंत दुवै हुन्छन्, धर्म नामबाट निर्णय ज्ञान र काल्पनिक मत दुवै प्रचार छ। हरियो ताल=एकै संसारमा छन्। चिनिन्छ=सत्यासत्य निर्णय-आचरण पालनद्वारा दुवैको परीक्षा हुन्छ।

हरिणी किन दुब्ली छचौ, हरियो ताल तट् चरी ।
शिकारी लाख एक्ली म, वाण टर्छु कसोगरी ॥१८॥

हरिणी किन=उत्तम यस्तो मानव तन प्राप्त छ र पनि जीव किन दुखीछ। शिकारी लाख=एक जीव माथि मन इन्द्रिय अनेक भोग कल्पित वाणी-भ्रामकले आ-आफ्ना वाणले हान्दै घायल गराएका छन्।

त्रिगुण पिंजडा जान, पुण्य र पाप जाल त्यो ।
शिकार यी सबै प्राणी, शिकारी एक काल यो ॥१९॥

गुमाए लोभमा जन्म, खाँदो छ पाप-पुण्य नै ।
अर्धमात्रा दिए शिक्षा, मेरो संकेत छूट कै ॥२०॥

गुमाए लोभमा=वाह्य भोग मानादि, सूक्ष्म भ्रम वाणीजन्य इष्ट, आनन्द प्राप्तिको लोभवश । खायो त्यो…=यही लोभले पुण्य-सत्य ज्ञान नष्ट गरी दियो । अर्ध मात्रा=पर मतका गुरुजनले सबल ब्रह्मको उपदेश गर्छन् तर । मेरो संकेत=गुरुको इशारा पारख स्थितिकै छ ।

अर्धमात्रा शिरोपर छ, यदि निर्णयले गुने ।
के त्यो पण्डितको पुस्तक, मिली रात दिनै भने ॥२१॥

अर्धमात्रा…=साक्षी ब्रह्म-कल्पना सबैका शिर सवार छ, यदि यो सर्व भ्रान्ति निर्णयबाट त्यागेमा शुद्ध पारख स्वरूप अवशेष छुँदै छ । के त्यो पंडित…=के पारख पनि पंडितको पुस्तकबाट पाइने वस्तु हो र ? जो रात-दिन भेला भई गाउँछन् ।

सद् किताबो सद् वरक् दर् नार् कुन;
जानो दिल् रा जानिबे दिलदार् कुन् । (रूमी)

'हजारौं पानाका ठूला-ठूला किताब, जस्मा खाली गन्थन छन्—आगोमा फाल, आफ्नू दिल भित्र आफ्नू ज्यान दिलदार परमात्मा—अन्तर आत्मा तर्फ झुक, तब शान्ति स्नेह प्रेम, जिन्दगीको मिठास पाउने छौ ।'

यो पुतला पंच तत्वैको, रचें मैले सयुक्तिले ।
म सोध्छु सुन हे विज्ञ ! शब्द श्रेष्ठ कि जीवके ॥२२॥

यो पुत्ला=शरीर । रचें मैले=प्रारब्ध कर्म द्वारा जीवले । शब्द श्रेष्ठ कि…=जीवकै कृति शब्द हैन र ?

यो पञ्च तत्वको पिंङ, संज्ञा मानवको दिए ।
एकै गुण वियोग्बाट, सर्वत्र विकलै भए ।।२३।।

एकै गुण···=एक पारख ज्ञानबाट रिक्त हुनाले । सर्वत्र···=जहाँ पुगे पनि कष्ट मात्र पाउँछन् ।

रङ् बाटै रङ्ग उब्जन्छ, सबै रङ् एकसाजको ।
जीवको रङ्ग कस्तो छ, ठम्याई भन आज यो ।।२४।।

रंगबाटै···=भिन्न भिन्न रंगको संमिश्रणबाट विभिन्न रंग तयार हुन्छन् । एक साजको=जडै हुन् । यस्तै जुन जातका प्राणीहरू छन् तिनका रज-रेत बाट तिनै समान बालक पैदा हुन्छन् । तर देहको निमित्त कारण मुख्य जीवको रंग कस्तो छ, विवेक गर ।

जाग्रत् स्वरूप चैतन्य, सुहाग शब्द मिल्न गै ।
शुक्ल पीत मिली थोपा, देह बन्दछ देख्छ कै ।।२५।।

माथिको उत्तर-जाग्रत रूप···=ज्ञान स्वरूप जीव छ । सुहाग शब्द=शब्द सुहाग पर्नाले विषयाकार वृत्ति भई रहे छ, यसैले । शुक्ल पीत=रज रेत मिश्रण साथ पर्न गई ।

यो देह पंच तत्वैले-रची, कता पुऱ्याउँ छौ ?
जीव कर्म वशै भन्छन् , कर्मै पुनः लगाउँ छौ ।।२६।।

यो देह=मानव तन । पंच तत्वैले=सत्य विचारादि धारणा द्वारा पाएका हौ । कता पुऱ्याउँ छौ=भोग कल्पनामा ।

यो पाँच तत्वको भित्र, त्यो वस्तु गुह्य थान छ ।
बिरलै पाउनन् भेद, गुरु वाक्य प्रमाण छ ।।२७।।

त्यो वस्तु=सत्य चेतन ।

सत्य तख्त थिरासीन, पिण्ड झ्याल प्रकाशवान् ।
जस्को भित्र म छू स्थीत, सैन्य साथ छ विद्यमान् ।।२८।।

सत्य तख्त=सत्य ज्ञान सम्पन्न हृदय। थिरासीन=अक्रिय, स्थित। पिण्ड झ्याल=शरीरस्थ इन्द्रिय द्वारा ज्ञान प्रकाशक। जस्को=विवेकीको। सैन्य=शुभाचरण साथी, उस्को कार्य सम्पन्न बन्यो।

ऐना छ हृदयै भित्र, देखिन्न मुख चित्र यो ।
देखौला मुख हे भाई ! जब जाला भ्रांति भित्रको ।।२९।।

ऐना=विवेक बुद्धि। देखिन्न···=वासना र भ्रान्त वाणी अध्यास द्वारा आच्छादित गुप्त छ।

उच्च लोक गिरी चूड, ठूलाको लिनु आश्रय ।
यस्ता स्वामी गरे सेवा, तरौला उन साश्रय ।।३०।।

उच्च लोक=(पू. प.) ज्ञान वैराग्य मार्ग सारै कठिन छ, सुगम मार्ग यही हो—माथि सर्व श्रेष्ठ परमेश्वर स्थितछन् उनै ठूलाको अनुगामी बन्नु सहजै तरिन्छ।

जो मार्ग विज्ञजन लागे, त्यै बाटो बहिरा पनि ।
उच्च चूली चढी रामको, मग्न ती योगिजन् अनि ।।३१।।

जुन मार्ग···=जुन कल्पित कर्म उपासनादिको बाटो ठूल-ठूला ज्ञानी जनहरू भ्रम वश लागे, देखा देखि संसार सबै उतै वैरिन्छन्। उच्च चूली···=परमात्माको स्थान भ्रमर गुफामा पुगी योगीहरु आनंद मान्दछन्।

सुज्ञ उत्र विवेक लेऊ, सामल् बाहन साथमा ।
न सामल् घट्छ पद् थाक्छ, जीव भो परहाथमा ।।३२।।

सुज्ञ उत्र=हे योगी ! भँवर गुफाबाट स्वास उतार, अचेतीबाट विवेकमा आऊ। सामल बाहन=ब्राह्मीस्थितिको लोभ, मनरूप सवारी। न सामल घट्छ=उक्त लोभ कम हुँदैन, मनरूप गोडा पनि थाक्दैन। पर हाथमा=जडाध्यास गर्भवास।

कबीर घर चूलीमा, पन्थ छ साँगुरो अति ।
कमीला टाँग अट्तैन, लान उत्सुक बैल ती ।।३३।।

कबीर घर=योगीको स्थिति। चूलीमा···=ब्रह्मांडमा। पन्थ छ=सुषुम्नाको सूक्ष्म मार्ग बताउँछन्। कमीला···=बुद्धिको पहुँच तहाँ छैन भन्छन्, किन्तु बेबुझ वश अनेक वासना बयल गाडा भरी-भरी लान खोज्छन्।

अदेख देशको विस्तृत, वर्णन अज्ञ गर्दछन् ।
नून ढीको स्वयं चाटछन्, बेच्दै कपुर हिंड्दछन् ।।३४।।

अदेख देश=मुक्ति स्थितिको अनुभव नगरी अनेक कल्पना पूर्ण वयान गर्छन्। नूनढिको=स्वयं ती इन्द्रिय भोगमा आसक्त छन्। कपुर=श्रेष्ठ ज्ञान।

शब्द शब्द सबै भन्छन्, त्यो शब्द छ अगात्र को ।
भन्न सकिन्न जिभ्र्याले, लक्षणागम्य मात्र हो ।।३५।।

शब्द शब्द=शब्द ब्रह्म, सार शब्द, प्रणव आदिनै मूल तत्व। त्यो शब्द=मुख्य वस्तु देह रहित देह देखि पर छ। भन्न सकिन्न=वाणी देखि वाह्य छ। लक्षणागम्य=गुरु पारखदृष्टि द्वारा मात्र स्वरूप चेतनको बोध हुन्छ।

शैलोपर महादेव, घोडा चढि निवास ग्राम ।
विना फूल रसै भृंग, चाहन्छ भन वृक्ष नाम ? ।।३६।।

[पू. प.] शैलोपर=स्वर्ग या ब्रह्माण्डमा। घोडा चढि=संकल्प घोडा सवार भई पुग्न चाहन्छन्। विना फूल=फूल विना त्यसको रस लिन अज्ञजन उत्सुक छन्। त्यो बोटको नाम भन ?

श्रीखण्ड वासना फाल, फाडें वन् तिमि कारण ।
नभोग कष्ट जिम्दैमा, मर्दा हुन्छन् निवारण ।।३७।।

श्री खण्ड=जीव। फाडें वन=खानि वाणी सबै छान बीन गरें, सार सुगन्धिदार श्रीखण्ड चेतन निकालें। जिम्दैमा…=देह छउनजेल भोग निमित्त र अयोग्य हठ कर्मादिमा अति कष्ट न खप। शरीर साथ त सबै समाप्त हुन्यै हुन्।

श्रीखण्ड बेह्रियो सर्प, विचरा अब के गरोस् ?
विषले व्याप्त भो रौं रौं, कहाँ अमृत गै भिजोस् ।।३८।।

श्री खण्ड=चेतन। सर्प=वासना, पंच अभिमान। विष=आसक्ति। अमृत=सत्य पारख ज्ञान।

जस्तो फटीकको साथ, सबैको रंग त्यै सरी ।
कबीर स्वानको चाल, भुक्तछ पूर्व भ्रम परी ।।३९।।

जस्तो फटीक=पूर्व संस्कारानुसार ब्रह्मवादीलाई अद्वैत ब्रह्म, भक्तलाई प्रभुको लीला, प्रकृति वादीलाई जड़को कार्य—जगत प्रतित हुन्छ। उक्त बुद्धिको आवरण हटाई विवेक गरे स्वयं चेतन विद्यमान छँदै छ। स्वानको चाल…=ऐनामा आफ्नै छाया देख्ता कुकुर भुक्ता भुक्तै मर्छ, त्यस्तै जीव प्रथम भ्रान्ति बुद्धि बनाई सोही बुद्धि वश भ्रममा परी विविध कल्पना गर्छ।

पक्रेको पक्ष छाड्दैन, जिभ्रो चुच्चो डडोस् जति ।
यस्तो तेज फिलुंगो ली, चपाउँछ चकोर अति ।।४०।।

तेज फिलुंगो…=ज्ञान घन भास्मक। चकोर=विषयासक्त भ्रान्तजीव।

च्याखुरो चन्द्र आधार, फिलुंगो तप्त निल्दछ ।
भन्छन् कबीर पोल्दैन, श्रद्धामा अति शक्ति छ ।।४१।।

[पू. प.] चन्द्र आधार=इष्ट प्रेमले। फिलुंगो तप्त=सारा बन्धन विषय शमन हुन्छ। कबीर=उपासक जन।

अल्झे झिलिमल ज्योतीमा, बचेनन् भ्रान्त क्वै पनि ।
अड्के गोरख भ्रांती मै, साहु कस्लाइ भन्नु नी ।।४२।।

अल्झे झिलमिल=ज्योति दर्शनादिमै जीव अल्झे। साहु=विवेकी।

गोरख थे योगका प्रेमी, अमर बन्न प्रयास गरे ।
मासु गली मिल्यो मट्टी, खाली तन् साफमा परे ।।४३।।

खाली तन=ठूलो कष्ट उठाई नश्वर देह सफाई सम्म गरे—नाश भई गयो पनि। भाव हो—स्व स्थिति प्राप्त भएन।

वनबाट शशक् भाग्यो, पर्‍यो खाडल बानि ले ।
को सँग वेदना पोखोस् , यो जान्ने कुन ज्ञानिले ।।४४।।

बनबाट=गृहस्थिबाट। खाडलमा=सहसा साधु वेषमा, विना विवेक भन जंजाल परवशतामा पर्‍यो। कुन ज्ञानीले=विवेकीले मात्र जान्दछ।

धेरै दिन् देखि हिंड्दैछन् समाधि शून्य लाउँदै ।
खाडल्मा पर्न गो हात्ती, टाढा भो पछुताउँदै ।।४५।।

धेरै दिन…=योगोजन दीर्घ काल देखि शून्य समाधिमा व्यस्तछन्। खाडलमा…=ढोईको कामनाले हात्ती खाडल पर्छ, पछुताई कष्ट भोग्दछः त्यस्तै उनीहरूको गति भई रहेछ।

जीवको भर्म भागेन, नाना वेष क्रिया गरी ।
स्वामीको परिचय गर्दै, भित्रै दाग रह्यो परी ॥४६॥

स्वामी…=इष्ट ब्रह्म । भित्रै दाग=जगत वासनाको दाग ।

"आप आपनपौ भेद विन, उलटि पलपटि अरुझाय ।
गुरु विन मिटै न दुगदुगी, अनवनि यतन नशाय ॥ (पं. ग्रं.)

दण्ड न दी भए दण्डित्, जूवाको दण्डले पिट्यो ।
मूल धन् लोभमा हारे, चाक्कु भन्दा चिनी मिठो ॥४७॥

जुवाको दण्ड=भाव—मुक्ति लोभले कल्पना ज्ञानको जुवा खेले थे, त्यो व्यर्थ भो । मूलधन…=मानव जीवन, विवेक ज्ञानलाई कल्पना मुक्ति लोभमा गुमाए । चाक्कु भंदा…=विषय जंजाल भन्दा कल्पना कै ज्ञान भए पनि उत्तम हो, तर स्व स्वरूप भंदा पृथक हुनाले अटल स्थिति फल सिद्ध भएन ।

श्रीखण्डको सुवास् बीच, परे वृक्षहरू सबै ।
नाम मात्र भए चन्दन्, बन्दैनन् मलया कबै ॥४८॥

श्री खण्ड=चेतन जीव, विवेकी संत । वृक्ष=जड शरीर इन्द्रियादि, सामान्य अन्य वेषधारी । नाम मात्र=शरीर पनि अचेत रहन्छ, भ्रान्त वेषधारी पनि विवेकी समानै देखिन्छन् । बन्दैन=त्यो खास चेतन बन्दैन, विवेकीको समझ उनमा विद्यमान हुँदैन ।

श्री खण्डको सुवास् फैली, व्याप्यो टेसू पलासमा ।
व्यापेन बाँसमा गंध, रह्यो युगादि साथमा ॥४९॥

श्री खण्ड…=विवेकी संत । सुवास=बोधाचरण । टेसू पलास=सर्व मदहीन, सामान्य निराभिमानी श्रद्धालु । बाँस=अभिमानी श्रद्धाहीन व्यक्ति चाहे जस्ता महान् हुन् ।

हिंड्दा–हिंड्दा थके गोडा, नगर कोश नौ रह्यो ।

बीचै मार्ग पऱ्यो डेरा, कसको दोष ! के भयो ।।५०।।

हिंड्दा-हिंड्दा=कर्म उपासनादि मार्गमा । गोडा…=मन थाक्यो, देह जर्जर भयो । नगर कोश नौ=जीव सूक्ष्म नौ तत्व भित्रै रह्यो स्थिति अझै पर पऱ्यो । डेरा=शरीर छुट्यो, आफनै दोषले ।

दिन डूबे अँध्यारो भो, अन्तर सन्ध्या पनि भयो ।

अनेक प्रेमिको रसमा, वेश्या बाँझी रही छ त्यो ।।५१।।

दिन डूबे=वृद्धावस्था आयो, इन्द्रिय कंजोर भए, अन्तःकरणमा विवेक विचार शक्ति रहेन । अनेक प्रेमीको…=विविध मत, गुरुजनहरूको विस्वास स्नेहमा पर्दा । वेश्या बाँझी…=भावुक लोभी जीव स्व स्थितिबाट वंचितै रहे ।

मन भन्छ पुगौं कैले ! चित्तझन् व्यग्रता ग्रह्यो ।

छः महीना गमन् गर्दा, आधाकोस् पर ग्राम रह्यो ।।५२।।

मन भन्छ=स्वर्ग सिद्धि आदिको फल श्रुतिहरू सुन्दा मनुष्यको मन-चित्तले कल्पना गर्छ—कैले त्यो ब्रह्मधाममा पुगौंला ? भनी हतपत गर्न थाल्दछ । छः महीना=षट् शास्त्रहरू छान वीन गर्दा गर्दा अन्तमा अर्ध मात्रा—साक्षीदशा सम्म पुगे, स्व पारख स्थिति अझै पर रह्यो ।

बनी विरक्त घर छाडी, वन गए तप कारण ।

थाक्यो देह सुक्यो मूख, खोज्दै बैर भोक मारण ।।५३।।

विना विवेक, वन मात्र गएर पनि झन साहस टुटने हुन्छ, शरीरलाई उचित अहार दिई कल्याण बनाउनु बुद्धिमानी हो ।

रामको नाम चिन्नेको, कृष काय रहन्छ नै ।

नेत्रमा नींद पर्दैन, अंग मासु नजम्छ नै ।।५४।।

[पू. प.]—प्रेम रसमा निमग्न हुनाले ।

राम रस्मा भिजेका जो, हर्ष शोक न ली कन ।
बस्छन् फुर्दैन क्यै दोस्रो, सुख दुख विना मन ।।५५।।

राम रसमा=स्व चेतन स्थितिमा । दुख सुख् विना=शांति स्थिति ।

आँप काटी पलाउन्न, जोरिन्न कान् चिरीकन ।
पारस् नछोड् गोरक्ष, कसको हानि लौ भन ।।५६।।

आँप काटी=आँप-कान झैं पारख द्वारा ब्रह्म जगतको अध्यास उखेले पछि फेरी जीवको जन्म मरण हुँदैन । पारख ज्ञान ग्रहण नगर्नाले कसको हानि छ ? जीवैको, न कि विवेकी सन्त जनको ।

जीव पारस झैं संज्ञ, फलाम सरि विश्व यो ।
बन्छ पारस पारस्ले, पारख टक्सार पुग्छ जो ।।५७।।

पारस—सिद्धान्तमा संगत छ, दृष्टान्तको पारस धातु काल्पनिक हो ।

प्रेम पाटाम्बरी चोली, कबीरा लाइ नाच्दछन् ।
मर्यादा उनकै हुन्छ, तन मन् सत्य बोल्दछन् ।।५८।।

प्रेम पाटाम्बरी…=उपासकहरू प्रेम-विह्वल भई नाच गान गर्छन्, परन्तु विवेकी द्वारा उसैको कदर हुन्छ जो सत्यको अनुगामी छ ।

ऐनाको गृहका भित्र, स्वान दौडी सुटुक्क गो ।
आफ्नै देखि प्रतीविम्ब भुक्ता भुक्तै भुतुक्क भो ।।५९।।

ऐना गृह…=अन्तःकरण । कुकुर झैं जीवले । आफ्नै प्रतिविम्ब…= आफ्नै भावना सत्य सम्झी विविध देव कल्पनाको ज्योति नाद आदि सिद्ध गर्दछ । स्वरूप ज्ञानबाट वंचितै रहन्छ ।

ऐनामा दृश्य जो छाया-छ, दुवै बीच त्यो खुद ।
त्यो तत्व भो यही बाट, यसैले हुन्छ त्यो बुझ ॥६०॥

भाव-मन ऐनाभित्र मान्यतानै बिम्ब हो, भावना कै प्रतिबिम्ब बन्दछ । [मानन्दि अनुसार भूत, ख्याक, देव, ब्रह्म, शत्रुता-मित्रतादिको भावना मन रूप ऐनामा बन्दछ । मान्यता र भावना दुवैमा जीवको सत्ता छ]

जो वन् सागर मै बाट, बने लाल रसीक ले ।
गोरेटो बन्नगो कब्बीर, आवागमन् पथीक ले ॥६१॥

वन्=वाणी । सागर=समुद्र । लाल रसीकले…=महज्जनहरूले वाणी समुद्रबाट निस्केको कल्पना कै इष्ट ठहराए । लालमणि मनुष्यहरू सोही प्राप्ति निमित्त हिंडदा-हिंडदा । गोरेटो=कर्म उपासनादिको बाटो बन्न गयो । अरू जीव पनि उही मार्ग हिंडनथाले, अध्यासवश जन्मने मर्ने भए ।

आसक्ति दोहरै नौ तन्, बन्यो चिन्दैन पद् कुनै ।
विवेक शब्द यो गर्ने, छत्रपति बुझे उनै ॥६२॥

आसक्ति=स्त्री पुरुष दुवैको पारस्परिक आसक्तिले अर्को शरीर बन्दछ, यो रहस्य र आफ्नू चेतन पद कसैले चिनेनन् । जस्ले विवेकपूर्वक समस्त आसक्ति छाड्दछ तिनैलाई जीवन्मुक्त सम्राट सम्झनु ।

कबीर भर्मने देखि, चन्दन् चडी हपार्दछन् ।
देखाएँ मार्ग लाग्दैनन्, मेरो के यी सपार्दछन् ॥६३॥

चन्दन=चेतन बोध वृक्ष । मेरो के=मलाई के दिने हुन् र ? आफैं कष्ट भोग्ने छन् ।

सबै भन्दा भलो सत्य, जो सच्चा दिल पूर्णछन् ।
विना सत्य सुखै छैन, कोटी यत्न गरोस्न जन् ॥६४॥

"सत्य न सादृश जगत कछु, आप आप ही सत्ति" [मुक्तिद्वार]

सौदा त सत्य कै गर्नु, स्वयं भिन्न विचार गरी ।
मिल्दछ सत्यले हीरा, रास गुम्छ झुठो परी ॥६५॥

सौदा त=सत्य चेतन धनका व्यापारी पारखी संत संग विवेक पूर्वक पारख ज्ञान लिनु । हीरा=अखण्ड चेतन जीवन । रास=स्व स्थिति । झूठ=विविध कल्पना ।

सत्य शिक्षा लिंदै लिन्नन्, न विचार खुद गर्दछन् ।
भन्छन् कबीर सुस्पष्ट, स्वप्न वत् जग मर्दछन् ॥६६॥

स्वप्नवत=मनुष्य शरीरमा जीव स्वप्न समान आउँ दछ, सम्हलन नसक्ता पुनः चार खानिको चार खानि मै गमन गर्दछ ।

डँडेलो सिंधुमा लाग्यो, धुवाँ निस्कन्न गुप्त छ ।
कि जान्नन् डडि मर्नेले, भोस्नेले कित बुझ्दछ ॥६७॥

डँडेलो=अन्तः करणमा विषय वासना वाणी कल्पनाको आगो लागी सखाप पार्‍यो । जीव जली रहेछ, धुवाँ देखिदैन, यो कष्ट कि त भुक्तभोगीले जान्नन्, कि अग्नि लगाई दिने भ्रामकहरू नै जानुन्—जान्ने छन् ।

ल्याउने जनले ल्याए, अतः पंख सबै जल्यो ।
धन्य ती ल्याउने लाई, बच्यो छुप्पर घर बल्यो ॥६८॥

ल्याउने जनले=[पू. प.] भ्रान्त जीवहरू भन्छन्-उक्त अग्नि पूर्वका महज्जनले ल्याए-लगाएका हुन् जसबाट मेरो कर्म उपासना पखेंटा भस्म भए । उनमा म कृतज्ञता ज्ञापन गर्दछु, जस्लेगर्दा पंच विषय र मन देखि पर भई बाँचें, शरीर घर जल्यो, आवागमन छुट्यो ।

थोपा समुद्रमा पर्दा, सबैले प्रष्ट जान्दछन् ।
समुद्र विन्दुमा मिल्दा, बिरलै भेद ठान्दछन् ।।६९।।

जीव ब्रह्ममा मिल्दछ भनी सबै भन्दछन्, ब्रह्म कल्पना जीव कै मनमा मिलेको छ भन्ने ब्रिरलैले निश्चय बुझेका हुन्छन् ।

विष ब्यू धर्तिमा रोपी, सुधा शय वार सींचन ।
दुष्टता जीव छाड्दैन, ढिपी ली थाल्छ खींचन ।।७०।।

विषबीज···=कल्पना वासनाको बीज अंतः करणमा रोपनेलाई अमृत-निर्णय ज्ञानले सैकडों पटक सींचे पनि ऊ कुविचार छाड्न् चाहँदैन, आफ्नै पक्ष पक्री रहन्छ ।

पोलेको कष्टमा कोइला, चिच्याई रुन्छ बेसरी ।
पुनः कौ गृहमा पुग्दा, पोल्छ पुनः यसै गरी ।।७१।।

भावहो—अनंत वार गर्भाग्निमा जली कष्टित भएको जीव सद्गुरु संग विनय गर्छ—अब बचाई दिनोस, अन्यथा वासना कल्पना काम क्रोधादि कामीको हातमा परें भने मैले पुनः सोही आगोमा गई पिल्सीनु पर्ने छ ।

विरही दाउरा चिसो, न बली धुम्र छुट्दछ ।
कष्टबाट बचौला तब, पूर्ण जब भस्म बन्दछ ।।७२।।

भाव—खानि वाणीको विरहले भीजेको जीव सोही वासना कल्पनामा सल्की रहन्छ कष्ट भोग्दछ, स्वरूप ज्ञानबाट जब सम्पूर्ण वासना भस्म हुन्छ तब तिनको कष्ट छुट्ने छ ।

विरह वाण जस्लाई–लाग्छ, लाग्दैन भेषज ।
मूर्छित भै रुँनै लाग्छ, उठ्छ चिच्याउँदै अङ्ग ।।७३।।

विरह वाण=विषय वासना, कल्पना वाणीको विरह वाण । भेषज=पारख बूटी । मूर्छित भै=इष्ट अप्राप्ति वश बिलना गर्छन् ।

सत्य शब्द कबीरज्यूको, दिल हेर विचार यो ।
लक्ष्य दी सम्झने छैनन्, भन्दा चार युगै गयो ।।७४।।

सत्य शब्द···=जड चेतन निर्णयका सम्यक वाणी लक्ष्य दिई=विचार पूर्वक यसलाई ग्रहण गर्ने कोही मिलेनन्--कम-कम मिले । भन्दा चार···= मेरो चार···=मेरो चार पन--[बाल, कुमार, यौवन र वृद्ध] अवस्था सबै वित्यो ।

जो तिमी सत्य सौदागर, लगाऊ सत्यको बजार ।
भित्र झारी बडारेर, कसिंगर फाल लौ विकार ।।७५।।

जो तिमी=सत्य ज्ञानको सच्चा व्यापारी हौ भने सत्संग साधनको सच्चा बजार लगाऊ । विवेक-विचार कुचोले अन्तःकरण बडार, वासना कल्पना काम क्रोधादि कसिंगर निकाल ।

कोठी थ्यो काठ निर्माण, अग्नि बीच बिचै दिए ।
विज्ञ जली भए भस्म, भागेरै अज्ञ पार भए ।।७६।।

कोठी=शरीर । काठ=जड़ तत्व विषय । अग्नि=काम क्रोधादि, विद्या बुद्धि धनादि । भागेरै=तिनबाट हटी पारख शरण पक्रन्छन् पार लाग्छन् ।

साउनको घना बादल, थोपा परे अकाशमा ।
लोक सबै भए वैष्णव, लागेनन् गुरु कानमा ।।७७।।

उपदेशी जनहरू बथानका बथान्, शिक्षा प्रवचन द्वारा संसारमा मंत्रवृष्टि गरी रहेछन् । सबै भक्त त बने परन्तु सम्यक सद्गुरुको शिक्षा यिनको कानमा पर्न पाएन ।

पासै डुबे यि उत्रेनन्, खुड्का यही पऱ्यो म मा ।
पानी यो मोह बाढीमा, कस्तो निद्रा पऱ्यो तँ मा ॥७८॥

पासै डुबे=कल्याणको निकट नरदेह मै अथवा भक्त साधु बनेर पनि झाँई विषय कल्पनामा डुबे, यो ठूलो सोचको कुरा भयो । वाणीको मोह-बाढीमै विना विवेक कस्तो निर्धक्क परेको ?

साखी भन्छन् लिने हैन, काम के गर्न जान्दथे ?
उर्लंदो जल बाढीमा, कहाँ ती पाउ अड्दथे ॥७९॥

कामके···=कथन अनुसार रहन बनाउन सक्तैनन्, मनोविकारको बाढीमा परीक्षादृष्टि र वैराग्य विना धीरजपद कहाँ रोकिन्छ र ?

उपदेशी मिले सस्तै, मिलेनन् योग्य धारक ।
ती कहन्ता बगुन् छाड, धारणा शून्य तारक ॥८०॥

भाव=सदाचरण सम्पन्न विरक्त पारखी कै शरण पक्र ।

एकै एक विवेक गर्नु, निक्लन्छ सत्य सार जो ।
दुई जिभ्रे कुरा बोल्ने, चड्कना खान्छ घोरको ॥८१॥

दुई जिभ्रे=वचनको ठेगान नभएका सत पनि भन्छन् असत पनि भन्दछन् , सत-असत रहित पनि भन्छन् । इत्यादि कल्पना न छुटेका ।

जिह्वा संयममा राख्नु, बक्बके बानि छाडनु ।
गर्नु पारखिको साथ, सार शब्द विचारनु ॥८२॥

जस्को जिभ्रोस्ववश छैन, दिल सत्य रहीत छ ।
न लाग्नु साथ त्यस्ताको, मार्गमा नै विगार्दछ ॥८३॥

जिभ्रोबाट पतित् व्यक्ति, कुवाक्य बोल्छ छिन्छि नै ।
मनका चक्रमा घुम्दै, काल पीङ मचिन्छ नै ॥८४॥

जिभ्राबाट=वाक्य असंयमी । मनको चक्र=मनको आवेशमा । विविध कल्पना राग-द्वेषमा लरखराई रहने छ ।

अंगमा अल्झियो भाला, टुप्पो भाँच्चिइ धस्सियो ।
निस्कँदैन विना चुम्बक, कोटी पत्थर नास्सियो ॥८५॥

जिउमा…=अंतःकरणमा वाणी खुब पुष्टरूपबाट गाडियो, पारख बोध चुम्बक विना त्यो निक्लन सक्तैन, करोड़ौं सामान्य शिक्षा निरर्थक भए ।

खुड्किलो साँगुरो सामु, पछाडी चकना चुर ।
पर्दाका भित्रकी कान्ता, घाट देखि अती पर ॥८६॥

खुडकिलो…=सामन्ने मोक्षपद अत्यन्त सूक्ष्म देखिन्छ, पछाडी विषय तरफ चारखानि, संसारको झंझट देखता जीवको लालसा चर्ल्याम चुर्लुम हुन्छ । यसैले अविद्या आवरण भित्रको अध्यासी जीव कल्याणघाट बाट अति टाढा परी रहेछन् ।

समय देखि संसारी, गृहस्थी योग क्वै लिए ।
मौका गुमी सक्यो सित्तैं, बिराना चेत मीत ए ! ॥८७॥

समय देखी…=कष्ट पर्दा जीव कल्याण निमित्त कति गृहस्थी मैं भजन किर्तन गर्न थाले, कति साधुवेष योगादिमा अल्झे । परन्तु सत्यासत्यको परीक्षा गरेनन्, व्यर्थ कल्याणयोग्य रत्नशरीर खेरफाले । दोखाको कल्पनामा परेका हे जीव ! जाग ।

संशयले जित्यो सर्व, जित्ने संशय छैन क्वै ।
उही हो संशय जित्ने, विवेक गर्छ वाक्य कै ॥८८॥

संशय…=खानि वाणीको भ्रमले सबैलाई बरवाद गरी सक्यो संशयलाई शमन गर्ने कोही मिलेनन्, उनैले उक्त संशय शमन गर्न सक्तछन् जो शब्दको ठीकठीक परीक्षा गर्दछन् ।

बोली छन् भाँति भाँतीका, देखेनौ कत्ति नैनले ।
बुझ कबीर ज्यू भन्छन्, वाणी घट् घट सैनले ॥८९॥

बोलीछन्=विभिन्न व्यक्ति द्वारा निकलेका शास्त्रादिका वाणी भिन्न भिन्न प्रकारका छन्, विवेक दृष्टिले हेर, हृदयका आँखा उघार ? प्रत्येक अंतःकरणबाट निकलेका वाणीहरू ठीक-ठीक विचार गरी ग्रहण गर्ने अभ्यास बनाऊ ।

पक्रनु मूल हो काम, न भूले भ्रममा कबै ।
मन सिंधु लहर इच्छा, न बगे कहिल्यै कतै ॥९०॥

मूल ''=चेतन जीव । मनसिंधु=मन समुद्रको इच्छा तरंगमा न बग ।

बगैंचा भुल्दछन् भृंग, अनेक फूल वासमा ।
यस्तै भोग विषे अल्झी, अन्त गयो निराशमा ॥९१॥

निराश=जीवले जीवनभर विषय प्रपंच मै बितायो, अंतमा निराश लाचार भई घिचीदै दोस्रो देहमा पर्न विवश भयो ।

हो भृंग जाल वक् जाल, डूबे धेरै बनी अचेत ।
कबीर व्यक्ति त्यै बच्छ, जस्को छ हृदय विवेक ॥९२॥

हो भृंग…=विषय मोह र वाक्य प्रपंच-यिनै दुई जाल वश वेहोश भई धेरै जीव मायादहमा डुबे, सचेत पारखी नै यसबाट बच्दछन् ।

भए सलह तीनै लोक, उडे ती मन साथमा ।
विना जाने हरी भक्त, परे हा ! काल हाथमा ॥९३॥

तीन लोक···=त्रिगुणी जीव समूह मनका वेगमा परी सलह समान यत्र-तत्र भर्मी नष्ट भई रहेछन् । वास्तव हरिको हुन् ? यो न जानी भक्तहरू काल कल्पना, विषय वासनामा मस्किए ।

रंग विरंगका छाल, देख्तैन मन भृंगले ।
कबीर प्रष्टता भन्छन्, तिमी संभ्क अकीलले ॥९४॥

रंग-विरंग···=भोग वासना र कल्पना संबंधी, अनेक लहर भित्र उठी रहन्छ, उता मन भ्रमरो विषय रसमा मस्त भई अन्ध बनी रहेछ । तिमी पारखबाट संभ्क, आफूलाई बचाऊ ।

चटकीको कपी जस्तै, जीवको मन साथ छ ।
नाना नाच नचाएरै ली डोरी हाथ राख्तछ ॥९५॥

मन नै हो चपल चोर, मन् पक्का ठग दक्ष छ ।
मुनि नर देव बौलाए–भन्दै मन, द्वार लक्ष छ ॥९६॥

मुनिवर···=त्रिगुणी जीव समस्त मन शमन गर्नु पर्छ भंदा भंदै मन कै वश विक्षिप्त भई गए । द्वार लक्ष छ···=विना पारख यो मन लाखौं प्रकार-बाट लक्ष्य द्वारा भागी रहन्छ

विरह सर्पले ज्यूमा–डस्यो, मंत्र न मानि यो ।
राम वियोगी बाँच्तैनन्, बाँचे विक्षिप्त बन्छ त्यो ॥९७॥

विरह सर्पले···=कल्पनाका पति प्राप्तिको विरह रूप सर्पले हृदयमा डसी रहेछ। यस्ताजन गुरु निर्णय शिक्षारूप मंत्र ग्रहण गर्नै चाहँदैनन्। विवेकरूप जाग्रतावस्थामा आउँदैनन्, यिनी वाह्य दृष्टिमा बाँचेका छन् तर सिल्लिवत बनेर नै।

राम वियोगमा व्याकुल- लाई न दिनु दु:ख पनि।
छुँदैमा व्यग्र ती हुन्छन्, लज्जावति सरी बनी ॥९८॥

राम वियोग···=वाह्य कल्पना रामका विरहमा व्याकुल जनलाई निर्णय बताई कष्ट नदिनु। सत्य कुरा सुन्दैमा यिनी अत्यन्त कष्टित हुन्छन्।

विरह सर्प घुस्तै गै, कलेजो घाउ बन्न गो।
साधुले अंग खिच्तैनन्, इच्छा भर खाउ भन्छ त्यो ॥९९॥

विरह सर्पः=उपासकहरुका हृदयमा विरह सर्प घुसे र टोकी कलेजो छिया छिया पारी रहेछ, तैपनि तिनीहरु आपनू अंग रत्तिभर टार्दैनन्, बल्कि विरहले जति टोक्छ टोकोस यसैमा कुशल छ भन्दछन्।

सारै बिज्छ कलेजोमा, चोइटो वृक्ष वाक्यको।
निकाल्दा कत्ति निक्लन्न, टुप्पो अड्केर अङ्गको ॥१००॥

सारै बिज्छ···=भ्रान्तिपूर्ण वचन रूप बोटको सोइला मर्मस्थल सम्म पुगी चस्की रहन्छ, सन्त पारखीद्वारा निकाल्न खोज्दा पनि निक्लदैन, यस्ता वेपारखी जनका भालाका टुप्पाहरू अनेक प्रकारबाट खुब जमेर लड्की रहेछ।

कालो सर्प उठी ज्यूमा, टोक्यो विश्व सबै कन।
विरलै व्यक्ति बाँच्छन् जो–विचारी राम भज्छन ॥१०१॥

कालो सर्प···=अहंकार कल्पना रूप गोमन सर्प यसै शरीरमा छन् तिनले। विचारी राम···=रामको हुन्, विचार गरी स्वयंमा जो बोध स्थिति बनाउँदछन्।

खडा काल शिरै माथि, बिराना मीत जागन ।
जस्को गृह सडक्मा छ, सुत्छ फिक्र नली झन ॥१०२॥

खडा छ···=काम कल्पना मृत्युले टुपी समाती रहेछ, हे मायाका प्रेमी जीव ! चाँडै जाग, जस्को घर कालकै बाटोमा छ ।

दुःख-काठ कीरा काम, भित्र-भित्रै गऱ्यो सखाप् ।
देहमा कालको वास, विना मर्म भए खराब् ॥१०३॥

घुनै काम···=कलह पूर्ण जड़ शरीरमा आयु धुल्याहाले सखाप पारी रहेछन् । यसैमा काम रूप कालको पनि निवास छ । विना पारख यो रहस्य कसैले बुझ्न सकेनन् ।

मन हो घर मायाको, किल्ला सन्देह देह यो ।
विष्हारी मंत्रले छुन्न, चोटमा काल सर्पको ॥१०४॥

मन हो घर···=मनमा मायारूप नाना अध्यास, आसक्ति भरिएका छन्, यसैमा सन्देह दुविधा अज्ञानको पनि निवास छ । कालरूप सर्पले टोकी ठूलो घाऊ बनी सक्यो । प्रवल पारख ज्ञान मंत्रले पनि असर गरेन, विशेष विभ्रान्ततामा के असर गरोस ? कान भित्र छिर्दै छिर्दैन ।

मन् माया एक हो वस्तु, माया विलीन छ मनै ।
संदेह ग्रस्त त्रैलोक, भनौं सम्झाइको कनै ? ॥१०५॥

माया विलीन···=तरंग संकल्प समूह नै मन हो । माया बेग्लै, अन्य कहीं छन् भन्ने त्रिगुणी जीव सम्पूर्णमा मिथ्यै भ्रांति फिजिएको छ ।

खेत निम्ती दिए बार, बार नै खेत चर्न गो ।
तीन लोक परे भ्रांती, कसलाई भनौं म यो ॥१०६॥

भाव हो—उक्त वाणी खानि मायालाई जीव रक्षिका सम्झन्छ, उसैले हारा-वारा खेलाई रही छ ।

मन सिन्धु विकल्पै छाल्, डुबे धेरै अचेत भै ।
कबीर उहि बाच्नेछ, जस्को भित्र विवेक नै ॥१०७॥

मन सिन्धु···=मन समुद्रको, संकल्प लहरी समान हो, यसैमा ।

बनाई बुद्धि सिंधूको, कु मार्गी विज्ञ चोर यी ।
भए विक्षिप्त संसारै, लागेनन् ठीक ठौर ती ॥१०८॥

बनाई···=बुद्धिलाई विशाल समुद्र समान बनाई, कुपथगामी चतुराहरूले भ्रमपूर्ण ग्रन्थ रचना गरे, संसारका जीवको विवेक धन चोरी सके । बिना सचेती यसैमा संसार बहुलाई नष्ट भई रहेछन् ।

मरेनन् कोहि मानव् भै, पशु बैल बनी मरे ।
एकले स्थिति पाएनन्, हात्ति घोडा भए चरे ॥१०९॥

मरनेनन्···=मानवको लक्षण शुभाचरण युक्त बनी कोही मरेनन्, पशु वत आसक्ति कल्पनामा रङ्गबङ्गीदै सब मरी-मरी गए ।

मानव तँ अति पापिष्ठ, मान्दैनस् अक्षयी गुरु ।
बारम्बार वनमा कुर्ली, गर्दछ गर्भ ध्यान बरु ॥११०॥

अक्षयी···=अविनाशी चेतन जीव । गुरु=विवेक वैराग्य सम्पन्न गुरुदेव । संसार बनमा विषय पदार्थको गर्व धारण गरी रहन्छ । खानि वाणीको अनेक कल्पना सृष्टि गर्दै तिनैको ध्यान गर्दछ, यसैले तेरो गर्भ यातना नछुटेको हो ।

के गरुन् विचरा व्यक्ति ? पट खुल्दैन भित्र को ।
होतासन्मा कुकुर राखे, रेखी चाटन थाल्छ त्यो ॥१११॥

मानव···=विवेकी शिक्षक । पट···=तिनले विविध प्रकार शिक्षा गर्दा पनि अज्ञजनको हृदय पर्दा खुल्दैन । उक्त निशुल्क शिक्षालाई यिनी कुकुरले रेखी चाटे झैं विनष्ट गरी दिन्छन् ।

के गरुन् बिचरा प्राणि, जस्को शून्य शरीर छ।
उप्जन्न रत्तिभर चेष्टा, व्यर्थ कबीर पुकार छ ॥११२॥

शून्य शरीर…=श्रद्धा जिज्ञासा रहित अन्तःकरण। उप्जन्न=स्वरूप बोधको रत्ति इच्छा, उपदेशमा लेशमात्र प्रेम छैन, यस्ता अनधिकारीलाई के शिक्षा गर्ने ?

मनुष्य जुनि पाएर, जो यो औसर चुक्द छ।
पर्ने छ भव चक्कर गै, त्यो धेर लात खप्द छ ॥११३॥

भवचक्कर…=जन्म मरण गर्भवास तीन खानिको भर्मना। धेर लात= कीटादि भई सबैको लातले अनन्त वार कुल्ची-मिल्ची हुने छ।

रत्नको गर है यत्न, संसार माडको सिंगार।
आए कबीर गए रित्तै, व्यर्थ हंकार हो विकार ॥११४॥

रत्न…=मानव जीवन। माड़को सिंगार=माडले कपडा टल्के समान संसार आपात रमणीय छ। आए कबीर=जीव जन्मी आए, के के न गरौंला भनी आकाश नाप्न थाले, गुडे उडे, केही बनेन, रित्तै आए। नाहक अभिमान आसक्तिको पोको मात्र बोझा थपियो, अतः सावधान।

जन्म मानव दुर्लभ् छ, उसै पाइन्न बार-बार।
पाकेको फल जो झर्छ, फेरि टाँसिन्न अन्य बार ॥११५॥

उसै पाइन्न…=यो मौकामा कल्याण नगरे फेरी हतपति नर तन पाईंदैन। जस्तो फल झरे पछि पुनः बोटमा गई टाँस्सीदैन त्यस्तै एक वार यो शरीरबाट जीव निस्के पछि फेरी यसैमा आई प्रवेश गर्दैन, अतः आजै देखि सम्हाल गर।

जानु हुन्छ छुटाई हात्, सुतेको थें जगाउँदै ।
प्रष्ट रूप कबीर भन्छन्, जाउ यस्मै बनाउँदै ॥११६॥

सुतेको थें=अज्ञान निद्रामा मस्त थिएँ। ज्ञानमा जागा गराई दिनु भयो। जाउ यस्मै…=यही जीवनमा सत पुरुषार्थबाट पारख स्थिति पूर्ण बनाऊ अन्यथा भ्रममा पर्नें छौ।

साक्षी इन्द्र ढले दोटै–अक्षर, चार युगी कबीर–।
रसनारंभले व्यक्ति, न बनी निर्णय अधीर ॥११७॥

साक्षी=ब्रह्म ज्ञानी। इन्द्र=कर्मी। ढले=गिरे। दोटै अक्षर=दुई अक्षर—राम, सोहं आदिका निष्ठक। चार=चतुर्वेदी। युगी=द्वैत वादी उपासक। सब चिप्ली पछार्रिए, यी सबै बक-बक पूर्वक जिभ्राको स्वाद मात्र लिने भए, जड़ चेतन सत्य असत्यको निर्णय गर्नमा अधिर भए, कसैले गर्न सकेनन्।

बनाए सर्पको नौका, संसार सिन्धु माझमा ।
छोडौं त डुबि हालिन्छ, पक्रौं डस्तछ हातमा ॥११८॥

सर्पको नौका= कर्म उपासनादि पाँच मार्गको संसार समुद्र पार तर्न पंच अभिमानरूप सर्पको जहाज बनाए। यो जहाज छोडेमा नास्तिकता–विषयासक्ति पानीमा डुबी हाल्दछन्। पक्रेमा सोही कल्पना साँपले हातको नरतनमा टोक्द छ। यसको उपचार त एक मात्र विवेकमा जागा हुनु हो।

हात खुवा कचौरा ली, बाटो हेर्दा दिनै गयो ।
चित्तबाट कबीर उत्रे, गारो मही दिनै भयो ॥११९॥

हात खुवा…=हृदय पात्रमा स्वरूप ज्ञान खुवा भरी जिज्ञासुको बाटो हेर्दै दयालु संतको समय गयी रहेछ। यदि छल दुराचरणको कारणले गुरुको चित्तबाट उत्र्यो भने त्यस्तालाई बोध स्थिति त परैजावस, सामान्य दुई वचन बोल्न पनि भार हुन जान्छ।

एक भनौं छुँदै छैन, दुई भन्दा कलंक भो।
जो छ त्यै छ सदास्थीर, कबीर भन्तु हुन्छ यो ॥१२०॥

एक=एक ब्रह्म। दुई भंदा···=जीवको माथि दोस्रो ईश्वर छ भन्दा पनि दोष युक्त नै ठहर्दछ। यसकारण जस्तो वर्तमानमा देह भिन्न चेतन विवेक गम्य सत्य छ, त्यो सदा अविनाशी रही रहन्छ पनि, कसैमा गई मिल्ने होईन।

शुद्ध अमृतको पोको, राम्रै गरी फुकाइ दिएँ।
आफैं समान जो मिल्छन्, पियाऊ यो वचन् दिएँ ॥१२१॥

शुद्ध अमृत=जान मात्र निर्मल चेतन जीव। राम्रै गरी=अनेक युक्ति निर्णय समक्ष गराई दिएको छु।

सुधा विचारको भारी, थाप्लोबाट उतार्दछन्।
म भन्छु एक हो जस्लाइ, दुई चार छ भन्दछन् ॥१२२॥

सुधा विचार···=निर्णय विचार पारख बोध, सदाचरणको भारी थाप्लोबाट पन्छाई दिए। म जस्लाई भन्छु—एक जीवनै सत्य हो। त्यो म लाई दुई चार उल्टा पल्टा कुरा सुनाउन थाल्द छ।

जस्को तप मुनी गर्छन्, थाके वेद गुणानमा।
म गर्दछु उही शिक्षा, प्रतीत छैन कोहिमा ॥१२३॥

जस्को···=दुखको अत्यन्त निबृत्ति, परम शांति निमित्त। वेद पनि थाकी नेति नेति भन्दछन्। उही शिक्षा···=उही प्राप्ति निमित्त निर्णयको सत्य उपदेश गर्दछु।

एकबाट भए धेरै, आए ती धेर एक भै।
एकको हुन्छ जो ज्ञान, अनन्त मिल्छ एक मै ॥१२४॥

(पू. प.) एक=ब्रह्म। धेरै=सृष्टि विस्तार।

गुरुको सिर्फ एक् शब्द–को विचार अनन्त छ।
मुनि विज्ञ सबै थाके, न वेद पार पाउँ छ ।।१२५।।

(पू. प.) गुरु=ब्रह्मा। एक शब्द=ॐकार। अनन्त=वेद शास्त्रादि।

ख्वामितको पछूवा भै, गाउने चार सैन ती।
जीव पर्‍यो अती लूट, लिनु दिनु विना रति ।।१२६।।

माथिका दुवै साखीको उत्तर–ख्वामित=ब्रह्म। चार सैन=चार वेदको ईशारा (ब्रह्मको पक्षमा वेदादि विविध ग्रन्थले भाँति भाँति ईशारा) बताई रहेछन्, यसैमा अलमलिई साराजीव लुटिए, अन्तमा दुख सिवाय अरु केही हात लागेन।

चौगोडा झट्ट देख्तैमा, व्याधा नै भागने भयो।
हेर अचम्म यो संत ! मुर्दाले काल निल्दियो ।।१२७।।

चार वेदका खुट्टाले हिंडी सबैका घट घट पुग्ने ब्रह्म-खरायोको वर्णन सुन्दा भावुक जीवको मन विवेक छाडी सत्यबाट भाग्यो। जड शब्द मात्र ब्रह्मले कालरूप मनलाई खायो—शमन गरायो, यही उधेक घटना घटी रहेछ।

चोरी भयो तिनै लोक, सर्वस्व सबको लिए।
विना शिर थियो चोर, चिन्न सक्ने त को थिए ? ।।१२८।।

तीनै लोक=रज सत तम–त्रिगुणवर्ति समस्त मानव। सर्वस्व=ज्ञान सदाचरण सम्पूर्ण। शिरै नभएको कल्पना चोरलाई चेहरा नदेखी के गरी कसले चिन्न सकोस? यसले विभिन्न रूप बनाई जीवको ज्ञान धन लुटी रहे छ।

घुमेको घट्ट देखेर, रोएँ आँसु खसे अति।
दुई चक्का बिचै आई, सग्लै निक्लेन क्वै रति ।।१२९।।

घट्ट=मोटी झीनी मायारूप दुई फगलेटाको घट्टो।

चार चोर हिंडे चोर्न, जुत्ता खोलि सुरुक्कनी ।
चारै द्वार गड़े खामा, गुन विज्ञ खुरुक्कनी ॥१३०॥

चार चोर=चार चतुष्ठय, चार अभिमान, चौ वेद, चार दुष्ट—काम क्रोधादि । जुत्ता खोली=कसैले पत्तै नपाउने गरी सावधानी साथ । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ सन्यास चारै द्वारमा कल्पनाको स्व स्व कर्तव्यरूप खामो गाडे, अर्थात कल्पना पुष्ट गराई विवेक धन हरण गरे । बुद्धिमानको निमित्त यो विचारणीय कुरा छ ।

प्रसंशनीय त्यो दूध, निस्कन्छ जसमा घिउ ।
आधी साखी कबीरज्यू को, हो चार वेदको जिउ ॥१३१॥

दूध=वाणी । घिउ=सत्य चेतनको निर्णय । आधी साखी=अल्प वचन या साखी ११, २८३को प्रथम-प्रथम चरण आधी साखी नै चार वेदको मुट्ठ हो ।

धन्यता ती पुरुषलाई, जो अन्य-मर्म चिन्दछ ।
बैना मिश्री-दिई आफैं, अज्ञ त्यो खार किन्दछ ॥१३२॥

अन्य-मर्म=पराईका चित्तको व्यथा बुझ्ने, तिनका वाणीको निर्णय गरी सावधानी र मानवता पूर्वक चलने पुरुषलाई धन्यवाद छ । जो सत्य ज्ञान लिन तम्सी नुनको धोका खाररूप भ्रम शिक्षा सत्य ठानी लिई संतोष गर्दछ यस्तालाई अज्ञ नभने कस्तालाई भन्ने ?

वास गऱ्यौ विषै बोट, बेह्रिएको छ साँपले ।
यसैले सभय प्राणी, रात्रिभर जाग्छ तापले ॥१३३॥

विषबोट=विषय कल्पनाको आश्रय गरी । साँप=खानि वाणीको अहंकार । यसैले⋯=यही देहाभिमान भ्रान्ति वश प्राणी भयभीत भई भोग प्रप्ति-रक्षा निमित्त र कल्पनाका इष्ट प्राप्ति निमित्त रात दिन जागा रहन्छन् ।

भुजंगको दुलोलाई, ठान्यौ साधन घर भनी ।
लग्यो संस्पूर्ण सम्पत्ति, विष दी टाँस्सियो पनि ॥१३४॥

भुजंगको···=अहंकार आसक्तिको घर देहलाई भूलवश जीवले आफ्नू कल्याण साधनको घर संझेका छन् । यसैले सम्पूर्ण शुभ गुण संपत्ति लूटी उल्टो कल्पना विष हृदयमा भरी पूर्ण गरी टास्सिई रहेछ पनि ।

बीज रत्ति भरी रोपी, पसेरी आठ फल्दछ ।
डेरा पऱ्यो तहीं काल, शाम प्रातः विनाश छ ॥१३५॥

बीज रत्ति···=सजीव रेत किंचित मात्र नारी-क्षेत्रमा रोपी दिनु—तीन गुण पाँच विषय—यो आठ पसेरीको शरीर उत्पन्न हुन्छ । विना विवेक यही शरीर कल्पना वासनाको डेरा बन्न गयो । शरीर पुनः अल्प समयमै नष्ट हुन्छ । वेहान बेलुकी भए समान जन्म मरणमा जोव आउने जाने गरी रहेछ ।

रोप्नु मन भरी बीज, बन्दैन रत्तिको पनि ।
मेरो वचन मान्दैनन्, अंत नष्ट गए यिनी ॥१३६॥

रोप्नु मन भरी···=जीव रहितको मनभर बीज रोपे पनि लालगेडी भरीको पिंड बन्दैन । मेरो वचन···=जड़वादी मेरा यी कुरा मान्दैनन्, देहाभिमान-विषयासक्तिमा डूबी पतित हुँदै अन्त गर्भवास गमन गर्छन् ।

अहं त्याग्नु हरी भज्नु, नख शिखा दोष फालनु ।
निर्बैरी सबमा बन्नु, साधुतासार पालनु ॥१३७॥

अहं त्याग्नु=अहंकार सबै फाल्नु । हरी भज्नु=अज्ञान, कल्पना, आसक्तिबाट भाग्नु, अज्ञानहारी विवेकीगुरु-पदको सेवन गर्नु । संपूर्ण विकार त्याग्नु, जीव मात्र प्रति बैर भाव रहित समताबाट वर्ताव गर्नु, सन्त को सम्पर्क साधनबाट सम्पन्न रहनु—यही साधुमत जीवनको सार हो ।

पक्षपाती बनी पूर्ण, भूलेका यी सबै जगत् ।
निष्पक्षी भै हरी भज्ने, ज्ञानी सन्त तिनै फगत् ॥१३८॥

हरी भज्ने...=अज्ञानहारी गुरुदेवको सेवा भक्ति, स्व स्वरूप विवेक स्थिति गर्ने ।

बड़ा गए बड़ापा मैं, रौं रौं अहं अती भरी ।
विना सद्गुरुको भेव, चारै वर्ण चमार यी ॥१३९॥

गए=कल्पना, आसक्तिमा परे । बडापा=वैभव, विद्या बल सुन्दरता र पंथ-मजहबको अभिमानमा । चमार=केवल चमडीकै अभिमानमा भूलेका जीव ।

माया छोड़ेर केभो खै, सकेनन् मान छाडन ।
जुन् मानै सुमुनि वंचित्, खायो त्यै मान सब्कन ॥१४०॥

माया=वाह्य विभव नारीहरू । स्व मतको पक्ष, मनको अभिमान छाडन सकेनन् । जुन मानै···=जुन कल्पना, अहंकारले ।

माया ज्योति बिचै पिल्से, द्रव्य नारी निमग्न भै ।
कबीर के गरी बाँच्छौ ? बेरी कपास अग्नि मै ॥१४१॥

वेरी कपास···=आगोमा कपास वेर्नु—तुरुन्त भस्म हुन्छ, यस्तै खानि वाणी दुवै मायामा जीवको शुभगुण संपत्ति तत्काल खरानी बन्दछ, जीव अविनाशी हुनाले मर्दैन, अति कष्ट भोग्दछ ।

माया भै सर्पिणी विश्व-विषलिई पताल् पसी ।
फन्दामा जगतै अल्झे, हिंडे कबीर काछ् कसी ॥१४२॥

माया भै···=संसारमा माथि वर्णीत मायाले सर्पिणी वनी आसक्ति अहंकारको विष लिएर मानव हृदयमा पसी । यसैमा सर्व जीव बाँधिए, कष्ट भोगे । कुनै-कुनै जीव विवेक सम्पन्न तहाँबाट हटे ।

मंत्र छ सर्प बीछीको, तिव्र विष् पनि झार्दछन् ।
भीषण नारिको फन्दा, कलेजै लुछि मार्दछन् ।।१४३।।

मंत्र छ=सलाह उपाय छ । तिव्र विष=औषधि द्वारा । तर भयानक ललना फन्दाले हृदयको विवेक विचार स्वतन्त्रता वैराग्यरूप कलेजै लुछी खान्छे । कल्याणबाट नष्ट हुन्छ ।

जैसे लासा बधिकको, नारि प्रेम त्यों जान ।
बुद्धि पंख फँसि जीवके, पऱ्यो भँवर तजि ज्ञान ।। [भवथान]

तामसको गुणै तीन, भँवरो तहिं वास छ ।
त्रि-फलै एक हाँगामा, भण्टा ऊखु कपास छ ।।१४४।।

तामसको···=तमोगुण प्रधान मायाको सत रज तम यी तीन गुणका अध्यासी लुब्ध जीव तिनै विषयको सुगन्ध लिई रहेछन् । उसैबाट वाणी मायाको हाँगो फुट्यो, त्यसमा पनि विरोधी तीन फल फले—उखु, कपास, भण्टा । क्रमशः—ब्रह्मज्ञान, योग, मूर्तिपूजा वलिदानादि कर्म, यसैमा जीव अल्झन गए ।

मन हात्ति मृगै खेद्छ, संकल्प बोहरी बडी ।
मान्दैन यंत्र मंत्रादि, खान लाग्यो उडी उडी ।।१४५।।

मन हात्ति=मनरूप मत्ता हात्तिले इन्द्रियहरूलाई विषयमा लखेट्दछ । यता विषय इच्छा प्रवल बाज (बोहरी)समान बने, उडी उडी जीवको विवेक वैराग्यादि शुभगुण पक्षीहरूलाई सखाप पार्न लागे । अनेक वेद मंत्र यामल आदि नाना यंत्र केही कत्ति मान्दैन ।

मन दन्ती त मान्दैन, लक्ष्यको साथ घुम्दछ ।
के गरोस कठै माहुत, हात अंकुश गुम्दछ ।।१४६।।

दन्ती=ठूलो हात्ति । गुम्दछ=हातमा विवेक वैराग्य अंकुश छैन

हराएको छ भने अवश्य त्यो माहुतेरूप जीवको कुन दुर्दशा होला? होश राख।

माया भंगिनि राक्षस्नी, भंगीकै गृहणी पनि।
अल्झाएर पिता पुत्र, गई न साथ क्वै भनी ॥१४७॥

माया=काया वासना महा दुःखदायी राक्षसनी हो। मनरूप राक्षसको प्रेयसी यही छ। यसले जीव र मनलाई एकै साथ अल्झाई बाँधी राखेकी छ, अन्तमा कसैको साथ दिने हैन।

सम्पत्ति सुन्दरी देखी, सुरंग! न भुले सदा।
मिल्दा जाँदा दुवै कष्ट, काँचुली सर्प फेरदा ॥१४८॥

काँचुली…=भन्छन्-सर्पले पुष्ट काँचुली नछाडे सम्म अन्ध रहन्छ, छाडेपछि हिंड्दा कोमल अंगमा फहराई कष्ट हुन्छ। यस्तै धन र ललना पनि मिल्दा छुटदा दुवै समय कष्टदाई हुन्छन्।

मायाकै वशमा मस्के, हरि ब्रह्मा अरू महेश्।
सनन्दन् शारदा नारद्, सनक गौरि सुत् गणेश् ॥१४९॥

मायाकै…=झिनी मोटी माया। सनक सनन्दनहरू परम विरक्त थिएता पनि इनमा जड़ भिन्न चेतनको बोध भएको नदेखिनाले यिनलाई पनि झिनी मायाकै वशमा परे भन्नु भएको हो।

पीपल् एक अती झांग्यो, नजानी मर्म गुह्य भो।
हाँगा बढी न भेट्ने फल्, स्वामीथ्यो खोज्न वाध्यभो॥१५०॥

पीपल एक=वाह्य कहीं भगवान छन् भन्ने मानन्दीको एक पीपल वृक्ष संसारमा बढी अति झांगियो। यो रहस्य कसैले जान्न सकेनन्। त्यस वृक्षको वेद शास्त्रादि हाँगाहरू सबैले झुकाई उनको दर्शन रूप फल आशा

गर्छन् तर पाउँदैनन् । स्वयं स्वामी घट भित्र थियो र पनि न जानी सबै बाहिरै दौडी रहेछन् ।

साहु बाटै भयो चोर, चोरैको भर गर्दछ ।
तबै हे जीव जानौला, स्व शिरै जब पर्दछ ॥१५१॥

साहुबाटै=जीव चेतनबाट भूलवश अनुमान कल्पनारूप चोर उत्पन्न भए । उनै चोरबाट जीवले हित मान्न थाल्यो, स्वामी बनायो । स्व शिरै…= जब आफ्नू कर्मको फल भोग आफ्नै थाप्लो वज्रला अनि चाल पाउला ?

उस्को कार्य पुरा केले, न लखाई गुरु पथ ।
त्यस्को जहाज डुब्नेछ, बारम्बार कुघाट् तट ॥१५२॥

उसको कार्य… =जस्लाई पारखी गुरुद्वारा पूर्ण बोधाचरण प्राप्त भएको छैन उस्को कल्याण कार्य कसरी पूर्ण हुन्छ ? उसको मानव तनरूप जहाज पुनः पुनः खानि वाणी मायाकै कुघाटमा डुब्ने छ, फेरी फेरी जन्म मरण चक्रमा पर्नेछ ।

'ज्ञानान्मुक्ति"—'चेतन-अचेतनको ज्ञानले मोक्ष प्राप्ति हुन्छ ।'
'वन्धोविपर्ययात'—ज्ञानको विपरित अज्ञानले जन्म-मरण रूप बन्धन हुन्छ।
२. "पुनरपि जननं पुनरपि मरणं पुनि पुनि जननी जठरे शयनम्" ।

जानेको छैन सोद्धैन, संझी लागेन मारग ।
अन्धलाई मिले अन्ध, को बताओस मारग ? ॥१५३॥

विवेकी गुरुबाट स्व स्वरूप बोध प्राप्त गरेको छैन, आचरण स्थितिको रहस्य सोध्नु पनि छैन । यसरी ठीक ठीक बुझी मानिसै बाटो लाग्दैन, अब यस्ता विवेक रहित अन्ध मुमुक्षुलाई उस्तै गुरु पनि मिले अब कल्याणको बाटो कस्ले बताउँछ ?

जस्का ती गुरुनै अन्धा, के गर्छ शिष्यले अब ?
अन्ध अन्ध लठारींदै, कूप पर्छन् दुवै तब ।।१५४।।

गुरुनै अन्धा…=जड़ चेतन सारासार विवेक रहित। कूप=विषय कल्पनाको इनारमा।

अधाधुन्ध समाजैमा, नघुस्नु कोहि शीघ्र गै।
एकै खेत तहाँ चर्छन्, गधा गाई र व्याघ्र नै ।।१५५।।

आधाधुन्ध…=न्याय रहित समाजमा लालच वश विना परीक्षा सहसा कोही गई न पस्नु। किनभने तहाँ तमोगुणी, सतोगुणी रजोगुणी सब प्रकार का प्राणी एकै ब्रह्म आत्मामा रमण गरी रहेछन्, चाहे जो जस्ता हुन् एक ब्रह्म बोध छ भने सब मुक्तै हुन् भंदछन्।

चौमासा वृष्टिभै बादल्, सर्वत्र जल मग्न भो।
लाए जड कवच् देह, बिजेन वाण एक जो ।।१५६।।

भावहो–चार महीना सम्म शिक्षा प्रवचनको घनघोर वर्षा हुँदा पनि सुखाध्यास कल्पनाको कवचधारी जनमा उपदेशको एक थोपा पनि भिज्न सक्तैन।

गुरुको भय ली जीव, काया पोषक लक्षिय जन्।
कुबुद्धि फल आशाले, जुवा व्यसन व्यस्त छन् ।।१५७।।

गुरुको भय…=भ्रामक जनले लगाई दिएको नरक आदि भय वश भावुक जीव थर-थर काम्न थाले, अनेक तीर्थ व्रतादिमा लागे। जड़वादी काया पोषक जन शरीरकै भोग स्वादमा प्रवृत्त छन्। द्रव्यको लागि कुबुद्धि युक्तको कमाई सोर्ने युक्ति मनमा लिई सहज उपाय सोच्दछन्, जुवा लतमा पर्दछन्, सोही आदत वश कष्ट भोग्छन्। वाणीको लै-लैमा जगतै व्यापक भई वस्ने लालचले कल्पना मै अध्यस्त भए। विना परीक्षा यस्ता व्यसनबाट दुःख के छुटोस ?

देह संशय मन् कुक्कुर, शिकारी–काल त्यो नित ।
एकै जंगलको वास, सोध्छौ कुशल के मित ॥१५८॥

देह संशय=संशयको घर शरीर, कुकुर समान अशुद्ध विषय गामी मन र काल-कल्पनारूप शिकारी—विरोध धर्मी सबै जीवका साथ सहवास मा छन्, अतः जीवको के कुशल ? जो यी तीनबाट बच्यो, त्यो बच्यो ।

साधु तस्कर चिन्दैनन्, अन्धा बुद्धि विना जन ।
विना पारख भो नाश, विचार ली पृथक् बन ॥१५९॥

साधु=विवेकी गुरु संत । तस्कर=भ्रान्त गुरुजन । अन्धा=विवेक रहित मुमुक्षु ।

बाडिया ती गुरु गर्नु, मन साँद लगाउने ।
शब्द कुलिनले घोटी, चित्त ऐना बनाउने ॥१६०॥

बाडिया=हतियारमा साँध लगाउनेजन समान गुरु चुन्नु । उनले मनमा साँन कुलिन लगाई खिया—सर्व आसक्ति कल्पना फाली अन्तःकरण निर्मल ऐना जस्तो बनाई दिन्छन्, जसबाट पारख स्थिति साफसाफ बन्दछ ।

शिक्षा मूर्ख प्रती गर्दा, गुम्दछ ज्ञान साथको ।
गोल हुन्न कसै सेतो, साबुन् शय मन नाश भो ॥१६१॥

मूर्ख…=हठ पक्षी । साथको=हृदयको शांति पना मात्र ।

अज्ञ कर्मिष्ठ मानवको, नख शिखा भूल ढक्कन ।
के गरून कठै वेधक्, लाग्दैन वाण उस्कन ॥१६२॥

भूल ढक्कनः=हठता र अज्ञानको ओढनेले आच्छादित । वेधक=पारखी शिक्षक । जाग्दैन=सत शिक्षा भित्र घुस्तै घुस्तैन–लिनै चाहँदैनन् ।

सीमल बीचको पट्टे, पलास बोटमा गयो ।
तिखाथ्र्यो चंचु शिर मल्दै, यो उस्कै भाइ पो भयो ॥१६३॥

सीमल=निस्सार सुख शून्य विषय भोग । पट्टे=साधक जीव । पलास=वाह्य दृश्य मात्र शोभायुक्त वाणी कल्पना । तिखाथ्र्यो=फल खाउँला भनी लालायित थियो । अन्तमा यो वाणी कल्पनाको प्रवृत्ति पनि विषय सुख समानै निःसार रहेछ भन्न थाल्यो ।

शीघ्र छाड सुगा सीमल, बिग्रे पंख सबै सघन् ।
यस्तो सीमल त्यै कुर्छ, छ जो भित्री विना नयन् ॥१६४॥

सुगा=जीव । सीमल=लोक परलोक सुखको आशा । पंख=सुन्दर बुद्धि ।

वास सीमलको पट्टे, द्वि कोशा फल आश ली ।
कोशा पट्ट फुट्यो देख्तै, उड्यो तोता निराश ली ॥१६५॥

गर्छ सीमल=लोक परलोकको सुख स्वाद लिन जीव विषय जंजाल वाणी कल्पनाको ठूलो वृक्षमा बसेको हो, मन भर सुख लिन न पाउँदै, वाणी अनुसार योग्य कार्य नगर्न्दै अंतमा दुवैको पोल खुल्छ, उदास भई जीव गमन गर्दछ ।

लोक कस्को भरोसामा, बसे अलमलमा परी ।
यम लुट्छन् यिनैलाई, कसाई मांस झैं गरी ॥१६६॥

भाव—जस्तो निर्वाह र सुखको निमित्त मानव रात दिन स्वयं प्रयत्नशील रहन्छ कसैको भर पर्दैन, त्यस्तै कल्याणको पुरुषार्थी बन, दैव ईश्वरादि अदेखको भर नपर, कुराले जगत त्रिकाल हुँदै न भएको, हामी मुक्तै छौं भंने पछि मानलाग । अन्यथा । यम=मन कल्पना, वाम वंचकको लुछा चुँडी तानातानमा पर्ने छौ ।

अज्ञ जानी बुझी बन्छन्, बल छाडी बने अबल् ।
तो संतको कबीर भन्छन्, पल्ला पक्रन को सबल्?।।१६७।।

अज्ञ जानी बुझी…=उपाधि प्रकृति रहित रहन निमित्त विचारबान कतै अल्झँदैनन्, आफैंमा शान्त रहन्छन् ।

प्रसंशनीय त्यै हीरा, घनको चोट खप्तछ ।
कुरंगी कपटी मानव्, पर्खंदा जालि जच्तछ ।।१६८।।

हीरा=सिद्धान्त । घन=विविध तर्क । मानव=मनुष्यको सिद्धान्त । [सम्यक निर्णयबाट अन्त्यमा शान्त रहन्छन् ।]

जौहरी जनले हीरा, हरिको थाप्तछन् पसल् ।
सच्चा जौहरि जो आए, बन्छ व्यापार झन् असल् ।।१६९।।

जौहरि जन…=सबै मतका ज्ञाताहरूले आ-आफ्ना सिद्धान्त हरि-ज्ञानको पसल थापेका छन्, जब ज्ञान हीराको मर्मज्ञ पारखी आउँछन् तब सबैको परीक्षा हुन्छ, असली नकली छुटिन्छ ।

हीरा नखोल त्यो ठाऊँ, साग पाते बजारमा ।
गाँठो मस्काइ चुप्चाप, लाग आफ्नै सुधारमा ।।१७०।।

सागपाते बजार=सामान्य बुद्धिका विषय-लम्पट स्व स्व मतका हठ पक्ष लिने, दृढकर्मी उपासकहरू ।

हीरा बजार मिल्केर, धूलो आवर्ण बीच छ ।
खोजी थाके कती अज्ञ, कोही सुज्ञ उठाउँ छ ।।१७१।।

हीरा=शुद्ध सत्य चेतन । बजार=संसार । धूलो आवर्ण=देह हाड मासुले छोपिएको । अज्ञ=विविध मत वादका जनहरू । थाके…=जीवलाई आभास अंश भनी छाडी वृहद व्यापकको लोभमा भ्रान्ति वश परे । सुज्ञ=विवेकीले ग्रहण गर्छन् ।

हीरा खानि कहीं हुन्न, श्रीखण्डको न पङ्ति छन् ।
केशरीको हुलै हुन्न, न संघ संत घुम्दछन् ॥१७२॥

यसमा तीन पदबाट दृष्टान्त बताई अंत पदबाट–सच्चा पारखी जीवन मुक्त पुरुष बहुत कम हुन्छन् , जमात-जमात सबै जीवनमुक्त हुन कठिन छ, नभए पनि एकै विवेकी स्थितप्रज्ञ पुरुषको ठूलो महत्व हुन्छ। यस्तै वन्ने प्रयाश गर, भन्ने बताउनु हुन्छ।

आ-आफनै शिरोपरका, मानेका छन् सबै जन ।
हरिको बात टाढाभो, सकेनन् जान्न त्यो कन ॥१७३॥

आ-आफना···=हिन्दू मुसलमान ईशाई आदि सर्वले स्व-स्व अगुवा, इष्ट ऋषि मुनि, पैगम्बर पुस्तक आदि नै आफ्ना थाप्ला माथि सर्वेसर्वा मान्दै आए का छन्। यसैले सत्य ज्ञानको कुरा अलग रहन गयो, कसैले जान्न सकेनन्।

द्यालो झैं बल्दछन् हाड, कपाल घाँस झैं गरी ।
जले राम रसै भ्रान्त, कोठी रुवा बले सरी ॥१७४॥

दियालो झैं···=दुई दिन वाद देह अस्थिसमूह सल्लाको चुरो झैं हर हरी बल्ने छ; रोमावलि सुकेको घास समान भयार भई हाल्छ, यस्तो स्थितिमा पनि भ्रान्तजन विवेकमा न आई भिन्न-भिन्नै कल्पना रामको विरह रसमा सखाप भई रहेछन्।

घाट भूले विना पंथ, मर्यादा बीच वेष झन् ।
जग जस्को छ विस्तार, नसक्ने चिन्न कोहिजन् ॥१७५॥

घाटै =सम्यक मुक्तिको तट। पंथ=यथार्थ ज्ञान। वेषधारीहरू स्व-स्व मर्यादा क्रिया पद्धति कल्पना मान अहं मै अल्झे। जुन जीवको कल्पना खानि वाणी संसारभर फिंजिएको छ त्यो जीवको विशेषता रत्ति कसैले जान्न सकेनन्।

के बोल्नु मूर्खका साथ, अज्ञ साथ छ के स्ववश् ।
व्यर्थ पत्थरमा हान्नु, जो तीव्र वाणको विनाश ।।१७६।।

मूर्ख…=मोह पक्ष राख्ने जन । अज्ञ=सत्यासत्य निर्णयी बुद्धि रहित । यस्तालाई शिक्षा गर्नु—पहरामा वाण हान्नु समान हो, उत्तम समय-शिक्षा मात्र बरवाद गर्नु हो ।

गुमज्का चूडको गोली, गुड्दै खाडल पुग्दछ ।
त्यस्तै अंतस अज्ञानी, शब्द के भित्र घुस्दछ ? ।।१७७।।

गुमजका=बाटुलो करालो छत-गजुर माथि भकुण्डोहरू राख्नु गुडीतल पुग्दछ, त्यस्तै ।

गए बाहिरका दोटै, हराए भित्रका पनि ।
चारै कबीर गे जस्का, भन उपाय के छ नी ।।१७८।।

गए बाहिरका…=विनाश शील संसार वाह्यनेत्र बाट देखेर पनि जान्न सकेन, भित्री विवेक दृष्टिबाट सत्यासत्यको परीक्षा पनि बुझि लिन सकेन भने कल्याण प्राप्तिको चारै साधन विनष्ट भई हाले, यस्ताको निमित्त अरु उपाय के छर ?

दिन कैयौं बिते व्यर्थै, अरुचि बीच प्रेमले ।
ऊसर-छरेर फल्दैन, वर्षी बादल जोर के ? ।।१७९।।

अरुची…=कल्पनाले भरपुर अंतःकरण भई निर्णय न रुचाउने व्यक्तिलाई उपदेश दिंदा । यस्ताको अन्तःकरण मरुभूमि समान हुन्छ, चाहे वर्षातभर झरी लागी रहोस ।

म रुन्छु जीवको लागि, मेरो हेतु रुने छ को ?
मेरो निम्ति रुने त्यै हो, शब्द विवेक गर्छ जो ।।१८०।।

म रुन्छु…=दुखी जानी करुणापूर्वक हित कुरा बताउँछु, ती कुनै

आर्त भई मेरा वचन मान्दैनन् । शब्दको नाप जोख गर्ने जनले नै मेरा वचन सुन्न ग्रहण गर्न अति चाख मान्नेछन् ।

साहेब् साहेब् सबै भन्छन् , अकैं चिन्ता छ मैंकन !
चिह्नारी बिन साहेब, बस्छौ कहाँ गईं भन ? ॥१८१॥

साहेब…=मालिक, ईश्वर, अल्ला आदि सबै भन्छन् तर मलाई भने अकैं शंका लागी रहेछ । सच्चा हृदय वासी चेतन स्वामी संग परिचय न भई यिनको स्थिति कहाँ के गरी हुने हो ?

विना जीव् जीव बाँच्तैनन्, जीव अधार जीव छन् ।
जीव दया गरी पाल, विचारी सुज्ञ भन्छन् ॥१८२॥

भाव-एक जीवको आधार विना अर्का जीवको निर्वाह चल्दैन, जीवका सहयोगी जीवैछन् । यसैले जीव माथि दया गर्नु ठूलो बुद्धिमानी दिलदारको काम हो ।

अहिंसा सत्यमक्रोधस्त्यागः शान्ति रपै शुनम् ।
दया भूतेष्वलोलुप्तं मार्दवं ह्रीरचापलम् ॥ [गीता]

म भन्दछु सबै जन्को, जान्ने मलाइ छैन क्वै ।
अब तब विशुद्धै छु, अर्को युग् युग हुन्न है ॥१८३॥

म भन्दछु…=हिन्दू मुसलमान सबैको त्रुटि भ्रांति सामु गराई म सबैका हितको निर्णय सत्य ज्ञान सुनाउँछु, तर मेरो स्वभाव यी वासना कल्पनामा रङ् वंगिएका कसैले जान्दैनन् । अथवा जीवको स्वरूप कस्तो छ ? वर्तमान, भूत—युग-युग बदलिने होइन, त्रिकाल एकरस अनादि नित्य अखण्ड शाश्वत छ ।

मारी हाल्छन् भनौं प्रष्ट, पर्दा न देख्नी ती कुनै ।
परालमा लुक्यो पाले, को बोलोस् वैरता लिनै ॥१८४॥

मारी हाल्छन्‌…=भ्रम कल्पना जाल जस्ताको तस्तो सबै भनौं भने भ्रान्तजन ज्यानै लिन तत्पर हुन्छन्। आफ्नू अविवेक पर्दा देख्न सक्ने इनमा क्षमता छैन, जीवका रक्षक बनेका भ्रान्त शिक्षक नै निसार कल्पनाले आच्छादित छन् भने, आफैंले बोलेर वैरता किन वेसाऊँ ? सार समयानुसार बचन बोल्नु समझदारी हो।

देश–देश घुमें सारा, मन्कै पूर्ण सुकालता।
जस्को खोज घुमेको थें, उस्को पऱ्यो दुकाल हा ॥१८५॥

भाव…=संसार भर विचरण गरें, सर्वत्र मन मानंदि कै विस्तार देखें, सबै मन वशी जीव कै स्वराज्य चली रहेछ, सत्य पारखी जनको खोजी गरेको, कहीं मिलेनन्।

"नहिं कोइ साथी तुम्हार, जीव सब मन के विके हैं।" (भ. वै.)

कली तुच्छ जगत अन्धा, न मान्ने शब्द कोहि जन्।
जो ठान्छु हित यी मेरा, ती उठी शत्रु बन्दछन् ॥१८६॥

कली तुच्छ=पाप कलह विविध कल्पना रूप कलि सारै निकृष्ट छ, तर जगतका पक्षपात पूर्ण जीव अन्ध बनी रहेछन्, निर्णय हित सम्मत कोही विचार पूर्वक ग्रहण गर्ने हैनन्। जस्लाई प्रेमी विवेकी संझी कल्याणको शिक्षा दिन्छु उही क्रुद्ध भई शत्रुतापूर्ण वर्ताव गर्न थाल्दछन्।

मसी कागज क्यै छुन्न, लिन्न कलम हातमा।
चार युगी महत्व जो, कबीर बोले मुखाग्रमा ॥१८७॥

तात्पर्य हो—सबै समयको हाल र जीव वासना कल्पनामा मरकी कष्ट भोग्दै आएका, भोगी रहेका, पछि भोग गर्ने समेत र सत्य जीवको विशेषता—गुरुकबीर मुखैले बताउनु हुन्छ, कलम मसी कागजको केही आवश्यकता छैन।

अघि पछि विवेकी छन्, दायाँ बायाँ ली विवेक ।
विवेक माथि वीवेक, मेरो विवेक मौलिकी ।।१८८।।

अघि पछि···=कोही भूत भविष्यको घटना, भाग्य सिद्धि करामात ज्योतिषादि ज्ञान बताउँछन्, कोही शुद्ध मार्ग रामादि इष्ट उपासना, ब्रह्म ज्ञान बताउँछन्, कोही अशुद्ध वाम मार्ग मंत्र, मुद्रा, मैथुन मीन, मांस–पंच मकार सेवन बताउँछन्। तर ती सबै ज्ञान माथि विवेक गर्ने–यो गुरु कबीर कै निजी विवेक हो। पारखाज्ञानको अस्तित्व वहाँको पूर्व कहीं पाईं दैन।

In the human heart is hidden more than all the Scriptures Show !—Qarin.

I know I only am, all Elsese is Naught—Hasan Shah.

"सारा शास्त्रहरूले बताए भन्दा बढी ज्ञान मनुष्य–हृदय भित्र छिपेको छ।" "म बाहेक अरु केही छैन भंने मलाई थाहा छ।

मनुष्यहद्द चल्ने ती, चल्ने बेहद साधुजन ।
हद्द बेहद्द दुवै छाड्ने, तिन्को मत अगम्य भन् ।।१८९।।

हद्द=गृहस्थि मर्यादानुसार चल्ने सज्जन गृहस्थ। बेहद···=गृहस्थी त्यागी दुवैको परीक्षा गरी—छाडी, स्वतंत्र विवेक सदाचरण एकरस पालन गर्ने संत पारखीको मन्तव्य कर्तव्य सर्वोपर हुन्छ। "सर्वारम्भ परित्यागी गुणातीत स उच्यते।"—[गीता १४।२५]

एकै गति समभदार, जस्ले सम्झे सबै थल ।
कबीर अधकच्चाको, मन्मानी कुर्लने बल ।।१९०।।

एकै गति···=प्रत्येक कुराको ठीक-ठीक परीक्षा गरी त्याग ग्रहण गर्ने ज्ञानी पुरुषहरूको समभ्क र आचरण एक समान रही मुक्ति स्थिति पनि एकै समान हुन्छ। जो बीचका अधकच्चा छन् ती मनका आवेश वश राग द्वेष

अहं—आसक्ति, भ्रम-कल्पनामा परी जथाभावी बक-झक गरी हिंडछन्, यिनलाई परिणाम फल—सत्य मिथ्यादिको कुनै ख्याल रहँदैन ।

के गरोस् बिचरो पंथ, पान्थ न बुझि गिर्दछ ।
स्वयं मार्ग छाडेर, फाकट् फाकट फिर्दछ ॥१९१॥

भाव—मार्ग सबै जड्हुन् उस्लाई के दोष ? दोष पथगामी जनलाई नै छ, जो आफ्नू सत्य चेतन स्थितिको बाटो ठीक विचारपूर्वक चल्दैन । सार—स्थिति शून्य व्यक्ति भोग वासना कल्पना भ्रान्ति कै बाटो चुन्दछ ।

मर्दै गए मरी जान्छौ, मुर्दैको ढोल बज्दछ ।
स्वप्नका जन भए प्रेमी, बोली चिह्नल बच्दछ ॥१९२॥

मर्दै गए…=संसार प्राणी सबै मरी-मरी गए, तिमी पनि अवश्य एक दिन मर्ने छौ, मरे कै छालाको ढोल बजी रहेछ, मृत पुरुषहरू कै कथा कीर्तन प्रार्थना भई रहन्छ । यस्तो क्षणस्थायी जीवनमा पनि प्राणी स्वप्न समान मायाकै प्रेममा मस्तछन् । विवेक गर, तिम्रो पनि भलो कुभलो वाणी कै चिह्नल मात्र अवशेष रहने छ । त्यो पनि चंद दिनमा लोप हुने हो ।

मर्दै गए मरी जान्छौ, भुत्तेभाला ललाट् विनै ।
पर्‍यौ करीलका फेद, आज मर्छौ कि भोलि नै ॥१९३॥

भाव—भ्रामकजनका विना शिर पाउका कल्पना वाणी रूप भुत्ते भाला को चोटमा परी कति मरी-मरी गए, तिमी पनि यसैमा परी मर्ने छौ, पात फेद रहित झिक्रै झिक्राको करीलबोट रूप भ्रांति कर्मादि परिश्रम पूर्ण कल्पनाका इष्टको आश्रयमा घायल भई रहेछौ, आज मर्ने हो कि भोली, चाँडैनै कुच हुनेछौ, अतः अगावै विवेकमा आँखा खोल ।

पूर्वको बोलि छ मेरो, चिन्दैनन् कोहि मै कन ।
मलाई उहि हो चिन्ने, जो निश्चित् पूर्वका जन ॥१९४॥

'पूर्व'—शब्दको अर्थ इतिहास दृष्टिबाट दिशा वाची पनि हुन सक्तछ, तर आध्यात्म परकमा 'पूर्वका ज्ञानालोकको मेरो वाणी हुनाले मलाई जस-तसले चिन्न सक्तैनन्, उही पूर्व ज्ञानालोकमा एकरस अभिमुख भई बस्ने-ले मात्र राम्ररी बुझ्न-चिन्न सक्नेछन्।

जो हिंड्दा पंथ गो बन्न, पृथ्वी व्याकुल कंपित।
जले ती वीर तापैमा, गर विचार पंडित ॥१९५॥

जो हिंड्दा···=जो सेना सहित धावा गर्दा पृथ्वी धूलै धूलोले आच्छादित हुन्थिन्, जीव त्राहि-त्राहि हुन्थे, विना सम्यक ज्ञान त्यस्ता वीर पनि गर्भवास त्रितापमा जल्न पुगे, जुन कल्पित संचालकको बाटो लाग्ने बहु जन थिए—पंथ चल्यो, ती अगुवाहरु पनि भ्रांतिमा जले। अतः विज्ञ जन विचार गर—सम्हल, सम्यक मार्ग पक्रन न चुक।

पाउले पृथिवी नाप्थे, उफ्री सागर पार भए।
पर्वत् हात लिई जोख्थे, निल्यो काल सबै गए ॥१९६॥

पाउले नाप्थे=वामनावतार। उफ्री सागर=हनुमान। पर्वत=श्रीकृष्ण, रावण। काल=मृत्यु, कल्पना।

नौ मन दूध गरे जम्मा, बुन्द मात्रले नष्ट भो।
फाटी दूध गयो बिग्री, घीऊ सम्पूर्ण नष्ट गो ॥१९७॥

भाव=पाँच विषय, तीन गुण, चेतन जीव सहित नौ पदार्थ समिश्रण-बाट मानव जीवन तयार भएको हो, यसैमा कुसंग, अहंकार, आसक्ति, कल्पनामध्ये कुनै एकै थोपा मात्र पर्दा पनि उसको जीवन निरर्थक गयो, कल्याण गति नष्ट भयो।

कती पाउ परी भन्छु, रोई धोई भनूँ कति।
हिन्दुले देवतै पुज्ने, शून्य बीच तुरुक् जति ॥१९८॥

भाव=जसलाई जति निर्णय संझाए पनि आफ्नू हठपक्ष छाड्ने होइनन्, हिन्दू मूर्ति पूजामा र मुसलमान केवल शून्य ईदगाहमा झुक्तछन्। हृदय नेत्र उघारे मात्र काम लाग्दछ।

नरः तिम्रो गुणै श्रेष्ठ, मांस आउन्न कार्यमा।
हाडको गहना हुन्न, चर्म लाग्दैन वाद्यमा ॥१९९॥

गुणै=दया क्षमादि सद्गुण सम्पन्न।

मलाई जान्दछन् जस्ले, म चिन्छु तिनी व्यक्ति लाइ।
लोक या वेद जे गाउन्, मान्दिन तिनको भनाइ ॥२००॥

मलाई···=जस्ले मलाई बोधाचरण सम्पन्न सन्तरूपले जान्दछ, म पनि त्यसको पारमार्थिक संरक्षण गरीदिन्छु, यसमा लोक-वेद चाहे जे भनुन्, त्यसको परवाह गर्दिन।

सबै उत्पत्ति भू बाटै, पाल्छिन् प्राणी सबै कन।
भूमि स्व गुण जान्दीनन्, यो विचार गुरू पन ॥२०१॥

सबै उत्पत्ति=वाह्य अर्थ स्पष्टै छ, भाव हो—पृथ्वीका जीवको कल्पना बाटै समस्त ग्रंथ, पन्थ, इष्टको निर्माण भयो, जीव कै मानंदि द्वारा सबैको प्रतिपालन रक्षा प्रचार वृद्धि भई रहेछ, तर आफ्नू श्रेष्ठता र भूल-कल्पना जीवले जान्न सकेन, जीव घन चक्रमा पर्नाको मुख्य कारण यही हो।

स्वगुण् ज्ञान भए पृथ्वी, कैल्यै डग्मग हुन्न थिन्।
गम्भीर कँण कँणै हुन्थिन्, योग्य मूल्य कि बन्दथिन ॥२०२॥

भाव=जीवले आफ्नू महत्व जानेको भए कहिल्यै डामाडोल भई विषय कल्पनाका इष्ट अँगाल्न तयार हुने थिएनन्, पूर्ण रूपबाट आफ्नू थान्कोमा बस्तथे, मन इन्द्रिय कल्पना शमन गरी शांत रहन्थे।

जैले थिएन कृत्रीम, पृथ्वी न जल नै थिए ।
सृष्टि लय थिंदैथेन, तब्को भन्ने कबीर भए ।।२०३।।

जैले थिएन…=जुन समय विश्व थिएन, पृथ्वी पानी सृष्टि प्रलय केही थिएनन्, उस समयको अन्दाजी कुरा कथीकथी भ्रान्तजीव भन्दछन् । यहाँ 'गुरु कबीर' भन्ने अर्थ गर्नु भूल हो, वहाँको सिद्धान्त अनारम्भवाद हुनाले वहाँ आरम्भ-वादीहरूलाई व्यंगतापूर्वक प्रबोध गर्नु हुन्छ, यसर्थ चौथापदको कबीर शब्द भ्रान्त जीव प्रति संकेत हो ।

बोल्दै अक्षर आई गो, अक्षरले मन दृढ़ भयो ।
बोल अबोल एक् हुन्छ, यो बुझ्ने बिरलै छ पो ।।२०४।।

बोल्दै अक्षर…=वाणी उच्चारणबाट अक्षर बन्दछ, त्यसको अर्थ लाग्दछ र मानन्दि पुष्ट हुन्छ । यस प्रकार वाणी मानन्दि द्वारा घिच्चिई कोही निर्वचनीय र कोही अनिर्वचनीयलाई अँगाल्न थाले, वाह्य परोक्ष मै परे । परन्तु पारखदृष्टिबाट सबैको ठीक परीक्षा गरी उक्त दुवै पक्षबाट हटी स्वयं द्रष्टा शुद्ध पारख स्वरूपमा स्थित हुने, यस्ता विवेकी जन जगतमा बिरलै हुनन् ।

तारा तबै तलक तेज, सूर्य न निक्लँदा तक ।
कर्म ली जीव भर्मन्छन्, पूर्णज्ञ न हुँदा तक ।।२०५।।

कर्म वश=यस्तै जीव कर्मवश तब तलक चक्कर काट्तछ–जहाँ तक स्वस्वरूप बोध-स्थितिमा पुग्दैन, आचरण बोध सम्पन्न स्थिति भएपछि जीवको सर्व भव बन्धन समाप्त हुन्छ ।

"प्रबल अनल तृण जारि सब, जो तेहि होय लगीच ।
ऐसहि परख प्रकाश थिति, कर्मन भस्म अखीच"—(मु. शा.)

न जानि ग्रामको नाम, भ्रमको पथ हिंड्दछन् ।
भोली बिज्छ भने काँडा, अगावै छाड्नु सुज्ञजन् ।।२०६।।

न जानी···=यदि जाने ग्रामको नामबाट पथिक अपरिचित छ र बाटो भूली कुबाटो लाग्यो भने अवश्य काँडा बिज्द छ। यस्तै आफ्नू मुक्ति स्थितिको हाल सम्म पनि थाहा छैन भने त्यो कल्याण बाटो भूली कुपथमा भर्मन्छ। कर्म वासना कल्पनाको काँडा अवश्य बिज्दछ। अतः पहिलेनै कुसंगरूप काँडाको बाटो छाडी स्वरूप बोधको सत्यबाटो लाग्नु।

सत्संग साधुको गर्नु, दोस्राको व्याधि हर्दछ।
दुष्टको संग हो तुच्छ, सदा उपाधि पर्दछ ।।२०७।।

सुसङ्ले सुख वर्षन्छ, कुसङ्ले दुख फल्दछ।
तहीं जाऊ कबीर भन्छन्, जहाँ सुसंग मिल्दछ ।।२०८।।

पैले जस्तो थियो प्रेम, उस्तै रहोस अंत तक्।
कौडै कौडा सँगालेमा, हुन्छ लाख करोड तक् ।।२०९।।

आज भोली अली दिन्मै, रहन्न थीर यो तन।
कबीर कसरी राख्छौ, काँचो हाँडी जलै भन ? ।।२१०।।

नाना बन्धनका बीच, विचरो एक जीव छ।
कि स्वयं सोधले छुट्छ, इष्टद्वारा कि छुट्त छ ।।२११।।

नाना बन्धन···=बिचारा एक जीव खानि वाणीकृत असंख्य बन्धनमा मस्की रहे छ, अब कि त स्वयं विवेक-आस्तिकी दृष्टिबाट छुट्न सक्तछ या गुरुले छुटाईदिनु हुन्छ। जन सामान्य निमित्त यही दोस्रो मार्ग सरल र यत्न साध्य पनि छ।

न भार बिचारा जीव, सबैको प्राण सम् गुनी ।
छुट्ने छैन कबै हत्या, कोटी पुराण जो सुनी ।।२१२।।

नगर्नु जीवको हत्या, लिने छन् बदला भरी ।
बाच्ने छैनौ घुमी तीर्थ, दान कोटी हिरा गरी ।।२१३।।

तीर्थ हिंडे जना तीन, चोर चंचल चित्त मन् ।
कटेन पाप क्यै रत्ति, थपे दश् मन भार झन् ।।२१४।।

चोर चंचल=स्वरूप बोधले रिक्त जन तीर्थ जान्छन् , तर चंचल चित्त चोर मन साथै हुनाले पाप कट्नीको उल्टो दश इन्द्रियका दश प्रकार अहंकार, आसक्ति भोग संस्कार तथा विविध पाप कर्मको दश मन बोझा अरु बढ्दछन् ।

बगी मरे गई तीर्थ, चीसो पानी नुहाउँछन् ।
सुन संत कबीर भन्छन्, दैत्य भै पछुताउँछन् ।।२१५।।

दैत्य...=तीर्थमा गई हिंसा बलि गर्ने जन प्रत्यक्ष राक्षस बने, यिनलाई पश्चाताप परीरहन्छ, फल भोग्दा रुनु कराउनु थक्क-थक्क पर्नु पर्ने छ ।

विष बेलो भयो तीर्थ, युगादि ढाकिंदै छ यो ।
जीवले मूल धन् नाशे, को खाओस् जहरै न हो ? ।।२१६।।

भाव—भूल वशी जीव केवल तीर्थ कै भरोसा गरी विवेक सदाचरणबाट पछि हट्तछन् । हिंसादि स्थूल पाप कर्म संम पनि छाड्न चाहँदैनन् । अतएव तीर्थ या तीर्थको महात्म्यनै चंचल, चोर, कुकर्मीजनको निमित्त विष-लता हुन गयो । यो प्रथा युगान-युगदेखि चल्दै आएको हो, अब यिनको साथ लागेर विष को खाओस ?

ये गुणी बेलि तिम्रो गुण, अपारै छ कथन् गरी ।
मौलाउँछ जरो काट्दा, सुक्ने छ जल मल् परी ॥२१७॥

ए गुणी बेलि'''=हे कल्पना गुणले पूर्ण खानि वाणी रूप बेलो ! तेरो गुण आश्चर्यमय र वर्णन वाह्य छ । तेरो अहंकार रूप जरो काट्ता जीव फस्टाउँछ—सुखी स्वतंत्र हुन्छ । विषयासक्ति भ्रम वाणी-जल मल दिंदा जीव झन् वैलाउँछ—दुख बन्धनमा पर्दछ ।

बेलो बेढंग फल् तुच्छ, फूल कुबुद्धि गन्ध छ ।
जरो विनाशि तुम्बाको, त्यो तिम्रा पात तिक्त छ ॥२१८॥

बेलो बेढंग'''=मन माया रूप बेलो सारै छन्द न बन्दको बाङ्गो टेढो छ । कल्पनारूप फल पनि निकृष्ट छ, कुबुद्धिरूप फूल अति दुर्गन्धमय छ । अहंता-ममता रूप जरो धारक जीवकै सत्यानाशी छ । विविध कर्म रूप पात पनि अती-तीतो छ—आवा-गमनमा लगी कष्ट भोगाउँनेहुन् ।

पानी भन्दा पँधेलो र, धुवाँ भन्दा महीन यो ।
वायु भन्दा प्रबल तेज, बनायो जीव मीत त्यो ॥२१९॥

भाव—पानी धुवाँ वायु पदार्थ रूप हुन्, मन कुनै वस्तुरूप होइन, केवल जीवले सुने देखे भोगेका विषयको संस्कार समूह मात्र हो ।

सुन सन्त गुरु वाक्य, न लेऊ भार त्यो शिर ।
खुदै प्रत्यक्ष स्वामी छौ, भन्छु समर हौ थिर ॥२२०॥

सुन संत'''=हे संत ! सतगुरु संतको निर्णय हितैषी शिक्षा सुन, उनको सदाचरण पालन गर । भ्रान्त गुरुहरूको कल्पनापूर्ण वाणीको बोझा थाप्लो नबोक । आफ्नू सर्वेसर्वा मालिक परमतत्व तिमी स्वयं हौ—यो अकाट्य कुरा म भन्दछु । अब तिमी काम क्रोध, मन माया, कल्पित भ्रांति समझ संग विवेक पूर्वक संग्राममा भिड—पछि न हट, सत्य जीवकै विजय छ ।

ए तीतो लहरो हेर ! तिम्रा फल् तिक्तछन् सबै ।
सिद्ध नाम तबै पर्ला, बेलोबाट छुटे जबै ॥२२१॥

भाव—मोटी झिनी माया सेवनको परिणाम कष्टदायी छ । (पू. प.) जब ब्राह्मीस्थिति प्राप्त हुन्छ तब जीव आनन्द मग्न हुन्छ, तीतो लहरो मायाको फन्दा छुट्तछ ।

सिद्ध भयो त केभो खै, चौतर्फ व्याप्त वास छ ।
बीज भित्र छ त्यो गुप्त, पुनः उद्भव आश छ ॥२२२॥

भाव—माथिको प्रसंगानुसार जीव ब्राह्मीस्थितिमा पुगी के भयो ? चारै दिशा सर्वत्र म व्यापक छू, जड़ चेतन एकै हो भन्न थाले, जगतको बीज हृदयस्थ रही रह्यो । यसैले पुनः दुखदायी जगत मायाको बेलो उम्रने सामान नष्ट भएन ।

पर्दाको आडमा पानी, पोखे सन्त विचार गर ।
मर्दछन् शर्म शर्मैले, काल तान्छ सरासर ॥२२३॥

पर्दाको…=कल्पनाका इष्टको सहारामा । पानी=प्राणी-भ्रम शिक्षा । पोखे=शिक्षा-दिक्षा गर्दछन् । विवेकीको संगरंगबाट त्यसको तात्पर्य बुझे पछि पनि लालचवश भ्रम कल्पनाबाट हटी पारखमा स्थित हुन सक्तैनन् । यस्ता लाई कल्पना, आसक्ति-कालले अवश्य घिर्‍याउने छ ।

प्रतीत छैन सत् भन्छु, विना सत्य स्व सिद्ध छन् ।
सुन संत कबीर भन्छन्, हीरा हीरक छेड्छ भन् ॥२२४॥

प्रतीत छैन…="हृदयस्थ ज्ञाता चेतन नै सत्य छ, बाह्य लक्ष्यमा अल्झनु भ्रांति बंधन हो" छ यो सत्य कुरा म भन्दछु कोही विश्वास गर्दैनन् । विना वास्तविकता कै कल्पनाका इष्ट-शून्य अँगाली सबै सिद्ध बनेका छन् । सत्य चेतन हीरालाई उसैको टुक्रा-कल्पना घुसी बरबाद गरी रहेछ ।

*"म विचार गर्दछु, यस्कारण म छू"—"Cogito, ergo Sum (I think, therefore I am)"—Descartes.

सूवर्ण साधु जन् सज्जन्, फूटी शत्वार जुट्दछन् ।
कुजन् भाँडा कुमालेका, एकै ठक्कर-फुट्दछन् ।२२५।।
गाजले कोठिका बीच, संसारै सब डुब्दछन् ।
धन्य छ ती पुरुषलाई, पसेर पनि छुट्दछन् ।।२२६।।

गाजले=काम क्रोध अज्ञानादि । कोठी=शरीर ।

ध्वाँसाको बंगला मा र, ध्वाँसे महल भित्र गै ।
तिनैको हुन्न पेट्कालो, सचेत घुम्छ भिन्न भै ।।२२७।।

ध्वाँसाको=मन माया विकार । बंगला=देह । महल—संसार भित्र भै=सत्संग विवेक द्वारा बची-बची रहने ।

अर्ब खर्बौं भए द्रव्य, राज्य उदय अस्त तक् ।
हुँदैन भक्तिको तुल्य, सबै के काम झक्कमक् ।।२२८।।
मत्स्य सर्व गए बिक्न, माझीका दरबारमा ।
रत्न सरी छँदै आँखा, घुस्यौ हा ! किन जालमा ? ।।२२९।।

मत्स्य=सकामी मनुष्य । माझी=भ्रान्त शिक्षक । रत्न सरी आँखा= विवेक संपन्न मानव जीवन । जाल=उनका कल्पित वचन फन्द ।

रचें गुँड् जलका भित्र, पताल गै शयन् गरें ।
पासो करीमको पर्दा, तबै म जालमा परें ।।२३०।।

[पू. प.] रचें गुँड=वाणीको आधार भक्तिमा स्थिति बनाएँ ।

पताल=हृदयमा स्थान गर्न थालें। पासो=ईश्वरको कृपा जब मेरा ऊपर भयो।

तबै म...=अनि म सहर्ष भक्तिमा निमग्न भएँ।

बाँच्ने छैनौ बनी माछो, तिम्रा केवट काल छन्।
जुन् जुन् दह तिमी पस्छौ, तहीं ती जाल हाल्दछन् ॥२३१॥

बाच्ने छैनौ...=माछो समान पराश्रितबाट कल्याण हुने छैन, भ्रामक असत गुरु, वासना, भ्रान्ति वाणी नै जीवका घातक छन्। जुन् जुन् संप्रदायमा तिमी जाउला तहीं तिनले आफ्नू जालमा पार्ने छन्।

विना डोरी गला पासो–मस्के अदेख कै दुख।
दिई हात विषे ऐना, के देखोस् अन्धले मुख ? ॥२३२॥

भाव—उक्त प्रकार अदेख कल्पनाका इष्ट प्राप्तिको लालसा मै सब मस्के, विवेकदृष्टि रिक्त व्यक्तिलाई सत्योपदेश ऐना दिएर पनि के काम लाग्छ ?

सम्झाउँदा न सम्झी क्यै, पर हात उ विक्त छ।
म तान्छु आफनै तर्फ, यमलोक उ घुस्त छ ॥२३३॥

परहात=कल्पनामा। उ=अविवेकी आफ्नै=स्वरूप विवेक। यमलोक=मन कल्पना, ललना-आसक्ति, भ्रान्त शिक्षक।

नित्य साँध विषे पर्दा, फलामे खइ छुट्त छ।
नित्य अभ्यास-संगत्ले, माया मोहादि टुट्त छ ॥२३४॥

डुङ्गा फलामको बीच, ढुंगा भार भरीकन।
शिरमा विषको बोझा, चाहन्छन् पार उत्रन ॥२३५॥

डुंगा फलाम=अविद्या कल्पनाको नाऊमा बसी। ढुंगा भार=जड़ बुद्धि लोभ लालचको भारी। विषको बोझा=विषय वासना।

कृष्णका नगिची पाण्डव्, हिमालमा गले गई ।
पारस सङ् भए लौह, के खान्थ्यो लाग्न गै खई ।।२३६।।

भाव—(१) केवल कृष्ण शरणबाट पारलाग्छु भंने भरमा नपर, विचार गर । (२) मुखले जति मुकै अलिप्त हूँ भने पनि विषय प्रपंच सेवनबाट पार लागिने रहेन छ । (३) यहाँ पारसको दृष्टान्त घटित हुन्छ, सिद्धांतमा विचारणीय छ ।

पूर्वोदयास्त पश्चीम, खान्छ फूल बतासको ।
यस्तालाई ग्रह ग्रास्छ, भुल्छौ नर ! फसात यो ।।२३७।।

भाव—सूर्यले कसैलाई धक्का नदिई यात्रा गर्छ, यस्ता वाताहारी, परोपकारी, निर्दोष समर्थलाई पनि राहुले ग्रास गर्छ । अतः मानव ! तँ घमण्ड र चिन्ता रहित शीघ्र स्व सुधार गर । यहाँ सूर्य जड़ हो, ग्रहण लाग्नु-ग्रहहरू घुम्दा चन्द्रको सूर्यमा छेका परी छाया परेको हो । साधकलाई सचेती-विभिन्न अलंकार पूर्ण उपमा उपस्थित गर्नु भएको हो । सिद्धान्तमा सम्यक घटित छ ।

नेत्र अग्र मनोवास, दौडन्छ यो पलै पल !
त्रिलोकै मनका राज, पूज्य मन सबै थल ।।२३८।।

नेत्र अग्र=जाग्रतावस्थामा इन्द्रिय सम्मुख विषय परी मन घुमी रहन्छ । समस्त त्रिगुणी जीव माथि मन कै राज्य शासन छ । मन मानंदि कल्पना कै पूजा प्रार्थना चिंतन भई रहन्छ । यस परिधिबाट परीक्षा पूर्वक हटी स्वयंमा शांत हुने बिरलैछन् ।

स्वारथी मन स्व रसमा, विषय छाल उठ्दछ ।
मनाधीन तनै चल्छ, गए सर्वस्व छुट्दछ ।।२३९।।

स्वारथी मन···=मन आफ्नै रंगमा मस्त छ, विषय स्मरण तरंगमा

दौडी रहन्छ। मनकै सञ्चालनबाट शरीर भोगमा प्रवृत्त हुन्छ। यी दुवै बगेपछि जीवको शुभगुण सर्वस्व विनाश भई हाल्यो।

जगत्को चाल कस्तो छ, भेडे ताँती बगाल झैं।
एक पर्दछ खाडलमा, पर्दछन् सब खाडलै ॥२४०॥

भाव—भोग विषय, सिद्धि करामात मुक्तिका लोभी देखा-देखि सब दौडन्छन्, योग्यायोग्य सत्य झुट्टाको विचार गर्ने स्वयंको क्षमतालाई तिलांजलि दिन्छन्-यस्तो नगरुन्।

बाटो अति विकट्को छ, नतम्स जानमा तहाँ।
जो गए फर्कि आएनन्, भन्छ कुशलको यहाँ ? ॥२४१॥

बाटो अति…=विषयासक्ति भ्रम कल्पनाको परिणाम कष्ट दायक छ। फर्कि आएनन्=मृत्यु पश्चात तत्काल पुनः मानव तनमा आएनन्, या कल्पनाका लोक स्थितमा पुग्छौं भंनेहरूमा पुनः यस्तो रहेछ भंन आउने कोही छैनन्।

मारी मर्छ कुसंगै ले, केरा बयेर साथ् परी।
त्यो हल्लन्छ चिथर्छ ऊ, विधाता द्यौ अलग् गरी ॥२४२॥

कुसंगबाट दुर्दशा-हानि र यसबाट सावधानीको शिक्षा हो।

चेतेनौ तब हे केरा, बैर निकट उम्रिदा।
अब चेतेर के हुन्छ ? काँडाले घेरि झुम्मिदा ॥२४३॥

न जानी जीवले सन्धि, अन्धा भै अति धाउँछन्।
बादी घर न्याय मिल्दैन, जन्म धेर पछुताउँछन् ॥२४४॥

नजानी…=स्वरूपको सर्वोपरिता र कुसंगको परिणाम सहसा जीव थाहा पाउँदैन, यसैले पुष्पित वाणीको लालच वश प्रवृत्त हुन्छ। परन्तु

मतवादी कहाँ जड चेतन, सत्यासत्यको न्याय कहाँ पाइन्छ ? आफू पक्षमा अल्भनेले अरुलाई पनि उसैमा बाँद्धछ, यसैले विचार नगरी घुस्ने साधक सदा पश्चातापमा पर्दछ ।

जस्लाई गुरु मिल्दैनन्, व्यग्र दशतिर धाउँछ ।
आँखै देख्तैन बौलाहा, घर बल्दा घुर निभाउँछ ॥२४५॥

गुरु=निर्णयी गुरु । व्यग्र दशतीर=सिद्धि मुक्ति निमित्त विविध तीर्थ व्रत योग जप मत सिद्धान्तादिमा । आँखै=भित्री विवेक विचारका । घर बल्छ···=विषयासक्ति मानादिको बन्धन काट्न, नश्वर भोग लतादिको प्रवृत्ति लिन्छ, कल्पनाका अन अछुत इष्ट प्राप्तिको परिश्रम गर्न थाल्दछ ।

वस्तु अन्तै छ खोज् अन्तै, के गरी हात लाग्दछ ?
प्रसंशा पात्र त्यै सज्जन्, पारख साथ राख्दछ ॥२४६॥

सत्य चेतनलाई खोज्न लक्षणावृत्ति द्वारा जहाँ छ तहीं—हृदय मैं अपरोक्षको विवेक गर्नु पर्दछ । दृश्यमा खोजी यसको पत्तो लाग्दैन, त्यो पनि विवेक द्वारा, न कि मूर्छिता वस्थामा परेर !

लक्ष्य दी सबको सुन्नु, स्वयं विवेकले लिनु ।
बट्टा सिन्दूरको त्येही, छोप्ने ढक्कन सम्झनु ॥२४७॥

भाव—प्रेम पूर्वक सत्संग सुन्नु, विवेकबाट सत्य उत्रेका कुरा मात्र लिनु । यसबाट "सिंदूरे बट्टाको बट्टा-ढकनको ढकन" दुई कार्य बने झैं पर प्रति समता आदर भाव पनि रहन्छ, नवीन प्रवीन युक्तिको चुनाव विवेक पनि बन्दछ । साधकको रक्षक यी दुवै ढाल-तरवार हुन् ।

बाजा हो बज्न द्यौ बज्छ, नजिस्क्याऊ चराकन ।
के चासो परको लिन्छौ, आफ्नै गर निवारन ॥२४८॥

बाजा हो···=यी प्राणीका मुख अटोमेटिक बाजा समान हो । शब्द

निक्ली रहन्छ तिमी तज्जन्य हर्ष-चिंतनमा न पर। यी सिम कुखुरा समान पनि हुन् , कराई रहन देऊ, तिनलाई छेडछाड नगर। आफ्नै···=तिमी स्वयं कै बन्धन गाँठी खोल्ने काम गर।

दोहा गान कथन् गर्छन्, विचार छैन अर्थ कै।
विना पारस त्यो स्पर्श, ढुंगा भित्र फलाम झैं ॥२४६॥

दोहा गान···=पद्य गद्यात्मक कुनै वाणी होस, कथन गान मात्र छ भाव विचार धारणाको चेष्टा छैन भने त्यसबाट पूर्ण लाभ प्राप्त हुन सक्दैन। जस्तो पहरा भित्रको फलामलाई बाहिरबाट पारसमणिको स्पर्श भए पनि त्यो कसरी स्वर्ण बन्न सक्त छ ? [पारसवारे माथी २३६ साखी हेर्नु होस।]

एकोहं पहिले भन्दा, बन्यो बाहिर तान बान्।
कसौटी बीचमा कस्दा, पित्तलै ठह-यो निदान् ॥२५०॥

एकोहं···="एकोऽहं बहु स्याम" भन्दा प्रथम जगत उत्पत्ति भएको हो भन्दछन् , तर यसलाई पारख कसौटीमा कसी खुब विचार गरियो, निष्कर्षमा यो कुरा सर्वथा आधार रहित देखियो। वास्तवमा कर्म वासना अनंत चेतन जीव जड़ चार तत्व, इनको गुण धर्मादि षट् भेद युक्त सृष्टि प्रवाहको अस्तियो जगत कहिले थिएन ?

बिगारे भक्ति भ्रामक्ले, धोई पत्थर कंकड।
अंतस विष राखेर, अमृत फाल्छ सिल्लड ॥२५१॥

भक्ति=पूज्य प्रति प्रेम, स्वरूपानुसन्धान। भ्रामक=भ्रम उत्पन्न गराई दिने भ्रान्त मतिका व्यक्ति। विष=कल्पना, अज्ञान लोभ। अमृत=स्वरूप ज्ञान।

एक की थी भई धेर की, वेश्या नाना पती गरी।
कस्का साथ सती हुन्छे, कबीर धेरै पुरुष् बरी ॥२५२॥

एकको थीं…=एक स्वरूप बोध स्थिति निमित्त एक पारख गुरुको उपासना एकत्व वृत्ति संपन्न रहनु पर्दथ्यो, परन्तु जीव वेश्या समान विषय कामना, लत व्यसन, कल्पना का राम, खुदा ईशु ऋद्धि सिद्धि आदिमा लगन लगाई रहेछ। यस्ताको अन्तमा स्थिति केमा हुने ?

ज्यू जहाज मनै काग, योजन लक्ष उड्दछ।
कैले पुग्छ अगम् सिन्धु, कैले आकाश घुम्दछ ॥२५३॥

संसार समुद्रमा गतिशील शरीर जहाज हो, यसमा कौवा समान मन उड्ने बस्ने गरी रहन्छ। अतएव चंचल मनलाई निग्रहित बनाई वाह्य उडानबाट अन्तर लक्ष्य शम बनाउनु।

यो ज्ञान रत्न कोठामा, ताल्चा मार्नु सुचुम्बकी।
पारखी सामने खोल्नु, साँचो बोली मिठो लिई ॥२५४॥

ज्ञानरत्न…=विवेकी जौहरी रूप ज्ञानीले स्व अन्तःकरण ढुकुटीमा मौनताको ताल्चामारी सुरक्षित राख्नु। विवेकी जिज्ञासु मिलेमा सुरस वाणी रूप साँचोद्वारा खोली प्रदान गर्नु, अन्यथा बक्बक गरी पारख ज्ञानको अपव्यय नगर्नु।

स्वर्ग पतालको बीच, दुई तुम्बा सबद्ध छन्।
छः दर्शनी भए भ्रांत, चौरासी लक्ष्य सिद्ध ज्ञन् ॥२५५॥

स्वर्ग पताल…=आकाश पातालको बीच संसार समुद्र पार लाग्ने निश्चयबाट जीवहरू खानि वाणी रूप दुई तुम्बीको सहारा लिएका छन्। समुद्र पार लाग्न खोज्ने तुम्बी बाँधेर ? छः दर्शन संम्पूर्ण बेषका पारख रहित यसैमा संशय ग्रस्तछन्। यिनको खानि वाणी कै लक्ष्य वश चार खानि यात्रा गर्ने वासना सिद्ध भई रहेछ। लूहिया आदि चौरासी सिद्ध पनि भ्रांति कल्पनाबाट बचेनन्।

सम्पूर्ण कुमती फाली, बनाऊ जन्म सुन्दर।
कौवाको चाल छाडेर, आऊ हंस गती वर ।।२५६।।

आऊ हंस···=हंसवत निर्णयी बुद्धि शुभाचरण पालन स्वरूप स्थिति मुक्त शांति पदमा आऊ।

जसो बोल्यो उसै गर्नु, राग द्वेष बगाउनु।
घटबढ् नगरी आफ्नू–यही रीत बनाउनु ।।२५७।।

जस्तो बोल्यो =ज्ञानको उत्तम कुरा जस्तो उच्चारण गरिन्छ, उस्तै कार्य पालनमा पनि उतार्नु, प्रेम वैरता दुवै परित्याग गर्नु। गृद्धाचरणवत— "कुराको उड़ान माथिको, अहार–वर्ताव तलको-सीनु लुछने न गर्नु।"

तिम्रोद्वार विषेराम, कबीरा मिल मै सँग।
मिलेका छौ तिसी सर्व, मिल्दिन म तिमी सँग ।।२५८।।

तिम्रोद्वार···=मुक्तिद्वार यो नरतनमा हे रमैया जीव! पारखपदमा आई मिल। तिमी खानि बाणी जगतमा मिलेका छौ, यस्तो स्थितिका व्यक्तिमा पारख प्राप्त हुन सक्तैन। पारखपद भनेको सबैमा मुछिने होइन, सबैदेखि अलग भई बस्ने हो।

बढ्यो भर्म तिनै लोक, भर्म नै सब ठाममा।
कबीर साफ यो भन्छन्, बस्यौ भर्म कु ग्राममा ।।२५९।।

भर्म=द्रव्य नारी मान भोगमा सुख छ, लोकादिमा कुनै मालिक छन्, उनैले मुक्ति दिन्छन् इत्यादि समझ। तीनै लोक=रजो गुणी, तमो गुणी सतोगुणी संसार।

रत्न फाली बलौटो मा, कंकड खोजि निल्दछन्।
यै पिण्डबाट हौ पार, साफै कबीर भन्दछन् ।।२६०।।

रत्न फाली···=मानव हंसले अज्ञान वश बालुवामा पारख ज्ञान-मोती फाली विषय भोग कल्पनारूप कंकड-पत्थर खोजी खाई रहेछन्। यो मानव शरीर मुक्तिको द्वार हो, यसै जीवनमा सबै दुर्गुण अज्ञान फाली सदाचरण सम्पन्न स्वरूपस्थिति बनाऊ, अंत न अल्झ।

वनस्पती जती पात, नदी जे जति रेत छन्।
के भन्छन् बिचरा पंडित्, मुखै कबीर भन्दछन् ।।२६१।।

प्रथम सर्व मतका आचार्य ब्रह्मा हजरत मुहम्मद ईशामसीह आदि एक्ला एक्लाले के बोले? जो बोले बनाए उनका अनुयायी पछिका जीवले विशेष स्व स्व कल्पना जोडी प्रचार गरे, यसैमा सबै अल्झी रहेछन्। तिनै कल्पना-काँढा निकाल्न गुरुलाई पारख ज्ञानरूपी सियो—चिम्टाको प्रयोग गर्न परेको हो।

हंस कूल बुझी मैले, तिम्रो साथ गरें सुन।
चिन्थें जो बकुलो बौला, दिन्न थें अंगनै छुन ।।२६२।।

तिमीलाई बिवेकी हंस मानव संझी निर्णय ज्ञान आचरण सुनाएको हूँ, तिमी विक्षिप्त बकुल्ला समान भोग वासना कल्पनाका शिकारी रहेछौ, उतै तिम्रो मती गति पनि भयो—यो कुरा प्रथम जानेको भए तिम्रो संग-साथै गर्ने थिइन [उपालम्भ साथ जीवलाई सचेत गराउने गुरुको एक सरल युक्ति हो।]

गुणीले गुणनै बोल्छ, गुण घीन् मान्छ निर्गुनी।
गोरूलाई दि जातीफल्, के चिन्छ खान्छ के भनी? ।।२६३।।

सद्पुरुष सद्गुण रुचाउँछन्, गुणै वर्णन गर्छन्। गुणरहित व्यक्ति सद्गुण देखि घृणा गर्दछ। जस्तै अबोध गोरुले उत्तम जाईफलको स्वाद के जानोस, खान के मन गरोस?

ग्वालो मालिकले छाडे, पशु अन्यायमा अति ।
मुक्ति परै विलाप् गर्ने, गल्लि वृन्दावनै कति ।।२६४।।

ग्वालो···=भ्रमोपदेशक जन । मालिक=कल्पनाका पतिले के साथ दिउन ? अन्यायमा=विवेकयुक्त न चल्नाले । मुक्ति परै=भ्रम वश जीव वाह्य तीर्थादिमा मुक्ति खोज्दछन् ।

जो बोल्छन् मुखको मीठो, भित्र निश्चय वक्र छ ।
कबीर ती प्रती भन्छन्, उस्तै राम सतर्क छ ।।२६५।।

मीठो=ज्ञान धर्मका कुरा । वक्र छ=स्वार्थ पूर्णता, भोग वासना । राम=उसको अन्तरात्मा झन होशियार छन् । गरे भएका क्रियाको संस्कार उनले लुकाउन-बदल्न जानेका छैनन् ।

सबै गए यहाँबाट, भार भारी उठाउँदै ।
फर्केनन् क्वै उता बाट, सोधौं को सँग धाउँदै ? ।।२६६।।

यहाँ···संसारबाट । भार भारी—कर्म संस्कारको कुम्लो । उता=स्वर्ग विहिस्तादिबाट । [यज्ञ कुर्वानी आदि कर्म गरी स्वर्ग विहिस्तादि जान्छौं भंनेहरू प्रति यो आलोचना हो । जीवको अविनाशीपना र कर्मफल भोग आवागमन हुन्छ भंने कुरा त विवेक सिद्ध छँदै छ] ।

रामको भक्ति प्यारो छ, जस्तै ती प्रिय अग्निछन् ।
सारा शहर डडी मर्छन्, फेरी मागेर ल्याउँछन् ।।२६७।।

रामको···=स्व स्वरूप रामको परिचय नहुँदा संसारमा वाह्य रामको भक्ति अति प्रिय भई रहेछ । जस्तो सारा नगर डडी भस्मीभूत भए पनि देह निर्वाह निमित्त उही अग्नि सबैलाई नभई भएको छैन । भ्रांति कल्पना वश जति कष्ट परिश्रम परे पनि सम्यक राम विना कल्पना कै आश्रित रहने भए ।

पत्नी भनाइ प्रेमी की, सुत्तछे अन्य साथ् गरी ।
प्रेम उपवती भित्र स्वामी, खुस् हुन्छ के गरी ? ।।२६८।।

सज्जन थे बने दुर्जन्, कोहीका वचनै सुनी ।
काँसा तामा बने हल्का, थे ठीक मोलका यिनी ।।२६९।।

पत्नी=शिष्य । प्रेमी=विवेकी गुरुको । अन्य=अयोग्य संगत विषय वासना मानन्दि । उपपति=कल्पना का इष्ट, अयोग्य कर्म उपासनादि, स्वामी=सद्गुरु, स्व रमैया राम ।

कोही का···=अविवेकी विषयासक्त, भ्रान्त गुरुजनका । काँसा तामा=अल्प मूल्यको । ठीक मोलका=यिनको सत्य स्वरूप उत्तम बहु मूल्यको थियो ।

विरही आरती गर्छन् , राम दर्शन बक्सियोस् ।
मरे पछि दिई दर्शन्, के काम लाग्छ भन्नुहोस् ? ।।२७०।।

विरह···=वाह्य रामका विरही भक्त प्रेमावेशमा आरती गरी विनय गर्छन् !

पलैमा प्रलय हुन्छ, तमारी लोक लागन ।
अघीको सोच छाडेर, पछिको नै पुकारन ।।२७१।।

पलैमा···=क्षण भरमै तिम्रो शरीर नष्ट हुनेछ, अतएव हे मावन हंस ! सूर्य समान सत्यको अनुसरण गर । अतीत अनागतको चिन्ता पश्चातापमा मात्र समय नविताई भविष्य सुधार निमित्त वर्तमान मै शीघ्र सम्लग्न बन ।

एकै सर्वत्र भपूर्र, सर्व उस्मै निहीत छ ।
कबीर बूझमा लीन, जहाँ द्वैतत्व हीन छ ।।२७२।।

[पू. प.] एकै सर्वत्र···एक ब्रह्म सबैमा व्यापक छ, जगत सबै ब्रह्म

भित्र छ, यही अनुभवमा संसार जीव विलीन छन् , जहाँ दोस्राको गमछैन। [यो साखीलाई उत्तर पक्ष संभ्रन साखी, २५०, २५८ आदि बीजक भर कई स्थलमा विरोधाभास पर्न जान्छ। गुरु कबीरबाट जिज्ञासुलाई प्रबोध गर्न यस प्रकार अन्य सिद्धान्तको मन्तव्य ठाउँ-ठाउँमा बताउनु भएको हो।]

एक साधे सबै सध्छन् , सब् साधे एक भाग्दछ।
जस्तै जरो सिंचे सर्व, फुल्छ फल्छ अघाउँछ ॥२७३॥

एक=मन। सबै सम्पूर्ण कार्य सिद्ध हुन्छ। सब साधे=कर्म प्रपंच। एक भाग्द छ=मन कल्पना र विषयमा चक्कर काटी रहन्छ। "मन एव मनुष्याणां कारणं वद्धमोक्षयो" मन वश भयो भने वाणी शरीर आफ से आफ वश हुन्छ। "मौनमात्म विनिग्रह" (गी. १६।१६)।

सिंह जुन वन पस्तैन, चरो छिर्न नपाउँछ।
कबीरा उहि वन् हिंड्छन् , शून्य समाधि लाउँछ ॥२७४॥

सिंह=जीवको। जुन वन=वाणी कथित कैवल्य ब्रह्ममा प्रवेश हुन सक्तैन। चरो=मनले गम पाउन सक्तैन। भ्रान्त जीव त्यही ब्रह्म पाउन शून्य समाधि लगाई खोजी गर्दैछन् [यो गुरु कबीरको वक्रोक्ति हो]।

सत्य भनौं छुँदैछैन, झुट्टोमा प्रेम गर्दछन्।
पानी मेरो शिरै पोखी, अरूको खेत भर्दछन् ॥२७५॥

सत्य भनौं ···=जड़ चेतनको साँचो निर्णय गरौं भने। छुँदैछैन= इनका मन्तव्यका इष्ट वाह्य ईश्वर खुदादिको अस्तित्व नै पाईदैन। यस्तै झुट्टो यिनलाई प्रिय भई रहेछ। पानी मेरो···=पारखको अनुयायी भनाएर कल्पनाकै गोडमेलमा परेका छन्।

बोलीको मोल नै छैन, जानी जो कोहि बोल्दछ।
भित्र तराजु जोखेर, तबै स्वमुख खोल्दछ ॥२७६॥

बोलीको=वाणी भंने चीज अमूल्य छ। जानेर बोलेमा हृदय भित्रको ज्ञान व्यक्त हुन्छ। यो भनेको-भित्र खुब नापी जोखी मात्र बोल्नु हो। सत असत्तको विवेक नै तौल हो, यसरी हृदयमा सुविचरित, अनि मुखबाट उच्चरित वाणी अनमोल हुन्छ।

लगाऊ बाहुबल् आफ्नै, पराशे बानि छाडन।
जस्को चोक नदी बग्छ, मर्छ त्यो प्यासले किन ? ॥२७७॥

लगाऊ…=कल्याण निमित्त स्वयं बोध साधन-पुरुषार्थ गर, अन्य प्राणी वाणी कल्पनाको आशा भरोसामा न पर। मानव तनमा मुक्तिका साधन सबै उपलब्ध छन्। यस औसरमा पनि कानमा तेलहाली बस्नु नै आगनमा खोलो बग्ने व्यक्ति प्यासले मर्नु समान हो।

"जाके वर सुखका भंडारा, सो क्यों भटकै दर-दर मारा"

"वफ़ी अनफु सेकुम् इल्ला तवसरुन"—"कुरान"

म तिम्रो भित्रैछु तर्रातमी देख्नैनौ आँखा बन्द गर्छौ, दर्शन गर्न चाहँदैनौ"

"मोको कहाँ ढूँढे बन्दे, मैतो तेरे पासमें"—

त्योता तेस्तै भयो भैगो, अज्ञानी न बने तिमी।
त्यो निर्गुणी तिमी ज्ञानी, नमुछ एकमा घुमी ॥२७८॥

त्योता…अबोध व्यक्ति अयोग्य वर्ति हुन्छन्—हुनदेउ! अज्ञानीका साथ तिमी पनि अज्ञानी न बन शुभ गुणको त्यसलाई केही पत्तै छैन, तिम्रो सर्वस्व नै शुभ गुण हो—शुभ गुणी छौ पनि; अतः तिमी त्यसको बराबरी गर्न तत्पर न होऊ।

मत्त जो राममा छन् ती, मन्मनै रक्तछन् सदा।
जस्तै सुमुखी ऐनाकी, आउन्नन् हात पक्रदा ॥२७९॥

मत्त जो…=स्वरूप भिन्न वाह्य रामको विरह भावमा जो मस्तछन् ती

समय-समय मनै मन मग्न हुन्छन् । जस्तो ऐना भित्रको प्रतिबिम्बको सुन्दर स्त्री हातले समात्न सकिन्न, त्यस्तै मनोभावमाको मूर्ति हुनाले उक्त इष्टबाट पनि कुनै फल प्राप्त हुन सक्तैन ।

साधु भने हुनै पर्छ, सम्पन्न भइ खेल है ।
हरियो सरस्यूँ पेली, पिना बन्छ न तेल नै ।।२८०।।

सिंहको खोलका बीच, भेडो गई पस्यो भने ।
बोलिले पहिचान् गर्नु, चिन्हाइ दिन्छ शब्दले ।।२८१ ।।

उत्तम संत वेषमा निकृष्ट स्वभाव का व्यक्ति पनि प्रवेश भएका हुन्छन्, वेषकै भरमा सहसा नबिक्नु । तिनको निर्णयज्ञान, आचरण बुझि विचारी मात्र तिनका साथ योग्य व्यवहार गर्नु ।

जस्को खोजी बित्यो कल्प, मूर्ति भित्रै थियो तर ।
अहंले बढ्न गो गर्व, त्यसैले पर्न गो पर ।।२८२ ।।

जस्को खोजी=परमतत्व, सर्वेसर्वा सारवस्तु । अहंले=धन बलको गर्व या मत इष्ट मान्यताको ममताले । "शक्ले इन्साँमें खुदा था, मुझे मालूम न था"—(सूफी सन्त)

Greater is he that is in you than he that is in the world– John.—(सो अहं एवं नमे अन्यो अस्ति—महाभारत अनु०)

दश् ढोके पिंजडा बीच, चरो छ वायु रूपकै ।
रहनै छ बडो ताजुब्, जाँदा के छ अचम्भ नै ।।२८३ ।।

दशढोके=शरीरको ब्रह्मरन्ध्र समेत दशद्वार । वायुरूप=प्राण वायु सवार चेतन । रहनै····=खुला ढोकाको देहमा स्थित रहन, कल्याण साधन मानव देह पाएर पनि बद्ध भई रही-रहनु नै आश्चर्य छ । निस्की जान या उसको स्वाभाविक स्थितिमा पुग्न के आश्चर्य ?

राम भज्ने रणै लड्ने, अर्कैको पन्थ लाग्दछन् ।
खाली मानवको खोल, गोरू ओढेर घुम्दछन् ॥२८४ ॥

राम भज्ने…=राम नाम जप स्मरण गर्छन्, सर्व व्यापक छ भन्छन्, लडाई वलि कुर्नानी पनि गर्छन् । यसप्रकार मानवीय दया अहिंसा को पथ वाम मार्ग पक्रने भए । यस्ताको आकृति मात्र मानिसको भयो, बयलको आचरण अपनाई घुम्दछन् ।

मलिलो खेत व्यू श्रेष्ठ, मुठी छराइ फेर पऱ्यो ।
बोट् किन टाक्सियो संझ, खेतै गुना बिथल पऱ्यो ॥२८५ ॥

उक्त तिनै संयोगबाट पनि बोध रहस्य शिष्यमा राम्रो ग्रहण भएन भने घट अनुसार शिक्षा ग्रहण हुने हुनाले यसमा उपदेशक को शिक्षा शैलीमा नै फरक पर्न गयो । यदि शिष्यले सिद्धांत सम्झीकन पनि आचरण स्थितिमा त्रुटि रह्यो भने शिष्यकै तत्परता, अभ्यास वैराग्य आदिको कमी सम्झनु पर्दछ, यो पुरा गरोस ।

गुरूपद्बाट, उत्रन्छ, शब्द देखि अलग्ग भै ।
त्यस्लाई कालले तान्छ, सक्तैनन् कोहि राखनै ॥२८६ ॥

गुरुपद…=पारखको बोधाचरण पालन । शब्द=निर्णय ज्ञान । काल=मन वासना, भ्रांति कल्पना ।

गुम्सिलो रापिलो घाम, हृदय बीच वास छ ।
सर्वजन् शोक संताप–छाया मुनि निवास छ ॥२८७ ॥

गुम्सिलो…=भाद्र महीना को सामान्य बादल युक्त मध्येशको घाम-जन्य ताप समान हृदयको अनेक कामना ज्वालामा जीव सन्तप्त रहन्छ, यसबाट बच्न विपुल भोग पदार्थ संग्रह परिश्रम गर्दछ, तृप्त हुँदैन–शोकित रहन्छ । यसै छायामा जीवन व्यतीत गर्दछ ।

जो मिले ती गुरूमात्र, मिलेनन् कोहि शिष्य जन् ।
छयान्नब्बे हजार छलाख्, वाणी एक्जीव लागि छन् ।।२८८।।

संसारमा सर्व व्यक्ति शिक्षक आलोचक मात्र पाइन्छन्, हित शिक्षा ग्राहक सरल जिज्ञासु कोही पाईदैनन् । संसारमा एक जीव माथि विविध वेष पंथ ग्रन्थको बोझा परेकै थियो, त्यस माथि मेरा रमैनी शब्दहरू पनि बोझा थपि दिएँ—[अन्य सिद्धान्त वाणीहरू आफ्नू निर्णय वचनमा दाँजो गराई जिज्ञासुलाई विवेकमा प्रवेश गराउने गुरु कबीरको यो व्यंगोक्ति हो] ।

ग्राहकमा अहं हुन्न, हं छ त हैन ग्राहक ।
विवेक हीन भर्मन्छन्, ली छाया शब्द नाहक ।।२८९।।

हंता हुँदैन···=सच्चा ज्ञानको मुमुक्षुमा कुनै अहं हुँदैन । खानि वाणी जन्य अहंकार बोक्ने जन उक्त ज्ञानको ग्राहक बन्न सक्तैनन् । छाया शब्द= यिनले जहाँ पक्रन खोज्छन् तहाँ बस्तु छैन छाया नै हो, जो पक्रिन पनि सकिन्न, पक्रेर पनि काम छैन, यसैमा विवेक हीनहरू चक्कर काटी रहन्छन् ।

जगतै रत्न पत्थर छन्, पारखी विरलै जन ।
रत्न भन्दा ठूलो ज्ञानी, विश्वमा विरलै छन ।।२९०।।

रत्न=गुण, चेतन । पत्थर=दोष, जड़ । गुण दोष, जड़ चेतनले पूर्ण संसारमा परीक्षा पूर्वक गुणग्राही जन विरलै छन् । गुण भन्दा पनि उत्तम गुणका पारखी पारख स्वरूप स्थिति वान संत हुन् , यस्ता व्यक्ति जगतमा सिति मिति पाउन दुर्लभ छ ।

सुतेमा सपना मानव्, खोली हेर्दछ चक्षुनै ।
भारी लूट पऱ्यो जीव, लेन देन विना कुनै ।।२९१।।

स्वप्न समान जगतमा अबोध वश पदार्थ भोग सुख सत्य मानी जीव मग्न हुन्छ, परन्तु क्षण पश्चात सर्व लोप हुन्छन् , नाहक चिन्ता फिक्री परश्रिममा भर्मनु मात्र हो ।

नष्ट रूप छ यो राज्य, मनकै तेज चल्दछ ।
सार शब्द छ टक्सार, क्वै विवेक् भित्र गर्दछ ॥२९२॥

नष्ट रूप…=शरीर राज्य नश्वर छ, यस्मा चाकर मनकै हाल हुकुम चली रहेछ । उसको तैनात हटाई सम्राट जीव स्वतन्त्र शान्त बन्न निमित्त सत्संग द्वारा सत्य सार वस्तुको हृदयमा विवेक गर्नु—यो काम कसै-कसैले गर्दछन् ।

बोल्ने छँदा तकै ढोल, तहीं तक् व्यवहार धन ।
फुट्यो ढोल गयो बोल्ने, च्याउन्नन् द्वार क्वै जन ॥२९३॥

बोल्ने…=चेतन जीव । ढोल=शरीर । धन व्यवहार तहीं तकका हुन् । द्वार=मुख पनि हेर्दैनन् ।

विवेक् कै बन्दगी गर्नु, वेष धर्छन् अनेक जन् ।
बन्दगी बग्न देऊ त्यो, जहाँ विवेक रिक्त छन् ॥२९४॥

भाव—विवेक वैराग्यवान संतको सर्वाङ्ग पूर्ण बन्दगी—सेवा गर्नु, वेष धारी त संसारमा सबै छन् । जहाँ सत्यासत्यको छ्यान विचार छैन तिनको बन्दगी सेवा के गर्छौं ? भाव हो—समता पूर्वक सावधान रहनु ।

सूर नर मुनी देव, नौ खण्ड सप्त द्वीपका ।
भन्छन् कबीर सबै भोग्छन्, देह धारण दण्ड ता ॥२९५॥

सूर…=विश्वका सबै प्राणी स्व-स्व प्राक्तन कर्मफल भोग भोग्न बाध्य छन् ।

दिल दिल्, जब तक् छैन, सर्व सुख् हुन्न तब् तलक् ।
चारै युग पुकारेका, दिल त्यै हुन गो खटक् ॥२९६॥

जब तक छैन…=जहाँ संम मन हृदय मै शम हुँदैन तहाँ सम्म सर्वोत्कृष्ट

शान्ति सुख उपलब्ध हुँदैन । नहुनाको कारण हो—परा पूर्व देखि मानव द्वारा कथित कल्पित वाणी हृदयमा भर पुर हुनाले समय-समय संदेह उठी रहन्छ । "जुन व्यक्तिले आफ्नु आत्मामा प्रेम गर्छ, तृप्त रही संपुष्ट हुन्छ, त्यसले क्यै गर्न बाँकी रहन्न [गीता ३।१७]" सो गर्न आखीरी साधन हो-"आत्म संस्थं मनः कृत्वा न किंचिदपि चिन्तयेत् । गी. ६।२५" आत्मामा, आफैंमा मनलाई स्थिर गर्नु, केही अरु चिन्तन नगर्नु । स्वरूप भावमा मन शान्त भए पछि सारा संकल्पको अभाव भई शान्ति सुख उपलब्ध हुन्छ ।"

बाजा बजाउने मैले-सुनें तार छिन्यो सब ।
के गर्छ यन्त्र जाबोले, बाजावालै हिंड्यो जब ॥२९७॥

बाजा बजाउने =योगीजन शरीररूप यंत्रमा अनदह बाजा बजाउँछन्, यसैलाई सार शब्द संझी यसको श्रवणबाट आफ्नू मुक्ति गति मान्दछन् भंने मैले सुनें । यिनका यंत्रको स्वासा तार छिन्दछ, बाजावाल चेतन हिंडी हाल्दछ, बाँकी थोत्रो बाजा—जाबो शरीर मुर्दाले के गरोस ?

तिमी मलाइ चाहन्छौ-भने सब् छाड आश नै ।
मै समान भई बस्नु, सर्व सुक्ख छ पास मै ॥२९८॥

मलाई=मेरै समान स्थिति शांति । मैं समान=निराश प्रारब्ध वर्तमानमा स्थिति ।

साधु भएर के भो खै, बोल्दैन जो विचार ली ।
पर आत्मा हनन् गर्छन्, ली जीभ्रो तरवार ती ॥२९९॥

हनन् गर्छन्=शब्द द्वारा घात गर्छ । जीभ्रो तरवार=स्व जिह्वा तरवार ।

हंसको घटका भित्र, पोखरी छ कुवासको ।
छैन ग्राम गए ताहीं, किल्ला रच्न तमासको ॥३००॥

हंसको घट=कल्याण योग्य विवेकी चोला पाएर पनि आफ्नै मल वश

मनुष्य हृदय नै खराब वासनारूप जलले पूर्ण नाल बनी रहेछ, यसैले यिनीहरू जहाँ ग्राम बस्ती केही छैन तहाँ शून्यमा स्वर्ग-विहिस्तादि नामकरण गरी विशाल महल बनाउन हिंडे ।

औषधि हो मिठो बोली, तिक्तवचन तिक्ष्ण तीर ।
कर्णद्वार भई पस्छ, बिजी घोच्छ सबै शरीर ।।३०१।।

गोताखोर कती ह्याऊ, कूदी पस यो पतालमा ।
न गनी जीव क्यै रोक, निस्क्यो ली लाल हातमा ।।३०२।।

गोताखोर···=भाव—योगीजन हठयोग साधनमा पूर्ण साहसी हुन्छन् । पताल–मूलाधारमा पुगी कुंडलिनी उल्टाई क्रमशः षट्चक्र बेधन गर्दै ब्रह्मांड भँवर गुफा पुग्दछन् ! यस साधनमा अनेक प्रतिरोध छ र पनि किंचित भय मान्दैनन्, समाधी साधी ब्रह्म अनुभव रूप लाल लिए रै निल्कन्छन् 'निस्क्योली लाल हातमा' यो वचन योगीजन प्रति व्यंगात्मक प्रयोग हो । वास्तवमा लाल होइन, धोक्का मात्र हो ।

यो संसारै भयो सिल्ली, न भयो भोग योग नैं ।
कबीरा तिल् लिए झारी, जगल्टा झार्छ लोक नै ।।३०३।।

[पू. प.] यो संसार···=संसारी जन पागल वत बने, यिनले योग साध्न सकेनन् । विषय भोग नश्वर दुई दिन मैं नाश भई हाल्दछ । योगीले जीवरूप तील झारेर ब्रह्ममा लीन गराई हाले, संसारीहरू शरीर रूप तीलका जगल्टा झारी रहुन्-विषय भोग सुखनै शीला खोजी रहुन् ।

गोताखोर सुधा चाख, के मर्दछौ पताल गै ।
साधु संग गुरू दाया, निक्ल द्वार यही छ है ।।३०४।।

गोता खोर=योगी । सुधा=सच्चा चेतन—बोधामृत । पताल= नाभी कुंडलिनी, शून्य समाधि । यही द्वार=पारख पद ।

"The saints are the masters who are not staine-glass fignres, remote and ethereal in their sanctity. There is something in them, which we would like to Spread everywhere in the world"—Dr. S. Ratha Krishnan.

कति थोपा भए ठीक, बिग्रे बूँद अनेकन ।
एक थोपा निमित्तै के, मानव गर्छ रूदन ॥३०५॥

कति थोपा=कति वीर्य बूँदबाट ठीक-ठीक शरीर बनी बालक बालिका जन्मे, कति यसै नष्ट भए । पुत्र शरीर या तिम्रो देह पनि एकै बूँद वीर्यको कार्य न हो, त्यसको निमित्त किन रुन्छौ, हैरान हुन्छ !

डँडेलो लागि सिन्धूमा, भाँच्चि खस्तछ झोल त्यो !
कबीर जोरले रुन्छन्, बल्यो हीरा अमोलको ॥३०६॥

मानव हृदयमा विषय वासना कल्पना, काम क्रोधादि आगो लाग्यो । सबैको विवेक विचार जली विनष्ट भई रहेछ । सत्य ज्ञान विना यी खानि वाणी व्यवहार तापमा परी रुन्छन्-डाँको छोड्दछन् । कबीर भन्नु हुन्छ—मेरो अनमोल हीरा—स्व जाति जीव बोध विचार विना उसै बरबाद भई रहेछन् ।

जो प्रमाणित छः दर्शन्, तिन्को नाम बनावटी ।
कबीर यी सबै बाठा, यिनमा अज्ञ मैं अति ॥३०७॥

जो प्रमाणित…=योगी जंगमादि छः दर्शनमा विवेक रहित जो-जो काल्पनिक सिद्धान्त पद्धति प्रमाणित भए तिनकै नाम-आधारबाट अन्य अनेक कृत्रिम वाणी बनेका छन्, तिनै पढी सुनी संसार सबै समझदार बाठा भए । यिनका सामने म स्वयं अज्ञानी बनी बस्न मानै कुशल छ । "चमेराको बथानमा हंसले सूर्य छ भनी सिद्ध गर्नु भन्दा चुपचाप बस्नु नै निको हो" ।

सत्यमा श्राप लाग्दैन, छुँदैन कालले रति ।
जो साँचै साँच चल्ने छन्, के हुन्छ तिनको खती ? ।।३०८।।

सच्चा=चेतन स्वरूप, सत्याचरण सम्पन्न पुरुष। काल=कल्पना मृत्यु।

पूर्ण सन्त गरे सेवा, सबै प्रकार बन्दछ ।
तुच्छका साथको प्रीति, मूल सहित गुम्दछ ।।३०९।।

पूर्ण सन्त=बोधाचरण सम्पन्न सतगुरु। सबै प्रकार=बोध, रहनि बन्दछ, रक्षा हुन्छ। तुच्छ=बोधाचरण रहित भ्रान्त, सकामी। मूलधन=विवेक बुद्धि।

वैद्यज्यू ! स्व घरै फर्क, को पुछ्दछ कुरा यहाँ ।
लदाए भार यो जस्ले, सम्हाल्ने छन् उनै तहाँ ।।३१०।।

वैद्य···=कल्पना ज्ञान पोषक। भाव—यहाँ विवेकी समाजमा सत्य ज्ञानको प्रवल मार्तण्ड उदय भई सकेको छ, अब यहाँ तिम्रा कल्पनाको कुरा सुन्ने सोध्ने कोही छैनन्, आफ्नू ज्ञान आफैं लिई बस। तिमीले उठाएका कल्पना को बोझा फल तिमीनै भोग, हामी लाई जस्ले बोध विचार दिए काछन् अब उनैले रक्षा गर्नेछन्।

अरुलाई दिंदै शिक्षा, बालुवा मुख् भरी भयो ।
पराईको खलो कुर्दै, आफ्नू खेत सखाप् गयो ।।३११।।

केवल वाचक ज्ञानीको आचरण पालन र स्थिति वन्दैन, स्वयं को स्थिति बनाउनुनै मुख्य कर्तव्य हो।

मेरो चित्त तिमी माथी, तिम्रो लक्ष्य उतातिर ।
कबीर कसरी बन्छ, म तिमी र उ तिन्तिर ।।३१२।।

मेरोचित्त—म तिम्रो कल्याण तर्फ हेर्छु, तिमी उसलाई हेर्छौं विवेक युक्त अन्तराभिमुखी नभई पराभिमुखी बन्ने हो भने स्वरूपबोध लाभ हुन्न म तिमीर उ यस्तो किन भयो ? हाम्रो मुख्य स्थिति के हो ? यो गाँठो नफुकाई कार्य हल हुन सक्तैन । विचार पूर्वक एक सत्य चेतनमा मेल मिलाऊ ।

ताकी तकाइ ताक्तै छन्, सकेन लक्ष्य बेधन ।
सबै सर भए व्यर्थ, गए फाली धनू कन ।।३१३।।

ताकी तकाइ…=कल्याण निमित्त स्व स्व सिद्धान्तानुसार अनुष्ठान गर्छन्=गराउँछन्, तर लक्ष्यको सम्यकबोध वैराग्यादि साधन सामान विना मुक्ति सिद्ध केगरी हवस ? केवल वाक्य ज्ञानको सबै वाण व्यर्थ हुन्छ, अन्तमा जीव शरीर रूप धनुनै फाली जान्छ । केवल शून्य, कल्पना नै हात लाग्दछ ।

कथनी झैं रहन् गर्नु, ज्ञान चुम्बक कै सरी ।
कबीर विन चुम्बक्ले, विजय रण के गरी ।।३१४।।

कथनी झैं…=ज्ञानको उत्तम व्याख्या गरे समान आचरण पालन पनि गर्नु, अनि ती शिक्षकका ज्ञान जिज्ञासुमा चुम्बक समान आकर्षण भई ग्रहण हुने हुन्छ । जस्तो चुम्बक सम्पन्न अस्त्र विना प्रायः संग्राम विजय हुँदैन, त्यस्तै उक्त चुम्बकीय ज्ञान बेगर दुर्धर्ष मन इन्द्रियलाई के गरि जीतने ?

आफ्नू भनी सुनुन् मेरा, एक मेल गरुन् सुनी ।
मेरै सामु गए सारा, यस्ता पाइन क्वै गुनी ।।३१५।।

आफ्नू भनी…=जिज्ञासुले आफ्नू निश्चयलाई प्रथम हितैषी शिक्षक का समक्ष गर्नु, पश्चात उनको शिक्षा प्रेमपूर्वक श्रवण गर्नु, विवेक पूर्वक दुवैको मेल मिलाउनु । यस ढंगबाट ठीक कार्य बन्छ । तर संसारमा यस्तो गर्ने कोही छैनन् । देख्ता देख्तै भवधारमा बग्ने मात्र विशेष जन समाज देखिन्छन् ।

देश देश घुमें सारा, गल्ली गाऊँ नगर भरी ।
यस्ता मानव पाईन, निफनी लिन्छ बेसरी ।।३१६।।

घुमें देश··· =कुनै पक्ष नपक्री परीक्षापूर्वक, सत्य सार ग्रहण गर्ने व्यक्ति संसारमा अति अल्प संख्यामा पाइन्छन् ।

मेरो चित्त तिमी माथि, तिम्रो लक्ष्य अरू तिर ।
त्यो चित्तलाइ धिक्कार, एकै चित्त दुई तिर ।।३१७।।

मेरो चित्त=म तिम्रो हित कल्याणको शिक्षा गर्दछु, तिम्रो दाउ भने वाह्यै छ । कल्याण पनि चाहने, स्थूल सूक्ष्म मायाको प्रलोभन पनि नछाड्ने, यस्तो दो धारे चित्तलाई धिक्कार छ । सर्व बल लगाई सर्वोत्तम कल्याण कार्य बनाई हाल ।

लौह चुम्बक प्रीती छ, लौह तानी उठाउँ छ ।
यस्तै कबीर का शब्द, काल देखि छुटाउँछ ।।३१८।।

लौह चुम्बक··· =चुम्बकले फलाम आकर्षण गरी ताने झैं गुरुको पारख ज्ञान विवेकी मुमुक्षुलाई शीघ्र ग्राह्य भई हाल्दछ । विषयासक्ति वाणीको फन्दाबाट बचाउन खिच्न यसले असल चुम्बकको काम गर्दछ ।

पैले जो भूल भो भैगो, अब सम्हाल चेतन ।
आश्चर्यको छुरालाई, सन्देहले नरेतन ।।३१९।।

संसारको कुनै घटना वस्तु देखता कसरी भयो होला, भनी आश्चर्यित नहुनु, विवेक-गर्नु । वाह्य सर्व कार्य जड़तत्वकै गुण धर्मादि बाट बनेका हुन्छन । संसार कसले बनाए ? कैले-केले बन्यो ? चेतन सत्य होया मिथ्या ? सत्य भए जड़ चेतन एक हो या छुट्टाछुट्टै ? इत्यादि संदेह । यो संदेहले आश्चर्य बढाउँछ र मानन्दि बन्धन झन् पुष्ट हुने हुन्छ । आजसंम जेभो भई गयो, अब सत्संग गर, विवेकबाट सत्य तथ्य ग्रहण गरी सम्हल ।

कबीर दोहरैं भन्छन्, समय देखि दिन् प्रति।
मरे ती वाद बौरेनन्, आएनन् घुमि फेर ती ॥३२०॥

भन्छन्=भोलाभाला जीवहरू संसार वैचित्र्यता देखी यस्का रचयिताको अड़कल गर्न थाले। परन्तु सूक्ष्म विचार गरेमा जगत सृष्टि सबै प्रकृति नियमानुसार नै भएको छ। अतः ती कल्पनाग्रस्तजन स्वरूप बोध विचारबाट गए—कल्पनैमा लीन भए, पुनः विवेक द्वारा बौरी सत्यमा जाग्न सकेनन्।

के गरुन् विचरा शिक्षक, शिष्यकै भूल हो अति।
जति जस्तो गरुन् बोध, पुङमाङ् फुक्नु झैं मती ॥३२१॥

शिक्षक=विवेकी गुरु। भूल अति=चंचल वृत्ति, असावधानी, अन्य पकड़। पुङमाङ्=दुवैपट्टी खुला भएको बाँसको ढुंग्रो।

बाजे दाज्यू पिता संझी, बन्छु चरण किंकर।
जो फुन्छ अबको अल्झो, त्यो प्रमोद निरन्तर ॥३२२॥

भाव—अबोध जीवलाई वाणी द्वारा प्रियता जगाई मान दिई तिनको दुई वचन सहेर पनि विवेकी जन-शिक्षा गर्दछन्। यो नरतन सतसंगबाट जड़चेतन, वासना बन्धनको गाँठो जस्ले फुन्छ त्यो सदा शान्ति स्थितिमा प्राप्त हुनेछ।

श्रेय छ लघुतामा नैं, सानै भै सब बन्दछन्।
द्विजको चन्द्रमा लाई, सर्व प्रणाम गर्दछन् ॥३२३॥

सब बन्दछन्=अहं रहे सम्म चेतन स्थिति मिल्दैन, स्वार्थ पनि समतश क्षमालुकै बन्दछ—नकि गर्विला अहंकारी व्यक्तिको ?

मरी मरी गए सारा, न जान्ने मर्न कत्ति क्वै।
यस्ता बनी मरेनन् ती, पुनर्मृत्यु रहीत भै ॥३२४॥

भाव—संसारप्राणी सबै मर्दै गई रहेछन्, तर यिनले मर्नजाने नन्, वासना रहित-निर्भ्रान्त भई मरे पो फेरी मर्न आउनु पर्दैन थ्यो ।

मरी मरी गए लोक, नगरी घूमि कै विचार ।
चलाखी एक ली आफ्नै, मरे सर्व विवश असार ।।३२५।।

नगरी=आफूतर्फ फर्केर "फेरी मर्न नपर्ने के गरी हुन्छ ?" यो विचार गर्ने कोही छैनन् । एक सावधानी आफ्नू छ—'सबै पछाई केवल स्वयं ज्ञान स्वरूप अवशेष रहनु ।' परन्तु बेकार आ-आफ्नै चलाखी वश पर मा लक्ष्य दिई मर्छन, असार संसार आवागमनमा पर्दछन् ।

शब्द छ छैन कै ग्राहक्, वस्तु छ मूल्य तेज झन् ।
विना दाम् काम चल्दैन, डामाडोल यि फिर्दछन् ।।३२६।।

शब्द छ=निर्णय शिक्षाको कमी छैन, तर सारग्राही योग्य जिज्ञासु कै कमी छ । सत्यवस्तु चेतनबोधको मोल महगो छ—मन मानंदि सम्पूर्ण समर्पण गरेर श्रद्धाले मात्र पाइन्छ । यी द्रव्य विना केही कार्य बन्दैन, उक्त द्रव्य दिन नसक्ने व्यक्ति अन्योलमा परी भट्की रहन्छन् ।

गृह छाडी बने योगी, योगीको घर छैन है ।
विना विवेक भर्मन्छन्, छहारी पक्रि शब्द कै ।।३२७।।

गृह छाडी ''=मानिस गृहस्थी छाडी योगी बन्दछन्, तर योगीकै अटल स्थिति छैन । यिनी विवेक पूर्वक सत्यको अनुसरण नगरी भटकन्छन्, केवल शब्दको प्रतिबिम्ब—अनहद ज्योति मै निहाल मान्दछन् ।

सिंह एल्कै रमी वन्मा, दगुर्दछ छिनै छिन ।
जस्तो जंगल हो आफ्नू, उस्तै हो अरुको वन ।।३२८।।

सिंह=जीव । वनमा=शरीर या मनोमय घेरा । जस्तो जंगल=आफ्नै समान अरु पनि सम्झी दया क्षमावाट काम लिनु, हिंसा प्रतिशोध नगर्नु ।

दिल भित्र पसेको छ, बसेको छ सचेत भै ।
जैले जस्तो क्रिया गर्म्छ, तब त्यै बुद्धि दिन्छ नै ॥३२९॥

दिल भित्र=मन चोर भोग मार्ग द्वारा हृदयमा पसी-खुब चतुरो बनी बसेको छ। जुन चालमा चल्नु छ बुद्धिमा उस्तै प्रेरणा गरी जीवलाई भोग्याई आफ्नू दूनो सोझ्याउँछ, होश गर ।

बोल्दैमा पहिचान हुन्छ, सज्जन् दुर्जन लक्षण ।
अन्तःकरण को चाल, निक्लन्छ मुख भै कन ॥३३०॥

भाव–मानिसको वचन, वचन बोल्दाको आकृति र कर्तव्य बाट भलाई कुभलाईको लक्षण ज्ञात हुन्छ । किन भने भित्र हृदयको भाव मुखद्वारा नै वाह्य व्यक्त हुन्छ ।

मिलेनन् दिलका मर्मी, जो मिले गर्जि ती सबै ।
कबीर व्योम जो फाटे, के गरी सिउँने दर्मै ? ॥३३१॥

दिलका मर्मी=हृदयस्थ चेतन र उसको बन्धनलाई चिन्ने । गर्जी= आपास्वार्थी, कल्पना ग्रस्त जीव । व्योम जो=अन्तःकरण च्याती यो सत्य-बाट हट्यो भने विवेकी सन्तले कति सम्झाउँन् ? कत्ति ग्रहण हुन सक्तैन ।

जलेका यी जगत् देखें, आ-आफ्नै अग्निमा परी ।
मिलेनन् कोहि ती यस्ता, बस्तु जस्को अधार गरी ॥३३२॥

जलेका यी⋯=जगत प्राणी सबै आ-आफ्नै स्वार्थ वासना, काम क्रोधादि अग्निमा जली रहेका देखिए । सच्चा सुखी शान्त कोही देखिएनन्–जसको निकट साथ सहवास गर्दा जीवलाई सुख शान्ति मिल्दछ ।

बनी बनाउ यी मानव्, विना बुद्धि विकामका ।
के गर्नु देख्नका राता, फूल ती विन वासका ॥३३३॥

बनी बनाउ=कल्याण सामग्री सम्पन्न बनी बनाउ मानव नै स्वयं कृत्रिम-का दास बने, उसलाई स्वामी बनाए। अतः सतबुद्धि बिना हलुका बनी

रहेछन्। सिमलको फूल देख्न मात्र सुन्दर ठूलो भई के गर्नु ? सुवास रत्ति छैन। यस्तै मानव शरीर पनि निर्णय बुद्धि विना निरर्थक छ।

सत्य सरी तपै छैन, न छ पाप झुटो सरी।
जस्को छ दिलमा सत्य, उस्को हृदि स्वयं हरी ॥३३४॥

सत्य=त्रि-सत्यको फल अगाध छ, वचन, व्यवहार, ज्ञान। हृदी भरी= आफ्नै स्वतन्त्र स्वराज्य शान्ति सुख छ।

सत्य न सादृश्य जगत कछु, आप आप ही सत्ति।
सत्य की समता कौन करि, सबका थापक अस्ति॥ (मुक्तिद्वार)

के भयो श्रेष्ठ कुल् जन्मी, श्रेष्ठ बुद्धि नभै कन।
उजाड वनको फूल, फुल्छ झर्छ उसै वन ॥३३५॥

श्रेष्ट बुद्धि=हृदयमा बसी देहको ज्ञान सम्पन्न संचालन गर्ने, सत्य वस्तुलाई पहिल्याउन सक्ने निर्णय बुद्धि।

रचेनन् विधि कर्ताले, देखिन्न चन्द्र सूर्य जुन्।
त्रिलोकमा छँदै छैन, सृष्टिका सब जान्दछन् ॥३३६॥

रचेनन्...=जसलाई ब्रह्मा कर्ता ईश्वरादिले रचना गरेका होइनन्, चन्द्र सूर्यादिको प्रकाशमा पनि देखिंदैन। जसको संसारमा अस्तित्व नै छैन, द्रष्टा दृश्य दर्शन रहित छ। संसारका सबै उसैलाई जानी व्यवहार गरी रहेछन्— त्यो वस्तु कुन हो ? पंचविषयको संस्कार र भूत-प्रेत, कर्ता, लोक-लोकादिको मानन्दि समूह मन। अतः मन-मानन्दि देखि सावधानी साथ बच्नु।

अग्लो वृक्ष अगम्को फल, सुकेरै पंछि मर्दछ।
अति यत्न गरी खोज्दा, फल् मिठो पर पर्दछ ॥३३७॥

अग्लो वृक्ष...=अत्यन्त माथि स्वर्ग विहिस्तादिमा असीम अपार सुख फल लागेको छ। उक्त फल प्राप्ति निमित्त कर्मी उपासक योगीरूप पक्षी अनेक तपस्यादि गरी गरी सुकेरै मर्दछन्। विविध प्रयत्न द्वारा खोजी गरे,

परन्तु त्यसको फल अमृतपान, अप्सरा समागम, नन्दन वन-विहार आदि सुख भोग खुब उत्तम छ, तर अति टाढा छ—मन्दछन् ।

व्यापारी व्यक्ति बस्ने ती, गोठाला उभिने भए ।
जाग्रामी पहरे दार, सबै यी काल मुख् गए ।।३३८।।

व्यापारी=बसी बसी ध्यान जपादि गर्ने उपासक-बनिया समान हुन् । ठाढेश्वरी तपस्वी गोठाला समान, योगाभ्यासी अधिक जागा रहने हुनाले पाले समान भए–यी सबै विना स्वरूपबोध काल कल्पना कै अहारा बने ।

डँडेलो अघि बल्दै छ, हरेली हुन्छ पिठ्तिरै ।
प्रसंशनीय त्यो वृक्ष, फल् फल्छ काटि मुल्जरै ।।३३९।।

डँडेलो=मनको अगाडी-आशा कामना अग्निको डँडेलो सल्की बल्दै गई रहेछ, पछि-पछि जन्म मरणको वृक्ष हरेली-हुँदै छ । यो वृक्षको विशेषता यही छ–यसको कामना वासना जरो काटी दिनु–तबै मोक्षरूप फल फल्दछ ।

जन्म मरण बालापन्, चौथो पन् वृद्ध आउँछ ।
मुसो ढुक्ने बिरालो झैं, यमले दाउ लाउँछ ।।३४०।।

भाव—मानव जीवन परिणामशील क्षणभंगुर छ, भजनमा भाका नराख, कल्याणको अमूल्य अवसर सार्थक बनाऊ ।

यी पूर्वै देखि बिग्रेका, नबिग्र न बिगार है ।
कस्लाई कष्ट के दिन्छौ, आफ्नै प्राण जताततै ।।३४१।।

यी पूर्वै देखि=संसार प्राणी अनादि देखि आफूलाई विर्सी गिर्दै आई रहेछन् । अब स्वयं तिमी कल्पना वासनामा न बिग्र । अरूलाई पनि न बिगार । देहमा चोट दिएर या मिथ्या उपदेश, कठोर वचन–बंचरोले कस्लाई घाइते बनाई दिन्छौ ? जताहेर्‍यो सबै आफ्नै प्राण प्रिय स्वजाति जीव छन्, अतः दयालु बन ।

पारस छोइ सुन हुन्छ, पारस हुन्न त्यो कबै ।
पारस संगले गर्दा, कहिन्छ हेम यो तबै ॥३४२॥

भाव—चेतनको सत्ता सम्बन्धबाट जड़ शरीर चेतन समान सक्रिय भई रहेछ, तर शरीर नै चेतन हुने होइन । चेतन कै संसर्गबाट जड़को कार्य शरीर पनि काया-कंचन, स्वर्ण-जीवन भनिन्छ । चेतन जीव निक्लना साथ यो जड़ माटोको माटै न हो ?

खोज्दा खोज्दा अती खोज्दै, गुणी गुम्सुम बन्दछन् ।
खोज्दा खोज्दा नमिल्दा ती, हारी बेचून भन्दछन् ॥३४३॥

खोज्दा खोज्दा=मानिसले जगत कर्ता दोश्रा मालिक भनी बहुतै खोजी गरे, नपाउँदा अन्तमा अनिर्वचनीय भनी गुम्सुम भए । यस प्रकार खोजी गर्दा गर्दा मिलेनन्, हार माने र बेचून-बेनमून, लामुकाम-अक्रिय अद्वितीय अगम निर्गुण निराकार भन्न थाले ।

बेचून ले जगत् चून्यो, स्वामीको तेज भिन्न छ ।
उस्को अन्तिम बेलामा, कस्को दर्शन मिल्दछ ? ॥३४४॥

बेचूनले=मुसलमान भंछन्–'माथि सातवाँ आसमानमा बसेका बेचून बेनमून खुदाले जगत बनाए' गुरु भन्नु हुन्छ–हेर ? आखिर कयामत–प्रलय को दिन उसलाई कसरी दर्शन गर्दछौ ?

त्यै दिल शुद्ध हो तेज, जान वास्तव नूर यो ।
जस्ले रच्दा बन्यो विश्व, बेचून कसरी भयो ? ॥३४५॥

त्यै दिल शुद्ध=जो हृदयमा स्वयं ज्ञान प्रकाश शुद्ध चेतन स्थित छ यही सच्चा नूर हो, यसैलाई अपनाऊ । जसले रचदा जगत सृष्टि भयो भन्छौ, पुनः उही बेचून अक्रिय कसरी हुन सक्तछ ? निर्गुण निराकार छ भने विचार गर त्यो कुनै पदार्थ ठहर्दछ र उसबाट जगत तयार हुन सक्छ ?

ब्रह्माजी जननी सामु, नम्र करवद्ध सोध्दछन् ।
कुन वर्ण पुरुष् अम्बे, आज्ञा हवस भन्दछन् ।।३४६।।

ती पुरुष=जगत कर्ता ।

चिन्ह रूप छँदै छैन, अधड् देह धरेन है ।
ब्रह्मांड केन्द्रका बीच, हेर पुरुष् विदेह कै ।।३४७।।

अधड़=शरीर रहित । ध्यान समाधीद्वारा ब्रह्मांड मण्डलका बीच ती विदेह पुरुषको दर्शन गर ।

ब्रह्माण्डमा धरे ध्यान, वज्र द्वार थुनी कन ।
स्वयं कै प्रतिमा, देखी, निहाल तीन ती जन ।।३४८।।

ब्रह्मांडमा=वज्रासन स्थित भई नौ द्वार दश इन्द्रियादि सबै बन्द गरेर ब्रह्मा विष्णु महादेवले ध्यान लगाए, उनको मान्यतानुसार कल्पित छाया दर्शन भयो, तीनैदेव अति प्रशन्न भए ।

मन यो अति भो ठंडा, उब्जेथ्यो ब्रह्मज्ञान् जब ।
जुन अग्नि जगत् पिल्से, उही भो जलवत् तब ।।३४९।।

मन यो अति="जब ब्रह्मज्ञान उत्पन्न भयो तब यो मन अति शीतल भयो" यो ब्रह्मवादी प्रति गुरु कबीरको व्यंग हो । वहाँ आफ्नू शैलीबाट भन्नु हुन्छ-"इनको मन खुब शीतल भो! जुन अग्निमा विश्व जली रहेछन् के उही अग्नि पानी समान शीतल हुन सक्तछ ? कदापि सक्तैन ।"

जो संग आदिको नाता, भुसुक्क भूमि त्यो भुल्यो ।
चौरासी वशमा पर्दैं, अन्यान्यै भन्न मुख् खुल्यो ।।३५०।।

आदि=भाव हो-अनादिको । जुन स्वयं चेतन संग बीचका सर्व नश्वर नाता रहित मुख्य अनादि नित्यको नाता थियो, उही स्वयंको पारख भूमिकालाई जीवले भूल्यो । यसैले चौरासी योनिको विवश भई आफूलाई

देह अंश प्रतिविम्वादि र जड़ शन्य अपदार्थलाई कर्ता रक्षक मुक्तिदाता भन्दछ। विषय भोग नै जीवनको पूर्ण लाभ संझन्छ।

अलख लख्छु लख्तै छु, निरंजन् लख्तछू तँलाइ।
हूँ कबीर सबै लख्छु, लख्तैनन् काहिले मलाइ ॥३५१॥

अलख लखतछु···=म अलख ब्रह्मलाई जान्दछु, कसैले नलखेका ब्रह्मको हाल खुब जान्दछु, मन कल्पनाकै स्वरूप ब्रह्म न हो ? निरंजन मन, तँलाई म जान्दछु। म द्रष्टा शुद्ध चेतन पारख, सबैको परीक्षक हूँ, तर मलाई जस तसले जान्दैनन्।

मैले लखें तिनै लोक्मा, किन भन्छौ तिमी अलेख् ?
सार शब्द न जानेर, धाऱ्यौ नाहक सन्त वेष् ॥३५२॥

मैले लखें=यो मनको चरित्र मैले तीनै लोकमा देखें। सत, रज, तम त्रिगुण वर्ति सबै मनकै बशीभूत नाच नाची रहेछन्। तिमी किन ब्रह्मलाई अलेख भन्छौ ? त्यो त खास मनकै स्वरूप हो। सत्य निर्णय पारख वचन तिमीले जाने नौ, यसैले कल्पनामा चक्कर काटी रहेछौ, व्यर्थ परमार्थको वेष मात्र धारण गऱ्यौ ?

साखी हो ज्ञान को आँखी, दिल संझी विवेक् गर।
संसारमा विना साक्षी, छिनिन्न झगडा तर ॥३५३॥

साखी=यो प्रकरणको पद्य, साक्षी, चेतन स्वरूप।

फल-साखी

बीजक हो धनको साक्षी, धन हाल बनाउँ छ ।
आत्म धन जहाँ यो छ, कबीरादेश् जनाउँछ ॥१॥
बीजक हात ली हेर्नु, त्यो धन शोध पाउँ छ ।
यसैले नाम भो बीजक, मन् माया बोध लाउँ छ ॥२॥
हो आत्माराम नै सत्य, मन् माया कार्य नास्ति छ ।
यस्को पारख बीजक्ले, गुरुमुख्द्वार प्राप्ति छ ॥३॥
प्रीति युक्त पढी गुन्नु, गर्नु गम्भीर मै विचार ।
पूर्ण स्थिर मती मिल्छ, कबीर मौलिकी पुकार ॥४॥
सार शब्द छ टक्सार, बीजक नाम पर्न गरे ।
गुरू दया भयो पारख, कबीरादेश पूर्ण भो ॥५॥
चिनीदैन नभै पारख, जान्निन सतसङ् नभै ।
दोमन् न ली निडर बन्ने, सन्त सुज्ञ पनि तिनै ॥६॥
दूध पानी विलग गर्ने, हंस लक्षण भिन्न हो ।
स्थिर पद दया रूप, यही पारख चिन्ह हो ॥७॥
देहको मान औ गर्व, अहं रहित शुद्ध मन् ।
वर्ण कुल क्रिया जाती, सर्व भिन्न स्व हंस छन् ॥८॥
जग विलास हो देह, गर विचार सन्त जन् ।
सेवा साधन मन् कर्म, शक्तिभर भक्ति धार तन् ॥९॥

नेत्र ओदानपद् व्योम – कर्ण सम्वत विक्रम ।
वसन्त मासको अन्त, ग्रन्थ पूर्ण सबै श्रम ॥

●

पारिभाषिक शब्द-सूची

अतिभौतिक शास्त्र—Metaphysics.

अर्थ—Desired Substance

अद्वैत—(तौहीद)-Nondual, Monistic

अद्वैतवाद—Monism

अध्यात्म विद्या—The Seience of the self, Psycholgy.

अध्यात्म दर्शन—Metaphysics

अध्यास—Super imposition reflexion of one thing on another thing,

अनादि प्रवाह—Beginningless and endless flow.

अनुभव वाद - Neutrism

अनुमान—Inference

अनुभव—Experience

अनेक वाद—Plurism.

अन्त—Inner

अन्त:करण—The inner instrument.

अन्तरयामी—The inner watcher the self

अनिस्वर वाद—Atheism

अनीर वचनिय—Indescribable

अभिमान—Egoistic Pride

अरूपवाद—Nominalism

अवतार—Incarnation

अव्यक्त—Unmanifested undefined

अहं—Ego, Self, I

अहंकार—Egoism, Iness

अज्ञेयवाद—Agnosticism

आचार शास्त्र—Ethics

आत्मकण—Monad

आत्मकण वाद—Monadism

आत्म संमोह—Self hypnotisation

आत्मा—(नफ़स) Self, soul, spirit

आत्मानुभूति—Intuition

आत्मानुभव—Self experience, Apperceptjon

आत्म विद्या—The Science of Self.

आत्मिक जीवन—Spiritual life

आभास—Illusory, appearance

आशाबाद—Optimism

इच्छा—desire, wish
इन्द्रियार्थ बाद—Sensualism
उर्द्ध गमन—Up going
उद्धरण—Extract
उपलब्धि—Perception
एकीकरण—Concentration
कठोरता बाद—Puritanism
कर्ता—Doer, actor.
कर्ता विज्ञान—Creative spirit
कल्पनामय—Abstract.
कारण—Cause
क्रिया—Action
कार्य—Effect, work, act,
कार्यकारण वाद—Causality
कोष—Sheath, Case
कार्यकारण—Causality
किरण प्रसरण—Radiation
कैवल्य – Oneness soleness.
खानि—Worldly affinity.
गर्व—Arrogance
गुण—Quality, attribnte
गुणात्मक परिवर्तन—Quantitative change.
खुह्य—Secret.
घटना—Event,
चित्त—Individual mind
चित—Is living Conscious, aware
चिन्तन—Contemplation
चेतना - Consciousness
चेतना वाद—Idealism
छाया पुरुष—Apparition
जाती—gens, species,
जीव - Soul, atom, radius.
जीवन - Life.
जीवनमुक्त—Liberated freed (while still in the body from narrowness bigotries, superstitions etc.
तर्क शास्त्र—Logic
तत्व—Element, thatness,essence.
तामस—darkness, dullness, chaos,
तृष्णा—Will,
दम—Restraint of the Senses.
दर्शन—Philosophy
देववाणी · Oracle
देश—Space.
द्रव्य—Substance
द्वन्दात्मक भौतिक बाद—Dialectical materialism.
द्वैत—Duality.

द्वैतबाद—Dualism
धारणा—Holding the mind to One Selected object and space
नग्नता बाद - Nudism
नाम बाद—Nominalism.
नास्तिकता—Atheism
निमित्त कारण—Efficient Cause,
निर्विकार - Immutable. Changeless,
निराकार—Abstract.
निजबोध—Self knowledge
नीयम—Fixed vow, rule.
निरंजन—Stainless
नीरोध—Control, restraint
निवृत्ति—Inversion renunciation.
नैराश्य बाद—Pessimism
परम—Absolute supreme
पदार्थ—Matter
परमाणु बाद—Atomism
पारख—Test, Cognition discrimination of Right or wrong.
परमात्म तत्व—Absolute, self.
परार्थ बाद - Altruism
परिणाम—Quantity, Change
परिवर्तन—Change.
पुरुष—The sleeper in the body, self, spirit.
परोक्ष—Away from the eye, hidden,
पुरोहित तंत्र—Hierchy
प्रवृति—Nature
प्रगति बाद - Progressivism
प्रतिबाद - Antithesis
प्रतिभा—Insight
प्रतिमान जगत—Phenomena.
प्रत्यक्ष—Perception, intuition
प्रपंच—The multiferious
प्रभाव बाद - Pragmatism
प्रमेय - Category
प्रवृत्ति मार्ग—The path of pursuit.
प्रलय—Reabsorption, the dissolution of the world.
प्रयत्न—Effort, volition Conation.
प्रयोग—Practice.
प्रवृत्ति—Pursuit, engagement
प्रयोग बाद—Empiricism.
प्रयोजन—Motive
प्रयोजन वाद—Teleology.
प्रवाह—Continuity

प्रज्ञा—Intellect

प्राण—Breathing, nerve force vital force.

प्राणी विद्या—Biology

प्रामाण्य—Validity of knowledge.

पिङ्ला - A nerve,

पैगम्बर वाक़्य—हदीस

फ़लक अव्वल—जीव

बाह्य जगत – Phenomenon

बुद्धिपूर्वक—Rational

बुद्धिबाद – Rationalism

ब्रह्म – अक्ल, नफ़स, The absolut'e.

ब्रह्मलय—हलूल

ब्रह्मचर्य – The pursuite of knowledge.

ब्रह्मबाद-सर्व - Pantheism

भाग्यवाद – Determinism

भूत – Matter

भोगबाद—Hedonism

भौतिक तत्व—Matter

भौतिक वाद—Materialism

भौतिक शास्त्र – Physics.

भ्रम-भ्रान्ति—wardering, moving round and round.

मनुष्यमापवाद—Pragmatism

मती—Intelligence

मनोमय—Rational

महान आत्मा – The great self as universal mind.

माया – That which is not, illusion

मात्रा - Quantity

मुमुक्षु – The desire for deliverance

मानव जीव—नफ़स, इन्फआल,

मानव इतिहास—Anthropolgy.

मुक्ति—Imancipation

मूलतत्त्र – Element.

मोह—Perplexing fainting

यथार्थ वाद Realism

योग – Union of mind

योग प्रत्यक्ष—Intuition

रहस्य—Belonging to solitude, secret

रज – is that which colours, retlessness, activity.

रहस्य वाद—-Mysticism.

राग Love, stain, tinge affection.

रूप—Matter

लक्ष्य—Object.
लक्षण—Sign mark, attribute
वरुण - Uranus,
वस्तुवाद—Realism.
वद्य—Bound, fettered
वस्तुसार– Objective Reality; nomena thing in itself.
वस्तुसार वाद—Noumenalism.
वाणी – Scripture, hearsay etc.
वाद—Theory, Thesis.
वासना—Pervasive, desire
विकास—Evoluion
विकार—Change of form of a Thing.
विकास-सृजनात्मक—Creative Evolutjon.
विदेह—Bodiless.
बिचारधारा—Ideology
विछिन्न प्रवाह—Discontinuous Continuity,
विज्ञ—Seed, Potency.
विज्ञान—Idea, mind Nous
अकल – Science
विवर्त वाद—Doctrine of reversal.
विज्ञान कण—Monad
विज्ञान वाद—Idealism
विभाजन—Differentiation
विरोधी समागम—Unity of Opposites
विश्लेषण - Analysis
विश्वात्मा—Logo
विषय—Object, domain.
वेदना—Sensation
वैरवरी—The sound of the physical plane.
वैज्ञानिक भौतिक वाद—Scientific-materialism-Dialectual materialism.
वैराग्य—Absence of desire dispassion.
व्यक्ति - Particular
शक्ति—Might, Energy
शम—Restfulness Peacfululness.
शारीरिक ब्रह्मवाद—Organism.
सत—is being true, real
संयम—Control, self controlled meditation.
सन्तति—Continuity
संयोग—Conjunction
सन्देह वाद—Scepticism
संकल्प विकल्प—Resolve and alternation.

सत्व—Truth, vital power.
संशय—Doubt uncertainty
समवाद— Inseparable relation
समन्वय - Harmony.
सम्वन्ध— Bond, connection
संवाद—Synthesis
साकार— Objective, concrete
सापेक्ष —Relative
सापेक्षतावाद—Relativity
सामान्य—Universal
साक्षात्कार—Audience
सिद्धान्त—Theory establishsed conclusion
सीमापारी – Transcenental
स्तनधारी—Mammal,
सुखापेक्षी—Stoic
सुषुम्ना—A nerve
सुख:दुख मोह—Pleasure pain perplexity
स्वयंसिद्ध—Self evident.
सौन्दर्य ज्ञान—Aesthetics.
सोहं—That am I.
सूक्ष्म—Subtle small.
सुषुप्त—good sleep, dreamless slumber.
सूत्र—Web of life.
स्थिति – Duration steadiness.
स्मृतिशेष [भग्नावशेष]—Relic.
स्पर्श—Impression.
स्वत: उत्पन्न—A priory
„ सिद्ध—A priory.
स्नेह—Love, affection.
स्वत: असिद्ध—A postariori
स्वभाव, स्वलक्षण, स्वरूप } Character.
हेतु—Cause, motive.
हेतुता – Causality.
हंस–अहं स—I am that,
हंस—swan—जीव
ज्ञान - Cognition
ज्ञान-इच्छा-क्रिया- Cognition desire action
ज्ञेय – Cognisable knowable.
त्रिगुण—Three functioned possessed of three properties
त्रसरेणु—Triatom.
त्रैतवाद—Trialism.

[library stamp]

सहायक ग्रन्थ

यस बीजकको टिप्पणी लेखदा बोधक श्री विशाल देवबाट वक्सेको दृष्टि अनुसार यथामति श्री पूरण साहेव को सिद्धान्त सजीव सुरक्षित राखी अन्य युक्ति प्रयुक्तिमा विशेष श्री अभिलाष साहेबको पारख प्रवोधिनी टिका सहित निम्न पुस्तकहरूको सहायता प्राप्त भएकोले उक्त ग्रन्थकारहरूको पूर्ण आभारी छु ।

१. बीज त्रिजा —श्री पूरण साहेब
२. बीजक टीका —श्री अभिलाष साहेब
३. बीजक भाष्य —श्री राम स्वरूप साहेब
४. बीजक टीका —श्रीं महाराज, राघव साहेव,
५. बीजक ,, —श्री मिही साहेब
६. बीजक ,, — श्री हरि साहेब
७. बीजक ,, —श्री रीवाँ नरेश विश्वनाथ सिंह
८. भवयान, —श्री विशाल देव
९. मुक्तिद्वार — ,,
१०. कबीर का रहस्य—डा० राम कुमार वर्मा
११. कवीर वाड्मय —डा० वासुदेव सिंह, जयदेव सिंह
१२. दर्शन का प्रयोजन—डा० भगवानदास
१३. पातंजली योग सूत्र —
१४ सांख्य दर्शन —पं श्रीराम शर्मा आचार्य
१५. नेपाली पर्यायवाची कोश —पं० चक्रपाणी चालिसे
१६. बृहद नेपाली कोश —पं० हर्षनाथ
१७. बृहद हिन्दी कोश —ज्ञान मण्डल तथा
—भार्गव भूषण
१८. The science of Peace—Dr. Bhagaban Das.
१९. Indian Philosophy —Dr. Radhakrishanan
२०. Bhagabat Gita — ,,
२१. Bible & Quran —Eng. Transletion

शुद्धि-पत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२३	१५	सामगर्छु	शमगर्छु
२८	६	डाकरादि	डाक्टरादि
३६	२	दुख	टुसा
३६	१६	ख्यामित	ख्वामित
३८	११	हुँदै पूर्ण	हुँदैन पूर्ण
४४	४	षे रह्यो	शेष रह्यो
४६	१	अयवश	अपयश
४७	४	सत्यसा	सत्यसार
७०	१९	मृत्युबाट	मृत्युघाट
७७	१	वशिश	वशि
७७	६	भन्नेनन बुझ्नसके	भन्नेबुझ्न सकेनन्
११०	७	नाच्ने	नाघ्ने
११२	३	अवएक	अवएव
११३	३	राजा	वाजा
१३२	४	हुत	हुन
१६२	१४	व्यासक	व्यापक
१८४	१२	बाँन्दछन	बाँद्धछन
१९२	१८	कबी भन्छन	कबीर भन्छन्
१९३	१०	दूघ	दूध
२१०	१३	भवशिवयान	भवयान
२१५	१३	भूलेको	भूलका
२२७	१३	भन्नै	भन्ने
२६१	१६	हर्दैन	टर्दैन

●